अख्तियार दुरुपयोग अनुसन्धान आयोग
२०५७
पुस्तकालय

८

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

आठौं वार्षिक प्रतिवेदन

२०५४/५५

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल
भाद्र, २०५५

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

आठौं वार्षिक प्रतिवेदन

२०५४/०५५



अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल ।

भाद्र, २०५५

२२८१९०
फोन नं: २२२८४२
२२९४१५
२२३०७८
२२१४६३
फ्याक्स नं.२४५९३०

अख्तियार दुरूपयोग अनुसन्धान आयोग

ववरमहल

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मिति:-

मिति.....भाद्र.२०५५

विषय:-

श्री ५ महाराजाधिराज सरकारका हजुरमा
राजदरवार, काठमाडौं।

सरकार,

नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ९८ उपधारा (६) अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०५४/०५५ (२०५४ श्रावण १ गतेदेखि २०५५ आषाढ मसान्तसम्म) को आठौं वार्षिक प्रतिवेदन चढाएका छौं।
सरकार, जो हुकुम।

सेवकहरु,

(मधुसूदन प्रसाद गोर्खाली)
प्रमुख आयुक्त

(माधव दत्त भट्ट)
आयुक्त

(इन्द्र बहादुर शेरचन)
आयुक्त

(कृष्ण बल्लभ शर्मा काफ्ले)
आयुक्त

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

आठौं वार्षिक प्रतिवेदन

आ.व. २०५४ ।०५५

अनुक्रमणिका

क्र.सं.		विषय	पृष्ठ
१.		प्रस्तावना	१
२.		अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन	१
३.		आयोगको कार्य व्यवस्था :	२
	३.१	आयोगको काम, कर्तव्य र अधिकार	२
	३.२	आयोगको क्षेत्राधिकार	२
	३.३	आयोगको कार्य प्रणाली	३
	३.४	आयोगको प्रशासनिक संगठन	४
	३.५	आयोगको बजेट व्यवस्था	४
	३.६	आयोगको कार्य संचालन र बैठक	४
	३.७	आयोग र महाशाखाबिच को सम्पर्क	५
४.		अनुसन्धान भइरहेका विषयहरुको विवरण :	५
	४.१	प्रारम्भिक अनुसन्धान भइरहेको विवरण	५
	४.२	अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान भइरहेको विवरण	९
५.		अदालतसमक्ष मुद्दा दायर भएको विवरण	१४
	५.१	पुनरावेदन अदालतसमक्ष मुद्दा दायर भएको विवरण	१४
	५.२	सर्वोच्च अदालत समक्ष पुनरावेदन दर्ता गरिएको विवरण	२३
६.		फछ्यौंट भएका उजुरी निवेदनको विवरण :	२३
	६.१	प्रारम्भिक अनुसन्धानबाटै फछ्यौंट	२३
	६.२	अनुसन्धान अधिकृत नियुक्त भई दिएको प्रतिवेदनबाट फछ्यौंट	२५
७.		प्रचलित कानून वा अन्य विषयमा सुधार गर्न दिइएका सुझाव / ध्यानाकर्षण को संक्षिप्त विवरण	६०
८.		विभागीय वा अन्य कारवाईको लागि लेखी पठाएको विवरण	६८
	८.१	विभागीय कारवाई गर्न लेखिएका पदाधिकारीहरुको नाम, पद र कार्यालय	६८
	८.२	सचेत वा सतर्क गर्न लेखिएका पदाधिकारीको नाम, पद र कार्यालय	६९
९.		विविध	७०
१०		उपसंहार	७५
११		अनुसूचीहरु	

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
आठौं वार्षिक प्रतिवेदन
आ.व. २०५४/०५५

१. प्रस्तावना :

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १२ अन्तरगत व्यवस्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक पद धारण गरेका व्यक्तिहरुबाट अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारीको दुरुपयोग भएको सम्बन्धमा भए गरेको अनुसन्धान, तहकिकात एवं कामहरुको वार्षिक प्रतिवेदन संविधानको धारा ९८(६) बमोजिम प्रस्तुत गरेको छ।

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन :

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १२ बमोजिम यस आयोगको गठन विधि यसप्रकार रहेको छः

आयोग

श्री रामप्रसाद श्रेष्ठ
प्रमुख आयुक्त, २०४८।१२।१४ मा आयुक्त पदमा नियुक्त भई २०५३।१०।२९ देखि २०५४।१२।१३ सम्म प्रमुख आयुक्त।

श्री मधुसूदन प्रसाद गोर्खाली
प्रमुख आयुक्त, २०५४।१२।२७ मा प्रमुख आयुक्त पदमा नियुक्त।

श्री माधव दत्त भट्ट
आयुक्त, २०५४।५।११ मा आयुक्त पदमा नियुक्त।

श्री इन्द्र बहादुर शेरचन
आयुक्त, २०५४।५।११ मा आयुक्त पदमा नियुक्त।

श्री कृष्ण बल्लभ शर्मा काफ्ले
आयुक्त, २०५४।५।११ मा आयुक्त पदमा नियुक्त।

सचिव

श्री पुरुषोत्तम भट्टराई २०५३।११।१३ देखि कार्यरत रही २०५४।८।३० मा निधन।
(आयोगको रिक्त सचिव पदमा पदपूर्ति नभएकोले २०५४।९।१ देखि २०५५।३।२१ सम्म यसै आयोगका बरिष्ठ सह-सचिव श्री लीलाबहादुर बस्नेतल निमित्त भई सचिवको कार्यभार सम्हाल्नु भएको।)

श्री कर्ण बहादुर चन्द २०५५।३।२२ देखि कार्यरत

३. आयोगको कार्य व्यवस्था :

३.१ आयोगको काम, कर्तव्य र अधिकार :

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ बमोजिम गठन भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था संविधानको धारा ९८ मा भएको छ। संविधानको धारा ९८ को उपधारा (४) बमोजिम बनेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र त्यसको नियमावलीमा भएका प्रावधानहरु बमोजिम कार्य सम्पादन हुने यस आयोगबाट मूलतः निम्न प्रकृतिका काम कारवाईहरु गरिन्छन् :

(क) सार्वजनिक पदधारण गरेका व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारीको दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान र तहकिकात गर्ने वा गराउने।

(ख) यसरी अनुसन्धान र तहकिकात गर्दा अनुचित कार्य गरेको पाइएमा त्यस्ता व्यक्तिलाई सचेत गराउन वा विभागीय वा अन्य आवश्यक कारवाई गर्न अख्तियारवालासमक्ष लेखी पठाउने।

(ग) अनुसन्धान र तहकिकातको क्रममा कानून बमोजिम भ्रष्टाचार मानिने कुनै कार्य भएको देखिएमा त्यस्तो कार्य गर्ने व्यक्ति तथा सो अपराधमा संलग्न अन्य व्यक्तिहरुउपर समेत कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउने।

(घ) श्री ५ समक्ष आफूले गरेको कामको वार्षिक प्रतिवेदन चढाउने।

(ङ) आफ्नो काम कारवाईको सिलसिलामा जानकारीमा आएको तथ्यहरुको आधारमा सम्बन्धित कार्यालय, पदाधिकारी वा संस्थालाई देहाय बमोजिम कुनै सुझाव दिने :-

(क) कुनै कानून, निर्णय, आदेश वा कारवाई अव्यवहारिक, अवाञ्छनीय वा असंगत भएकोले त्यसमा संशोधन हुनु पर्दछ भन्ने आयोगलाई लागेमा कारण सहित संशोधनको सुझाव दिने,

(ख) कुनै विषयमा आयोगले श्री ५ को सरकार वा कुनै संस्थाबाट वा श्री ५ को सरकार वा संस्थाको कुनै कार्यालय वा पदाधिकारीबाट सतर्कता अपनाउनु पर्ने वा कुनै कदम उठाउनु पर्ने देखेमा के कस्ता सतर्कता अपनाउनु पर्ने वा कदम उठाउन उपयुक्त हुन्छ भनी सुझाव दिने, वा

(ग) श्री ५ को सरकार वा कुनै संस्थाको कुनै परिपाटी वा कार्य प्रणाली त्रुटिपूर्ण छ भन्ने आयोगलाई लागेमा त्यसलाई सच्याउन र त्यसबाट उत्पन्न समस्याको निराकरण गर्न कारण र आधार सहितको सुझाव दिने।

३.२ आयोगको क्षेत्राधिकार :

नेपाल अधिराज्यको संविधान, २०४७ ले सार्वजनिक पदधारण गरेका व्यक्तिबाट हुने अख्तियारीको दुरुपयोगका सम्बन्धमा उपयुक्त कारवाई गर्ने संवैधानिक निकायको रुपमा आयोगको स्थापना गरी त्यसको अधिकार र कर्तव्यको व्यवस्था गरेको छ। संविधानद्वारा व्यवस्थित एवं वर्णित कर्तव्यहरुको पालना गर्दा कानूनद्वारा निर्देशित व्यवस्थाको अधीनमा रही आयोगले आफ्नो अख्तियारीको प्रयोग गर्नु पर्ने हुन्छ। अख्तियारको दुरुपयोगका सम्बन्धमा संविधानले नै अन्यथा व्यवस्था गरेकोमा बाहेक अनुचित कार्य वा भ्रष्टाचार सम्बन्धी कार्यको अनुसन्धान तहकिकात गरी आवश्यक कारबाही गर्ने निकायको रुपमा २०५३ साल असोज ८ गतेको सर्वोच्च अदालतको विशेष इजलासको महत्वपूर्ण फैसलाले यस आयोगलाई स्थापित गरेको हुंदा विगतमा भन्दा यस आयोगको क्षेत्राधिकारको व्यापक रुपमा विस्तार हुन पुगेको छ। तर आयोगको संगठनात्मक संरचना विगतको क्षेत्राधिकारलाई दृष्टिगत गरी केन्द्रमा मात्र व्यवस्था गरिएकोमा वर्तमान व्यवस्थाले अधिराज्यव्यापी रुपमा यसको संगठनलाई पनि विस्तार गर्नु पर्ने अपरिहार्यता उत्पन्न भए ता पनि तत्काल संगठनात्मक विस्तारको कार्य विभिन्न व्यवहारिक कारणहरुले गर्दा सम्पन्न गर्न नसकिने भएकोले विशेष प्रहरी विभाग तथा प्रमुख जिल्ला अधिकारीहरुलाई आयोगको केही निश्चित अधिकारहरु तोकिएको शर्तमा प्रयोग गर्न पाउने गरी सौंपिएको व्यवस्था अनुरुप पनि कार्य सम्पादन भइरहेको छ। त्यसैगरी आयोगको प्रादेशिक कार्यालयहरु चरणबद्ध रुपमा स्थापना गर्दै जाने सन्दर्भमा प्रथम चरण अन्तरगत विभिन्न ७ वटा प्रादेशिक कार्यालयहरु स्थापना गर्न श्री ५ को सरकारबाट आवश्यक सहमतिसम्म प्राप्त भइसकेको हालको स्थिति रहेको छ। संसदमा प्रस्तुत भएको विनियोजित बजेटमा यस्तो प्रादेशिक कार्यालयको लागि बजेट विनियोजन नभएकोले आगामी आर्थिक वर्षमा आयोगका प्रादेशिक कार्यालयहरुको स्थापना हुन सक्ने स्थिति रहेन।

३.३ आयोगको कार्य प्रणाली :

आयोगसमक्ष परेका उजूरी निवेदनहरुउपर कानूनव्दारा तोकिएको कार्यविधि अनुसार कारवाई शुरु गरिन्छ । प्रारम्भिक अनुसन्धानको क्रममा परेको उजूरीको औचित्य, प्रयोजन,त्यसमा निहित प्रामाणिक तथ्य र सो तथ्यलाई खम्वीर गर्ने आधार तथा प्रमाणको संकलन गरिन्छ । प्रारम्भिक अनुसन्धानबाट उजूरी निवेदनको आरोप तथ्यपूर्ण भएको भन्न सकिने आधार देखिएमा अनुसन्धान अधिकृत नियुक्त गरी विस्तृत अनुसन्धान, तहकिकात गर्ने गरिन्छ ।

अनुसन्धान अधिकृतले प्रचलित कानून बमोजिम त्यससंग सम्बद्ध थप प्रमाण संकलन गर्ने, तत्सम्बन्धी कागजात झिकाउने, सम्बन्धित व्यक्तिसंग बयान लिने लगायतको कार्यविधि पूरा गरी आयोगसमक्ष अनुसन्धान प्रतिवेदन पेश गर्दछ । त्यस्तो प्रतिवेदनमा आयोगले छलफल गरी भएको अनुसन्धान कार्यबाट आयोग सन्तुष्ट नभएमा आवश्यकता अनुसार स्थलगत निरीक्षण, थप अनुसन्धान वा अर्कै अनुसन्धान अधिकृत नियुक्त गरी प्रतिवेदन पेश गर्न लगाउने लगायतको आदेश दिने गरिन्छ । प्राप्त प्रतिवेदन उपर आयोगले आरोपित कसूरको मात्रा, विवादको गाम्भीर्य, प्रकृति एवं संकलित प्रमाणको प्रामाणिकता समेतलाई दृष्टिगत गरी आयोगबाटै तामेलीमा राख्ने वा अन्य निकाय वा पदाधिकारीसमक्ष कारवाई गर्न लेखी पठाउने वा मुद्दा दायर गर्ने वा गराउने निर्णय गर्दछ ।

देहाय बमोजिमका उजूरीमा आयोगले कुनै कारवाई नगरी तामेलीमा राख्ने आदेश दिन सकिने व्यवस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०४८ मा भएको छ :

क) अनुचित कार्य सम्बन्धी नियमावलीमा तोकिएको ढांचामा नभएको उजुरी,
ख) सनाखत हुन नसकेको वा सनाखत गराउन सकिने अवस्था नभएको अनुचित कार्य सम्बन्धी उजुरी,
ग) सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र वाहेक अन्य कानूनी उपचार भएकोमा त्यसको अवलम्बन नगरी दिएको अनुचित कार्य सम्बन्धी उजूरी ,
घ) ऐन बमोजिम उजूरी दिन पाउने वाहेक अन्य व्यक्तिले दिएको उजूरी,
ङ) ऐनको हदम्याद नाघेको उजूरी,
च) आयोगको अधिकार र कार्य क्षेत्रभित्र को विषय नभएको उजूरी,
छ) अदालतमा मुद्दा परिरहेको विषयको उजूरी,
ज) तथ्ययुक्त आधार नभएको उजूरी,
झ) खिचोला वा टण्टा दिने मनसायको उजूरी, र
ञ) मामूली कुरासम्बन्धी उजूरी ।

आयोगमा उजूरी दिने प्रयोजनको लागि विद्यमान कानूनी व्यवस्था यसप्रकार रहेको छ :-

उजुरी दिन सकिने : (१) अख्तियार दुरुपयोग सम्बन्धी कुनै उजुरी दिन चाहने व्यक्तिले त्यस्तो उजुरी आयोगमा आफै उपस्थित भई दिन वा हुलाकद्वारा पठाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम उजुरी दिंदा अनुचित कार्य सम्बन्धी उजुरी भएमा निर्दिष्ट ढांचामा र भ्रष्टाचार सम्बन्धी उजुरी भएमा देहायका कुरा खुलाई उजुरी दिनु पर्नेछ :-

(क) भ्रष्टाचार गर्ने सार्वजनिक पद धारण गरेको व्यक्तिको नाम, दर्जा र कार्यालय,
(ख) भ्रष्टाचार गरेको कामको पूरा विवरण,
(ग) भ्रष्टाचार गरेको मिति र उजुरवालाले थाहा पाएको मिति,
(घ) उजुरीको व्यहोरालाई पुष्ट्याई गर्ने प्रमाणहरुको विवरण,
(ङ) आफ्नो नाम गोप्य राख्न चाहेमा त्यसको कारण ।

उजुरी दर्ता : (१) आयोगमा दर्ता गर्न ल्याइएको अख्तियार दुरुपयोग सम्बन्धी उजुरी जांच गर्दा रीतपूर्वकको देखिएमा दर्ता गरिनेछ ।

(२) हुलाकद्वारा पठाइएको उजुरी अनुचित कार्य सम्बन्धी भएमा नियम १९ बमोजिम सनाखत नभएसम्म त्यसलाई अस्थायी रुपमा दर्ता गरी राखिने छ र भ्रष्टाचार सम्बन्धी भएमा त्यस्तो उजुरीलाइ दर्ता गरी त्यस्तो अपराध गरेको विश्वास गर्नु पर्ने मनासिव कारण भएमा आयोगले ऐनको दफा १४ बमोजिम प्रारम्भिक छानविन गराउन सक्नेछ ।

प्रमाणको कागज पेश गर्नु पर्ने : (१) अख्तियार दुरुपयोग सम्बन्धी उजुरी दिंदा आफूसित भएको प्रमाणको लिखतको सक्कल र नक्कल समेत सक्कल साथै पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश भएको प्रमाणको लिखतको नक्कल रुजु गरी नक्कल दुरुस्त भए उजुरी साथ राखी सक्कल लिखत उजुरवालालाइ फिर्ता दिइने छ ।

तर, त्यस्तो सक्कल लिखत नै उजुरीसाथ राख्नु पर्ने आवश्यक भएमा सो लिखत पेश गर्ने व्यक्तिलाई त्यसको भरपाई दिई त्यस्तो लिखत उजुरीसाथ राख्न सकिनेछ ।

३.४ आयोगको प्रशासनिक संगठन :

केन्द्रीय स्तरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको साथै आयोगको सचिवालय रहने र सो सचिवालयमा श्री ५ को सरकारद्वारा नियुक्त सचिव सचिवालयको प्रमुखको रुपमा रहेको छ । सचिवालयमा श्री ५ को सरकारव्दारा स्वीकृत अनुसूची २ मा तोकिए बमोजिमको दरबन्दी रहने व्यवस्था छ । आयोगको कार्य प्रकृति र त्यसमा गर्नु पर्ने अनुसन्धानको कारवाईमा तत्सम्बन्धी विषयमा दक्ष जनशक्तिको आवश्यकता पर्ने हुंदा कानून, प्रशासन, लेखा, प्रविधि एवं प्रहरी आदि विषयमा अनुभवी तथा उच्च मनोबल भएका दक्ष व्यक्तिहरुबाट सो पदहरु पूर्ति गर्ने व्यवस्था छ । आवश्यकता अनुरुप सम्बन्धित विषयमा अनुभवी एवं दक्ष जनशक्तिलाई पनि अल्पकालीन रुपमा आयोगमा काजमा ल्याई काम गराउने व्यवस्था छ । श्री ५ को सरकारद्वारा स्वीकृत दरबन्दी परिपूर्ति हुनमा कतिपय कारणले उपयुक्त व्यक्तिको अभाव हुंदा त्यस्ता पदहरुमा अस्थायी रुपमा कर्मचारी नियुक्त गरी कार्य सम्पादन गर्ने पनि गरिएको छ ।

आयोगको परिवर्तित क्षेत्राधिकारको सन्दर्भमा आयोगको प्रशासनिक संगठनलाई स्थानीय तहमा समेत विस्तार गर्नु पर्ने आवश्यकता रहेको र तत्कालको लागि यस प्रयोजनार्थ काठमाडौं उपत्यकाभित्र विशेष प्रहरी विभागलाई तथा अन्य जिल्लाहरुमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार सौंपेर कार्य सम्पादन गर्ने व्यवस्था मिलाइएको छ । यस व्यवस्था अनुरुप विशेष प्रहरी विभागका मुख्य अधिकृत तथा जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारीहरुले अख्तियारको दुरुपयोग सम्बन्धी उजूरीमा अनुसन्धान तहकिकात गर्ने तथा सम्बन्धित पुनरावेदन सरकारी अधिवक्ताले आयोगको तर्फबाट मुद्दा चलाउने अधिकार सौंपिएको छ ।

३.५ आयोगको बजेट व्यवस्था :

आ.व. २०५४/०५५ मा आयोगको कूल बजेट रु. ८८,१०,२०८/७१ मध्ये रु. ८४,७४,८७९/५२ निकासा भई रु. ८४,७४,८७९/५२ खर्च भएको छ । आयोगको विनियोजन, निकासा, खर्च, राजश्व आम्दानी तथा धरौटीको विवरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

३.६ आयोगको कार्य संचालन र बैठक :

आयोगले सम्पादन गर्नु पर्ने कार्य प्रमुख आयुक्त लगायत आयुक्तहरुमा विभाजन गरिएको छ । आयुक्तहरुविच कार्य विभाजनको अतिरिक्त आयोगभित्र कानून, प्रशासन, लेखा, प्राविधिक र जनसम्पर्क तथा आयोगको विस्तारित क्षेत्राधिकारका कारणले बढेको कार्यभारलाई दृष्टिगत गरी नयां अनुसन्धान महाशाखा एक र अनुगमनसमेत ७ वटा महाशाखाहरुको व्यवस्था गरिएको छ । अनुसन्धान महाशाखाहरुमा राजपत्रांकित प्रथम श्रेणीका महाशाखा प्रमुखहरु रहने र महाशाखा प्रमुखहरुलाई पनि निजहरुको कार्यानुभवको आधारमा मन्त्रालय तथा निकायहरु आपसमा बांडिएको हुंदा निजहरुबाट आफ्नो जिम्मेवारीमा परेका मन्त्रालय वा निकायमा सार्वजनिक पद धारण गरेका व्यक्तिउपर को उजूरीमा सम्बन्धित आयुक्तको निर्देशनमा रही प्रारम्भिक अनुसन्धान हुने गरेको छ ।

महाशाखा प्रमुखको जिम्मेवारीमा मन्त्रालय वा निकाय बांडफांड गर्दा यथाशक्य सबै आयुक्तसंग सबै महाशाखा प्रमुखको सम्पर्क कायम हुने व्यवस्था मिलाइएको छ । आयोगभित्र महाशाखा प्रमुखलाई तोकिएको मन्त्रालय वा निकायमा कार्यरत सार्वजनिक पद धारण गरेको व्यक्तिउपर को उजूरीमा सम्बन्धित आयुक्तको सामान्य रेखदेखमा प्रारम्भिक अनुसन्धान गर्ने जिम्मेवारी दिइएको छ । प्रारम्भिक अनुसन्धानको क्रममा कुनै समस्या देखिएमा सचिवसमेत को संलग्नतामा समस्याको समाधान गराइन्छ । प्रारम्भिक अनुसन्धान तहकिकातबाट देखिएको तथ्यको आधारमा सम्बन्धित आयुक्तबाटै अनुसन्धान

अधिकृत नियुक्त गर्ने वा तामेलीमा राख्ने आदेश हुने गरेको छ । सम्बन्धित आयुक्तसमक्ष पेश भएको विषयमा आयुक्तले आयोगमा पेश गर्ने आदेश दिएमा सचिवमार्फत आयोगमा पेश हुने गरेको छ । सामान्यतया आयोग वा आयुक्तबाट अनुसन्धान अधिकृत नियुक्त भई निजद्वारा सचिव मार्फत आयुक्तसमक्ष पेश भएको अनुसन्धान प्रतिवेदन आयोगबाट छलफल भई मुद्दा दायर गर्ने, विभागीय वा अन्य कारबाईको सिफारिश गर्ने वा तामेलीमा राख्ने गरिएको छ । मुद्दा दायर गर्ने निर्णय भएमा अनुसन्धान अधिकृत वा अन्य श्री ५ को सरकारको अधिकृतलाई तोकिएको अदालतसमक्ष मुद्दा दायर गर्ने आदेश दिइन्छ तथा अन्य कारवाई गर्नु पर्ने निर्णय भएमा सचिवद्वारा आयोगको निर्णय कार्यान्वयन गरिन्छ ।

आयोगका महाशाखाहरुबाट तोकिएको कार्य सम्पादन पश्चात् सचिवमार्फत सम्बन्धित आयुक्तसमक्ष पेश हुंदा आयुक्तबाट आयोगमा पेश गर्ने आदेश भएका विषयहरुको कार्यक्रम सामान्यतया आयोगको बैठक बस्नु भन्दा एकदिन अगावै सचिवद्वारा आयुक्तहरुमा वितरण गर्ने गरिन्छ । अन्यथा भएकोमा वा विषयको जटिलता एवं शीघ्रता हेरी प्रमुख आयुक्तले आदेश दिएमा कुनै पनि समयमा आयोगको बैठक बस्न सक्ने अवस्था वाहेक प्रत्येक हप्ताको एकदिन सामान्यतया मंगलवार आयोगको बैठक बस्ने गर्दछ । बैठकमा पेश गरिने विषयहरुमा नियमद्वारा आयोग समक्ष पुऱ्याई रहनु नपर्ने गरी तय गरिएको विषय र प्रशासनिक विषय वाहेक अन्य सबै अनुचित कार्य वा भ्रष्टाचारसम्बन्धी अनुसन्धान तहकिकात भएका विषयहरु पर्दछन् । आ.ब. २०५४/०५५को अवधिमा आयोगको बैठक जम्मा ६० दिन बसेको थियो । यी बैठकहरुबाट कूल १६१ वटा निर्णयहरु भएका थिए ।

३.७ आयोग र महाशाखाबिच को सम्पर्क :

अनुसन्धान तहकिकात गर्ने कार्यमा प्रत्यक्ष रुपमा महाशाखा संलग्न रहनुका साथै आयुक्तहरुको रेखदेख तथा नियन्त्रणमा महाशाखा प्रमुखले अथवा आयोग वा आयुक्तले तोकेको अन्य अधिकृतले अनुसन्धान अधिकृत भई कार्य सम्पादन गर्नु पर्ने हुंदा महाशाखा प्रमुख वा तोकिएको अधिकृत र आयोगविचको सम्पर्कलाई निकटतम राखी कार्य संचालन गरिन्छ । कुनैपनि महाशाखा प्रमुख वा अनुसन्धान अधिकृतबाट पेश गरेको प्रतिवेद आयोगमा पेश हुने दिन सचिव मार्फत महाशाखा प्रमुख वा अनुसन्धान अधिकृत र आवश्यकता अनुरुप सम्बन्धित विषयको जानकारी राख्ने अन्य अधिकृतलाई आयोगमा उपस्थित हुन सूचित गरिन्छ । आयोगसमक्ष त्यसरी उपस्थित हुने महाशाखा प्रमुख वा अनुसन्धान अधिकृतले आफूले अनुसन्धान तहकिकात गर्दा भए गरेका सम्पूर्ण कार्य विवरण पेश गरेपछि आयुक्तहरुद्वारा सो विवादमा कुनै कुरा स्पष्ट गराउन चाहेमा महाशाखा प्रमुख वा अनुसन्धान अधिकृतबाट स्पष्ट गराइन्छ ।

४. अनुसन्धान भइरहेका विषयहरुको विवरण :

४.१ प्रारम्भिक अनुसन्धान भइरहेको विवरण :

आयोगसमक्ष परेका उजूरी निवेदनहरुउपर प्रारम्भिक अनुसन्धानको क्रममा सो विषयमा कारवाई गर्नुपर्ने नपर्ने निर्क्यौल गर्न मूलतः निम्न तथ्यहरुको निरुपण गरिन्छ :

क) उजूरी निवेदनको प्रकृति के कस्तो छ ?
ख) उजूरी आयोगको क्षेत्राधिकार भित्र पर्छ, पर्दैन ?
ग) उजूरीमा उल्लेखित विषयका सम्बन्धमा के कसो भएको हो ?
घ) उजूरीको आरोप तथ्यपूर्ण देखिन आएमा त्यसमा कुन कुन निकायका कुन कुन पदाधिकारीको संलग्नता रहेको छ ?
ङ) उजूर गर्ने व्यक्ति सरोकारवाला हो, होइन ?
च) विवादास्पद कार्य वा निर्णयबाट कसलाई के कति हानी नोक्सानी हुन गएको छ ?
छ) विवादित कार्यबारे कुनै अड्डाअदालतमा मुद्दामामिला चलिरहेको वा चली निर्णय भएको वा तत्सम्बन्धमा कुनै विभागीय वा अन्य कारवाई भएको छ, छैन ?

ज) विवादित कार्य भए गरेको मितिका आधारमा उजूरीको हदम्याद बांकी छ छैन ?

प्रारम्भिक अनुसन्धानको सिलसिलामा छानविनको कारवाई पनि प्रारम्भिक अवस्थामै रहने तथा छानविन गरिने प्रमाण नष्ट हुन सक्ने सम्भावनालाई समेत दृष्टिगत गरी सो कारवाई गोप्य रहने कानूनी व्यवस्था रहेको छ।
विभिन्न मन्त्रालय र अन्तर्गतका विभाग, कार्यालय, संस्थान एवं अन्य निकायहरुमा समेत गरी अनुचित कार्य वा भ्रष्टाचारका सम्बन्धमा परेका उजूरीहरुउपर वर्तमान अवस्थामा आयोगबाट प्रारम्भिक अनुसन्धान कार्य भइरहेको उजूरीको विषयगत संख्या तालिका नं १ मा प्रस्तुत गरिएको छ।

एउटै विषयमा विभिन्न निकायमा उजूरी दिने र ती निकायहरुबाट समेत पुनः आयोगमै सो निवेदनहरु प्राप्त हुन आउने हुंदा दर्ता भएको उजूरी संख्या र कारवाई भएको उजूरी संख्या फरक रहने गरेको छ।

तालिका १

प्रारम्भिक अनुसन्धानको विवरण

क्र.सं.	सम्बन्धित मन्त्रालय / निकाय	प्रारम्भिक अनुसन्धान भइरहेको संक्षिप्त विषय	उजूरी संख्या
१	अर्थ मन्त्रालय र अन्तरगत :-		
	क) कर विभाग	कर निर्धारण, सम्पत्ति जांच	७
	ख) कृषि विकास बैङ्क	परीक्षामा अनियमितता, ऋण प्रवाह, लिलाम बिक्री	३
	ग) नेपाल औद्योगिक विकास निगम	कम्प्यूटर सफ्टवेयर	१
	घ) नेपाल बैङ्क लिमिटेड	शेयर विवाद	१
	ङ) नेपाल राष्ट्र बैङ्क	टेण्डर स्वीकृति	१
	च) भंसार विभाग	राजस्व हिनामिना, सुन तस्करी	५
	छ) मध्यमाञ्चल ग्रामीण विकास बैङ्क	परीक्षा संचालन	१
	ज) मूल्य अभिवृद्धि कर विभाग	राजस्व घटेको समेत	१
	झ) राष्ट्रिय वाणिज्य बैङ्क	ऋण प्रवाह, अनियमित लगानी	७
	ञ) राष्ट्रिय बीमा संस्थान	बीमा मूल्यांकन	१
	ट) विभिन्न धितो कारोबार तथा लगानी कोषहरु	नियुक्ति, साधनको दुरुपयोग	२
	ठ) हिमालयन बैङ्क लि.	प्रतीत पत्र	१
			जम्मा :-३१
२	आपूर्ति मन्त्रालय र अन्तरगत :-		
	क) आपूर्ति मन्त्रालय	चिनी आयातसमेत	६
	ख) दि टिम्बर कर्पोरेशन अफ नेपाल	काठ बिक्रीसमेत	७
	ग) नेपाल आयल निगम	मूल्य वृद्धि, ग्यास वितरण, संचय भण्डार आदि	१२
	घ) नेपाल कोल लिमिटेड	आर्थिक अनियमितता	६
	ङ) नेपाल खाद्य संस्थान	गहूं तथा चामल खरीद, निर्माण कार्य	११
	च) नेशनल ट्रेडिङ्ग लिमिटेड	अखबार कागज, सामान ढुवानी	४
	छ) साल्ट ट्रेडिङ्ग लिमिटेड	नून आपूर्ति	१०
	ज) नेपाल लुब्रिकेन्टस प्रा.लि.	सामान खरीद	१
			जम्मा :- ५७
३	आवास तथा भौतिक योजना मन्त्रालय र अन्तरगत :-	पूर्व योग्यता निर्धारण	१
	क) आवास तथा भौतिक योजना मन्त्रालय	परामर्शदाता नियुक्ति, अध्ययन विदा स्वीकृति	४
	ख) खानेपानी तथा ढल निकास विभाग	जग्गा तथा सामान खरीद, जग्गा वितरण	५
	ग) ग्रामीण आवास कम्पनी	ठेक्का स्वीकृति, निर्माण कार्य	६
	घ) जिल्ला खानेपानी कार्यालयहरु	जग्गा वितरण, अव्यवस्थित योजना	१०
	ङ) नगर विकास योजनाहरु	ठेक्का स्वीकृति, सामान खरीद	७
	च) नेपाल खानेपानी संस्थान	निर्माण कार्य	१
	छ) भवन विभाग	जग्गा दर्ता	१
	ज) वन सुदृढीकरण आयोग		जम्मा :- ३५

४	**उद्योग मन्त्रालय र अन्तरगत :-**		
	क) उद्योग मन्त्रालय	उद्योग सञ्चालन	१
	ख) जनकपुर चुरोट कारखाना लि.	सूर्ति खरीद	२
	ग) नेपाल चलचित्र विकास कम्पनी	राजस्व हिनामिना, अनियमित भुक्तानी	२
	घ) विराटनगर जूट मिल्स	करार, सामान खरीद	४
	ङ) सिमेन्ट कारखानाहरु	विदेश भ्रमण, सामान खरीद, टेण्डर	९
	च) सूर्ति विकास कम्पनी	अचल सम्पत्ति बिक्री, नियुक्ति आदि	५
	छ) सूर्य टोबाको कम्पनी	विविध अनियमितता	१
			जम्मा :-
			२४
५	**कानून तथा न्याय मन्त्रालय र अन्तरगत :-**		
	क) महान्यायाधिवक्ताको कार्यालय	मुद्दा नचलाएको	**जम्मा :- १**
६	**कृषि मन्त्रालय र अन्तरगत :-**		
	क) कृषि अनुसन्धान तथा प्रसार आयोजना	कम्प्यूटर खरीद	१
	ख) कृषि अनुसन्धान परिषद	सामान खरीद, काठको दुरुपयोग, आर्थिक अनियमितता	३
	ग) कृषि आयोजना सेवा केन्द्र	रकम हिनामिना, सामान दुरुपयोग	२
	घ) कृषि विभाग	रेशम खेती, सामान दुरुपयोग, तालीम	३
	ङ) कृषि सामाग्री संस्थान	मलको दुरुपयोग, ढुवानी, अनियमित भुक्तानी	३
	च) सहकारी विभाग	सदस्यता, छपाई	१
			जम्मा :-
			१३
७	**गृह मन्त्रालय र अन्तरगत :-**		
	क) गृह मन्त्रालय	चिठ्ठा सञ्चालन, शान्ति सुरक्षा	६
	ख) जिल्ला प्रशासन कार्यालयहरु	नागरिकता, राहदानी	५५
			जम्मा :-
			६१
८	**जलस्रोत मन्त्रालय र अन्तरगत :-**		
	क) जलस्रोत मन्त्रालय	नक्कली प्रमाणपत्र, ठेक्का स्वीकृति, अनियमित	३
	ख) नेपाल विद्युत प्राधिकरण	भुक्तानी	७
		जग्गा तथा सामान खरीद, जिन्सी हिनामिना, पदपूर्ति	**जम्मा :-**
			१०
९	**निर्माण तथा यातायात मन्त्रालय र अन्तरगत :-**		
	क) निर्माण तथा यातायात मन्त्रालय	ठेक्का स्वीकृति,सडक सुधार, निर्माण, सवारी साधन	१७
	ख) यातायात व्यवस्था विभाग	दस्तूर असूली, गाडी दर्ता, नामसारी	३
	ग) सञ्चा यातायात	नक्कली बील, साधारण सभा	२
			जम्मा :-
			२२
१०	**पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अन्तरगत :-**		
		प्रशासनिक अनियमितता, विमान भाडा	७
	क) पर्यटन मन्त्रालय	कमिशन, काज, विमान मर्मत, विमान भाडा	१४
	ख) शाही नेपाल वायुसेवा निगम	छात्र वृत्ति, ठेक्का स्वीकृति, आर्थिक अनियमितता	११
	ग) हवाई विभाग	अनियमित भुक्तानी	१
	घ) होटल व्यवस्थापन तथा पर्यटन तालीम केन्द्र		**जम्मा :-**
			३३
११	**परराष्ट्र मन्त्रालय र अन्तरगत :-**		
१२	**भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अन्तरगत :-**		
	क) गुठी संस्थान	जग्गा दर्ता, पदपूर्ति	२१
	ख) नापी गोश्वाराहरु	आर्थिक अनियमितता	२
	ग) भूमिसुधार तथा व्यवस्था मन्त्रालय	राजस्व हिनामिना, कर्जा	५
	घ) मालपोत कार्यालयहरु	जग्गा दर्ता, फुकुवा	१८
			जम्मा :-
			४६
१३	**मन्त्री परिषद् सचिवालय र अन्तरगत :-**		
	क) मन्त्री परिषद् सचिवालय	सांसदहरुको आचार, गाडी सुविधा आदि	**जम्मा :- ३**
१४	**महिला तथा समाज कल्याण मन्त्रालय र अन्तरगत :-**		
	क) समाज कल्याण परिषद्	छपाई, सामान खरीद	**जम्मा :- ३**

१५	युवा, खेलकूद तथा संस्कृति मन्त्रालय र अन्तरगत :-		
	क) युवा, खेलकूद तथा संस्कृति मन्त्रालय	सामान ढुवानीसमेत	२
	ख) पशुपति विकास कोष	सामान खरीद, जग्गा विवाद	२
			जम्मा : ४
१६	रक्षा मन्त्रालय र अन्तरगत :-		
१७	वन तथा भू-संरक्षण मन्त्रालय र अन्तरगत :-		
	क) जिल्ला वन कार्यालयहरु	काठ हिनामिना, वन कटानी, चोरी निकासी	१३
	ख) वन तथा भू-संरक्षण मन्त्रालय	बिक्री वितरण	२
	ख) वन विभाग र अन्तरगत आयोजनाहरु	रुख बिक्री	१
	ग) वन्य जन्तु आरक्ष र निकुञ्जहरु	जग्गा विवाद	१
			जम्मा :-१७
१८	वाणिज्य मन्त्रालय र अन्तरगत :-		
	क) नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि.	ठेक्का स्वीकृति	२
	ख) वाणिज्य मन्त्रालय	ठेक्का स्वीकृति	१
			जम्मा :- ३
१९	विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तरगत :-		
२०	शिक्षा मन्त्रालय र अन्तरगत :-		
	क) उच्च माध्यमिक शिक्षा परिषद्	अनुदान रकम, निर्माण, पदपूर्ति, छपाई	८
	ख) जनक शिक्षा सामाग्री केन्द्र	सामान खरीद	३
	ग) जिल्ला शिक्षा कार्यालयहरु	पदपूर्ति	४
	घ) परीक्षा नियन्त्रण कार्यालय	सामान खरीद, नक्कली प्रमाणपत्र	३
	ङ) प्राथमिक शिक्षा विकास परिषद्	निर्माण, छपाई आदि	६
	च) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्	निर्माण, पदपूर्ति	५
	छ) विभिन्न विद्यालयहरु	शुल्क वृद्धि, सम्पत्ति हिनामिना	५
	ज) शिक्षा मन्त्रालय	सरुवा, मर्मत सम्भार	२
	झ) साझा प्रकाशन	राजस्व हिनामिना	१
	ञ) त्रिभुवन विश्व विद्यालय	सामान खरीद, निर्माण, पदपूर्ति	७
			जम्मा :- ४४
२१	श्रम मन्त्रालय र अन्तरगत :-		
	क) रोजगार कम्पनीहरु	वैदेशिक रोजगार	६
	ख) श्रम मन्त्रालय	श्रम स्वीकृति, धरौटी, पदपूर्ति	७
			जम्मा :- १३
२२	सामान्य प्रशासन मन्त्रालय र अन्तरगत :-		
	क) लोक सेवा आयोग	परीक्षाफल	२
	ख) सामान्य प्रशासन मन्त्रालय	बढुवा सिफारीश, कारबाई	२
			जम्मा :- ४
२३	सूचना तथा सञ्चार मन्त्रालय र अन्तरगत :-		
	क) गोश्वारा हुलाक	आर्थिक अनियमितता	१
	ख) नेपाल दूर सञ्चार संस्थान	टेलिफोन जडान, महसूल, सामान खरीद	३
			जम्मा :- ४
२४	संसदीय व्यवस्था मन्त्रालय र अन्तरगत :-		
	क) संसद सचिवालय	गैर कानूनी सुविधा	जम्मा :-१
२५	स्थानीय विकास मन्त्रालय र अन्तरगत :-		
	क) गाउं विकास समितिहरु	निर्माण, आर्थिक अनियमितता	४
	ख) जिल्ला विकास समितिहरु	निर्माण, योजना कार्यान्वयन	८
	ग) दुर्गम क्षेत्र विकास समिति	पदपूर्ति, निर्माण	१
	घ) नगरपालिकाहरु	चुंगीकर, निर्माण, पदपूर्ति	१२
	ङ) स्थानीय विकास निर्माण आयोजना	प्रशासनिक अनियमितता	२
	च) स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान	मर्मत सम्भार	१
			जम्मा :- २८

२६	**स्वास्थ्य मन्त्रालय र अन्तरगत :-**	
	क) आयुर्वेद विभाग औषधालय	निर्माण समेत ३
	ख) औष्धी व्यवस्था विभाग	सामान खरीद १
	ग) विभिन्न अस्पतालहरु	पदपूर्ति, नक्कली बील, सामान खरीद, निर्माण १६
	घ) राष्ट्रिय क्षयरोग केन्द्र	अवकास १
	ङ) साझा स्वास्थ्य सेवा	बढुवा, नक्कली प्रमाणपत्र १
	च) स्वास्थ्य सेवा विभाग	निर्माण, छात्रवृत्ति, छपाई, औषधी खरीद आदि ७
	छ) क्षेत्रीय स्वास्थ्य निर्देशनालयहरु	पदपूर्ति, मर्मत, औषधी बिक्री ७
		जम्मा :- ३६
		प्रारम्भिक अनुसन्धान भइरहेको कूल विषयगत संख्या :- ४९३
		(चारशय त्रियान्नब्बे)

४.२ अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान भइरहेको विवरण :

प्रारम्भिक अनुसन्धानबाट उजूरी निवेदनमा उल्लेखित विषयहरुमा तथ्ययुक्त आधार नभएको भन्न नसकिने अवस्था भएकोले विस्तृत अनुसन्धान गर्नको निमित्त अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान कार्य जारी रहेका विषयहरु निम्न प्रकरणहरुमा उल्लेख गरिएका छन् । संख्यागत रुपमा एउटै विषयमा अनुसन्धान अधिकृत नियुक्त भएकोमा पनि धेरै उजूरी निवेदनहरु समावेश भएको हुन सक्ने हुंदा कूल अनुसन्धान अधिकृत नियुक्त भएको उजूरी संख्या र निम्न उल्लेखित विषयगत संख्यामा पृथकता देखिने गरेको छ ।

१. उदयपुर सिमेन्ट उद्योगबाट १५ लाख थान बोरा खरीद गर्दा करीब रु. ९० लाखको हिनामिना भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२. रघुपति जूट मिल्सको शेयरमा विराटनगर जूट मिल्सका तत्कालीन अध्यक्षले घोटाला गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३. रघुपति जूट मिल्सको निजीकरण गर्न भएको मूल्यांकनमा अनियमितता भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४. शाही औषधी लिमिटेडका नायब महाप्रवन्धकले स्याम्पलमा आएको औषधी वितरणमा घोटाला गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५. हुलाक प्रशिक्षण केन्द्रबाट वृत्तचित्र निर्माण गराउंदा बोलपत्र स्वीकृतिमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६. नेपाल दूर सञ्चार संस्थानले ओ. वाई. टी. टेलिफोन अनियमित तरिकाले वितरण गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७. जिल्ला वन कार्यालय, कैलालीका कर्मचारीको मिलोमतोमा अनियमित तरिकाले वन फडानी गरी काठ चोरी निकासी भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८. रण बहादुर भट्टचनसमेतले गैर कानूनी तरिकाले जग्गा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

९. तत्कालीन पर्यटन तथा नागरिक उड्डयन मन्त्रीले मन्त्रालय अन्तरगतको गाडी लिलाम गर्दा भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१०. नेशनल ट्रेडिंग लिमिटेडको अधिकृत तह -६ को आन्तरिक लिखित परीक्षामा अनियमितता भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

११. नेपाल कोल लिमिटेडका प्रमुख सहायकले नियम बिपरित दुई ठाउंमा नोकरी गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१२. पशुपति सोप इन्डष्ट्रिजले राजस्व छली श्री ५ को सरकारलाई हानी नोक्सानी पुऱ्याएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१३. नेपाल खाद्य संस्थानबाट बिना टेण्डर चामल खरीद गरी भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१४. भृकुटी मण्डपको सञ्चालन कार्यमा व्यापक अनियमितता भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१५. वन विज्ञान अध्ययन संस्थान, पोखराका क्याम्पस प्रमुखले जापानबाट प्राप्त सहयोग रकम व्यक्तिगत खातामा जम्मा गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१६. त्रिभुवन विश्व विद्यालयबाट Cost and Manamement विषयको प्रश्नपत्रको गोपनीयता भंग भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१७. दुग्ध विकास संस्थानका कर्मचारीले अनियमित तरिकाले डेरी खोली संस्थानलाई घाटा पारेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१८. विराटनगर नगर पालिका –१० बस्ने उमादेवी भण्डारीले अदालतको फैसलाको कीर्ते कागज पेश गरी जग्गा दर्ता गराएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१९. तत्कालीन पर्यटन तथा नागरिक उड्डयन मन्त्रीले शाही नेपाल वायुसेवा निगमको हवाई टिकट सित्तैमा बांडी निगमलाई घाटा पुऱ्याएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२०. राष्ट्रिय वाणिज्य बैंक, मैतिदेवी शाखाबाट धितो जग्गा लिलाम गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२१. गणेश मोडर्न दाल मिल्सले सडे गलेको खाद्यान्न धितो राखी ऋण लिएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२२. मालपोत कार्यालय, बर्दियाका प्रमुखले हदबन्दीको जग्गा आफ्ना मानिसको नाममा दर्ता गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२३. राष्ट्रिय वाणिज्य बैंकका महाप्रवन्धकले बैंकलाई हानी नोक्सानी पुऱ्याएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२४. गोश्वारा हुलाकका उप निर्देशक समेतले मेल सेन्टरमा चिठी पत्र तथा उजूरी गायब गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२५. स्वास्थ्य सेवा विभागबाट अधिराज्यभर औषधी ढुवानी गराउंदा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२६. स्वास्थ्य सेवा विभागबाट विभिन्न छपाई तथा सामानहरु खरीद गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२७. स्वास्थ्य सेवा विभागबाट औषधी आपूर्ति तथा उपकरणहरु खरीद गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२८. राष्ट्रिय जन स्वास्थ्य प्रयोगशाला, टेकुमा म्याद गुज्रेको औषधी प्रयोग गरेको तथा सामानहरु खरीद गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२९. जिल्ला जन स्वास्थ्य कार्यालय, सिरहामा पियन तथा मातृ शिशु कार्यकर्ता छनौट गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३०. अनियमित तवरले नेशनल लोट्टो चन्दा कार्यक्रम सञ्चालन भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३१. नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनीमा म्यादी कर्मचारीलाई संस्थानमा सरुवा तथा हाल बढुवासमेत गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३२. परीक्षा नियन्त्रण कार्यालय, सानो ठिमीबाट प्रश्न पत्र छपाई गराउंदा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३३. वी. पीं. कोइराला क्याम्पस, जनकपुरलाई ताराकान्त झासमेतले अनुचित लाभको थलो बनाएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट विभिन्न पदपूर्ति गर्ने कार्यमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३५. श्री मनोकामना बोर्डिंग स्कूलका प्रवन्ध निर्देशक तथा प्रिन्सिपलले स्कूलको सम्पत्ति हिनामिना गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३६. परीक्षा नियन्त्रण कार्यालय, सानो ठिमीका शाखा अधिकृतले रकम लिनु खानु गरी एस. एल. सी.को प्रमाणपत्रमा नाम सच्याई अरुलाई दिएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३७. प्राथमिक शिक्षा परियोजना, श्रोत केन्द्र विकास एकाईका प्रमुखले विभिन्न सामान खरीदमा भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३८. गृह मन्त्रालयबाट गैर कानूनी तवरले विदेशीलाई धर्म पुत्र दिएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३९. हेलिकप्टर निर्माताबाट आधिकारिक रुपमा यात्रु राखी उडान भर्न पाउने Worthiness Certificate जारी नभए तापनि हवाई विभागबाट यात्रु राखी उडान भर्न पाउने छूट दिएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४०. शाही नेपाल वायुसेवा निगम, अपरेशन विभागका का.मु. निर्देशकलाई तालीमको सिलसिलामा विदेश पठाउंदा आर्थिक अनियमितता भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४१. हिमाल सिमेन्ट कम्पनीका अध्यक्षसमेत ले इन्धन सुविधाको दुरुपयोग गरेको तथा अन्य आर्थिक अनियमिततासमेत भएको भन्ने विषयमा अनुसन्धान भइरहेको।

४२. त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा बिना टेण्डर फ्याब्रिक्याब अटो पुल चालक संघ र एयरपोर्ट ट्याक्सीलाई लिमोजिन सर्भिस सञ्चालन गर्न लगाई राजस्व घाटा हुन गएको भन्ने विषयमा अनुसन्धान भइरहेको।

४३. नेशनल ट्रेडिंग लिमिटेडबाट खोलिएको आयात प्रतीत पत्रमार्फत सामान मगाई राजस्व छलेको र विदेशी मुद्राको अपचलन भएको भन्ने विषयमा अनुसन्धान भइरहेको।

४४. माउन्टेन भोएजेज प्रा. लि.ले शाही नेपाल वायुसेवा निगमसमेत को सहयोगबाट राजस्व छलेको भन्ने विषयमा अनुसन्धान भइरहेको।

४५. जिल्ला प्रशासन कार्यालय, कास्कीका कर्मचारीले दोहोरो नागरिकता दिई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको।

४६. नागरिकता वितरण टोली, धनुषाका प्रमुखले भ्रष्टाचार गरी नागरिकता वितरण गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको।

४७. भक्तपुर गुठी तहसिल तथा खर्च कार्यालयका कर्मचारीहरुले भक्तपुर नगरपालिका-३, तचपालस्थित जंगम पाटी भाडामा लगाउंदा घटी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको।

४८. तत्कालीन भीमसेन गोला गा. वि. स. अन्तरगत वागमती किनारासमेत २०४४ सालको नापीमा आफ्नो कित्तामा घुसाई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको।

४९. शाही नेपाल वायुसेवा निगमको भियना (अष्ट्रिया) स्थित सेल्स एजेन्ट अर्नेष्ट ब्राउनले निगमका पदाधिकारीसमेत को मिलोमतोमा नक्कली बील भौचर पेश गरी घोटाला गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको।

५०. नेपाल खाद्य संस्थानले भेंडा, च्यांग्रा, खसी र बोका बिक्री गर्दा र खाद्यान्न ढुवानी गराउंदा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको।

५१. नेपाल खाद्य संस्थानले रोक्का राखेको जग्गा मालपोत कार्यालय, बाराले फुकुवा गरी पारित गराई हक हस्तान्तरणसमेत गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको।

५२. रुकुम जिल्लाको सल्ले विमानस्थलमा ढल निर्माणको बोलपत्र स्वीकृतिमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको।

५३. दी टिम्बर कर्पोरेशन अफ नेपाल, बिक्री विभागका प्रमुखले घर खरीद गरी तल्ला थप्दा चोरीको काठ प्रयोग गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको।

५४. ललितपुर टीकाथली गा.वि.स. वडा नं. ४को जग्गाको धनी र मोहीविच भएको विवादमा बगर नापी भएको जग्गा र खोलाको डिलसमेत पारेको भन्ने विषयमा अनुसन्धान भइरहेको।

५५. कृषि चून उद्योग लिमिटेडमा तोकिएको बजेट भन्दा बढी खर्च गरेको र काल्पनिक संस्था खडा गरेको तथा परीक्षामा अनियमितता भएको भन्नेसमेत विषयमा अनुसन्धान भइरहेको।

५६. मोदी खोला जल विद्युत आयोजनाको लागि जग्गा अधिग्रहण हुंदा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको।

५७. तातोपानी साना जल विद्युत आयोजनाको दोश्रो चरणको लागि निर्माण सामाग्री आपूर्तिमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको।

५८. विद्युत चोरी गर्ने अशोक स्टीलसमेत बाट अनुचित लाभ लिई नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकले लाइन जडान गराएको भन्ने विषयमा अनुसन्धान भइरहेको।

५९. नेपाल विद्युत प्राधिकरण, सातौं विद्युत आयोजनाका निर्देशकले व्यक्तिगत फाइदा लिई दोश्रो घटीवालाको बोलपत्र स्वीकृत गर्ने परम्पराको थालनी गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको।

६०. ग्रामीण आवास कम्पनीका अध्यक्षले कम्प्यूटर खरीद तथा घडेरी वितरणमा भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको।

६१. कोहलपुर नगर विकास समितिका पदाधिकारीहरुले न्यून गुणस्तरको निर्माण कार्य गराएको र विभिन्न आर्थिक अनियमितता समेत भएको भन्ने विषयमा अनुसन्धान भइरहेको।

६२. जिल्ला विकास समिति, सर्लाहीका स्थानीय विकास अधिकारीले जिल्ला विकास समितिको निर्णय बिपरित कज वे, बाटो आदि निर्माण गराएको भन्ने विषयमा अनुसन्धान भइरहेको।

६३. वीरगञ्ज नगर पालिकाबाट चुंगी कर असूली गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको।

६४. काठमाडौं महानगर पालिकाबाट चुंगी कर असूलीको ठेक्का दिंदा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको।

६५. इनरुवा गा.वि.स., सिरहाका तत्कालीन अध्यक्षले गा.वि.स.को रकम मासी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको।

६६. काठमाडौं महानगर पालिकाका कार्यकारी अधिकृतले आफ्नो स्वविवेकमा नियम बिपरित कर्मचारी भर्ना, आर्थिक

सहायता आदि गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६७. भद्रपुर नगर पालिकाको कोषलाई दमकल मर्मत तथा संचालनको लागि प्राप्त सहयोग रकम कोषमा दाखिला नै नगरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६८. डिभिजन सडक कार्यालय, लहानका प्रमुखले निर्माण नै नगरेको कामको बील बनाई भुक्तानी गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६९. निर्माण तथा यातायात मन्त्रालयका तत्कालीन सहायक मन्त्रीले सडक र विद्युत लाइन जडानको काममा भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७०. सांखु –मूलपानी –पेप्सीकोला सडकमा नेपाल दूर सञ्चार संस्थानबाट ट्रेन्च खनी केबुल बिछ्याउंदा भएको कामलाई डिभिजन सडक कार्यालयबाट समेत भुक्तानी भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७१. राष्ट्रिय बीमा संस्थानमा सुविधाको दुरुपयोग भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७२. राष्ट्रिय समाचार समितिबाट कम्प्यूटर खरीद गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७३. हेटौंडा सिमेन्ट उद्योगबाट ओखरेखानी जाने बाटोमा तार जाली र टेवा पर्खाल लगाउंदा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७४. विराटनगर हवाई कार्यालयको हाताभित्र कर्मचारी आवास तथा कार्यालय भवन बनाउंदा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७५. स्वास्थ्य सेवा विभागबाट औषधी तथा विभिन्न उपकरणहरु खरीद गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७६. मध्यमाञ्चल डिभिजन सडक कार्यालय, मीन भवनका डिभिजन प्रमुखले कृत्रिम नाम खडा गरी लाखौंको मष्टर रोल भरी भुक्तानी गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७७. तारा गाउं विकास समितिमा विभिन्न अनियमितता तथा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७८. मध्य पश्चिमाञ्चल डिभिजन सडक कार्यालयका कर्मचारीहरु मिली काल्पनिक निवेदनको आधारमा धरौटी फिर्ता गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७९. गुठी तहसिल कार्यालय, कालमोचनबाट अदालतमा मुद्दा परिरहेको जग्गा दर्ता भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८०. जिल्ला प्रशासन कार्यालय, उदयपुरका प्रमुख जिल्ला अधिकारीसमेत ले कामको सिलसिलामा कार्यालयमा आउनेहरुसंग रकम लिने गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८१. मालपोत कार्यालय, नवलपरासीका प्रमुख मालपोत अधिकृतले नेपाल पुनर्वास कम्पनीले रोक्का राखेको जग्गा फुकुवा गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८२. गुठी प्रशासकले लुमढी, भद्रकालीको गुठी तैनाथी जग्गा अनधिकृत व्यक्तिलाई बेचेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८३. गुठी प्रशासकले धादिङ्ग, छत्रे देउरालीको जग्गा अनधिकृत तवरले बेचेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८४. गुठी प्रशासकले गुठी तैनाथी जग्गा अनधिकृत व्यक्तिलाई बेचेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८५. गुठी प्रशासकले गुठीको रकम फाइनान्स कम्पनीमा लगानी गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८६. जनकपुर चुरोट कारखानाले टेण्डर प्रकृयाको समय बिताई अभाव पूर्ति गर्न थप दायित्व श्रृजना गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८७. भूमिसुधार कार्यालय, रौतहटका भूमिसुधार अधिकारीले विभिन्न अनियमित कार्य गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८८. नेपाल बाल संगठन, केन्द्रीय कार्यालयबाट धर्मपुत्र प्रदान गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८९. तत्कालीन कृषि मन्त्रीसमेत बाट मल खरीद गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

९०. गुठी संस्थानले गुठीको जग्गाहरुको संरक्षण गर्नु पर्नेमा विभिन्न तरिकाले गुठीको जग्गा हिनामिना गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

९१. गुठी प्रशासक तथा गुठी तहसिल कार्यालयका कर्मचारीको मिलोमतोमा नक्साल भगवती मन्दिरसंगैको पूजाघर व्यक्तिको नाममा दर्ता गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

९२. मालपोत कार्यालय, कलंकीबाट साविक पर्ति जनिएको जग्गा संधियारको नाममा दर्ता गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

९४. सुनसरी जिल्ला, चिमडी गा.वि.स.को चिमडी ताल जनिएको जग्गा व्यक्तिको नाममा दर्ता गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

९५. नेपाल परिवार नियोजन संघका केन्द्रीय अध्यक्षसमेत ले अन्तरराष्ट्रिय संघ, संस्थाहरुबाट प्राप्त रकमको दुरुपयोग गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

९६. राष्ट्रिय वाणिज्य बैंक, मैतीदेवी शाखाबाट ऋण लगानी गर्दा राखिएको धितो जग्गा लिलाम गर्न माग भएको टेण्डरको काममा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

९७. राष्ट्रिय वाणिज्य बैंक, मैतीदेवी शाखाबाट ऋण लगानी गर्दा राखिएको धितो जग्गा लिलाम गर्दा ललितपुर नगरपालिकाको ६ रोपनी जग्गा रु. २९,०००/- मा लिलाम सदर गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

९८. प्रतीतपत्र छानवीन आयोगको प्रतिवेदनमा उल्लेखित विभिन्न विषयहरुमा अनुसन्धान भइरहेको ।

९९. हरिसिद्धी ईंटा टायल कारखाना निजीकरण भएपछि नेपाल औद्योगिक विकास निगमसमेत को संयुक्त लगानीमा वाणिज्य बैंक ऐन बिपरित लगानी भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१००.सुप्रिम फेशनले राष्ट्रिय वाणिज्य बैंक, विशालबजारबाट आयात प्रतीतपत्र खोली झिकाएको कपडा गुणस्तरहीन भई कारबाई भइरहेकोमा विदेशी बैंकलाई प्रतीतपत्र खोल्दाको रकम भुक्तानी पठाएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१०१.इण्डोस्वेज बैंकका रीस्क व्यवस्थापन महाशाखा प्रमुखले अर्काको नाममा कर्जा लिई खरीद गरेको बसको नामसारी गरी अनुचित कार्य गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१०२. राष्ट्रिय वाणिज्य बैंक, मुख्य शाखा कार्यालयबाट न्यू शपिंग सेन्टरको नाममा खोलिएको प्रतीतपत्रबाट विदेशी मुद्राको अपचलन भएको भन्ने विषयमा अनुसन्धान भइरहेंको ।

१०३.प्लेनबाट आउँदै नआएको व्यक्तिको नाममा त्रिभुवन विमानस्थल, भन्सार कार्यालयबाट १० किलो सुन र १० किलो चांदी छुटाएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१०४. राष्ट्रिय वाणिज्य बैंकका कर्मचारीले ललितपुर चापागाउंका स्थानीय महिलालाई झुक्याई ऋण लिन लगाएर रकम आफूले खाएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१०५. त्रिभुवन विमानस्थल, भन्सार कार्यालयबाट १० किलो सुन गायब गरी भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१०६. नेपाल राष्ट्र बैंकबाट बिना टेण्डर सामान खरीद भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१०७. तत्कालीन कृषि मन्त्रीले आफेनो निवासको टेलिफोन महसूल कृषि अनुसन्धान परिषद्बाट तिर्न लगाएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१०८. सहकारी संस्था लि., महावीर नगर, सिरहाका पूर्व अध्यक्षले मालपोत अधिकृतसंग मिली ऋण चुक्ता नगरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१०९. दुग्ध विकास संस्थानका अध्यक्षसमेत ले म्याद, स्पेशिफिकेशन बिपरितको चीज म्याट खरीद गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

११०. साझा स्वास्थ्य सेवाबाट औषधी वितरण लगायतका काममा अनियमितता भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१११. मत्स्य विकास महाशाखाका प्रमुखले कीर्ते सहीछाप गराएको, गैर कानूनी तरिकाले जग्गा किनेको, एशियाली विकास बैंकको ऋणको दुरुपयोग गरेको भन्नेसमेत विषयमा अनुसन्धान भइरहेको ।

११२. नेपाल चिया विकास निगमका अध्यक्ष र निर्देशक मिली हरीयो चिया बिक्री तथा बाकस खरीदमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

११३. जिल्ला पशु सेवा कार्यालय, धनुषाबाट निर्माणको काममा अनियमित भुक्तानी भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

११४. आभारभूत प्राथमिक शिक्षा परियोजनाका लेखा अधिकृतले दिएको निवेदन अनुरुपको आर्थिक सहायताको रकम योजना प्रमुखले दुरुपयोग गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

११५. राष्ट्रिय अनुसन्धान विभागका निरीक्षकले विदेश पठाइदिन्छु भनी रकम लिएर विदेश पनि नपठाएको र रकम फिर्ता पनि नगरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

११६. कुष्ठरोग निवारण आयोजनाका निर्देशकले मित्र राष्ट्रहरुबाट विकासको नाममा आउने रकम व्यक्तिगत खातामा जम्मा गर्ने गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

११७. गुठी संस्थानबाट कैलाश बद्रिनाथ सदावर्त गुठीलाई निजी दर्ता गरेको भन्ने विषयको उजूरी मुल्तवीमा रहेको ।

११८. मालपोत कार्यालय झापाका प्रमुखबाट विभिन्न भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

११९. मालपोत कार्यालय काठमाडौंबाट घर जग्गा फुकुवा गर्दा भ्रष्टाचार भएको भन्ने उजूरी मुल्तवीमा रहेको ।

१२०. विश्व बैंकबाट प्राप्त १६ लाख डलरको हिनामिना भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१२१. चितवन जिल्लाका मालपोत अधिकृतले अनियमित रुपमा जग्गा दर्ता गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१२२. जिल्ला प्रशासन कार्यालय पर्साबाट गैर नेपालीलाई नागरिकता दिइएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१२३. जनक शिक्षा सामाग्री केन्द्रबाट पुस्तक छपाईमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१२४. पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशकले विभिन्न भ्रष्टाचार गरेको भन्ने विषय अनुसन्धान भइरहेको ।

१२५. कैलाली जिल्लाका भूमिसुधार अधिकारीले जफत भएको जग्गा बिक्री गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५. अदालतसमक्ष मुद्दा दायर भएको विवरण :-

५.१ पुनरावेदन अदालत समक्ष मुद्दा दायर भएको विवरण :-

५.१.१ ग्रामीण आवास कम्पनीले दिपेन्द्र डेरी प्रा.लि.का नामको जग्गा खरीद गर्न मधुसुदन भण्डारीबाट निवेदन लिई ७ दिन अगाडी १३, ७२, ५००।- मा खरीद गरेको जग्गालाई ७ दिन पछाडि १ करोड ४३ लाखमा खरीद गरी भ्रष्टाचार

ग्रामीण आवास कम्पनीले दिपेन्द्र डेरी प्रा.लि.का नामको जग्गा खरीद गर्न मधुसुदन भण्डारीबाट निवेदन लिई ७ दिन अगाडी १३, ७२, ५००।- मा खरीद गरेको जग्गालाई ७ दिन पछाडि १ करोड ४३ लाखमा खरीद गरी भ्रष्टाचार भएको भन्ने समबन्धमा अनुसन्धान हुंदा ग्रामीण आवास कम्पनी लिमिटेड कम्पनी ऐन अन्तर्गत स्थापित श्री ५ को सरकारको स्वामित्वमा रहेको संस्था भएको र सो कम्पनीले आवास विकास गर्ने नाममा जिल्ला काभ्रे सुनथान गा.वि.स. मा दिपेन्द्र डेरी प्रा.लि. का नाममा दर्ता रहेको जग्गा रोपनी ३७-४-२ खरीद गर्दा मिति ०५३।८।१४ मा दिपेन्द्र डेरी प्रा.लि.को वारेस भई मधुसूदन भण्डारीले आफ्नै श्रीमती लक्ष्मीदेवीलाई १३,७२,५००।- मा बिक्री गरी ७ दिन पछि मिति ०५३।८।२० मा आफ्नो श्रीमतीको वारेश भई मधुसूदन भण्डारीले आवास कम्पनीलाई रु. १,१६,१०,०००।- मा राजिनामा लिखत गरी दिएको उक्त दुवै लिखतबाट देखिन आयो ।

सो जग्गा खरीद गर्न जग्गा धनी दिपेन्द्र डेरी प्रा.लि.को प्रस्तावक भई अन्य उनाउ व्यक्ति मधुसूदन भण्डारीको निवेदन लिई जग्गाको मूल्यांकन समेत गराई जग्गा खरीद गर्ने निर्णय गरेको देखियो ।

जग्गा खरीद गर्ने निर्णय गर्दाको अवस्थासम्म सो जग्गा दिपेन्द्र डेरी कै नाममा कायम देखिन्छ । खरीद गर्ने निर्णय पनि दिपेन्द्र डेरी कै जग्गालाई निर्णय भएको प्रमाण पूर्जा समेतबाट देखिन आउंछ ।

त्यसरी दिपेन्द्र डेरी प्रा.लि.को जग्गा खरीद गर्ने निर्णय भएपछि दिपेन्द्र डेरीबाट सिधै खरीद नगरी दोश्रो व्यक्ति लक्ष्मीदेवी भण्डारीको नाममा नामसारी खरीद गरेको र प्रति रोपनी ३,२०,०००।- मा खरीद गर्ने निर्णय भई सकेपछि दिपेन्द्र डेरी प्रा.लि.ले दिन चाहेको रु. १३,७२,५००।- को मूल्यबाट बढाई बढी मूल्य आफूहरुले फाइदा उठाउने बदनियतपूर्वक सिधै खरीद नगरी दोश्रो व्यक्ति खडा गरी लिनु दिनु गरी पछि बढी मूल्यमा कम्पनीलाई हानी नोक्सानी तथा आफूहरुले फाइदा लिने नियतले काम कारवाई गरेको देखिन आएको छ । मिति ०५३।६।११ मा मधुसूदन भण्डारीले कम्पनीको तर्फबाट बिक्री गर्न निवेदन दिएको, ०५३।८।८ मा संचालक समितिले खरीद गर्ने निर्णय गरेको, सो निर्णय पछि दिपेन्द्र डेरी प्रा.लि. बाट अधिकार पत्र लिई ग्रामीण आवास कम्पनीलाई जग्गा पारित गरी दिनु पर्नेमा त्यसो नगरी ०५३।८।१४ मा निज मधुसूदन भण्डारीले आफ्नै श्रीमती लक्ष्मीदेवी भण्डारीको नाममा राजिनामा गराई लिई पुनः श्रीमतीको वारेसको रुपमा ०५३।८।२० मा मधुसूदन भण्डारीबाट आवास कम्पनीले उक्त जग्गा खरीद गरेको देखिन्छ । यसरी एउटा प्राइभेट कम्पनीको जग्गा खरीद गर्ने निर्णय भएकोमा सो बमोजिम सिधै खरीद नगरी दोश्रो व्यक्तिको नाममा नामसारी गरी दोश्रो व्यक्तिबाट खरीद गर्नु र सिधै खरीद गरेको भए १३,७२,५००।- मा खरीद हुन सक्ने जग्गालाई दोश्रो व्यक्तिबाट खरीद गरी एक करोड तीन लाख सत्ताईस हजार पांच सय आवास कम्पनीको सम्पत्ति हानी नोक्सानी पुऱ्याएको प्रष्ट हुन आउंछ । उल्लेखित आधारको अतिरिक्त डेरीका दुई संचालक मध्ये नर बहादुर बस्नेतले गरेको बयानबाट पनि आवास कम्पनीले खरीद गरेको मूल्य १,१६,१०,०००।- एक करोड सोह्र लाख दश हजारको कारोवार नभएको कुरा बयानमा प्रष्ट लेखाएका छन् । लिखतबाट देखिएको रकमलाई लिखत बमोजिम कै विगो एक करोड तिन लाख सत्ताईस हजार पांच सय कम्पनीको सम्पत्ति बदनियतपूर्वक हिनामिना गरी नोक्सानी पुऱ्याएको पुष्टि हुन आउंछ ।

अब को कस्ले कस्तो क्रियाकलाप गरी भ्रष्टाचार गरे भन्ने हकमा दिपेन्द्र डेरी प्रा.लि. को जग्गा डेरी संचालन हुन नसकेबाट डेरी लिलाम हुने अवस्थामा पुगी बिक्री गर्नु परेको अवस्था डेरीका मालिक नरबहादुर बस्नेतको बयानबाट देखिएकोले सो अवस्थामा मधुसूदन भण्डारीले कार्यकारी अध्यक्ष दिलिप राईसंग मिलोमतो गरी बिचमा आफूहरुलाई फाइदा पुऱ्याउने बदनियतले आफू सरोकारवाला नै नभएको व्यक्ति मधुसूदनले कार्यकारी अध्यक्षलाई निवेदन दिने वेसरोकारवाला मधुसूदनको निवेदन लिई कारवाई अगाडी बढाई आफ्नै मिलोमतोका संचालक समितिका सदस्य सचिव तथा महाशाखा प्रवन्धक आत्माकृष्ण श्रेष्ठ संचालक विश्वराज रिजाल संचालक सम्पत जि.सी., संचालक उमेश बहादुर मल्ललाई प्रति रोपनी ३,२०,०००।- मूल्य पर्ने भनी मूल्यांकन गरी गराई जग्गा धनीसम्म पनि नबुझी जग्गाधनीले दिन सक्ने मूल्यलाई छिपाई बदनियतपूर्वक बढी मोल देखाई परल मूल्य जग्गाधनीले रकम लिई दिन चाहेको खास मूल्य रु. १३, ७२, ५००।- को जग्गालाई बढी मोल कायम गरी मूल्यांकन गरेको त्यसैलाई आधार बनाइ एकाको जग्गा खरीद गर्ने निर्णयलाई विचैमा अर्को व्यक्ति खडा गरी निज कार्यकारी अध्यक्ष दिलिप राईले जग्गा पारित गर्न आफ्नै मिलोमतोको आत्माकृष्ण श्रेष्ठलाई खटाई ६ दिन

पहिले को मूल्य १३, ७२, ५००।- मा लेनदेन भएको कुरा लिखतबाटै स्पष्टै रुपमा थाहा भईरहेको कुरामा जानी बुझी रु. १,१६,१०,०००।- मा लेनदेन गरी बढी मूल्यमा पास गरेको प्रष्ट हुन आउंछ ।

त्यसै गरी दिपेन्द्र डेरी प्रा.लि. को जग्गा डेरी संचालन हुन नसकी सुपथ मूल्यमा बिक्री हुने कुरा जानी बुझी आफ्नो हकमा नभएको जग्गालाई हाम्रो भनी निवेदन दिने र आवास कम्पनीका कार्यकारी अध्यक्ष दिलिप राई समेतसंग मिलोमतो गरी बढी मूल्य कायम गराई वेसरोकारवालाको निवेदन स्वीकार गराई डेरी प्रा.लि.बाट मिति ०५३।८।१४ सिधै ग्रामीण आवास कम्पनीलाई बिक्री गर्दा कम मूल्यमा नै बिक्री गर्नु पर्ने भएकोले आफ्नो श्रीमती लक्ष्मीदेवी भण्डारीलाई रु. १३,७२,५००।- मा खरीद गराई ६ दिन पछि नै मिति ०५३।८।२० मा १,१६,१०,०००।- मूल्यमा आवास कम्पनीलाई बिक्री गरेको देखिंदा निज मधुसुधन भण्डारी र लक्ष्मीदेवी भण्डारी समेतको कसूरमा मिलोमतो देखिन आयो ।

उपरोक्त आधार प्रमाणबाट ग्रामीण आवास कम्पनीका कार्यकारी अध्यक्ष दिलिप राईले जग्गाधनीसंग मोल नबुझी सम्पर्क नै नगरी वेसरोकारवालाको निवेदन लिई मिलोमतोमा मोल समेत बढी कायम गरी गराई दिपेन्द्र डेरीको ६ दिन अगाडी मोल रु. १३,७२,५००।- कायम भएको जग्गालाई बदनियतसाथ दोश्रो व्यक्तिमा सारी ६ दिनपछि मिति ०५३।८।२० मा १,१६,१०,०००।- एक करोड सोह्र लाख दश हजारमा खरीद गरे गराएको देखिएबाट निज दिलिप राई १, आत्माकृष्ण श्रेष्ठ १, मधुसुधन भण्डारी १, लक्ष्मीदेवी भण्डारी १ का साथै जग्गाधनीलाई नबुझी मिलोमतो गरी मोल कायम गर्ने संचालक उमेश बहादुर मल्ल १, संचालक विश्वराज रिजाल १, संचालक सम्पत जि.सी. १ समेतले बदनियतपूर्वक भ्र.नि.ऐन, २०१७ को दफा ७(१) र दफा ८ अन्तर्गत कसूर गरेको देखिनाले निज कार्यकारी अध्यक्ष दिलिप राई १, महाशाखा प्रवन्धक आत्माकृष्ण श्रेष्ठ १, महानिर्देशक उमेश बहादुर मल्ल १, संचालक विश्वराज रिजाल १ र संचालक सम्पत जि.सी.लाई भ्र.नि.ऐन, २०१७ को दफा ७(१) र मधुसुदन भण्डारी १, लक्ष्मीदेवी भण्डारी १ उपर ऐ को दफा ८ बमोजिम सजाय र हानी नोकसानी पुगे पुऱ्याएको विगो रु. एक करोड तीन लाख सत्ताईस हजार पांच सय ऐ ऐनको दफा २९ बमोजिम सबैबाट बराबरका हिसावले भरी भराउको दावी लिई निज दिलिप राई उपर संस्थाका प्रमुख हुंदा ऐ ऐनको दफा १४(क) बमोजिम थप सजाय हुन समेत माग दावी लिई पुनरावेदन अदालत, पाटन ललितपुरमा मुद्दा दायर गरिएको । निर्णय हुंदा अन्य कारवाईमा सरीक नभई मन्त्रालय विभागको प्रतिनिधिको रुपमा वोर्ड बैठकमा उपस्थित हुने अर्थ मन्त्रालयका सहसचिव प्रमोद कुमार कार्की, वन विभागका उपमहानिर्देशक शेषहरी भट्टराई, कृषि विभागमा उप महानिर्देशक शिवसुन्दर श्रेष्ठ र संचालक युवराज पाण्डेका हकमा अभियोग दावी लिई रहन नपरेको । दिपेन्द्र डेरी प्रा.लि.का जग्गाधनी नरबहादुर बस्नेत र अनिता बस्नेतका हकमा पनि अधिकारसम्म दिएको दोश्रो व्यक्तिलाई बिक्री गरेकोमा संलग्नता नदेखिएकोले केही गरिरहन नपरेको ।

५.१.२ जिल्ला विकास समिति, पांचथरबाट जस्ता पाता खरीद हुंदा भ्रष्टाचार

फिदिम रिले केन्द्र :

२६ गेजको चेरी वा स्वान ब्राण्डको जापानी जस्ता पाता प्रति बण्डलको रु. १६४५।- का दरले ६२ वण्डलको जम्मा रु. १,०१,९९०।- को ठेक्का गोविन्द प्रसाद वास्कोटाको नाममा स्वीकृत भै मिति ०४२।१।२१ मा गो.भा.नं. ११५ बाट रु. ८६,५००।- पेश्की बुझि लिएको देखिन्छ । सो पेश्की सम्बन्धमा निज गोविन्द प्रसादले वि.प्र.वि. डोर मुकाम पांचथरमा मेरो नामको ठेक्काको सम्पूर्ण कागजातमा भएको दस्तखत मैले नै गरेको हुं । तापनि मेरो नामबाट उक्त सामान खरीद एवं ढुवानी कार्य भने दाजु कृष्णप्रसाद वास्कोटले गरेका हुन् भनि बयान गरेको देखिन्छ । तर निज गोविन्द प्रसादले यस आयोगमा गरेको बयानमा सम्झौतासम्म गरेको हुं । अरु पेश्की लगायतका रकम बुझ्ने २८ गेजको कर्कट पाता बुझाउने जस्ता कुनै पनि कार्य मबाट भएको छैन । स्था.वि.अ. हेमराज पाण्डेले मेरो नाममा काल्पनिक श्रेस्ता तयार गरेका हुन् भनी दिएको विरोधाभासपूर्ण बयानको सम्बन्धमा निज गोविन्द प्रसादले सम्झौतामा गरेको दस्तखत र पेश्की पाउं भनी दिएको निवेदनको दस्तखत भिडेको देखिन्छ । वि.प्र.वि. डोरमा गरेको बयानबाट पनि उक्त निवेदन निजले नै दस्तखत गरी पेश गरेको स्पष्ट हुन्छ । ठेक्का सम्झौता गरेको व्यहोराका सम्बन्धमा कुनै विवाद देखिंदैन । पेश्की रकम बुझ्दाका बखत गरेको दस्तखतमा साधारण देवनागरी लिपीमा स्पष्ट बुझिने गरी "गोविन्द" भनि दस्तखत गरेको देखिन्छ ।

निजका एकाधरका दाजु कृष्ण प्रसाद वास्कोटाले सम्झौता वाहेकका सम्पूर्ण कामकाज निज गोविन्द प्रसादको नामबाट गरी फरफारकसमेत गरेको भन्ने व्यहोरा स्वीकारेको अवस्थामा उक्त पेश्की रकम गोविन्द प्रसादको नामबाट कृष्ण प्रसादले निजको नामको कीर्ते दस्तखत गरी पेश्की रकम बुझेको देखिए तापनि आफैले ठेक्का सम्झौता गरी पेश्की पाउं भनी निवेदन समेत पेश गरेको अवस्थामा उक्त निवेदनमा के कार्यवाही भयो ? पेश्की रकम दिने नदिने के निर्णय भयो ? र आफूले सम्झौता गरेको ठेक्काको के अवस्था छ ? सो कुराको सोधखोज केही नगरी अन्त्यमा कारवाई भएका बखत त्यसमा पनि आयोगमा दिएको बयानमा मात्र संझौता वाहेकका काम कारवाई आफूबाट भएको होइन भनि इन्कारी बयान दिएकै आधार मा निजलाई ठेकेदारी जिम्मेवारीबाट पन्छाउन मिल्ने स्थिति देखिन आएन । गोविन्द प्रसादको नामबाट सम्पूर्ण काम काज गर्ने कृष्ण प्रसादले २८ गेजको हुलासको जस्ता पाता बुझाएको हो भनि साविती बयान गरेको र सा.नि. शाखा पांचथरको च.नं. ४ मिति ०४३।४।५ को पत्रबाट जि.पं.स. पांचथरलाई लेखेको पत्रबाट प्राविधिकको मूल्यांकनबाट उक्त जस्तापाता २८ गेजको भनी लेखी गएबाट व्यहोरा स्पष्ट र प्रमाणित भएको छ ।

ठे. गोविन्द प्रसाद वास्कोटाको नामबाट सम्झौतानुसारको कर्कट पाता खरीद एवं ढुवानीको लागि रु. ८६,५००।- पेश्की लिएको र २८ गेजको ७०.५ वण्डल कर्कट पाता दाखिला गरेकोमा तत्कालीन हुलास कम्पनीको २८ गेजको मूल्य रु. ११५३।५० प्रति वण्डल भएको हुंदा उक्त सामानको जम्मा मूल्य रु. ८१,३२१।७५ भै सो मध्ये ५% ठेक्का कर र ५% अग्रीम आयकर कट्टी गर्दा जम्मा रु. ७३,१८९।५७ हुन आउंदछ। निज गोविन्द प्रसादको नामबाट पेश्की रु. ८६,५००।- र थप भुक्तानी रु. १७,८७५।२४ समेत गरी जम्मा रु.१,०४,३७५।२४ कृष्ण प्रसाद वास्कोटाले बुझि लिएकोमा कर कट्टी गरी रु. ७३,१८९।५७ को मूल्यांकन हुन आएकोले रु. ३१,१८५।६७ बढी भुक्तानी लिई भ्रष्टाचार गरेको देखिन आयो।

सो सम्बन्धमा सम्झौतासम्म गोविन्द प्रसादले गरेको र पेश्की भुक्तानीसमेत कृष्ण प्रसादले बुझी उक्त ठेक्काको सम्पूर्ण कार्य गोविन्द प्रसादको नामबाट कृष्णप्रसादले गरेको देखिंदा सो सम्बन्धमा कायम गरेको बिगो रु. ३१,१८५।६७ लाई ठे. कृष्णप्रसाद बास्कोटा, स्था. बि.अ. हेमराज पाण्डे, ले.पा. राममणि भट्टराई र स.ले.पा. ईश्वर कुमार थापासमेत गरी ४ जनाको मिलोमतोमा हिनामिना भएको देखिंदा निजहरुमध्ये प्रतिवादीहरु हेमराज पाण्डे, ले.पा. राममणि भट्टराई र स.ले.पा. ईश्वरकुमार थापाको हकमा भ्र.नि.ऐन, २०१७ को दफा ७ (१) र ठे. कृष्णप्रसाद वास्कोटा को हकमा ऐ ऐनको दफा ७(१) अन्तर्गतको कसूरमा सजाय हुन र उक्त बिगो चार जनालाई दामासाहीले भाग लगाउंदा रु. ७७९६।४२ हुने हुंदा भ्र.नि.ऐन, २०१७ को दफा २९(१) बमोजिम असुल हुन र कूल बिगो रु. ३१, १८५।६७ हुंदा सो बमोजिमको जरिवाना प्रत्येकबाट ऐ ऐनको दफा २९ (२) बमोजिम हुन र प्र. गोविन्द प्रसादको हकमा भ्र.नि.ऐन, २०१७ को दफा १६(क) बमोजिम सजायको माग दाबी लिई सम्बन्धित पुनरावेदन अदालत, इलाममा मुद्दा दायर गरिएको।

दमक रिले केन्द्र :

यस केन्द्रको लागि २६ गेजको चेरी वा स्वान ब्राण्डको जापानी जस्ता प्रति वण्डलको रु. १४८३।- का दरले ६४ वण्डलको जम्मा रु. ९४,९१२।- मा उपलब्ध गराउने ठेक्का लोकप्रसाद वास्कोटाका नाममा स्वीकृत भै मिति ०४२।१।२१ मा गो.भा.नं. ११६ बाट रु. ८२,५००।- पेश्की बुझि लिई २८ गेजको ५५.५ वण्डल कर्कट पाता जि.पं.स.का मुखिया लोकप्रसाद तिवारीलाई बुझाएको देखिन्छ। बिल, दाखिला रिपोर्ट, जिन्सी खाता, हस्तान्तरण फाराम निवेदन कुनै पनि कागजातमा गेज उल्लेख नगरी जुनसुकै व्यहोराको बयान दिएको भए पनि निज स्वयंले मिति ०५१।१२।२२ मा जिल्ला प्रशासन कार्यालय, पांचथरमा "२६ गेजको कर्कट पाता उपलब्ध गराउनु पर्नेमा २८ गेजको उपलब्ध गराइएको हुंदा २६ र २८ गेजमा पर्ने अन्तर प्रति वण्डल रु. ३३०।- ले ६४ वण्डलको जम्मा रु. २१,१२०।- बुझाउन ल्याएको छु। उक्त रकम बुझि लिई कारवाईबाट छुटकारा पाउन अनुरोध गर्दछु 'भन्ने व्यहोराको निवेदन २६९८ नं. मा आफैले दर्ता गराएको व्यहोरा समेतबाट उक्त जस्ता पाता २८ गेजकै हो भन्ने कुरा प्रमाणित हुन आएको छ।

ठे. लोकप्रसाद वास्कोटाले पेश्की फछ्यौंट गर्दा नगद रु. ८,४२४।१६ र पछि जिल्ला प्रशासन कार्यालय पांचथरमा रु. २५१।८४ दाखिला गरेको देखिन्छ। निजले २८ गेजको हुलास कम्पनीको ५५.५ वण्डल कर्कट पाता उपलब्ध गराएकोमा ने.ट्रे.लि.को तत्कालीन दर रेट प्रति वण्डलको रु. ११५३।५० अनुसार उक्त जस्ताको मूल्य ६४,०१९।२५ हुने र सोमा ठेक्का कर ५% र ५% अग्रीम आयकर गरी जम्मा रु. ६४०१।९२ कट्टी गर्दा जम्मा रु. ५७,६१७।३३ को मूल्यांकन हुने र नगद रु. ८,४२४।१६ र २५१।८४ दाखिला गरेको समेत हिसाब गर्दा जम्मा रु. ६६,२९३।३३ हुन आउने र निजले पेश्की बापत रु. ८२,५००।- बुझि लिएकोमा जम्मा रु. १६,२०६।६७ बढी भुक्तानी लिई भ्रष्टाचार गरेको देखिन आएकोले उक्त रु. १६,२०६/६७ बिगो कायम भएकोमा ठे. लोकप्रसाद वास्कोटा, स्था.वि.अ. हेमराज पाण्डे र सह ले.पा. इश्वरकुमार थापा गरी तीन जनाको मिलोमतोमा हिनामिना भएको देखिंदा निजहरुमध्ये प्रतिवादी हेमराज पाण्डे र ईश्वरकुमार थापाको हकमा भ्र.नि.ऐन, २०१७ को दफा ७(१) र ठे. लोकप्रसाद वास्कोटाको हकमा ऐ ऐनको दफा ७(१) अनुसारको कसूर सजाय हुन र उक्त बिगो प्रत्येकलाई दामासाहीले भाग लगाउदा रु. ५,४०२।२३ भ्र.नि.ऐन, २०१७ को दफा २९(१) बमोजिम असुल उपर हुन र कूल बिगो रु. १६,२०६।६७ हुंदा सो बमोजिमको जरिवाना प्रत्येकबाट ऐ ऐनको दफा २९ (२) बमोजिम सजायको माग दावी लिई सम्बन्धित पुनरावेदन अदालत, इलाममा मुद्दा दायर गरिएको।

इलाम रिले केन्द्र :

सम्झौता अनुसारको २६ गेजको ७९.९५ वण्डल जापानी चेरी वा स्वान ब्राण्डको कर्कट पाता इलाम रिले केन्द्रमा प्रति वण्डलको रु. १५१५।- का दरले जम्मा रु. १,२०,८२१।२५ मा ०४२।२।१० सम्ममा उपलब्ध गराउने गरी कृष्णप्रसाद वास्कोटासंग ठेक्का पट्टा सम्झौता भई १,०३,५००।- पेश्की समेत निज कृष्ण प्रसादले बुझी लिएकोमा हालसम्म उक्त जस्ता पाता उपलब्ध नगराएको पाइयो। जिन्सी खातामा इलाम रिले केन्द्रमा ९६ वण्डल दाखिला भएको देखिए तापनि उक्त जस्ता पाता निज कृष्णप्रसादबाट नभई रांकेभन्ज्याङ्ग रिले केन्द्रको ठे. नरेन्द्र लिम्बुको तर्फबाट तिल विक्रम इधिङ्गो मार्फत दाखिला हुन आएको रहेछ।

निज कृष्णप्रसादले २८ गेजको हुलास जस्ता पाता ल्याएको छु बुझि लिई पेश्की फछ्यौंट गरी दिनु हुन भन्ने व्यहोराको निवेदन झुठो निवेदन हो उक्त निवेदन ले.पा. र स्था.वि.अ. ले पेश्की रकम पचाउने नियतले पेश गर्न लगाएको,

आफूले बुझि लिएको पेश्की रकमबाट करिव रु. ७२,०००।- ले.पा.लाई उसको आफ्नो नामको पेश्की फछ्र्यौंट गर्न दिएको हुंदा आफूसंग रकम नभएकोले जस्तापाता खरीद गर्न नसकी आफ्नो नामको पेश्की यथावत रहेको र गोविन्द प्रसाद र लोकप्रसादको नामको २८ गेजको जस्ता पातालाई २६ गेजको मूल्यमा पेश्की फछ्र्यौंट गर्न ले.पा. राममणी भट्टराईलाई रु. १५,०००।- र स्था.वि.अ. हेमराज पाण्डेलाई रु. ३०,०००।- रिसवत दिएको भन्ने बयान गरेकोमा आरोपित व्यक्तिहरुले उक्त आरोप अस्वीकार गरेको र प्रमाणित समेत हुन सक्ने नदेखिए तापनि २८ गेजको कर्कट पातालाई २६ गेजको मूल्यमा गोविन्द प्रसादको नामको पेश्की फछ्र्यौंट गरेको देखिएको तर सो कार्य ले.पा. बाट नभई स.ले.पा. ईश्वर थापा र स्था.वि.अ. हेमराज पाण्डेबाट भएको देखिंदा निजहरु द्वय समेतको मिलेमतोमा उक्त कार्य भए गरेको स्पष्ट हुन आएको छ निज कृष्ण प्रसादको नामको पेश्की रु. १,०३,५००।- मध्ये जिल्ला प्रशासन कार्यालय पाचथरमा रु. ३०,०००।- दाखिला गरेको र बांकी रु. ७३,५००।- हालसम्म नबुझाई प्रतिवादी ठेकेदार कृष्णप्रसाद वास्कोटा र स्था.वि.अ. हेमराज पाण्डेको मिलोमतोमा भ्रष्टाचार गरेको देखिंदा प्र.ठे. कृष्णप्रसाद वास्कोटा उपर भ्र.नि.ऐन, २०१७ को दफा ७(१) बमोजिम सजाय हुन र प्रतिवादी स्था.वि.अ. हेमराज पाण्डेको हकमा भ्र.नि.ऐन, २०१७ को दफा ७(१) बमोजिम सजाय हुन र निजहरुले खाएको विगो रु. ७३,५००।- दामासाहीले दुवै जनाबाट भ्र.नि. ऐन, २०१७ को दफा २९ (१) बमोजिम असुल हुन र कूल विगो रु. ७३,५००।- हुंदा सो बमोजिमको जरिवाना प्रत्येकबाट ऐ ऐनको दफा २९(२) बमोजिम सजायको माग दावी लिई सम्बन्धित पुनरावेदन अदालत, इलाममा मुद्दा दायर गरिएको ।

रांके भञ्ज्याङ्ग रिले केन्द्र :

यस केन्द्रको लागि २६ गेजको जापानी जस्ता १७७ वण्डलको रु. १६१७।५० को ठेक्का ठे. नरेन्द्र योक्पाङदेन लिम्बुको नाममा स्वीकृत भई सोही अनुसारको सम्झौता भएकोमा इलाम रिले केन्द्रमा ९६ वण्डल र रांके भञ्ज्याङ्ग रिले केन्द्रमा ७५ वण्डल गरी जम्मा १७१ वण्डल २८ गेजको हुलास कर्कट पाता उपलब्ध गराएकोमा ने.ट्रे.लि. को २८ गेजको हुलासको जस्ता पाताको दर रेट रु. ११५३।५० भएको हुंदा सो दररेट अनुसार जम्मा रु. १,९७,२४८।५० हुनेमा ५% ठेक्का कर र ५% अग्रीम आयकर वापत जम्मा रु. १९,७२४।८५ कट्टी गर्दा जम्मा रु. १,७७,५२३।६५ को मूल्यांकन हुने हुंदा जम्मा भुक्तानी लिएको रु. २,२९,०००।- प्र. राममणि भट्टराई, हेमराज पाण्डे र तिलविक्रम इधिङ्गोले रु. ५१,४७६।३५ हिनामिना गरी भ्रष्टाचार गरेको देखिन आएको र स्था.वि.अ. हेमराज पाण्डेले सम्झौता गर्दाका बखत राखेका शर्तहरुको पालना नगरेको, मिलेमतो गरी एकाघरका सहोदर तीन दाजुभाईका नाममा ठेक्का स्वीकृत गरी कृष्ण प्रसादबाट सम्पूर्ण कार्य गराएको, सार्वजनिक निर्माण शाखाका प्राविधिकबाट गुणस्तर निर्धारण गराएर मात्र भुक्तानी एवं पेश्की फछ्र्यौंट गर्नु पर्नेमा सो नगरेको नगराएको, पेश्की फछ्र्यौंट गर्न बांकी ठेकेदारहरुलाई कुनै कारवाई नगरेको, गेज ब्राण्ड केही उल्लेख नगरी सामान बुझ्न लगाएको, दाखिला गरे गराएको, गुणस्तर सम्बन्धी केही विवरण उल्लेख नभएको बिललाई मान्यता दिई २८ गेजको हुलास जस्ता पाता उपलब्ध गराएको भन्ने व्यहोरा अवगत हुंदा हुंदै राजनैतिक दवाव परेकोले भन्ने गैह्रजिम्मेवारीपूर्ण तर्क दिई २६ गेजकै मूल्यमा पेश्की फछ्र्यौंट समेत गरि दिएको र आफू समेत भ्रष्टाचारको कारवाईबाट बच्ने बचाउने मनसाय राखी जिल्ला पञ्चायत पाचथरको मिति ०४१।११।२५ मा बसेको बैठकबाट ".... कर्कटपाता आपूर्ति सम्बन्धी काम कारवाईलाई आजको जि.पं. बैठकले अनुमोदन गर्ने निर्णय गऱ्यो" भन्ने निर्णय गरे गराएको देखिए तापनि आर्थिक ऐन कानून मिची संझौता विपरित कम गुणस्तरको सामान आपूर्ति गरेको कुरालाई जि.पं.ले अनुमोदन गरेको मान्न नसकिने हुंदा यसरी ठेकेदारहरुसंग मिलेमतो गरी बदनियतपूर्वक काम गरी भ्रष्टाचार गरेकोलाई अनुमोदन गरेको नभई प्रचलित ऐन कानून बमोजिम गरेको कार्यको अनुमोदन गरेको हुंदा भ्रष्टाचार गरेको स्पष्ट देखिएको र विगो समेत किटान भएको अवस्थामा निज स्था.वि.अ. हेमराज पाण्डेलाई जिल्ला पञ्चायत पांचथरको उक्त अनुमोदनले मात्र कारवाई गर्नबाट बन्देज लगाउन सक्ने स्थिति देखिन आएन । अतः प्रतिवादी ले.पा. राममणि भट्टराई र स्था.वि.अ. हेमराज पाण्डेलाई भ्र.नि.ऐन, २०१७ को दफा ७ (१) को कसूरमा र प्रतिवादी तिलविक्रम इधिङ्गोको हकमा भ्र.नि.ऐन, २०१७ को दफा ७ (१) बमोजिम सजाय हुन विगो रु. ५१,४७६।०५ निजहरुबाट दामासाहीले भराउनका साथै भ्र.नि.ऐन २०१७ को दफा २९(१) बमोजिम उक्त विगो असुल हुन र कूल विगो रु. ५१,४७६।५ हुंदा सो बमोजिमको जरिवाना प्रत्येकलाई हुन ऐ ऐनको दफा २९ (२) बमोजिम सजायको माग दावी लिई सम्बन्धित पुनरावेदन अदालतमा मुद्दा दायर गरिएको । तिलविक्रम इधिङ्गो तत्काल कर्मचारी भएकोले ठे. नरेन्द्र लिम्बूलाई ठेकेदार खडा गरी सम्पूर्ण ठेक्काको निज तिलविक्रमले गरेको र सम्पूर्ण रकम पनि निजले बुझिलिएको भनी साविती बयान दिएको । ठे. नरेन्द्र लिम्बूले यस ठेक्का पट्टाको मामलामा अनभिज्ञ छु भन्दै सबै काम दाजु तिलविक्रमले गरेको भनी आयोगमा बयान गरेको र निज तिलविक्रम आफै उपस्थित भई उक्त रांकेभञ्ज्याङ्ग रिले केन्द्रको कर्कट पाताको ठेक्का पट्टामा श्रेस्ताबाट नरेन्द्र लिम्बू ठेकेदार देखिए ता पनि व्यवहारमा निज नरेन्द्र लिम्बू नभई तिलविक्रम ठेकेदार भएको कुरा तिलविक्रम स्वयंले स्वीकारेको हुंदा यस सम्बन्धमा कायम हुने विगो र विगो बमोजिमको जरिवाना निज तिलविक्रमबाट दाखिला गराउन उपयुक्त हुने देखिन्छ भने नरेन्द्र लिम्बुबाट केही पनि असूल उपर नगर्नु मनासिब देखियो । जि.पं.सचिवालय, पांचथरबाट ठे. लोकप्रसाद वास्कोटाले लिएको पेश्की रु. ८२,५००।- मध्ये जम्मा रु. २५१।८४ अति न्यून रकम भएको, बदनियतपूर्वक भ्रष्टाचार भएको तत्काल नदेखिएको र आफ्नै मातहतको कर्मचारीसमेत भएको हुंदा निज लोकप्रसादको निवेदन अनुसार उक्त रकम रु. २५१।८४ दाखिला गराई तारेखबाट मुक्त गराएकोले तत्कालीन प्र.जि.अ. श्यामसुन्दर शर्मालाई अन्यथा भन्न मिल्ने देखिएन ।

५.१.३ कालिकोट जिल्लाको प्रहरी राशन ठेक्कामा भ्रष्टाचार

कालिकोट जिल्ला स्थित प्रहरी कार्यालयहरुको जवानहरुको लागि आ.व. ०५२।५३ को राशन कालिकोट बजारमा रहेको प्रचलित बजार दर भाउ भन्दा धेरै गुणा बढी दरको राशन दर रेट, अनाधिकार व्यक्ति उ.वा.संघ स्थापना नभएको अवस्थामा आफूलाई का.वा. अध्यक्ष भनी लेख्ने पालु शाही भन्ने व्यक्तिबाट लेखाउन लगाई प्र.जि.अ., डि.एस.पी., का.मु. कोष नियन्त्रक, ठेकेदार र दर रेट लेख्ने व्यक्ति समेतको मिलोमतोमा राशन ठेक्का बन्दोवस्त गराई श्री ५ को सरकारलाई नोक्सानी र ठेकेदार र आफूहरुलाई फाइदा पुऱ्याई अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा सम्बन्धित सबै पदाधिकारीहरुको भनाई, उ.वा. संघको आधिकारीक पत्रद्वारा प्राप्त दररेट आदि हेर्दा त्यस बखतको बजारको दररेट भन्दा धेरै गुणा बढी दररेट देखाई राशन बन्दोवस्त गरेको कुरा उक्त पालु शाहीबाट अनधिकृत रुपमा प्राप्त दर रेट र उ.वा.संघबाट प्राप्त आधिकारिक मिसिल संलग्न दररेट भिडाई विश्लेषण गर्दा देखिएको र उ.वा.संघको आधिकारिक पत्रमा उल्लेख भएको राशन दर रेटलाई आधार मानी स्वीकृत स्केल बमोजिम जवान १३८ लाई तत्काल प्रचलित दर अनुसार लाग्ने रकम रु. २९,७८,४८४।८५ हुनु पर्नेमा प्र.जि.अ. डि.एस.पी., कोष नियन्त्रक, ठेकेदार बिष्णु बहादुर शाही र उ.वा. संघको का.वा. अध्यक्ष भनी राशन रेट लेखि दिने अनाधिकार व्यक्ति पालु शाहीको मिलोमतोमा बनाइएको दर रेटको आधारमा राशन बोर्डका पदाधिकारी प्र.जि.अ. मोहमद हसरत अलि, प्र.ना.उ. वीरबहादुर राना र का.मु. कोष नियन्त्रक माधवराज गिरीले रु. ५७, ७४, ३७०।८६ (अक्षेरेपी सन्ताउन्न लाख चौहत्तर हजार तीनसय सतरी रुपैया र पैसा छ्यासी) कायम गरी रु. २७,९५,८८६।०१ (सत्ताईस लाख पन्चान्नब्बे हजार आठसय छ्यासी र पैसा एक) श्री ५ को सरकारलाई नोक्सानी र ठेकेदार बिष्णु बहादुर शाही तथा आफूहरुलाई फाइदा पुऱ्याई अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेबाट प्र.जि.अ. मोहमद हसरत अलि, प्र.ना.उ. वीरबहादुर राना र का.मु. कोष नियन्त्रक माधवराज गिरीलाई भ्र.नि.ऐन, २०१७ को दफा ७(१) को अपराध गरेको देखिएकोले सोही ऐन बमोजिम कैद र जरिवाना तथा ठे. बिष्णु बहादुर शाही र का.वा. अध्यक्ष भन्ने अनाधिकृत व्यक्ति पालु शाहीलाई भ्र.नि. ऐन, २०१७ को दफा ८ बमोजिमको अपराध गरेको देखिएकोले सोही ऐन बमोजिमको सजाय र दफा २९(२) बमोजिम विगो रु. २७,९५,८८६।०१ जनही सबै अभियुक्तलाई जरिवाना एवं ऐ दफा २९(१) बमोजिम विगो अंकको दामासाहीले पांचैजनाबाट असुल उपर गर्न विगो र सजायको मागदावी लिई पुनरावेदन अदालत, जुम्लामा मुद्दा दायर गरिएको ।

५.१.४. दुग्ध विकास संस्थानले भारतको डेली फुड्सबाट ४१५ मे.टन धूलो दूध खरीद गर्दा मिसावट गर्न लगाई भ्रष्टाचार

दुग्ध विकास संस्थानले भारतको डेली फुड्सबाट ४१५ मे.टन धूलो दूध खरीद गर्दा कमिशनको लोभमा धेरै महंगो र कम गुणस्तरको दूध आयात गरी आम जनताले खाने दुधमा मिसावट गर्न लगाई भ्रष्टाचार भएको भन्ने सम्बन्धमा जिम्मेवार तहमा काम गर्ने दुग्ध विकास संस्थानको संचालक समितिका तत्कालीन अध्यक्ष देवेन्द्र झा, निमित्त महाप्रवन्धक गव्यनाथ पन्त तथा धूलो दूध सप्लाई गर्ने डेलि फुड्स (इण्डिया) का प्रोप्राइटर राकेश कुमार, निजको स्थानीय प्रतिनिधि पावर पार्टस् इन्टरनेशनलका चिफ एकजुकेटिभ सुनित माथुर र सो इन्टरप्राइजेजका प्रोप्राइटर शिव शम्सेर राणाले एक आपसमा मिलोमतो गरी भ्रष्टाचारपूर्ण कार्य गरी दुग्ध विकास संस्थान उपर बदनियत चिताई संस्थानलाई हानी र आफूलाई लाभ पुऱ्याउने गैर कानूनी कार्य गर्नको साथै सर्वसाधारणले खाने दूध जस्तो कुरामा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी आम जनताको हितलाई ठाडो उपेक्षा गरी सो ४१५ मे.टन धूलो दूध खरीद गर्दा बदनियत र गैर जिम्मेवारीपूर्ण रुपमा कार्य गरे गराएको विभिन्न प्रमाण तथा तथ्यगत विवरणबाट देखिन आएको ।

यसमा डेलि फुड्स इण्डियाको प्रोप्राइटर राकेश कुमार र निजको स्थानीय प्रतिनिधि पावर पार्टस इन्टरनेशनल चिफ एकजुकेटिभ सुनित माथुरले आफू र दुग्ध विकास संस्थानका केही व्यक्तिलाई गैर कानूनी लाभ पुऱ्याउने बदनियत लिई कम गुणस्तर र मिसावटयुक्त दुध आपूर्ति गर्न आफूलाई अनुकूल हुने भारतीय Ministry of Food Processing बाट परीक्षण गराउन समेत सफल भै मिसावट युक्त र जनस्वास्थ्यमा हानी नोक्सानी पुग्न सक्ने कम गुणस्तरको स्किम मिल्क पाउडर सप्लाई गरी भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ८ बमोजिमको कसूर गरेको हुंदा निजहरुलाई निज प्र. राकेश कुमार र सुनित माथुरलाई २०१७ को दफा ८ बमोजिम कारवाई सजाय हुन ; शिवशम्सेर राणाको सम्बन्धमा डेलिफुड्स (इण्डिया) का प्रोप्राइटर राकेश कुमार र निजको स्थानीय पावर पार्टस इन्टरनेशनलका चिफ एकजुकेटिभ सुनित माथुरलाई भ्रष्टाचारजन्य कार्य गर्न मद्दत पुऱ्याई निज मतियारको रुपमा रहेको पाइएकोले निज उपर भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १६ (क) बमोजिम सजाय हुन र संचालक समितिका अध्यक्ष देवेन्द्र झाका हकमा झनक प्याकुरेल तथा अरुण श्रेष्ठले संस्थानले पूर्व खरीद गरेको १६० मे.टन धूलो दूधको सिलसिलामा भारत स्थित डेलि फुड्स इण्डियाको कारखाना निरीक्षण अवलोकन गरी दूधको गुणस्तरको सम्बन्धमा विभिन्न प्रतिक्रिया गरेको (जसको सम्बन्धमा यस आयोगमा छुटै उजुरी समेत दर्ता भै कारवाईमा रहेको) भए ता पनि पनि सोही डेलि फुड्सबाटै खरीद गर्न स्वविवेकीय ठाडो आदेश गरी आवश्यकता, भण्डारण

क्षमता आदि कुरालाई ध्यानै नदिई आर्थिक लाभको उद्देश्यले एकैपटक ठूलो लट खरीद गर्ने आदेशको पछाडि विक्रेता पार्टीको उद्देश्य प्राप्तीमा सहयोगी र आफ्नो दायित्वबाट पन्छी संस्थानलाई हानी पुऱ्याउने बदनियत लिई सर्वसाधारणलाई गुणस्तरयुक्त दुध आपूर्तिमा वाधक खडा गरी भ्रष्टाचार गरेको हुंदा भ्र.नि.ऐन २०१७ को दफा ७(२) बमोजिमको कसूर गरेको देखिएकोले सोही ऐन बमोजिम सजाय हुन ;

प्रतिवादी गव्यनाथ पन्तले डेलि फुड्स इण्डिया विश्वासयोग्य पार्टी होइन भन्ने जानकारी यस पार्टिसंग यस पूर्वका खरीदको सिलसिलामा झनक प्याकुरेल समेतको प्रतिवेदनबाट पनि स्पष्ट हुंदा हुंदै प्रस्तुत खरीदमा यो पक्षलाई र डेलि फुड्सको दूध उत्पादन स्तरलाई वास्तै नगरी र बोलपत्रदाताले पूर्व शर्तको रुपमा रहेका Radio activity test को प्रमाण पत्र पेश नभएको स्थितिमा पनि विना छानविन पक्षको हित अनुकूल स्वीकृत गरेको देखियो । साथै टेण्डर डकुमेण्ट र सम्झौतामा निर्धारण भैसकेको Third Party Inspection जस्तो महत्वपूर्ण शर्तलाई निजले बदनियतपूर्वक परिवर्तन गरेको देखिन आयो । प्रस्तुत खरीदको लागि अन्तराष्ट्रिय ख्याती प्राप्त संस्थाहरुबाट यस्तो परीक्षण गराउने गरी टेण्डर डकुमेण्ट तथा पार्टी संगको सम्झौतामा SGS / CROWN AGENTS/ LLOYED/ VERITAS ले सामान चलान हुने स्थानमा चलान हुनु अगाडी गुणस्तर परीक्षण गर्नु पर्ने र यस्को लागि लाग्ने खर्च विक्रेता (Supplier) ले नै व्यहोर्नु पर्ने स्पष्ट व्यवस्था भएकोमा यी संस्थावाट विवादास्पद धूलो दूध परीक्षण गराउंदा कुनै हालतमा पास हुन नसक्ने भै पार्टीले आफ्नो अनुकूल रहेको अर्कै पार्टि Ministry of Food Processing Industries वाट परीक्षण गराएको प्रमाण पत्र पेश गर्न माग गरेकोमा पहिले एक पटक यस्ता शर्त परिवर्तन गर्न नमिल्ने गरी आफैले इन्कार गरिसकेकोमा कुनै औचित्यपूर्ण आधार विना तत्सम्बन्धी निर्धारित पूर्व शर्तलाई परिवर्तन गरिनुबाट निजको बदनियत रहेको प्रष्ट हुन आयो । एकपक्षीय रुपमा विक्रेताको हितमा हुने गरी यी शर्त संशोधन गरिएको पाइन्छ र शर्त परिवर्तन सम्बन्धी कुरामा पार्टिको माग आएपछि उठेको टिप्पणीमा आफू मातहतमा रहेको आर्थिक प्रशासन विभागका प्रमुखले एक पटक सञ्चालक समितिवाट निर्धारण भैसकेका शर्त परिवर्तन गर्दा सन्चालक समितिवाटै गराउनु पर्ने स्पष्ट राय व्यक्त गर्दागर्दै त्यसलाई समेत पूर्ण वेवास्तागरी सन्चालक समितिलाई जानकारी सम्म नदिई शर्त परिवर्तन गरिनु गैरकानूनी देखिनुको साथै निज गव्यनाथ पन्तले आर्थिक प्रलोभनमा परी आफू र विक्रेता डेली फुड्स (इण्डिया) लाई गैर कानूनी लाभ र दुग्ध विकास संस्थानलाई हानी पुऱ्याउने वदनियतले कार्य गरी सर्वसाधारणलाई गुणस्तरहीन दूध खुवाउने ज़स्तो आपराधिक कार्यमा संलग्न रहेको पुष्टि हुन आएको छ । अतः निजले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (२) बमोजिमको कसूर गरेको देखिएकोले सोही उपदफा (२) बमोजिम सजायको लागि माग दावी लिइएको ;

प्रस्तुत विवादास्पद खरीदसम्बन्धी भ्रष्टाचारजन्य कार्यबाट श्री ५ को सरकारको पूर्ण स्वामित्व रहेको दुग्ध विकास संस्थानको जम्मा खर्च भएको रु. ५,२९,२१,०५७।५० मध्ये निज पार्टी डेली फुड्स इण्डियाले भुक्तानी लिई नसकेको (एल.सी. को २० प्रतिशत बराबरको रकम रु. ८४,२७,४१३।३० र संस्थानले कूल आयात भएको धूलो दूधमध्ये ३० मे.टन प्रयोग गरि सकेको हुंदा सो वापतको रु. ३८,२५,६००।- कटाउंदा खूद हुन आउने खर्च रु. ४,०६,६८,०४४।२०) यस भ्रष्टाचारजन्य कार्यबाट श्री ५ को सरकारको स्वामित्वमा रहेको संस्थानको हानी नोक्सानी भएको पाइएको हुंदा सो रकमलाई विगो कायम गरी माथि उल्लेखित व्यक्तिहरु डेली फुड्सका प्रोप्राइटर राकेश कुमार, निजका स्थानीय प्रतिनिधि पावर पार्टस इन्टरनेशनलका चिफ इकजुकेटिभ सुनित माथुर, दुग्ध विकास संस्थानका तत्कालीन अध्यक्ष देवेन्द्र झा तथा तत्कालीन निमित्त महाप्रवन्धक गव्यनाथ पन्तबाट बराबरीको हिस्सामा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९ बमोजिम असूल उपर गरी सबै अभियुक्तलाई विगो र विगो बमोजिमको जरिवाना समेतको माग दावी लिई पुनरावेदन अदालत, ललितपुरमा मुद्दा दायर गरिएको ।

यस अतिरिक्त प्रस्तुत विषयमा निम्न बमोजिमको कारबाईको सिफारीश पनि सम्बन्धित निकायहरुमा पठाइएको :-

सार्वजनिक संस्थानहरुमा श्री ५ को सरकारको तर्फवाट संचालक समितिमा प्रतिनिधित्व गर्ने सदस्यहरु औपचारिकताको निर्वाहसम्म मात्र गर्ने, निजहरुमा विषयको विशेषज्ञता नरहने र उद्देश्यात्मक रुपमा कार्य गर्ने गरेको पाइएन । अतः यस्ता सार्वजनिक संस्थानहरुमा श्री ५ को सरकारको तर्फबाट संचालक समितिको सदस्य मनोनयन गर्दा वा प्रतिनिधित्व गराईदा तत्सम्बन्धी विषयमा जानकार भएका, रुची राख्ने र जिम्मेवारी वहन गर्न सक्ने व्यक्तिलाई मात्र मनोनयन गर्ने व्यवस्था मिलाई वर्तमानमा प्राविधिक विषयसंग सम्बन्धित संस्थानहरुमा तत्सम्बन्धी विषयगत जानकारी नराख्ने व्यक्ति समेतलाई आस्थाको आधारमा सुविधा प्रदान गर्ने रुपमा संझी मनोनयन गराइने र संचालक समितिमा प्रतिनिधित्व गर्नेले व्यवस्थापनले पेश गरेको काम कारवाइमा समर्थन, सहमति जनाउने औपचारिकताको निर्वाह मात्र गरी जिम्मेवारी नलिने प्रवृत्तिमा सुधार ल्याउन श्री ५ को सरकारमा सुझाव दिन मन्त्रीपरिषद्मा लेखी पठाइएको ।

अनुसन्धानको सिलसिलामा बयान गराइएका कर्मचारी तथा अन्य व्यक्ति मध्ये संचालक समितिका सदस्य एवं केन्द्रीय खाद्य अनुसन्धान शालाका प्रमुखको हैसियतले विगत ८ वर्ष देखि यस संस्थानमा संचालक समितिको सदस्यको रुपमा रहेका डा. टीकाबहादुर कार्कीले प्रस्तुत खरीदमा आफू प्राविधिक कर्मचारी भएको र सञ्चालकको रुपमा त्यति लामो अनुभव हुंदा हुंदै पनि धूलो दूध खरीद गर्दा के कस्तो सतर्कता अपनाउनु पर्ने हो, के कस्ता प्राविधिक पक्षहरु महत्वपूर्ण हुन्छन्, आयात हुने दूधको उत्पादन मिति र उपभोग्य म्याद समाप्त हुने अवधि कति हुन पर्ने हो, गुणस्तर परीक्षण गर्दा लिइनु पर्ने नमूनाको प्रविधि परीक्षण विधि कस्ता हुनु पर्दछन्, उपभोक्तामा आउने दूध शुद्ध र विकार रहित वनाउन संस्थानले आफै के कस्ता परीक्षण र शतर्कता अपनाउनु पर्छ आदि वारे वेवास्ता गरेको देखिन आएको हुंदा निजलाई भविष्यमा सतर्क रही कार्य गर्न

सचेत गराउने प्रयोजनार्थ कृषि मन्त्रालयमा लेखी पठाएको । संचालक समितिका अन्य सदस्यहरुका सम्बन्धमा धूलो दुध जस्तो संवेदनशील र जनस्वास्थ्यमा प्रत्यक्ष असर पर्ने कुराको खरीदमा त्यति ठूलो लटको दुध सम्हाल्न सक्ने नसक्ने क्षमताको वेवास्ता गरी गुणस्तरयुक्त दुध उपभोक्तालाई उपलब्ध गराउने कुरामा जिम्मेवारीपूर्ण कार्य नगरी औपचारिकताको निर्वाहसम्म मात्र गरेको हुंदा भविष्यमा त्यस्तो कुरामा सर्तक रही कार्य गर्न निर्देशन दिने प्रयोजनार्थ कृषि मन्त्रालयमा लेखी पठाएको । केन्द्रीय खाद्य अनुसन्धानशालाको विश्लेषण शाखाका प्रमुख दीपजंग शाहले दूध जस्तो संवेनशील पदार्थको विश्लेषण गर्दा सो विश्लेषण कुन प्रयोजनको लागि गरिंदैछ, त्यस्को लागि नमूना लिइंदा अपनाउनु पर्ने प्रविधि अपनाएको छ, छैन भन्ने जस्ता कुरामा ध्यान नपुऱ्याएको कारणले नै प्रस्तुत धूलो दूधको सिलसिलामा गरिएका विभिन्न विश्लेषणमा फरक फरक विश्लेषण नतिजा दिइएको देखियो । अतः भविष्यमा यस प्रकारको विश्लेषण गर्दा अपनाउनु पर्ने प्रविधि आदि समेतलाई ध्यान पुऱ्याई सतर्कता अपनाउन सचेत भई कार्य गर्नको लागि कृषि मन्त्रालयमा लेखी पठाएको । दुग्ध विकास संस्थानको व्यापार व्यवस्थापन शाखामा कार्यरत डा. राघवकिशोर भट्टराई, जीवनप्रसाद गौतम, विवादास्पद खरीदमा Third Party Inspection सम्बन्धी शर्तलाई परिवर्तन गर्न टिप्पणी उठाउंदा सो संस्थाको हित र जनस्वास्थ्यको लागि उपयुक्त हुने भन्ने कुरा स्पष्टसंग नदर्शाइ टिप्पणी पेश गरेको देखिएको हुंदा निजहरुले आफ्नो जिम्मेवारी पूरा गरेको नदेखिएकोले भविष्यमा सतर्क भई काम गर्न सचेत गराइउको । दुग्ध विकास संस्थानका अरुण श्रेष्ठले संचालक समितिका सदस्य भनक प्याकुरेलसंग यस पूर्वको १६० मे.टन धूलो दूध खरीदको सिलसिलामा भारत भ्रमणमा जांदा डेलि फुड्सको स्थलगत निरीक्षणबाट देखिएको कुरा प्रस्तुत खरीदको लागि प्राविधिज्ञको नाताले बोलपत्र मूल्यांकनमा बस्दा र दूध प्राप्त भएपछि त्यसमा गर्नु पर्ने परीक्षण लगायतका कुराहरुमा लिनु पर्ने सतर्कता लिइएको नदेखिएको हुंदा निजलाई सचेत गराइएको । काठमाडौं दुग्ध वितरण आयोजनाको गुण नियन्त्रण प्रयोगशालाका प्रमुख गिरीधर बज्राचार्य, सोही आयोजनाका प्रशोधन शाखाको प्रमुख राजगोविन्द राजकर्णिकारले आयोजनामा प्राप्त धूलो दूध स्टोर दाखिला गर्न अगाडी र सोबाट दूध तयार गरी उपभोक्तामा पठाउन अगाडी त्यसको विश्लेषण परीक्षण गर्ने मुख्य जिम्मेवारी वहन गर्नु पर्नेमा आफ्नो काम प्रति हेलचक्राई र गैर जिम्मेवारपूर्ण रुपमा कार्य गरेको अनुसन्धान बाट देखिन आयो । आयातित विवादास्पद धुलो दूध गुणस्तरयुक्त भए नभएको भनि परीक्षण गर्न स्याम्पल लिंदा परीक्षण गर्दा अपनाउनु पर्ने सतर्कता तथा संस्थाको हित अनुकूलको काम गरेको पाइएन । निजहरुले पहिले आयातित दूध गुणस्तर युक्त भएको भनि प्रमाणित गरेका र पछि डेरी व्वाईले उजुर गरेपछि गुणस्तरयुक्त नभएको भन्ने जस्ता गैर जिम्मेवारी पूर्ण कार्य गरेको देखिएको हुंदा निजहरुलाई भविष्यमा सतर्क रही कार्य गर्न सचेत गराइएको । दुग्ध वितरण आयोजनाका सहायक प्रवन्धक डा. छविरमण भट्टराई र आयोजना प्रमुख अजवलाल यादवले आफ्नो आयोजनाबाट उत्पादित भै बिक्री वितरण हुने दूध गुणस्तर युक्त भए नभएको, यसको परीक्षण प्रविधि सही रुपमा रहे नरहेको र तत्सम्बन्धी कागजात दुरुस्त भए नभएका जस्ता कुराको सम्पूर्ण जिम्मेवारी लिनु पर्नेमा आयातीत धूलो दूधका सम्बन्धमा यी विषयहरुमा ध्यान दिएको नदेखिएको हुंदा जिम्मेवार तहमा कार्यरत यी अधिकारीहरुको कार्य सन्तोषजनक रहेको नपाइएकोले सचेत गराइएको ।

कुनैपनि खाद्य पदार्थ विदेशवाट आयात गर्दा स्वस्थ्य एवं गुणस्तरयुक्त होस, भनि पूर्व सतर्कताको लागि आयात हुने यस्ता खाद्य पदार्थ औषधि आदिका वारेमा नमूना निकाल्न उपयुक्त प्रविधिको अवलम्बन गर्न तथा अन्य प्राविधिक विषयमा सल्लाह र सहयोग गर्न प्रमुख भन्सार कार्यालयहरुमानै एक जना प्राविधिक विश्लेषकको स्थायी व्यवस्था गर्न र सो नभए सम्म नजिकको खाद्य अनुसन्धानशालाको प्रतिनिधि मार्फतनै नमूना संकलन गराउने व्यवस्था गर्ने सुझावको साथै बीरगन्ज भन्सार कार्यालयमा सो बखत खटिएका भन्सार अधिकृत सुरेश कुमार रेग्मीले सरकारी नीति निर्देशन परिपत्र अनुकूल कार्य गरेको नदेखिएकोले निजलाई सचेत गराउनसमेत अर्थ मन्त्रालयमा लेखिएको ।

पावर पार्टस् इन्जिनियरिङ्ग मेशीनरी तथा इक्यूपमेन्ट सम्बन्धी कारोवार गर्न दर्ता भएकोमा धूलो दूध सप्लाई गर्ने कार्यमा समेत स्थानीय एजेण्ट भई कार्य गर्ने गरेको, सो फर्मले आफ्नो उद्देश्य अनुरुप कार्य नगरेको जस्ता गैर कानूनी कार्य गर्ने गराउने गरी कानूनको प्रावधानलाई निष्क्रिय बनाउने जस्ता कार्य भए गरेको देखिएको हुंदा यस्तो कारोवार गर्ने फर्मलाई कम्पनी ऐन, २०५३ बमोजिम खारेजीको कारवाही गर्न कम्पनी रजिष्ट्रारको कार्यालयमा लेखिएको ।

विभिन्न कारोवार गर्ने स्वदेशी वा विदेशी फर्मले तोकिए बमोजिम काम गरे वा नगरेको सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय तथा वाणिज्य विभागवाट तदनुरुप जांच भएको देखिएन । अतः यसमा विषयको गाम्भीर्य र सम्वेदनशीलतालाई हृदयङ्गम गरी आवश्यक अनुगमन नियन्त्रण गर्न प्रभावकारी कानूनी तथा प्रशासनिक व्यवस्था गर्न गराउनको साथै हालसम्म के कति फर्म कुन कार्य गर्ने उद्देश्यले दर्ता भएका छन् र के कसरी कार्य गरिरहेका छन्, लगत संकलन गर्ने, त्यस्को फेहरिस्त सार्वजनिक गराउने र सो अनुरुप मुख्य सञ्चालकको पूर्ण जवाफदेहीमा मात्र कार्य सुम्पने गरी सवै निकायहरुलाई अवगत गराउन श्री ५ को सरकार, मन्त्रिपरिषद्लाइ सुझाव दिइएको ।

सर्वसाधारणले उपभोग गर्ने दूधमा गुणस्तरयुक्त नभएको र मिसावट भएको कुरा आफू माथिको अधिकारीलाई समयमै जानकारी गराई सर्वसाधारणलाई दूषित दूध खानु पर्ने वाध्यतावाट जोगाउने काठमाडौं दुग्ध वितरण आयोजनाका डेरी व्वायहरु राजाराम प्याकुरेल र विजयरत्न बज्राचार्यलाई समुचित पुरस्कार दिइ प्रोत्साहित गरेमा अन्य कर्मचारीहरुलाई पनि इमान्दारीपूर्वक काम गर्न अभिप्रेरित गर्ने हुंदा दुग्ध विकास संस्थानलाई निज कर्मचारी राजाराम प्याकुरेल र बिजयरत्न बज्राचार्यलाई आकर्षक नगद पुरस्कार दिन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ (ख) र (ग) बमोजिम दुग्ध विकास संस्थानलाई सिफारिस गरिएको ।बयान गराइएका अन्य कर्मचारी तथा व्यक्तिहरुको हकमा प्रस्तुत

विवादमा निजहरुको गैर कानूनी संलग्नता रहेको नदेखिएको र लाए अहाएकोसम्म काम गरेको देखिएको हुंदा केहि गरिरहनु पर्ने देखिन आएन ।

५.१.५ कोहलपुर नगर विकास समितिमा घडेरी बिक्रीमा भ्रष्टाचार

कोहलपुर नगर विकास समितिका लागि तयार गरिएको गुरु योजना श्री ५ को सरकारबाट ०४४।८।२ मा स्वीकृत भएको र श्री ५ को सरकारबाट प्रथम चरणको गुरुयोजना तथा भू-उपयोग नक्सामा कायम गरिएको वसपार्कको दक्षिणतर्फ २ लाइनमा ६२ प्लट घडेरी कायम गरिएकोमा दक्षिणतर्फको दुई लाइन प्लट घडेरी मध्ये १ लाइनमा ३१ प्लट घडेरी कायम गरी बांकी भाग वसपार्कमा मिलाउने र वसपार्क को पूर्व तर्फ १४ प्लट र पश्चिम तर्फ १४ प्लट घडेरी कायम राखी योजना नक्सामा संशोधन गर्ने कोहलपर नगर विकास समितिको निर्णयलाई आवास तथा शहरी विकास विभागले स्वीकृत गरेपछि योजना नक्सामा संशोधन भएको र वसपार्कको उत्तरतर्फ योजनामा टिकट काउण्टर टेलीफोन बूथ कायम भएको, पूर्वतर्फको प्लटनं x १ देखि x १४ डाक वढाबढ गरी विक्री गर्ने समितिको उल्लेखित निर्णयको विपरित हुने गरी अध्यक्षको ठाडो तोक आदेशवाट उल्लेखित १४ प्लट मध्ये ७ प्लट चम्पा अग्रवाल, महेन्द्र काजि महर्जन, गजानन्द अग्रवाल, कन्हैया लाल बैद्य लाई न्यूनतम ८० हजार मूल्यमा एक आपसमा मिलोमतो गरी वदनियतपूर्ण तरिकाले विक्री गरेको देखियो । यस्तै पश्चिमतर्फको y १ देखि y १४ सम्मका प्लट समितिको स्वामित्वमा राख्ने, समितिको श्रोतवाट भवन निर्माण गर्ने, श्रोतले नभ्याए लिजमा दिने भन्ने समितिको निर्णय विपरित अध्यक्षको तोक आदेशद्वारा उल्लेखित १४ प्लट मध्ये ११ प्लटहरु महेन्द्र काजि महर्जन, नन्दन सिंह धामी, गोपाल प्रसाद शर्मा, चम्पा देवी अग्रवाल,चन्द्र प्रकाश जैनलाई विना प्रतिस्पर्धा डाक वढाबढ नै नगरी जग्गा माग गरेको निवेदनको भरमा न्यूनतम रु ८० हजार मूल्य कायम गरी गैर कानूनी रुपमा विक्री वितरण गरेको देखियो । योजनामा वसपार्कको उत्तर तर्फ टिकट काउण्टर; टेलीफोन वूथ कायम गरिएको जग्गा योजनाको प्रतिकूल समितिको निर्णय र श्री ५ को सरकारको स्वीकृति नलिई प्लट नं b १ देखि b १४ सम्मका प्लटहरुमध्ये योजनाको स्वरुपनै विगारी ११ प्लटहरु अध्यक्षको ठाडो तोक आदेशद्वारा कानून विपरित वदनियतपूर्ण मिलेमतो गरी ओम प्रकाश आजाद, मिठू कुमारी श्रेष्ठ, लक्ष्मी जोशी,सुरेन्द्र वहादुर थापा, सुन्दर थापा, टेकहरी शर्मा, टेकनाथ आचार्य, लेखनाथ आचार्य, लक्ष्मी देवी पाण्डे, यदुराज गिरी, दीपा रावतसमेत लाई गैर कानूनी रुपमा विक्री वितरण गरेको देखियो । यस्तो मिलोमतो गरी खरीद गर्नेमध्येका सुरेन्द्र वहादुर थापा, र सुन्दर थापाले आफ्नो कसूरलाइ स्वीकार गरी जग्गा समितिलाई नै फिर्ता गरेकोले निजहरुमाथि अभियोग नलगाउने र यसरी तोक आदेश गर्ने अध्यक्ष चेत वहादुर थापा लाई भ्र.नि. ऐनको दफा ७(२) अनुसार, सदस्य सचिव निलम डंगोललाई भ्र.नि. ऐनको दफा ७(१) अनुसार र जग्गा लिने उल्लेखित व्यक्तिहरुलाई भ्र.नि. ऐनको दफा ८ को सजायको दावी र विगो तथा विगो बमोजिमको जरिवाना एवं यसरी गैर कानूनी लेनदेन भएका प्लटहरुको लिखत तथा दर्ता वदर माग दावी लिने गरी पुनरावेदन अदालत, वांके, नेपालगन्जमा अभियोग पत्र दायर गरिएको ।

५.१.६. कपिलवस्तु जिल्लाको पुरुषोत्तमपुर गा.वि.स. वडा.नं. ६ सिसहनियामा २०४९ वैशाखमा भएको आगलागीमा परेका अग्नीपिडितहरुलाइ घर वनाउन सालको काठ वितरण गर्दा भ्रष्टाचार

अग्नी पिडित भएकोले आर्थिक सहायता, जस्तापाता उपलव्ध गराइपाउन सिफारीशको लागि गा.वि.स.को कार्यालयमा ४९ जनाको निवेदन परी सिफारीशसाथ जिल्ला विकास समितिको कार्यालयमा पेश भएको र सो कार्यालयवाट जिल्ला बन कार्यालयमा लेखि पठाएकोमा जिल्ला बन कार्यालयले इलाका बन कार्यालय, बहादुरगन्ज मार्फत ४९ सैं जना अग्नी पिडित भएको भन्ने मुचुल्का प्रतिवेदन प्राप्त गरी बन पैदावार आपूर्ति समितिको निर्णयानुसार त्यस्ता अग्नी पिडितहरुलाइ प्रति परिवार बढिमा २५ क्यू फिटका दरले सहुलियत दरमा सालको गोलिया काठ उपलव्ध गराउन भनी इलाका बन कार्यालय, पकडीमा लेखिपठाएकोमा ४९ घर परिवार अग्नी पिडित नभै ८ घर परिवार मात्र अग्नी पिडीत भएको भन्ने जानकारी प्राप्त भएकोले अग्नी पिडित ४९ घर परिवार हुन् कि ८ घर परिवार हुन् सो यकिन गरी पाउन वहादुरगन्ज इलाका बन कार्यालयलाइ जिल्ला बन कार्यालयले लेखेको र ताकेता गर्दा सो कार्यालयबाट उक्त कुरा वारे यकीन भै नगाएको अवस्थामा अग्नी पीडित भनिएका व्यक्तिहरुको नामबाट कथित मन्जूरनामा लिई जाने भागीराम चौधरी र उमाशंकर चौधरीसमेत लाई इलाका बन कार्यालय, पकडीको इलाका बन सहायकले २०४९।८।१२ गतेका दिन एकै पटक ४० जनाको नाउंमा १००९.८७ क्यू.फिट काठ निकासा दिएको देखिन आएको । काठ दिइपठाउन जिल्ला बन अधिकृतले इलाका बन सहायकलाइ व्यक्तिगत पत्र लेखिपठाएको समेत देखिन आएकोले त्यसरी वेरीतको मन्जूरनामाबाट गलत ढंगले काठ प्राप्त गर्ने भागीराम चौधरी र उमाशंकर चौधरी उपर भ्र.नि.ऐन, २०१७ को दफा ८ को कसूर गरेकोमा विगो को दावी लिई विगो बमोजिमको जरिवाना र हदै सम्मको कैद सजायको लागि र जिल्ला वन अधिकृत मोहन कोइराला र इलाका वन सहायक अव्दुल करीम अन्सारीसमेत उपर भ्र.नि.ऐन २०१७ को दफा १३ को कसूर गरेकोमा बिगो बमोजिमको जरीवाना र सजायको लागि सम्बन्धित पुनरावेदन अदालत, बुटवलमा मुद्दा चलाउने निर्णय गरिएको । साथै ८ घर परिवार अग्नी पीडित हुन् वा ४९ घर परिवार भन्ने यकीन गरी पठाउन आफ्नो तालुक कार्यालयले लेखिपठाएकोमा वहादुर गन्ज इलाका वन कार्यालयको इलाका वन सहायक शिवसंकर

लाल कर्णले सो बमोजिम गरी पठाएको देखिन नआएकोले नि.से.ऐन, २०४९ को दफा ६० क बमोजिम निजको काम सन्तोषजनक नभएको हुंदा निजलाइ सोही ऐनको दफा ५९ को देहाय (क) बमोजिम सामान्य सजायको लागि बिभागीय कारवाई गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखिपठाएको ।

५.१.७ हेटौडा सिमेन्ट उद्योग लिमिटेड अन्तर्गत ओखरे खानीसम्म जाने प्रवेश मार्ग निर्माण अन्तर्गत सम्झौताभन्दा कम तौलको गेवियन तार जाली प्रयोग गरी निर्माण कार्य गराई सम्झौता अनुसार कै दर रेटमा बिल भुक्तानी दिई भ्रष्टाचार

(यस उजूरीका अन्य आरोपका सम्बन्धमा अनुसन्धान कार्य जारी नै रहेकोले अनुसूची-४को तालिकामा तामेली जनाइएको छैन ।)

सूचना नं. २१।०५०।५१ को ठेक्कामा सम्झौताभन्दा १२,७१६.९५ के.जी. कम जि.आई. मेस तार प्रयोग गरी सम्झौता भन्दा ठूलो मेस साइजको जाली बुन्न लगाई प्रयोग गरी निर्माण गराई जम्मा रु. ४,४५,०९३।२५ उद्योगलाई गैर कानूनी हानी नोक्सानी र आफूहरुलाई गैर कानूनी लाभ पुऱ्याई भ्रष्टाचार गरेको देखिएकोले भ्र.नि.ऐन, २०१७ को दफा ८ बमोजिम उक्त कार्य गर्ने उच्च गगन निर्माण सेवाका प्रोप्राइटर जितबहादुर लामा र ऐ ऐनको दफा ७(२) बमोजिम उप प्रवन्धक सरोज कुमार श्रीवास्तव, सहायक प्रवन्धक गणेश कुमार सिंह, असिष्टेण्ट सिभिल इन्जिनियर पुरुषोत्तम प्रधान र असिष्टेण्ट सिभिल फोरम्यान नित्यानन्द देवउपर सजायको माग दावी लिई दफा २९ बमोजिम दामासाहीले विगो भराउन र विगो बमोजिम जरिवाना समेतको दावी लिइएको ।

सूचना नं. ६३।०५०।५१ को ठेक्कामा सम्झौता भन्दा ५८३९.३८ के.जी. कम मेस तार प्रयोग गरी सम्झौताभन्दा ठूलो मेस साइजको तार जाली बुन्न लगाई त्यस्तो तार जालीको प्रयोग गरी निर्माण गराई जम्मा रु. २,०४,३७८।३० उद्योगलाई हानी नोक्सानी पुऱ्याई आफूहरु समेतलाई गैर कानूनी लाभ उठाई भ्रष्टाचार गरेको देखिएकोले भ्र.नि.ऐन, २०१७ को दफा ८ बमोजिम उक्त कार्य गर्ने उच्च गगन निर्माण सेवाका प्रोप्राइटर जितबहादुर लामा उपर ऐ ऐनको दफा ७(२) बमोजिम र उप प्रवन्धक सरोज कुमार श्रीवास्तव, सहायक प्रवन्धक मुरलीधर झा, असिष्टेण्ट सिभिल इन्जिनियर पुरुषोत्तम प्रधान र असिष्टेण्ट सिभिल फोरम्याद नित्यानन्द देवसमेत उपर सजायको माग दावी लिई ऐ ऐनको दफा २९ बमोजिम विगो रकम दामासाहीले असूल र जरिवानासमेत को माग दावी लिइएको ।

सूचना नं. ५६।०५०।५१ को ठेक्कामा सम्झौता भन्दा १४,५७४.०५ के.जी. कम मेस तार प्रयोग गरी सम्झौता भन्दा ठूलो मेस साईजको तार जाली बुन्न लगाई ठे. जगत बहादुर प्रधान, उपप्रवन्धक सरोज कुमार श्रीवास्तव, सहायक प्रवन्धकद्वय गणेश कुमार सिंह र मुरलीधर झा, असिष्टेण्ट सिभिल इन्जिनियर ध्रुव प्रसाद पराजुली र सिभिल ओभरसियर (फोरम्यान) करवीर सिंह ठगुन्नाले आफूहरुलाई गैरकानूनी लाभ र उद्योगलाई हानी नोक्सानी पुऱ्याई विगो रु. ५,१०,०९१।७५ भ्रष्टाचार गरेको देखिएकोले सरोज कुमार श्रीवास्तव, गणेश कुमार सिंह, मुरलीधर झा, ध्रुव प्रसाद पराजुली र करवीर सिंह ठगुन्ना उपर भ्र.नि.ऐन, २०१७ को दफा ७(२) बमोजिम सजाय हुन र ठे. जगत बहादुर प्रधानलाई भ्र.नि.ऐन, २०१७ को दफा ८ बमोजिम सजायको माग दावी लिई सहायक प्रवन्धकद्वय मुरलीधर झा र गणेश कुमार सिंहबाट निजहरुले बिल भुक्तानीको लागि सिफारिश गरेको आधारमा नोक्सानी पुगेको विगो रु. ५,१०,०९१।७५ मध्ये मुरलीधर झाबाट विगो रु. २६,५१४।८१ र गणेश कुमार सिंहबाट रु. ७५,५०३।५४ र ठे. जगत बहादुर प्रधान, सरोज कुमार श्रीवास्तव, ध्रुव प्रसाद पराजुली र करवीर सिंह ठगुन्नाबाट बांकी रहन आएको विगो रु. ४,०८,०७३।४० भ्र.नि.ऐन, २०१७ को दफा २९ बमोजिम बिगो रकम असूल र जरिवानासमेत को माग दावी लिइएको ।

गुणस्तर जांच गर्ने कार्यमा लेखातर्फ काम गर्ने कर्मचारीहरुको दायित्व भित्र नपर्ने हुंदा उपप्रवन्धक सुवोध कुमार नेपाल, प्रशासकीय अधिकृत दीपमान श्रेष्ठ, वरिष्ठ सहायक सत्यनारायण सिंह र सहायक ध्रुव कुमार लामिछानेका हकमा केही गर्न नपर्ने । तत्कालीन महाप्रवन्धक उमेश झा, नायव महाप्रवन्धक (प्राविधिक) राधेश्याम प्रसाद चौरसिया र का.मु. नायव महाप्रवन्धक (प्रशासन) शिरोमणी ढकालसमेत ले उक्त निर्माण कार्यको लगत इष्टिमेट सिफारीश / स्वीकृत गरी ठेक्का सम्झौतासमेत गरी खानी महाशाखाका उपप्रवन्धक सरोज कुमार श्रीवास्तवलाई उक्त कार्यको भुक्तानी दिने अधिकार प्रत्यायोजन गरेकोमा अधिकांश प्राविधिक कर्मचारीहरुले निर्माण कार्यको गुणस्तरका सम्बन्धमा व्यवस्थापन पक्षलाई जानकारी गराएको भन्ने कर्मचारीहरुको बयानबाट खुल्ने र सो पक्षबाट स्थलगत निरीक्षणसमेत भएको व्यहोरा खुल्न आएको हुंदा स्थलगत निरीक्षण गर्दा कामको गुणस्तरका सम्बन्धमा कुनै शिकायत नआएको भनी विश्वास गर्न सक्ने स्थिति नदेखिएको र अधिकार प्रत्यायोजन गर्दैमा जिम्मेवारीबाट मुक्त भएको मान्न नसकिने हुंदा व्यवस्थापन पक्षबाट समेत लापरवाही गरेको देखिएकोले निजहरुलाई सचेत गराउन उद्योग मन्त्रालयमा लेखी पठाउने ।

उपरोक्त बमोजिमको दावी लिई पुनरावेदन अदालत, मकवानपुर, हेटौडामा मुद्दा दायर गरिएको ।

५.२ सर्वोच्च अदालतसमक्ष पुनरावेदन दर्ता गरिएका विषयहरु :-

सम्बन्धित पुनरावेदन अदालतमा यस आयोगबाट मुद्दा दायर भई त्यस अदालतबाट भएको फैसलामा चित्त नबुझी प्रचलित ऐन कानूनले तोकेको म्याद अवधिभित्र सर्वोच्च अदालतसमक्ष पुनरावेदन दर्ता गरिएका विषयहरु निम्नानुसार छन् :-

१. तत्कालीन गृह सचिव पद्म प्रसाद पोखरेल, सह सचिव गणेश प्रसाद भट्टराई, कानून अधिकृत कोष कुमार नेवाङ्ग, स्पेनिस नागरिक फ्रान्सिस्को अलभरेज रुवीरोला र श्रीमती मर्सिडिज भिडाल फेरेरल विरुद्ध आयोगले भ्रष्टाचारको अभियोगमा पुनरावेदन अदालत, पाटनमा उजुरी प्रतिवेदन दर्ता गरेकोमा आरोपित अभियोगबाट पदम प्रसाद पोखरेल, गणेश प्रसाद भट्टराई र कोष कुमार नेवाङ्गले सफाई पाउने र फ्रान्सिस्को अलभरेज र श्रीमती मर्सिडेज भिडालको हकमा निजहरु नेपाल सरहद भित्र फेला परेका बखत कानून बमोजिम कारवाई हुन सक्ने नै हुंदा केही बोली रहन नपर्ने भनी पुनरावेदन अदालत पाटनबाट ०५४।७।२७ मा भएको फैसला उपर आयोगको तर्फबाट पुनरावेदन गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयमा अनुरोध गरिएको।

२. वादी श्री ५ को सरकार प्रतिवादी महन्त क्षेत्र बहादुर पुरी समेतको भ्रष्टाचार मुद्दामा पुनरावेदन अदालत, पाटनबाट आंशिक रुपमा आयोगलाई हराई भएको फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

३. वादी श्री ५ को सरकार प्रतिवादी तत्कालिन कृषी मन्त्री पद्मसुन्दर लावती समेत भएको सेमी कण्डक्टर सम्बन्धी भ्रष्टाचार मुद्दा सम्बत् २०५३।०५४ सालको फौ.ठा.नं १०७ फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन पत्र दर्ता गरिएको।

४. वादी श्री ५ को सरकार, प्रतिवादी राष्ट्रिय वाणिज्य बैंक, क्षेत्रीय कार्यालय, नेपालगन्जका तत्कालीन प्रवन्धक श्यामबहादुर श्रेष्ठसमेत भएको भ्रष्टाचार मुद्दामा पुनरावेदन अदालत, पाटन ललितपुरका मिति २०५४।२।१ को फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन गर्नु पर्ने भएकोले पुनरावेदन गरी मुद्दामा वहस पैरवी समेत गर्न महान्यायाधिवक्ताको कार्यालयलाई पुनरावेदन मस्यौदासमेत राखी अनुरोध गरिएको।

५. वादी श्री ५ को सरकार, प्रतिवादी लोकमान सिंह कार्कीसमेत भएको सुन छुटाई भ्रष्टाचार गरेको भन्ने मुद्दामा आयोगको तर्फबाट सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

६. फछ्यौंट भएका उजूरी निवेदनको विवरण :

६.१ प्रारम्भिक अनुसन्धानबाटै फछ्यौंट :

६.१.१ आयोगको क्षेत्राधिकार भित्र नपरेको वा अख्तियारवालासमक्ष वा अन्य निकायबाटै कारवाई हुन लेखी पठाएको विवरण :

आयोगमा दर्ता हुन आएका उजूरी निवेदनहरुमध्ये आयोगको अधिकार क्षेत्र बाहिरको भएकोले वा अख्तियारवाला वा अन्य निकायबाट कारवाई हुन उपयुक्त हुने देखिएकाले त्यस्तो निकायहरुमा पठाइएको निवेदनहरुको संख्यागत विवरण तालिका २ मा प्रस्तुत गरिएको छ।

तालिका २

अन्य निकायमा कारवाईको लागि पठाईएको विवरण

क्रम संख्या	सम्बन्धित निकाय	उजूरी संख्या
१.	अर्थ मन्त्रालय	१
२.	आवास तथा भौतिक योजना मन्त्रालय	३
३.	उद्योग मन्त्रालय	२
४.	कारागार व्यवस्थापन विभाग	२
५.	कृषि मन्त्रालय	१
६.	कृषि सामाग्री संस्थान	१
७.	गुठी संस्थान	१०

८.	गृह मन्त्रालय	३०
९.	जिल्ला प्रहरी कार्यालयहरु	५
१०.	नापी विभाग	६
११.	निर्माण तथा यातायात मन्त्रालय	१
१२.	नेपाल दूर सञ्चार संस्थान	१
१३.	न्याय परिषद्	३
१४.	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	१
१५.	पुनरावेदन सरकारी वकील कार्यालय	१
१६.	पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालय	१
१७.	प्रहरी प्रधान कार्यालय	४
१८.	भूमिसुधार कार्यालयहरु	२
१९.	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	२९
२०.	मध्यमाञ्चल क्षेत्रीय हुलाक निर्देशनालय	१
२१.	मन्त्री परिषद् सचिवालय	१
२२.	महाकाली सिंचाई योजना	१
२३.	मालपोत कार्यालयहरु	३
२४.	मालपोत विभाग	३
२५.	युवा, खेलकूद तथा संस्कृति मन्त्रालय	३
२६.	रक्षा मन्त्रालय	३
२७.	राजस्व अनुसन्धान विभाग	९
२८.	राष्ट्रिय खेलकूद परिषद्	१
२९.	राष्ट्रिय सहकारी बोर्ड	१
३०.	ललितपुर उप-महानगर पालिका	१
३१.	लोक सेवा आयोग	४
३२.	वन तथा भू-संरक्षण मन्त्रालय	२
३३.	विज्ञान तथा प्रविधि मन्त्रालय	१
३४.	शिक्षा मन्त्रालय	६
३५.	श्रम मन्त्रालय	३
३६.	सडक विभाग	१
३७.	सहकारी विभाग	१
३८.	सामान्य प्रशासन मन्त्रालय	२
३९.	स्थानीय विकास मन्त्रालय	७
४०.	स्वास्थ्य मन्त्रालय	२०
४१.	स्वास्थ्य सेवा विभाग	१
४२.	क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय	१
४३.	त्रिभुवन विश्व विद्यालय	३
	जम्मा	१८३

(एक शय त्रियासी)

६.१.२. यस आ.व.को निवेदन लगत, फछ्यौंट र बांकी विवरण अनुसूची ४ मा प्रस्तुत गरिएको छ।

६.२ अनुसन्धान अधिकृत नियुक्त भई दिएको प्रतिवेदनबाट फछ्यौंट :

१. कृषि विकास योजना जनकपुर (नकटाभिञ्ज) ले ड्रिलिङ्ग मेटेरियल सप्लाई गर्न टेण्डर आव्हान सम्बन्धमा छानविन हुंदा कृषि विकास योजनाको पुरानो सामान लिलाम गर्न थुपारिएको ठाउंबाट विभिन्न किसिमको ड्रिलिङ्ग विटहरु हेर्दा L/T सिरिजको १६ थान ड्रिलिङ्ग विट (ट्राइकोन रोलर ड्रिलिङ्ग विट किसिमको) भेटिएको तथा पुनरावेदन अदालत, जनकपुरको

मिति ०५१।९।२९ को निर्णय अनुसार सामान सम्झौता अनुसार नै बुझाएको हुंदा धरौटी फिर्ता पाउने ठहर भनी उल्लेख भएको । भन्सार छली ल्याएको भन्ने दावीका सम्बन्धमा अनुसन्धानको सिलसिलामा सप्लायर्ससंग भन्सार तिरेको प्रमाण पेश गराउने क्रममा निजले पेश गरेको प्रज्ञापन पत्रहरुको फोटोकपीबाट भन्सार छली ल्याएको भन्न सकिने अवस्था पनि नदेखिएको । शर्त सम्झौता अनुसारको ड्रिलिङ्ग विटहरु बुझाएको र योजनालाई आवश्यक परेको ड्रिलिङ्ग विट भई योजनाको कार्य सम्पादनमा सो ड्रिलिङ्ग विटबाट अवरोध उत्पन्न नभएपछि लार्सन एण्ड टर्बो लि. लखनउले दिएको प्रमाण पत्रलाई शंका गरी भ्रष्टाचारमा कारवाई अघि बढाउनु आवश्यक नदेखिएको ।

२) निम्न कोटीको मदिरा उत्पादन गर्न डिष्टीलरी ठेक्कामा विभिन्न ठाउंहरुको ठेकेदारहरुसंग मिली बिक्रीकर तथा अन्तःशुल्क छूट दिई ५० सौं लाख भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा विभिन्न ४५ जिल्लाहरुका लागि निम्न कोटीको मदिरा उत्पादन गर्न डिष्टीलरी ठेक्का सम्बन्धी बोलपत्र २०५०।१०।२४ को गो.प. दैनिकमा प्रकाशित सूचना अनुसार कैलाली जिल्लाका विभिन्न मदिरा निषेधित गा.वि.स.हरु वाहेक भनी सूचना प्रकाशित भएको र सोही बमोजिम टेण्डरदाताहरुले कबुल गरेको हुंदा २०५०।१०।२४ को गोरखापत्रमा बोलपत्र माग गर्दा आ.व. ०५१।५२ को लागि कैलाली जिल्लाको १३ गा.वि.स. वाहेक गरी बोलपत्र माग गरेको ठीकै देखिएको । तर मिनाहा दिएको रु. १९,०८,०००।- मिति ०५०।१०।२४ गतेको सूचना बमोजिम नभई मिति ०५२।५।१२ मा श्री ५ को सरकार, मन्त्रीपरिषद्को निर्णयबाट भएको प्रस्तावसमेत हेरिंदा आ.व. २०५०।०५१ को लागि कैलाली, रौतहट र डोटी जिल्लाहरुमा र आ.व . ०५१।५२ को लागि दाङ्ग, रुकुम, डडेल्धुरा जिल्लाहरुमा निम्न कोटी मदिरा उत्पादन तथा बिक्री वितरण गर्न इजाजत पाएका ठेकेदारहरु मध्ये कैलालीका मकसुर अहमद लारीलाई रु. १०, ८७,७२०।२०, रौतहटका कृष्ण कुमार कलवारलाई रु. ५२,९५२।-, डोटीका दमन शाहीलाई रु. ८,६८७।-, दाङ्गका खिमबहादुर शाहलाई रु. १३,६१,९७२।२०, रुकुमका यादव शाहलाई रु. ६२,३७२।- र डडेल्धुराका मकसुर अहमद लारीलाई रु. ५,५८,२५०।-, निजहरुले कबोल गरेको न्यूनतम ग्यारेण्टीबाट मिनाहा दिई बांकी हुन आउने अंकलाई सो वर्षको लागि न्यूनतम ग्यारेण्टी रकम कायम गरी सोही आधारमा बिक्रीकर असुल गर्ने मदिरा निषेधित क्षेत्र कायम हुन्जेलसम्म उल्लेखित जिल्लाको लागि कूल ग्यारेण्टी रकममा समानुपातिक रकम घटाई न्यूनतम ग्यारेण्टी रकम कायम गर्ने भनी मन्त्रिपरिषद्बाट स्वीकृत भएको देखिन आयो ।

उजुरी दावीमा उल्लेख भएको कैलाली जिल्लाको मकसुर अहमद लारीले ०५०।१०।२४ को बोलपत्र अनुसारको ठेक्का आ.व. ०५१।५२ को लागि भएको तर उक्त मिना गरिएको रकम आ.व. ०५०।५१ को बिक्रीकर तथा अन्तःशुल्क विभागले पहिले देखि चली आएको बोल कबोल प्रथा अर्थात् टेण्डर प्रकाशित नगरी विभागमा नै न्यूनतम रकम बुझाउने गरी न्यूनतम ग्यारेण्टी रु. ६१,८२,८९१।- बुझाउने गरी कबुलियत गरेकोमा १३ गा.वि.स.मा मदिरा निषेधित क्षेत्र कायम भएको आधारमा न्यूनतम ग्यारेण्टीको कबोल रकम रु. ६१,८२,८३१।- बाट रु. १०,८७,७२०।२० बांकी महिनाहरुको लागि मिनाहा दिएकोबाट भ्रष्टाचार गरेको भन्न मिल्ने नदेखिएको ।

३. कृषि विकास योजना, नकटाझिज धनुषाका योजना प्रमुख काली बहादुर श्रेष्ठले अधिकारको दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा उजुरीका विषयमा भएको अनुसन्धान र स्थलगत निरीक्षण प्रतिवेदन समेतको आधारमा सडक सुधारलाई पानी वितरण गरेको, ट्यूववेल जडान गरेको, मेशीनरी औजारको भाडा दर सामान खरीद आदिमा अनियमित गरी भ्रष्टाचार गरेको भनी पुष्टि हुने आधारहरु देखिन नआएको र कर्मचारीहरुको नियुक्ति सरुवा आदि सम्बन्धी विषयमा आयोजना प्रमुख काली बहादुर श्रेष्ठबाट भ्रष्टाचारजन्य काम कारवाई गरेको तथ्ययुक्त आधार नभेटिएकोले केही गरी रहन नपरेको ।

४. कृषि चुन उद्योगले आ.व. २०४७।४८ मा हेटौडा सिमेण्ट उद्योगलाई उपलब्ध गराउने २५००० मे.टन चुन ढुङ्गा ढुवानी सम्बन्धमा पहिलो पटक न्यूनतम दर प्रति मे.टन रु. १०५।- रहेको रीतपूर्वकको बोलपत्रलाई रद्द गरी चौथो पटकसम्म बोलपत्र आव्हान गरी पहिलो पटकको टेण्डरदातालाई नै रु. १३९।- प्रति मे.टनको दरमा ढुवानी गर्ने गरी बोलपत्र स्वीकृत गरी गराई उद्योगलाई रु. ८,५०,०००।- घाटा पारेको भन्ने समेत विषयको उजुरी उपर अनुसन्धान हुंदा यसमा कृषि चून उद्योगबाट आ.व. ०४७।४८ मा चून ढुङ्गा ढुवानी गर्ने पहिलो टेण्डरमा प्रति मेट्रिक टन न्यूनतम दर रु. १०५।- रहेको टेण्डरलाई मुचुल्कामा टेण्डरदाताहरुको सही नभएको भन्ने कारणले मात्र बदर गरिनु कानून सम्मत देखिएन । यही बदर गरेको परिणामस्वरुप चौथो पटकको टेण्डरलाई स्वीकृत गर्दा कृषि चून उद्योगलाई प्रत्यक्षतः रु. ८,५०,०००।- थप व्यय भार वहन गर्नु पर्नाको अतिरिक्त समयमा सम्पन्न हुनु पर्ने ढुवानीको काम ६ महिना पछि मात्र हुन जानुले पनि सञ्चालक समितिको पदाधिकारीहरुको व्यवसायिक कार्य कुशलताको प्रष्ट अभाव देखियो ।

तसर्थ यस्ता औद्योगिक संस्थानहरुमा कार्यकारी पदाधिकारीहरु मनोनीत गर्दा व्यवसायिक, अनुभवसिद्ध व्यक्तिहरुको मनोनयन गर्ने उपयुक्त मापदण्ड (criteria) निर्धारण गर्ने परिपाटी बसाल्न श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालय तथा कृषि मन्त्रालयलाई सुझाव दिइएको ।

५. वन विभागका महानिर्देशक इन्द्रसिंह कार्कीले पुरानो काठ लिलाम गर्ने नाममा नयां वन फडानी गरी दैवी प्रकोप पिडीतको नामबाट भारत निकासी गरेको, वन अधिकृत तथा ठेकेदारहरुबाट रुपैया उठाउने गरेको भन्ने समेतको उजुरीका सम्बन्धमा वन जंगलहरु विनास हुने क्रम जारी भएको भए ता पनि उजुरीलाई प्रमाणित गर्ने आधारतर्फ हेर्दा भने कहां कहिले को कसले काठ उठाएको वा कमिशन दिएको हो पुष्टि गर्ने तथ्ययुक्त आधार नभेटिएको ।

६. भीम भक्तेश्वर गुठीको साविक का.न.पा. ११ कि.नं. ५१० को ०-९-१ जग्गा ०३३ सालको नापीमा पर्ति भनि नापी

भएकोमा नाप जांच ऐन अन्तरगत गठित समितिले सो जग्गा सार्वजनिक कायम गर्ने गरी ०३४।९।२९ मा निर्णय गरेकोमा सो गुठीका गुठीयारले सर्वोच्च अदालतमा रीट निवेदन दिएकोमा उक्त गुठीमा भैरववरसिंह समेतले तालुकी हक कायम हुने हुंदा सार्वजनिक कायम गरेको समितिको निर्णय वदर हुने ठहरी मिति ०३५।११।२० मा सर्वोच्च अदालतवाट फैसला भै तत्कालीन नापी गोश्वाराले कि.नं. ५१० को फील्ड वूकमा यस कित्तामा चार आना भैरववरसिंह, चार आना नेत्र कुमारी, चार आना केशववरसिंह, दुई आना मोहनवरसिंह, दुई आना सूर्यवरसिंहको तालुकी हक कायम भनी उल्लेख गरेकोमा नेत्र कुमारी समेतले उक्त जग्गा दर्ता गर्न मालपोत कार्यालयमा निवेदन दिई मालपोत कार्यालयले मिति ०४४।८।१७ मा उक्त जग्गा भैरववरसिंह समेतका नाममा दर्ता गरेपछि सो जग्गा ०५०।९।१८ मा तिल कुमारी घले समेतलाई हक हस्तान्तरण गरेको देखियो ।

भीम भक्तेश्वर गुठी राजगुठी देखिएको र वागमती अन्चल अदालतको मिति ०३३।१।१५ को फैसला र सर्वोच्च अदालतको मिति ०३५।११।२ को फैसलाले सो गुठीमा भैरववरसिंह समेतको तालुकी हक कायम गरेको सो जग्गा भिम भक्तेश्वर गुठी भनी गुठीकै नाममा दर्ता गरी गुठीयारहरुको तालुकी हक सम्म जनाउनु पर्नेमा फिल्ड वुकलाई मात्र हेरी सर्वोच्च अदालतको फैसलाको ठहरलाई राम्रोसंग अध्ययन नगरी गुठीयारहरुको नाममा दर्ता गरेको र गुठीयारहरुले निजी गुठी भनी सो जग्गाको अक्षय कोष राखी तिल कुमारी घले, राधादेवी, शंकरलाल श्रेष्ठलाई हक हस्तान्तरण गरेको कारवाही कानूनसंगत देखिन आएन । राजगुठी जग्गा रैकरमा दर्ता गरेकोमा त्यस्तो दर्ता वदर गर्ने अधिकार गुठी संस्थान ऐन, २०३३ को दफा ३९ ले गुठी संस्थानका प्रशासकलाई अधिकार भएको देखिंदा कि.नं. ५१० को जग्गा र ५११ मध्येको जग्गा नेत्र कुमारीसमेत का नाममा दर्ता भएको उक्त दर्ता बदर गरी गुठी कायम गर्ने गराउने कारवाई गरी भए गरेको काम कारवाईको नतिजा आयोगमा जानकारी गराउने र भीम भक्तेश्वर गुठीको पर्सा जिल्लामा र ललितपुर जिल्लामा रहेका जग्गा समेत के कस्तो अवस्थामा रहेको छ हिनामिना हुन नपाउने व्यवस्था गरी एक महिना भित्र यस आयोगलाई जानकारी गराउनसमेत गुठी संस्थानलाई लेखिएको । कि.नं. ५१० को जग्गा दर्ता गर्दा अदालतको फैसलाको ठहरलाई अध्ययन मनन नगरी भीम भक्तेश्वर गुठीको सट्टा सो गुठीका नामका जग्गा दर्ता गर्ने मालपोत कार्यालय, काठमाडौंका तत्कालीन ना.सु. कोमलप्रसाद श्रेष्ठ र मालपोत अधिकृत ध्रुव प्रसाद वाग्ले (हाल घरेलु तथा साना उद्योग विभागका शा.अ.)को काम कारवाही सुम्पिएको जिम्मेवारी अनुसार सन्तोषजनक नदेखिंदा निजहरु उपर ऐन र नियमावली बमोजिम विभागीय कारवाही गर्न मा.भूमिसुधार तथा व्यवस्था मन्त्रीज्यू र मा. उद्योग मन्त्रीज्यूमा लेखिएको ।

७. वीरगन्ज चिनी कारखानामा आ.व. २०५०।०५१ मा सुगर व्याग कन्भेयर १ लाख कमिशन खाई खरीद गरेको र सो कन्भेयर कुनै काम नगरी फालिराखेको छ भन्ने सम्बन्धमा अनुसन्धान हुंदा प्रकृयागत पुऱ्याउनु पर्ने कारवाहीमा टेण्डर डकुमेण्ट तयार पारी टेण्डर गर्नु पर्ने, टेण्डरदाताहरुबाट कारखानाले तयार गरेको टेण्डर डकुमेण्ट खरीद गरी त्यसमा बोल अंक पेश हुनु पर्ने, जति सामानको लागि टेण्डर आव्हान गरिएको हो, त्यति सामान नलिई घटाई बढाई स्वीकृत गरिएकोमा टेण्डर दाताको सहमति प्राप्त गर्नु पर्ने, त्यसपछि निजसंग पर्फर्मेन्स बण्ड लिई संभौता गर्नु पर्नेसमेत नगरिएको र सामानहरु प्राप्त भएपछि जडान गराउनु पर्नेमा जडान नगरेतर्फ लेखापढी हुंदा टेण्डरदाताले आफ्नो खर्चमा कारखानाले नै जडान गरी गराई हिसाव मिलान गर्न भनी लेखकोले सो बमोजिम गर्नु पर्नेमा सोसमेत केही नगरी जडान गर्न टेण्डरदातालाई नै ताकेता गरिरहेर सामान त्यसै थन्किईरहेको समेत देखिन आएको । उपरोक्त लापरवाहीहरुलाई ठेगानमा राखी अव आइन्दा कारखानामा यस्ता त्रुटी कमजोरीहरु नहुने गरी आवश्यक व्यवस्था गर्न, मिलाउन र जडान हुन बांकी कन्भेयर यथाशीघ्र जडान गरी गराई सोको जानकारी यस आयोगलाई उपलव्ध गराई दिन समेत सम्बन्धित उद्योग मन्त्रालय र कारखानाको संचालक समितिको अध्यक्षसमेत लाई लेखिएको तथा सो सम्बन्धमा निर्देशन बमोजिमको काम कारवाई भए नभएको व्यहोराको जवाफसमेत मन्त्रालयलाई लेखी पठाउन अनुरोध गरिएको ।

८. धनुषा, जनकपुर नगरपालिका ८ सावित पिडारी ५(क) कि.नं. १३२, १३५, गौचरण कि.नं. १३३ मसानघाट कि.नं. १३४ बाटो कायम भई ०२५।३।३० मा नापी नक्सा भएको जग्गा २०४३ सालमा खड्ग विक्रम शाहका नाममा रैतान नम्बरीमा दर्ता गरेकोमा खड्ग विक्रम शाहले रत्नसागर तालुकको पिडारी गाउं देखि उत्तर पश्चिम ढता टोल देखि पूर्व अन्दाजी १० विगाहा जग्गाको २०२४ सालमा बाली देखि विगाहको तिरो रु. ३४।- का दरले तिर्ने गरी मलाई वहाली दिने गुठी संस्थान, संचालक समितिको २०२४।७।२० को निर्णय बमोजिम उक्त १० विगाहा मध्ये हाल ठहर भए बमोजिम जग्गा रुल नियम बमोजिम मेरा नाउंमा रैतान नम्बरीमा दर्ता गरी पाउं भनी मिति ०४२।१२।२९ मा गुठी संस्थानमा निवेदन दिएको आधारमा उक्त जग्गा दर्ता गरेको देखियो । यो विवादित जग्गा ०२५।३।३० मा नापी भएको हुंदा वहाली पूर्जी भएको २०२४।७।२० भन्दा पछि नापी हुंदाका बखत बहाली पूर्जीको जग्गा भन्ने खड्ग विक्रम शाहले दावी लिएको देखिंदैन । ०२४ सालमा वहाली पूर्जीमा उल्लेख भएको यही कि.नं. १३२, १३३, १३४, १३५ को जग्गा हो भन्ने ठोस आधार प्रमाण निर्णय मिसिलमा संलग्न कागजातले पुष्टि गर्दैन । खड्ग विक्रम शाहले जग्गा दर्ता गरी पाउं भनी दिएको मिति २०४२।१२।२९ को निवेदनमा समेत वहाली पूर्जीको जग्गा यही कि.नं. १३२, १३३, १३४, १३५ हो भनी उल्लेख गर्न सकेको देखिंदैन । खड्ग विक्रम शाहका नाउंमा दर्ता भएको कि.नं. १३३ को जग्गा मसानघाट नै कायम हुने ठहराई गुठी संस्थानबाट मिति ०४७।१०।२२ मा निर्णय भएकोमा सो निर्णय बमोजिम उक्त कि.नं. १३३ को दर्ताको लगत हालसम्म कट्टा गरेको देखिन आएन । गौचरण, मसानघाट, बाटो जनिएको जग्गा मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम सार्वजनिक हुने र त्यस्तो सार्वजनिक जग्गा कसैको नाउंमा दर्ता गर्न नमिल्ने उक्त ऐनको दफा २४ मा स्पष्ट व्यवस्था हुंदा

हुँदै २०२४ सालको वहाली पूर्जी भएको जग्गा भनी हचुवा किसिमले दर्ता हुन नहुने सार्वजनिक जग्गा गैर कानूनी रुपमा दर्ता गरेको प्रष्ट देखिन आयो ।

जनकपुर र रत्नसागर गुठीको ९-१४-२-० जग्गा खड्ग विक्रम शाहका नाउमा मोही कायम गरेको भन्ने समेत गुठी संस्थानमा भएको अनियमित कार्यबारे आवश्यक कारवाई गर्ने भन्ने सम्बन्धमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट आयोगमा प्राप्त हुन आएको रत्नसागर गुठीको ९-१४-२ जग्गा २०४४ सालको नापीमा खड्ग विक्रम शाह मोही दर्ता भएकोमा रैतान नम्बरी गरी पाउन निवेदन दिए अनुसार गुठी संस्थान, संचालक समितिले प्रति कठ्ठा ३१ हजार मूल्य कायम गरी रैतानी गर्ने निर्णय गरी आंशिक कार्यान्वयनसमेत भै सकेकोमा तत्कालीन भूमि सुधार तथा व्यवस्था मन्त्रालयबाट मिति २०४८।७।७ मा सो निर्णय सदर भै सकेको र बांकी जग्गा पनि रैतानी गर्न आवश्यक कारवाई तुरुन्त गरिदिने निर्देशन भएको देखिन आएको हुनाले मुद्दा चलाउनु पर्ने कुनै आधार नभएकोले तामेलीमा राख्ने गरी आयोगबाट निर्णय भै सकेको देखिंदा यस सम्बन्धमा कारवाई गरिरहन पर्ने अवस्था देखिन आएन ।

जनकपुर स्थित जानकी मन्दिरको ५९८-१०-४, राम मन्दिरको २८६७-२-१५, लक्ष्मण मन्दिरको ४०९-१-१६ र अन्य गुठीहरुको समेत साविकमा ५७३१-९-१३ विगाहा रहेकोमा २०२५।२६ सालमा नापी हुंदा कति जग्गा दर्ता भयो, कति दर्ता हुन बांकी छ भन्ने विषयमा यकिन लगत नभएको भन्ने गुठी संस्थानकै पत्रबाट देखिंदा २०२५।२५ सालमा नापी भएपछि गुठीको जग्गा साविक बमोजिम दर्ता गर्ने कार्य सम्पन्न गरेको देखिएन । गुठी जगगाहरु के अवस्थामा छन् कति हिनामिना भए भन्नेतर्फ गुठी संस्थानले चासो राखेको देखिएन । नापी भएको २५ वर्ष बिती सक्दा पनि गुठीको जग्गा दर्ता गरी रैतान नम्बरी, अधिनस्थ र तैनाथी जग्गा यति हो भनी नापी बमोजिम लगत कायम नगरेकोले देवश्व चुहावट, हिनामिना तथा वक्यौता रहेको प्रष्ट छ । गुठी संस्थानको तालुक मन्त्रालय भूमिसुधार तथा व्यवस्था मन्त्रालय भएको र गुठीको जग्गा दर्ता गर्ने विषय भू.सु. मन्त्रालय अन्तर्गत कै नापी तथा मालपोत कार्यालयको भएको हुंदा हुँदै गुठीको सम्पत्ति हिनामिना हुन नदिई गुठीको जग्गा दर्ता गर्ने कार्यलाई प्राथमिकता दिई पूरा गर्नु पर्नेमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सक्रीय भूमिका रहेको देखिन आएन । जग्गा दर्ता नभएपछि देवस्व असूल हुन नसक्ने, देवस्व असूल नहुंदा धार्मिक तथा सांस्कृतिक कार्य तथा मर्मत, सम्भार, संरक्षणको कार्य हुन नसकी धार्मिक तथा सांस्कृतिक सम्पदाहरु लोप हुने खतरा टडकारो रुपमा देखिन्छ ।

गुठी तैनाथी जग्गाको बन्दोवस्त गुठी संस्थान ऐन बमोजिम गुठी संस्थानले मात्र गर्न सक्नेमा जनकपुरस्थित जानकी मन्दिरको तैनाथी जग्गा वि.पि. क्याम्पस लगायत विभिन्न व्यक्तिहरुलाई महन्तले बन्दोवस्त गरेको देखिन्छ । तैनाथी जग्गा महन्तले बन्दोवस्त गर्न नपाउने, त्यसरी बन्दोवस्त गरेकोमा गुठी संस्थानले कानून बमोजिम कारवाई गर्नु पर्नेमा कारवाई नगरी महन्तले गरेको अनियमित काम कारवाई प्रति गुठी संस्थानले उदासिनता देखाएको प्रष्ट देखिन आएको छ । यो स्थितिले गुठी तैनाथी जग्गाहरु हिनामिना भइरहेको देखिन्छ ।

जानकी मन्दिरको आम्दानी खर्चको लेखा परीक्षण हुने नगरेको भन्ने गुठी संस्थान तथा जानकी गुठीका महन्तको पत्रबाट देखिन्छ । गुठी संस्थान ऐन, २०३३ को दफा १७ मा छुट गुठीको धर्म लोप नहुने गरी भइरहेको कामदार खर्चको दरबन्दीमा बढी वा अनावश्यक खर्च कटाई नयां दरबन्दी कायम गरी सुम्पिएको दरबन्दी बमोजिम खर्च कटाई बांकी रकम गुठी संस्थानमा दाखिला गर्नु पर्ने व्यवस्था भएपछि सो बमोजिमको कारवाई गुठी संस्थानबाट भए गरेको नदेखिएको र जानकी मन्दिरको आम्दानी खर्चको लेखा परीक्षण नहुने कारणले गुठीको आम्दानी खर्च नियमित छ भन्न सकिने अवस्था छैन । यो स्थितिले देवश्वमा चुहावट हुन सक्ने प्रशस्त सम्भावना देखिन्छ । जानकी मन्दिर जस्तो ऐतिहासिक धार्मिक महत्वको गुठी व्यवस्थित तरिकाले पारदर्शी रुपमा व्यवस्थापन तथा संचालन गर्ने तर्फ गुठी संस्थानले चासो देखाएको देखिन आएन ।

मुलुकी ऐन गुठीको महलको ३ नं. बमोजिम गुठी राखेको जग्गा बेच विखन गर्न नपाउने व्यवस्था छ । निजी गुठी जग्गा हस्तान्तरण गर्नु पर्दा मालपोत कार्यालयले तोकेको मूल्य अक्षय कोषमा राखेपछि मात्र हस्तान्तरण गर्न सक्ने व्यवस्था २०४८ साल देखि लागू रहेको देखिन्छ । सो व्यवस्थापछि कति जग्गा हस्तान्तरण भए, सो वापत कति रकम कुन बैंकमा कस कसको हस्ताक्षरबाट खाता संचालन भएको छ, मालपोत कार्यालय, मालपोत विभाग, गुठी संस्थान कतै पनि अभिलेख राखेको पाइएन । अभिलेखको अभावमा अक्षयकोषको रहम हिनामिना हुन सक्ने धेरै सम्भावना देखिन्छन् । गुठी संस्थान ऐनको दफा १९ ले निजी गुठीको लगत गुठी संस्थानले लिनु पर्ने र दफा २० बमोजिम निजी गुठी संस्थानले लिन सक्ने हुंदा प्रत्येक गुठीको लगत गुठी संस्थानमा रहनु पर्नेमा सो बमोजिम लगत रहेको देखिन आएन । निजी गुठीको बिक्री भएको जग्गा र अक्षय कोषको रकमको अभिलेखको अभावमा गुठी संस्थानले निजी गुठी लिंदा सम्पत्ति हराउने निजी गुठीयारले संचालन गर्दा पनि कसैको रेखदेख नियन्त्रण नभएकोले गुठी सम्पत्ति हिनामिना हुने सम्भावना देखिन्छ ।

भेषधारीहरुले गुठी नराखी आफ्नो हक पुग्ने जग्गाको मालपोत तिरी बांकी रहेको, आफूले खान पाउने आयस्ताबाट देव देवताको पूजा धर्म सदावर्त इत्यादि चलाउने गरी राखेको जग्गाको दर्तावाला मरेपछि चेलाले मालपोत तिरी साविक बमोजिम काम चलाई शेष बांकी खान पाउने, हक हस्तान्तरण गर्न नपाउने मुलुकी ऐन, गुठीको ११ नं. ले व्यवस्था गरेकोमा यस्ता कार्यको लागि राखिएको जग्गाहरुको लिखत पास भइरहेको भन्ने गुठी संस्थानकै पत्रबाट देखिएको र यस्ता जग्गाहरु देवस्थलको नाममा कायम गरी दिन सबै मालपोत कार्यालयहरुलाई परिपत्र गरिदिन मालपोत विभागलाई गुठी संस्थानले अनुरोध गरेको भन्ने देखिंदा अन्य कारणको अतिरिक्त दर्तावाला मरेपछि सो जग्गा चेलाको अधिनमा नरही

सरकारी हुन्छ भन्ने धारणाले पनि यस्ता जग्गा हस्तान्तरण भइरहेको देखिन आएकोले तराई भेकका बैष्णव सम्प्रदायका मानिसहरुले पूजा, धर्म, सदावर्त चलाउने गरी राखेको जग्गा देवालयकै नाउंमा कायम गर्ने भन्ने गुठी संस्थानको लेखाई कानून सम्मत देखिएन ।

जनकपुर स्थित राम मन्दिरमा चांदीको डोला तत्कालीन कार्यालय प्रमुख कृष्ण मुरारी शर्माको जिम्मा रहेको अवस्थामा चोरी भएको देखिन्छ । कृष्णमुरारी शर्मा कै जिम्मा रहेको उक्त चांदीको डोला राखिएको कोठाको चावी निजैसंग रहेको, ढोका तोडी वा फोडी सो डोला चोरी भएको भन्ने नदेखिएको र कहिले कसरी चोरी भयो भन्ने सम्बन्धमा कृष्णमुरारी शर्माले आयोग समक्ष गरेको बयानमा खुलाउन नसकेको डोला राखेको कोठामा आगो लागेकोमा आगोले डढी डोला नास भएको भन्ने नदेखिएको, सो डोला मेरै जिम्मामा थियो भन्ने कृष्ण मुरारी शर्माले स्वीकार गरेको देखिंदा निजको गैरजिम्मेवारी, लापरवाहीपूर्ण कार्यबाट सो डोला चोरी भएको देखिन आएको छ ।

जनकपुरस्थित गुठीका ४१ पोखरी मध्ये ६ पोखरीहरु ठेक्का लगाई ठेक्काबाट प्राप्त रकमको २० प्रतिशत मर्मतमा खर्च गरी ४० प्रतिशतका दरले नगरपालिका र गुठी संस्थानले पाउने गरी सम्झौता भई सो पोखरीहरु नगरपालिकाले लिएकोमा सम्झौता बमोजिम नगरपालिकाले गुठीलाई रकम उपलब्ध गराएको नदेखिंदा नगरपालिकाले सम्झौता अनुसार दायित्वको पालना गरेको देखिन आएन ।

जनकपुरस्थित साकेत विहारी मन्दिर गुठी स्व.रामस्वरुप, स्व. रामसागर साहले राखी वहांहरुकै तर्फबाट सो मन्दिरको पुजारी राखिएका त्रिभुवनदासले दाताहरुले गुठी संचालन गर्न राखी दिएको कि.नं. ८,२७,२९ को जग्गामा आफ्नो भोग भन्ने लेखाई कि.नं. ८ श्री भगवान साकेत विहारी पुजारी त्रिभुवन दास भन्ने उल्लेख गरी दर्ता गरेको र कि.नं. २७,२९ दर्ता गर्न बांकी रहेकोमा सो २७,२९ फ़िल्ड बुकमा पु.त्रिभुवनदासको भोग भन्ने उल्लेख गरेको देखिंदा दाताले राखेको पुजारी (कामदार) को गुठी जग्गामा भोग हुन नसक्नेमा पुजारीको भोग भनी श्रेस्तामा उल्लेख गरेको व्यहोरा कानून सम्मत देखिन आएन ।

उपरोक्त तथ्यको आधारमा जनकपुर नगरपालिका ८ साविक पिदारी वडा नं. ५(क) कि.नं. १३२, १३३, १३४, १३५ को सार्वजनिक जग्गा खड्ग विक्रम शाहका नाउमा दर्ता गरे गराएका देखिएकोले सार्वजनिक जग्गा सार्वजनिक नै कायम गर्न मालपोत ऐनमा भएको व्यवस्था बमोजिम कारवाई गर्न र जानकी मन्दिर, राम मन्दिर, लक्ष्मण मन्दिर लगायतका जनकपुरका गुठीहरुको साविक ५७३१-९-१५ विगाहा जग्गाहरु रैतानी नम्बरी अधिनस्त तैनाथी साविक जे जस्तो रुपमा दर्ता थियो सोही अनुसार ६ महिना भित्रमा दर्ता गर्न कार्य सम्पन्न गरी आयोगलाई जानकारी दिन र साकेत विहारी मन्दिरको जग्गामा दाताले राखेको पुजारी त्रिभुवनदासको भोग भनि श्रेस्तामा उल्लेख गरेकोमा पुजारीको भोग भन्ने उल्लेख हुनुले निजको व्यक्तिगत जग्गा हो कि भन्ने भ्रम सिर्जना हुनुका साथै निजले गुठीको जग्गा हिनामिना गर्न सक्ने सम्भावनालाई दृष्टिगत गरी गुठीको सम्पत्तिमा अनधिकार हस्तक्षेप हुन सक्ने हुनाले पुजारी त्रिभुवन दासको भोग भन्ने व्यहोरा हटाउन कानून बमोजिम कारवाई गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाएको ।

जानकी मन्दिरका महन्तले तैनाथी जग्गा बन्दोवस्त गर्दा वि.पि. क्याम्पस लगायत विभिन्न व्यक्तिहरुको नाउमा बन्दोवस्त गरेको देखिंदा त्यसरी गैर कानूनी रुपमा गुठी तैनाथी जग्गा बन्दोवस्त गरेको सम्बन्धमा कानून बमोजिम कारवाई गर्न, छुट गुठीहरुको बन्दोवस्त तथा संचालनको सम्बन्धमा गुठी संस्थान ऐन, २०३३ को दफा १७ बमोजिम गुठी संस्थानले कारवाई गरेको नदेखिंदा ऐनमा भएको व्यवस्था बमोजिम कारवाई गरी छुट गुठी अन्तर्गत जानकी मन्दिरको आम्दानी खर्चको लेखापरीक्षण गर्न व्यवस्था शीघ्र मिलाउन र राम मन्दिरको कृष्णमुरारी शर्माको जिम्मा रहेकै अवस्थामा चांदीको डोला चोरी भएको र सो डोला निजकै गैरजिम्मेवारीपना तथा लापरवाहीबाट हराएको देखिएकोले निज जिम्माको मन्दिरको डोला निजले बुझाउनु पर्ने हुंदा सो डोलामा जडीएको चांदी तोला २५६।२।२ को तत्कालीन मूल्यले हुने रु. २१,३४९।- निज कृष्णमुरारी शर्माबाट असूलउपर गरी आयोगलाई जानकारी दिन अध्यक्ष, गुठी संस्थानलाई लेखिएको ।

निजी गुठीका जग्गाहरुको मालपोत कार्यालयले तोकेका मूल्य बमोजिम अक्षय कोषमा रकम दाखिला गरेपछि मात्र सो जग्गा हक हस्तान्तरण गर्न पाउने र त्यसरी हक हस्तान्तरण भएको र अक्षय कोष राखेको रकमको व्यवस्थित अभिलेख रहनु पर्नेमा सो बमोजिम भए गरेको नदेखिएकोले २०४८ साल पछि कुन कुन निजी गुठीको कति जग्गा हस्तान्तरण भयो, कति रकम बैंकले स्वीकारेको छ, प्रष्ट अभिलेख मालपोत कार्यालयले राखी प्रत्येक महिनाको विवरण मालपोत विभाग, गुठी संस्थान र जिल्ला प्रशासन कार्यालयमा पठाई ती कार्यालयहरुले समेत व्यवस्थित अभिलेख राखी सो कार्यलाई निरन्तरता दिन र बैष्णव समुदायका मानिसहरुको नाममा रहेको मुलुकी ऐन गुठीको महलको ११ नं. बमोजिमका जग्गा हिनामिना हुन नदिने व्यवस्था गरी त्यस्तो जग्गाको दर्तावालाको मृत्युपछि चेलाले मालपोत तिरी साविक बमोजिम काम चलाई शेष बांकी खान पाउने हुंदा सोही बमोजिम अभिलेखबद्ध गर्ने व्यवस्था हुन भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाएको ।

जनकपुर स्थित गुठीका ६ पोखरीहरुको गुठी संस्थान र नगरपालिका बिच भएको सम्झौता बमोजिम गुठीलाई रकम बुझाउन बांकी भए बांकी रहेको रकम सम्झौता बमोजिम गुठीलाई बुझाउने कारवाई हुन स्थानीय विकास मन्त्रालयलाई लेखी पठाएको ।

९. नेपाल खाद्य संस्थान, केन्द्रीय कार्यालय, भद्रकाली प्लाजामा ढल निर्माण गर्न टेण्डर आव्हान गर्दा न्यूनतम दरको ठेक्का स्वीकृत नगरी महाप्रवन्धक समेतवाट अनियमित कार्य भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा ठेक्का सम्झौता भई नसके ता पनि ठेक्का दिने निर्णय गर्ने क्रममा निम्न अनियमित कार्यहरु भएको देखिन आयो :-

१. २०५३।१०।१६ मा प्रथम पटक टेण्डर आव्हान भई प्राप्त कूल ३ थान बोलपत्रहरु खोल्दा पहिलो र दोश्रो न्यूनतमको बोलपत्र रीतपूर्वककै छंदा छंदै तेश्रो (अधिकतम) बोलवालाको धरौटी नपुग भएको भनी सवै वोलपत्र रद्द गरी पुनः बोलपत्र आव्हान गर्ने निर्णय गरेको । प्राप्त सवै बोलपत्रमा रीत पुगेकै हुनुपर्ने बाध्यात्मक व्यवस्था नभएकोले यस्तो निर्णयको औचित्य प्रमाणित नभएको ।

२. बोलपत्र सूचनामा नै स्पष्ट रुपमा "निर्माण कार्यको" भन्ने उल्लेख भएकोमा निर्माण सम्बन्धी कार्य गर्न ठेकेदार सम्बन्धी नियमावली, २०३१ बमोजिमको इजाजत नै प्राप्त नगरेको र पाइप उत्पादनसम्म मात्र गर्ने स्वीकृती पाएको कम्पनी वागमती कंक्रिट प्रोडक्टसको ठेक्का स्वीकृत गर्ने निर्णय गरेको कार्य नियमसंगत नभएको ।

३. दोश्रो पटकको टेण्डर अंक निर्धारण गर्दा न्यूनतम भनिएको कम्पनीले आफ्नो टेण्डर फाराममा उल्लेख गरेको "लम्प सम' रु. १८,०००।- एकमुष्ट कवोल अंकमा गणना हुनु पर्ने, नपर्ने भन्ने विषयमा कुनै निर्णय वा निष्कर्ष विना सो बाहेकको कबोल अंक निर्धारण गरी सो कम्पनीलाई न्यूनतम कबोलवाला ठहऱ्याईएको कार्यको पनि औचित्यपूर्ण आधार प्रमाणित हुन नसकेको । यस वाहेक सो कम्पनीले आफ्नो इजाजत पत्रको प्रतिलिपी नै पेश नगरेकोले सो टेण्डर स्वतः रीत नपुगेको देखिन आएको ।

४. दुई न्यूनतम कबोलवालाहरुले २० तथा २५ प्रतिशतमा काम गर्ने व्यहोरा उल्लेख गरी टेण्डर फाराम पेश गरेकोमा पछिबाट २० तथा २५ प्रतिशत घटेर मात्र काम गर्न सक्ने भन्ने व्यहोराको निवेदन दिएकोले पूर्व कबोल अंकमा काम गर्न असमर्थता प्रकट गरिसकेपछि दुवै कम्पनीवाट ल.ई. को २.५ प्रतिशतले हुने रकम रु ११,१९१।२७ पैसा असूल गरी तेश्रो न्यूनतम कबोलवालासंग आवश्यक परेमा वार्ता गरी घटाघट समेत गराइ ठेक्का स्वीकृत गर्नु पर्ने र यसो गर्दा घटाघट हुन नसके पनि कूल दायित्व रु ३,७७,१५०।- मा धरौटी जफतको रकम २ जनाबाट असुल हुने, घटाउंदा रु. ३,५४,७६७।४६ मात्र पर्नेमा न्यूनतम भनिएको कम्पनीको कबोल अंक नै रु. ३,६५,२२०।- भएबाट संस्थानलाई प्रत्यक्ष रुपमा रु. १०,४५२।५४ नोक्सानी पर्ने स्पष्ट देखिएको ।

५. रु १० लाख सम्मको ठेक्का स्वीकृत गर्ने अधिकार महाप्रवन्धकमै निहित छंदा छंदै निजले आफ्नो जिम्मेवारी पन्छाई ठेक्काको निर्णय गराउन संचालक समिति समक्ष पेश गरेको र संचालक समितिले पनि व्यवस्थापनले पेश गरेको विवरण नियमसंगत भए नभएको हेर्दै नहेरी निर्णय गरेको ।

उपरोक्त अनियमितताहरु अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ ले परिभाषित अनुचित कार्यहरु भित्र पर्ने हुंदा यसमा देहाय अनुसार गरिएको :-

१. सञ्चालक समितिका पदाधिकारीहरु अध्यक्ष मृगेन्द्र कुमार सिंह यादव तथा सदस्यहरु विश्वनाथ सिंह राजवंशी, देवी प्रसाद चौधरी, राम नारायण यादव, सीताराम मण्डल, राजेश पाण्डे, तीर्थराज शर्मा, प्रेमनिधि ज्ञवाली, राजबाबु दवाडी, भोगेन्द्र ठाकुर र सचिव वेनी बहादुर रावल समेतलाई आइन्दा यस प्रकारको गल्ती दोहरिन नदिन सचेत गराउन भनी आपूर्ति मन्त्रालयलाई लेखिएको ।

२. आफ्नो उत्तरदायित्व पन्छाई अनियमित निर्णय गराउन संचालक समिति समक्ष पेश गर्ने महाप्रवन्धक भीमबहादुर क्षेत्रीलाई विभागीय कारवाईगर्न आपूर्ति मन्त्रालयलाई लेखिएको ।

३. निर्माण उप-समितिका सदस्यहरु भोगेन्द्र ठाकुर, बद्रीभक्त प्रधानाङ्ग , महेश कुमार श्रेष्ठ, प्रेम वहादुर बस्नेत तथा पदम गोपाल श्रेष्ठ समेतलाई उपरोक्त अनियमित निर्णय गर्न सिफारिस गरेकोले सचेत गराउन सम्बन्धित मन्त्रालयलाई लेखिएको ।

१०. गोरखापत्र संस्थानका महाप्रवन्धकको समेत कार्यभार सम्हालेका कार्यकारी अध्यक्ष डा. तुलसी प्रसाद भट्टराई, का.मु. नायव महाप्रवन्धक हुम बहादुर बस्याल र निर्देशक किरण गौतम मिली आफूले पाएको अधिकार भन्दा बाहिर गएर आर्थिक लाभ गर्ने मनसायले संचालक समितिको निर्णय विना रु. २ लाख ६२ हजार स.इ.डी.ए. कन्सल्टीङ्ग ग्रुप (प्रा.) लि. लाई उपलव्ध गराई संस्थानलाई प्रत्यक्ष नोक्सानी पुऱ्याएका छन् भन्ने सम्बन्धमा अनुसन्धान हुंदा गोरखापत्र संस्थानको संचालक समितिको २०५३।६।२४ को निर्णय अनुसार ए.इ.डी.ई. कन्सल्टीङ्ग ग्रुप प्रा.लि. को आर्थिक प्रस्ताव स्वीकार भएको र हाललाई डिजाइन र टेण्डर डकुमेण्ट तयार पार्न लगाउने निर्णय भएकोमा व्यवस्थापनबाट सो फर्मसंग मिति २०५३।७।१३ मा सम्झौता भएको र सम्झौता अनुसार कन्सल्ट्यान्टले काम गर्न शुरु गरी प्रारम्भिक नक्सा, टेण्डर डकुमेण्ट पेश गरेको र २०५३।१०।१ को संचालक समितिको बैठकमा सो उपर छलफल गरेको र २०५३।६।२४ को निर्णय परिधि भित्र रही ए.इ.डी.ए. कन्सल्टीङ्ग ग्रुप प्रा.लि.संग डिजाइनर टेण्डर डकुमेण्ट तयार गराउने, सम्झौता तयार गर्न संस्थानको कानूनी सल्लाहकार तथा आर्थिक सल्लाहकारसंग छलफल गरी उहांहरुको राय सुझाव सहितको सम्झौताको मस्यौदा संचालक समितिमा पेश गर्न निर्देशन दिइएको भन्ने र २०५३।१०।१४ को बैठकमा सम्झौताको मस्यौदामा छलफल समेत भएको देखियो । प्राविधिक सल्लाहका लागि सल्लाहकार नियुक्त गर्ने सम्बन्धमा संस्थानको आर्थिक विनियमावलीको विनियम ५(२)(२) मा वार्ताद्वारा सल्लाहकार नियुक्त गर्ने र सल्लाहकारको सेवा शर्त पारिश्रमिक तोकी संचालक समितिको स्वीकृति लिनु पर्ने उल्लेख भएको, तर कन्सल्टेण्टको आर्थिक प्रस्तावमा उल्लेख भएका भन्दा थप विषयमा संस्थान र

कन्सलटेण्टका बीच वार्ता भएको पनि नदेखिएको र त्यस्तो शर्तका विषयमा संचालक समितिको स्वीकृति नलिई सम्झौता गरेको र पछि संचालक समितिले सम्झौताको मस्यौदा पेश गर्न निर्देशन दिएपछि सोही पूर्व सम्पन्न सम्झौतालाई मस्यौदाको रुपमा संचालक समितिमा पेश गरेको र संचालक समितिमा सो सम्झौता उपर छलफल नटुंगिएको स्थितिमा यो मस्यौदाको रुपमा रहेको र संचालक समितिले संस्थानको हीत अनुकूल हुने गरी कन्सल्टीङ्ग फर्मसंग छलफल गर्न सक्ने स्थिति रहेको र पेश्की गएको रु. २,६२,०००।- को सम्बन्धमा संचालक समितिको निर्णय भित्रैको कामलाई पेश्की गएको देखिंदा संचालक समितिद्वारा स्वीकृत कन्सल्टेण्टको आर्थिक प्रस्तावमा उल्लेख भएका भन्दा थप विषयमा संचालक समितिबाट स्वीकृति नलिई सम्झौता गर्ने कार्यमा संलग्न कार्यकारी अध्यक्ष तुलसी प्रसाद भट्टराईलाई का.मु. महाप्रवन्धक हुम बहादुर बस्याल र निर्देशक किरण गौतमलाई आइन्दा त्यस्तो नगर्न सचेत गराउन गोरखापत्र संस्थानलाई लेखिएको ।

११. गुठी संस्थानको पुतलीसडकको घर जग्गा गैर कानूनी तरिकाले करारमा अनुबन्ध गरिएको भन्ने सम्बन्धमा सरकारी वा सरकारी स्वामित्वमा रहेका घर जग्गाहरु लीज भाडामा दिने सम्बन्धमा कुनै निश्चित कार्यविधि वा प्रकृया नतोकिएको वर्तमान परिस्थितिमा खुल्ला बोलपत्र आव्हान गरी प्राप्त प्रस्तावनाहरुको वस्तुनिष्ठ मूल्यांकनको आधारमा लिज अवधिपछि संस्थानको स्वामित्वमा फर्कने कूल चल तथा अचल सम्पत्तिको आर्थिक विश्लेषणसमेत गरी सबैभन्दा बढी फाइदाजनक तथा उपयुक्त हुने देखिएको कम्पनीको प्रस्ताव नै स्वीकृत भएकोले यसमा भ्रष्टाचार भए गरेको भनी कारवाई अगाडि बढाई रहनु पर्ने स्थिति रहेको देखिन आएन । तथापि यसरी सरकारी स्वामित्वका घर जग्गाहरु लिजमा दिन हाल कुनै निश्चित नियम कानूनको तर्जुमा भएको नदेखिएकोले नीतिगत रुपमा के कस्ता घर जग्गालाई लिज भाडामा दिने र त्यसो गर्नको निमित्त के कस्तो प्रकृयाको अवलम्बन हुनु पर्छ भन्ने समेत प्रावधान भएको उपयुक्त कानूनको तर्जुमा गरी लागू गराउनेतर्फ आवश्यक कारवाई गर्न श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयलाई लेखिएको ।

१२. जिल्ला विकास समिति रुपन्देहीबाट आ.व. ०५३।५४ को लागि पुनः प्रयोगमा ल्याउन सकिने कवाडी सामान निकासी ठेक्काको स्वीकृतिका सम्बन्धमा बोलपत्र आव्हान हुंदा न्यूनतम मूल्यांकन रु. दश लाख भएकोमा गुरुप्रसाद शर्माको रु. ५,५५,५५५।५५ पै. अधिकतम कबोल अंकसम्मको मात्र बोलपत्र परी सो ठेक्का रद्द गर्ने निर्णय भएको र त्यसपछि बढाबढको सूचना प्रकाशन गरिएकोमा ठेकेदाहरुले अवाञ्छित दवाव सृजना गरी एकाधिकार प्राप्त गर्न प्रयास भएकोले सो बढाबढको कार्यक्रम नै रद्द गरी अधिकतम कबोलवाला निज गुरु प्रसादले रु. १०,११,०००।- बुझाउन मन्जुर गरेकोले सो निवेदन कै आधारमा निजलाई ठेक्का प्रदान गर्ने निर्णय भएकोबाट यसमा जि.वि.स.लाई बढी आम्दानी हुने तर्फ कारवाई भए गरेको देखिएको हुंदा सो निर्णय गर्नमा कसैको बदनियत रहेको भन्न सकिने स्थिति रहेको पाइएन । तथापि यसरी ठेक्का दिंदा आर्थिक प्रशासन सम्बन्धी नियमहरु, २०४२ ले निर्धारित गरेको कार्यविधिको भन्ने अवलम्बन भएको नदेखिंदा यस अनियमित कार्यका सम्बन्धमा स्थानीय विकास मन्त्रालयको ध्यानाकर्षण गरिएको ।

१३. नवलपरासी जिल्ला हरपुर प्रा.वि.को जस्ता पाता हिनामिना गरेको भन्ने विषयमा निःशुल्क उपलव्ध भएको कर्कट पाता प्रयोग गरी रु. २९,७६०।४६ लिनु खानु गरेकोमा उक्त रकम श्री ५ को सरकारलाई दिलाई दिन माग दावी लिई सम्बन्धित पुनरावेदन अदालतमा मुद्दा चलाउने भनी प्रमुख जिल्ला अधिकारीले राय प्रस्तुत गरेकोमा पुनरावेदन सरकारी अधिवक्ताको रायमा तोकिएको प्रतिशतमा जनश्रमदान तथा अनुदान उठ्न नसकी भवन अधुरो रहेको कारण विद्यालयमा मौजुदा कर्कट पाता प्रयोग गरी भवन निर्माण कार्य सम्पन्न गरेको र कर्कट पाता थान ३४ विद्यालयमा आम्दानी बांधी राखेको देखिंदा भ्रष्टाचार अन्तर्गत मुद्दा चलाउन सकिने अवस्था नहुंदा तामेलीमा राख्ने राय सहितको मिसिल आयोगमा प्राप्त भएकोमा विद्यालयका कोठा थप गर्ने प्रयोजनका निमित्त निःशुल्क प्राप्त कर्कट पाता विद्यालयको छाना छाउने काममा प्रयोग भएको र बांकी जस्ता पाता थान ३४ विद्यालयको श्रेस्तामा आम्दानी बांधिई मौज्दात रहेको देखिंदा हिनामिना भई भ्रष्टाचार गरेको भन्न मिल्ने नदेखिएको ।

१४. हुलाक सेवा विभागले आ.व. ०५२।५३ मा करीव १ करोड मूल्य बराबरको जिप, मिनी ट्रक, मोटर साइकल बढी मूल्य तिरी खरीद गरेको र लाखौं मूल्यमा खरीद भएको मेल व्यागहरु पनि कम गुणस्तरयुक्त खरीद गरी व्यापक अनियमितता भएको भन्नेसमेत विषयमा नव आवाज साप्ताहिकमा छापिएको समाचारसम्बन्ध मा अनुसन्धान हुंदा हुलाक सेवा विभागले आ.प्र. सम्बन्धी नियमावलीमा भएको व्यवस्था अनुरुप टेण्डर प्रक्रिया माध्यमबाट मन्त्रालयको सचिव स्तरीय सहमति भै खरीद गरिएको मिनी ट्रक दुई थान, जिप दुई थान, पिक अप ५ थान मोटर साइकल ३५ थान तथा डाक थैला तर्फ क्यान्भास डाक थैला ८०००, हवाई डाक थैला १४००० थान, डाक थैला १००० थान र इ.एम.एस. १००० थान प्रचलित आर्थिक प्रशासन सम्बन्धी ऐन नियम अनुसार नै भएको देखिएकोले सवारी साधन एवं डाक थैला खरीदमा श्री ५ को सरकारलाई हानी नोक्सानी र अन्यलाई लाभ हुन सक्ने अवस्था नदेखिएकोले भ्रष्टाचार भएको भन्न सकिने अवस्था नभएको ।

१५. राष्ट्रिय चिया तथा कफि विकास वोर्डमा भएको अनियमितताबारे अनुसन्धान हुंदा वोर्डले घर भाडामा लिंदा सार्वजनिक जानकारीको लागि दैनिक पत्रिका मार्फत सूचना प्रकाशित नगरी भाडा निर्धारण समिति नबसाई भाडामा घर लिएको, अधिकृत स्तरको नियुक्ति प्रयोजनको लागि उमेरको हद विनियमावली मुताविक ३५ वर्ष हुनु पर्नेमा पदपूर्ति निर्देशिकामा ४० वर्ष गरेको, चिया विस्तार योजनाको लागि पांचथरको फाक्तेप गा.वि.स. मा कानुनी रित नपुऱ्याई जग्गा खरिद गरिएको आदि वोर्डका काम कारवाईहरु सम्बन्धित ऐन तथा विनियमावली विपरित देखिएकोले यस कार्यमा संलग्न सबै कार्यकारी समितिका सदस्य एवं कर्मचारीहरुलाई सचेत गराउन तथा वोर्डको काम कारवाई बढी सक्षम तथा दक्ष

तरिकाबाट संचालन गराउनको लागि बोर्डको गठन प्रकृयामा व्यवसायिक ज्ञान तथा अनुभव भएको व्यक्ति मनोनयन गर्नु पर्ने र श्री ५ को सरकारका विभिन्न मन्त्रालय एवं संस्थानका तर्फबाट प्रतिनिधित्व गर्ने सदस्यहरुले कानून बमोजिम काम कारवाई भए नभएको विषयमा जिम्मेवारीपूर्वक हेर्नु पर्ने समेतको सुझाव श्री ५ को सरकारमा पठाइएको ।

१६. कान्ति बाल अस्पताल महाराजगन्जमा ट्वाइलेट ब्लक मर्मत कार्यमा म.स. टेक्नीसियन रोशन बज्राचार्य समेतको मिलेमतोमा भ्रष्टाचार गरेको भन्ने सम्बन्धी विवादमा सो ट्वाइलेट मर्मत कार्यको लागि रु. १९,०००।- मिस्त्री तथा लेवरका लागि र रु. २०,०००।- मर्मत, सम्भार सरसामानको लागि खर्च भएकोमा उक्त ट्वाइलेटको लागि सामान कोटेशनमा खरीद भएको, सबैभन्दा कम दर भएको कोटेशनवालालाई काम दिनुका साथै सो सामान सबै प्रयोग भएको ।

१७. परराष्ट्र मन्त्रालयमा अस्थायी कर्मचारीलाई विदेश तालिममा पठाउने गरेको सम्बन्धमा प्रारम्भिक छानविन हुंदा नायव सुब्बा श्रीमती पवित्रा उप्रेतीलाई जापानमा जापानी भाषा तालिमको लागि पठाउन उप सचिव जगदीश प्रसाद अर्यालले टिप्पणी पेश गरेको र तत्कालिन सचिव हाल महामहिम राजदूत श्री कुमार ज्ञवालीले टिप्पणी सदर गर्नु भएको पाइयो । प्रस्तुत विवादमा नेपाल कानून जानी जानी लापरवाही तरिकाले उपेक्षा गरी ज्यालादारी कर्मचारीलाई विदेश तालिममा पठाउने कार्य कानूनतः अनुचित कार्य गरेको देखिएकोले सम्बन्धित ऐन, कानूनका प्रावधानहरु (निजामती सेवा ऐन तथा तत्सम्बन्धी नियमावली) केही नदर्शाई मनोनयनको लागि नाम किटान गरी टिप्पणी उठाउने उप सचिव जगदीश प्रसाद अर्याल र टिप्पणी सदर गर्ने तत्कालीन सचिव कुमार ज्ञवालीलाई आइन्दा यस्तो कार्य नगर्नु भनी सचेत गराउने र निजामती सेवा सम्बन्धी कानूनद्वारा निर्धारित मापदण्ड विपरितको कार्य अन्य मन्त्रालयहरुबाट पनि हुन नदिने व्यवस्था गर्ने गराउने तर्फ सामान्य प्रशासन मन्त्रालय तथा मन्त्रिपरिषद् सचिवालयलाई लेखिएको ।

१८. जलश्रोत मन्त्रालयबाट डबल क्षमता भएको र सस्तो परवानीपुरको डिजेल प्लान्ट नलिई महंगो पर्ने दुहवीको मल्टिफ्युल प्लान्टको क्षमता बृद्धि गर्ने निर्णय गरेको भन्ने विषयको उजुरी निवेदनका सम्बन्धमा निम्न अनुसार गरिएको :

(क) विद्युत मागको प्रक्षेपणको लागि एउटै आधार लिई विश्व बैंक र नेपाल विद्युत प्राधिकरणले गणना गर्दा फरक निष्कर्ष निकाल्ने गरेको भन्ने सम्बन्धमा विश्व बैंकको प्रक्षेपणमा सुधारात्मक प्रकृयाहरुको अवलम्बन गरी घटाउन सकिने परिमाण समेत कटौती गरी मागको निर्धारण गर्ने गरेको तर नेपाल विद्युत प्राधिकरणले त्यसप्रकारको व्यवहारिक रुपले तत्काल सम्भव नहुने परिमाणलाई नघटाईकनै मागको निर्धारण गर्ने गरेको हुंदा यी दुई प्रक्षेपणमा देखिने गरेको अन्तरलाई अन्यथा भनिरहनु पर्ने देखिन नआएको ।

(ख) प्रमुख रुपमा पीक लोडको समयको मागको आपूर्ति गर्न सामान्यतया दिनको १० घण्टासम्म सञ्चालन गर्ने गरी विद्युत उत्पादन गर्न डिजेल प्लान्ट स्थापना गर्ने विकल्पको चयन गरी सम्माननीय प्रधानमन्त्रीबाट फिनलैण्ड भ्रमणको अवसरमा सहयोगको अपेक्षा गर्नु भए अनुरुप फिनिश सरकारले उपलब्ध गराएको सहुलियत दरको ऋण सुविधा अन्तर्गत सोही मुलुकबाटै इन्जिनहरु खरदि गर्नु पर्ने शर्त सहितको सम्झौता भएको र फिनलैण्डमा त्यस्तो क्षमताको इन्जिन उत्पादन गर्ने एक मात्र कम्पनी वार्टशिला नै भएकोले टेण्डर नगरी सीधै सो कम्पनीबाट प्रस्ताव माग गरेको पनि औचित्यपूर्ण नै देखिन आयो । यसमा विविध प्रयासबाट मूल्य घटाउने कार्य गरी शुरुको प्रस्तावमा भन्दा करिब १५ प्रतिशत कम मूल्यमा सम्झौता भएकोले परवानीपुरमा स्थापना गर्ने भनिएको संयन्त्र भन्दा महंगो परेको भन्ने आरोपको पनि पुष्टि हुन सक्ने आधार रहेको देखिन आएन ।

(ग) परवानीपुरको प्लान्टको ग्लोबल टेण्डर गरी पछि आएर ठेक्का नै रद्द गरेको सम्बन्धमा प्राप्त प्रस्तावहरुमा ऋण उपलब्ध गराउंदा प्रस्तावित चर्को व्याज दर, ऋण लगानीको प्रत्याभूतिको अनिश्चितता आदि कारणले निर्णय कार्यमा ढिलाई भइरहेकै स्थितिमा अरुण आयोजना रद्द भई विश्व बैंकले रोक्का राखेको १० मे.वा. भन्दा ठूला आयोजनाहरु पुरा गर्न सकिने स्थिति उत्पन्न भएकोले तापीय संयन्त्र स्थापना गरिरहन आवश्यक नै नहुने भई सो टेण्डरको औचित्य समाप्त भएकोले टेण्डर रद्द गरेकोलाई पनि अन्यथा लिनु पर्ने देखिन आएन ।

१९. नौलो गोमा ज्ञान ट्रेडर्स (प्रो.गोमा न्यौपाने, साविक सल्लेरी गा.बि.स.वडा नं ६ हाल नागीन गा.बि.स. वडा.नं. ३ जिल्ला पांचथर वस्ने टंक न्यौपानेकी श्रीमती) ले राष्ट्रिय वाणिज्य बैंक मुख्य शाखा कार्यालय विशालवजारमा मिति १९।१०।१९९३ (३ कार्तिक २०५०) मा खोलेको आयात प्रतितपत्र नं २९।८८४ बाट सामान आयात नगरी नक्कली कागजात पेश गरी राजश्व छल्नुका साथै नेपाली व्यापारीहरुको विश्वसनीयतामा समेत भारतमा नकारात्मक असर परेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा नौलो गोमा ज्ञान ट्रेडर्सले शत प्रतिशत नगद मार्जिनमा खोलेको उक्त पतितपत्रबाट सामान आयात गर्न रा.वा. बैंक मुख्य शाखा कार्यालयले मिति ०५०।८।२० मा २१३३ नं बाट अमेरिकी डलर १९,१६६।७६ र नं२१३४ बाट ४४,६९८।२४ को वि.वि.नि.फा नं ४ भैरहवा भन्सार कार्यालयको नाममा जारी गरेकोमा उक्त भन्सार कार्यालयमा २८ डिसम्वर १९९३ (१३ पौष २०५०) मा ३६१ र ३६२ नं को इन्ट्री संख्या बाट सामान पैठारी गरेको भनी भन्सार अधिकृत र भन्सार कार्यालयको छाप लगाई प्रमाणित गरिएको भनी बि.बि.नि.फा.नं ४ बैंकमा बुझाई बि.बि.नि.फा.नं. ४ जारी गर्दा धरौटी वापत बैंकमा राखेको रु. ६४,०००। समेत नौलो गोमा ज्ञान ट्रेडर्सकी प्रोप्राइटर गोमा न्यौपानेले फिर्ता लिएको देखिन्छ । तर सामान पैठारी गरे नगरेतर्फ भन्सार कार्यालय बुझ्दा प्रमाणित भनिएको बि.बि.नि.फारामम उल्लेखित ३६१ र ३६२ नं को इन्ट्री संख्या झूठो भएको र सामान पैठारी गरेको भनी उल्लेखित मितिमा इन्ट्री संख्या २५७ मात्र पुगेको, उक्त अवधिमा सामान आयातका लागि तोकिएको भैरहवा भन्सार कार्यालयको बाटोबाट उक्त फर्मले कुनै सामान पैठारी नगरेको, बैंक समक्ष प्रमाणित भनी नौलो गोमा ज्ञान ट्रेडर्सका तर्फवाट पेश गरेको बि.बि.नि.फा.नं. ४ मा लागेको भैरहवा

भन्सार कार्यालयको छाप र भन्सार अधिकृतको दस्तखत वास्तविक नभएको भनी भन्सार बिभागको च.नं. १३३२ मिति ०५४।७।१२ को पत्रबाट लेखि आएको, बिवादित बि.बि.नि. फाराममा भएको दस्तखत मेरो होइन भनी भन्सार अधिकृत डिकरदेव भट्टले बयान गरेको तथा भन्सार अधिकृतको दस्तखत बिबादास्पद बि.बि.नि.फाराममा भएको दस्तखतसंग नमिल्ने भनी राष्ट्रिय विधि बिज्ञान प्रयोगशाला (रोनाष्ट) बाट प्रतिवेदन प्राप्त भएको समेत आधारबाट माथि उल्लेखित प्रतितपत्र नं २९।८८४ बाट प्रतितपत्रमा उल्लेखित सामान नेपाल आयात नभएको र नौलो गोमा ज्ञान ट्रेडसीकी प्रो. गोमा न्यौपानेले किर्ते तथा झूठो विवरण पेश गरी बि.बि.नि.फाराम जारी गर्दाको अवस्था राखेको धरौटीसमेत फिर्ता लगेको तथ्य स्थापित हुन आयो ।

प्रतीतपत्र खोल्ने र धरौटी फिर्ता गर्ने क्रममा संलग्न कर्मचारीहरुले भ्रष्टाचार गरे नगरेतर्फ बिचार गर्दा शत प्रतिशत नगद मार्जिनमा प्रतितपत्र खोलेको कार्य राष्ट्र बैंकको नीति निर्देशन अनुरुपनै गरेको देखिएको र बि.बि.नि.फा.नं.४ जारी गर्दा राखेको धरौटी रकम भन्सार कार्यालयको छाप र भन्सार अधिकृतको दस्तखत भएको आधारमा फिर्ता गरेको पाईएको तथा प्रस्तुत वारदात हुंदाका अवस्था भन्सार अधिकृतको दस्तखत नमूना बैंकमा उपलब्ध हुने परिपाटी वा व्यवस्था नरहेबाट दस्तखत नमूना जाच्न सकिने स्थिति नभएकोले यस परिस्थितिमा कर्मचारीहरुवाट सम्पादित कार्य स्वाभाविकनै भएकोले निजहरुले भ्रष्टाचार गरेको तथ्य प्रमाणित हुन आएन । यसरी नै भन्सार अधिकृत डिकरदेव भट्टको दस्तखत किर्ते गरेको तथ्य कार्यालयको अभिलेख, निजको इन्कारी बयान र रोनाष्टको प्रतिवेदन समेतबाट प्रमाणित हुन आएकोले निजले कुनै किसिमको कसूर गरेको देखिएन ।

तसर्थ, राजश्व चुहावट गरेको र बिदेशी विनिमय प्राप्त गर्दाको शर्त बिपरित कार्य गरेको बिषयमा राजश्व चुहावट नियन्त्रण (अनुसन्धान तथा नियन्त्रण) ऐन, तथा विदेशी मुद्रा प्राप्त गर्दाको शर्त बिपरित बिदेशी विनिमयको प्रयोग गरेको विषयमा विदेशी बिनिमय (नियमित गर्ने) ऐन, २०१९ अन्तरगत गोमा न्यौपानेलाइ कारवाही गर्न राजश्व अनुसन्धान बिभागमा, सरकारी छाप र दस्तखत समेत किर्ते गरेको विषयमा गोमा न्यौपाने समेत उपर सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ अन्तरगत कारवाही गर्न जिल्ला प्रहरी कार्यालय काठमाडौमा र नौलो गोमा ज्ञान ट्रेडर्सको नामबाट दर्ता भएको उक्त फर्मको दर्ता खारेज गर्न र भविष्यमा निज गोमा न्यौपाने वा निज संलग्न भएको कुनै फर्म दर्ता नगर्ने व्यवस्था मिलाउन वाणिज्य बिभागमा लेखिएको तथा प्रस्तुत वारदातमा संलग्न रा.वा.बैंकका कर्मचारीहरुको अभिलेख राख्नसमेत लेखिएको ।

२०. नेपाल कोल लिमिटेडका संचालक समितिको २०५२।९।२० को २५७ औं बैठकबाट उदयपुर सिमेण्ट कारखानालाई स्ल्याक कोइलाको साइट डेलिभरी दिने प्रति मे.टन मूल्य रु. ४३७६।३० निर्धारित भएकोमा सो निर्णय विपरित २०५२।१०।२९ मा रु. ४१५५।- मा दिने गरी सम्झौता गरी कोइला बिक्री गर्दा प्रति मे.टन रु. २२१।३० ले ५१०० मे.टनको रु. ११,२८,६३०।- कम्पनीलाई नोक्सान पारी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा उदयपुर सिमेण्ट कारखाना पनि श्री ५ को सरकारको शत प्रतिशत स्वामित्व भएको कम्पनी भएकोले दुई सरकारी कम्पनी बीच कोइलाको मूल्य निर्धारण सम्बन्धमा दुवै थरी बसी मोल भाडा भरौट आदि विस्तृत Costing गरी सम्झौता भएको र नेपाल कोल लिमिटेडको २०५२।१२।९ को संचालक समितिको निर्णयले सो सम्झौतालाई समर्थन गर्दै थप ५००० टन कोइला पनि उक्त दरमा नै दिने निर्णय गरेको देखिंदा भ्रष्टाचार भएको नदेखिएको ।

२१. नेपाल आयल निगमका केही उच्च पदस्थ कर्मचारीहरु समेतले आ.व. २०५०।५१ मा दमकल एवं जेनेरेटर खरीद गर्दा अनियमित गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान हुंदा निम्न बमोजिम गरिएको :

निगमले अमलेखगन्जको लागि बृजवासी कम्पनी नयांदिल्ली भारतसंग खरीद गरी संचालनमा ल्याएको दमकल, किर्लोस्कर क्यूमिन्स कम्पनीबाट १०० किलो भोल्ट एम्पाएरको जेनेरेटर र विराटनगर स्थित निगमको कार्यालयको लागि किर्लोस्कर आयल लिमिटेडबाट खरीद गरी ल्याएको ५० किलो भोल्टको जेनरेटर सेट पुरानो खरीद गरी संचालनमा ल्याएको हो कि भन्नेतर्फ विचार गर्दा निगमले दमकलको लागि कुनै खास कम्पनीको चेसीस र इन्जिनको माग राखी टेण्डर आह्वान नगरेको र बृजवासी कम्पनीले टाटा एल.पी.टी. १२१० इ. मोडल नम्बरको चेसीसमा दमकलको बडी बनाई सप्लाई गर्ने भनी शर्त राखी टेण्डर भरेको र निगमको तर्फबाट सोही टेण्डर स्वीकृत गरेको, बृजवासी टिटेक उद्योग लिमिटेडबाट प्राप्त टाटाको अधिकार प्राप्त विक्रेताको Latest Make and Model खुलेको बिक्री प्रमाण पत्र, Road Worthiness Certificate को साथै यातायात व्यवस्था विभागको दमकल दर्ता प्रमाण पत्रबाट समेत उक्त दमकल १९९४ सालको नै भएको देखिन आएकोले पुरानो दमकल खरीद गरेको भन्न सकिने फायल साथ संलग्न कागजातहरुबाट देखिन आएन ।

त्यस्तै अमलेखगन्ज र विराटनगरमा जडान गरी संचालनमा ल्याएको १०० किलो भोल्ट एम्पाएर र ५० किलो भोल्ट एम्पाएरको जेनेरेटर सम्बन्धमा Sterling Sales Co. (P.) Ltd. को मिति १७।६।०५३ र ८ अप्रिल १९९८ को पत्रमा उल्लेख गरेको इन्जिनको किसिम र निर्माण भएको साल १९९४ संग आयोगको तर्फबाट खटिई गएका प्राविधिकहरुबाट पेश भएको प्रतिवेदनमा उल्लेख गरेको इन्जिन नं.संग मेल खाएको देखियो । १०० के.भी.ए. + ८० के.डव्ल्यू. को जेनेरेटर हुनु पर्नेमा ११० के.भि.ए. + ८८ को जेनेरेटर खरीद गरेको भन्ने तर्फ टेण्डर फारामको शर्तमा नै ५ % सम्म घटी बढी हुन सक्ने भनी टेण्डर प्रकाशन भएको हुंदा ११० के.भि.ए. + ८८ किलोवाटको जेनेरेटर खरीद गरेकोलाई अनियमित

किसिमबाट खरीद गरी भ्रष्टाचार गरेको भन्न सकिने स्थिति देखा परेन । किर्लोस्कर कम्पनीबाट निर्मित आर.वी.७७ इन्जिनले अधिकतम ७६ वि.एच.पि. (Brake Horse Power) सम्म निकाल्ने (जसले ५० के.भि.ए. को जेनेरेटर चलाउंदछ भन्ने आर.वी. ६६ SRT भनिने गरिएको) किर्लोस्कर कम्पनीको अधिकृत विक्रेताबाट प्राप्त पत्रबाट थाहा हुन आएकोले निगमबाट खरीद गरेको जेनेरेटर पुरानो खरीद गरिएको भन्न सकिने तथ्य फायल साथ संलग्न कागजातबाट पुष्टि हुन आएन ।

अनियमित किसिमबाट खरीद गरेको भन्ने पुष्टि हुन नआए तापनि अनुसन्धानको सिलसिलामा हेर्दा विराटनगर तथा अमलेखगन्जमा रहेको जेनेरेटरहरुको समयमा आम्दानी नबांधिएको, वेवारीसी जस्तो अवस्थामा उपयोग भै रहेको, जेनेरेटरको बाहिरी भागमा खिया लागेको, कन्ट्रोल प्यानलमा जडान भएको ए.भि.आर. (Automatic Voltage Regulator) ले काम नगरेको संचालन सम्बन्धी लगबुक नराखेको, इन्धनको सुरक्षाको लागि चाहिने Anti Vibration Mounting सम्म राख्ने प्रयास नगरेको दमकलको खरीद अवस्थामा रहेको क्याविनको फ्लोरको रवरम्याट पनि हराएको साथै दमकलको सही प्रयोजन अर्थात अग्नी निवारणार्थ तयारीका साथ रहनु पर्नेमा पिउने पानी वितरणको कार्यमा प्रयोग भै रहेको आदि कारणहरुबाट निगमको व्यवस्थापन पक्षले सामान खरीद गर्ने तर्फ तदारुकता देखाउने तर खरीद भएका मेशीनरी सामानहरुको राम्रोसंग व्यवहार सम्भार गर्ने र उद्देश्य अनुरुप प्रयोग गर्ने तर्फ सक्रियता नदेखाई हेलचक्राई गरी संस्थानको सम्पत्ति रक्षा गर्ने तर्फ ध्यान नदिएको देखिन आएकोले यस तर्फ तुरुन्त व्यवस्था हुन श्री ५ को सरकार आपूर्ति मन्त्रालय तथा नेपाल आयल निगममा लेखिएको ।

२२. नेपाल टेलिभीजनले आ.व. २०५३।५४ मा बिक्री गरिने विज्ञापन समयलाई सरकारी समाचार पत्रहरुमा सार्वजनिक सूचना प्रकाशित नगरी आफ्नो मानिसलाई सोझै कम दरमा विज्ञापनको लागि समय बिक्री गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा नेपाल टेलिभिजनको कार्यक्रमहरु प्रायोजित गर्ने सिलसिलामा नेपाल टेलिभिजनलाई हानी नोक्सानी पार्ने कुनै कृयाकलाप भएको देखिन आएन । गोप्य सिलबन्दी प्रस्ताव प्राप्त भएपछि प्रस्तावकले राखेको शर्तहरु उपयुक्त नभएको कारणबाट समय प्रायोजन गर्न नदिए पनि सोको टुंगो लगाएर मात्र पुनः प्रस्तावित निवेदनलाई कारवाईमा राख्नु पर्नेमा सो नगरी बढाबढ गरेको कार्यसम्म को त्रुटिलाई अन्यथा गरेको भन्न न्यायोचित नहुने देखिन्छ । तर विज्ञापन एजेन्सीहरुलाई कार्यक्रम प्रायोजित गर्ने सिलसिलामा गोप्य प्रस्ताव पेश गर्न सूचना प्रकाशित गर्दा ज्यादै छोटो अवधि दिने गरेको देखिंदा यस सम्बन्धमा उचित समयको व्यवस्था गर्न एवं बढाबढ गर्दा बढाबढको कागजमा प्रत्येक पानामा बढाबढको अंक बोल्ने सम्बन्धित व्यक्तिको पनि हस्ताक्षर हुनु पर्ने सम्बन्धमा ध्यानाकर्षण गर्न नेपाल टेलिभीजनलाई लेखिएका । यसै क्रममा नेपाल टेलिभीजनको व्यापार निर्देशिका २०५१ खारेज गरी अर्को व्यापार निर्देशिका २०५४ बनाएको पाइन्छ । नेपाल टेलिभीजन पनि सूचना तथा संचार मन्त्रालय मातहतको एक सरकारी संस्थान भएकोले संचार संस्थान ऐन, २०२८ लागू हुने संस्थान देखिन आएको छ । संचार संस्थान ऐन, २०२८ को दफा ३५ मा श्री ५ को सरकारले नियमावली बनाउने र सो नियमावली अनुसार दफा ३६ ले संस्थानले विनियमावली बनाउन सक्ने कानूनी प्रावधान रहेको पाइन्छ । नेपाल टेलिभीजन को व्यापार निर्देशिका बनाउंदा संचालक समितिले आफ्नो उद्देश्य पूरा गर्ने मनसाय राखी बनाउन सक्ने व्यवस्था भए पनि सो निर्देशिका बनाउन पाउने कानूनी श्रोत उल्लेख गर्न अत्यावश्यक हुन्छ । अतएवः त्यस्तो निर्देशिका बनाई श्री ५ को सरकारको स्वीकृति लिई लागू गर्नु पूर्व श्री ५ को सरकारले संचार संस्थान ऐन, २०२८ को दफा ३५ बमोजिमको नियमावली बनाउनु पर्ने र सो नियमावलीका आधार मा दफा ३६ बमोजिम विनियमावली वा निर्देशिका बनाउनु कानून सम्मत हुने देखिंदा सो अनुरुपको व्यवस्था मिलाउन श्री ५ को सरकार सूचना तथा संचार मन्त्रालय र नेपाल टेलिभीजनलाई सुझाव पठाइएको ।

२३. नेपाल टेलिभीजनले कोहलपुर स्टुडियोको उपकरण खरीद गर्दा अनियमित कार्यहरु गरि अख्तियारको दुरुपयोग गरेको भन्ने विषयमा अनुसन्धान हुंदा निम्न अनुसार गरिएको :

१. यस स्टुडियोको उपकरणहरु आपूर्तिको लागि जम्मा ४ वटा टेण्डरहरु प्राप्त भएको मध्ये मुक्तिनाथ ट्रेड कन्सर्न र मित्सुई कं.लि. दुवैको टेण्डरहरु प्राविधिक दृष्टिकोणले स्वीकार्य भएकोमा मुक्तिनाथ ट्रेड कन्सर्नको प्रस्ताव आर्थिक रुपमा स्वीकार्य भए पनि निर्माताको Authorization letter समावेश नभएको country of Origin को हकमा निर्माता कम्पनीबाट निर्मित उपकरण नै सप्लाई गर्ने उल्लेख भएको र नेपाल टेलिभिजनका प्राविधिज्ञ वा नीति निर्मातालाई Shipment गर्नु अघि Acceptance certificate को लागि सिंगापुर गई स्वीकृति प्रदान गरेपछि मात्र सिपमेण्ट गर्ने सम्बन्धी प्रस्ताव प्राप्त भएकोले Authorization Letter प्राप्त नभएको आधारमा मात्र महंगो भाउमा खरीद गर्न उपयुक्त नभएको भन्ने र नेपाल टेलिभीजनको दीर्घकालीन हीतलाई समेत ध्यानमा राखी समितिबाट नै उपयुक्त निर्णय लिन उपयुक्त हुने ठानी व्यवस्थापनबाट टेण्डर खोलिए पछि पेश गरेको शर्तलाई संचालक समितिले कुनै कारण उल्लेख नै नगरी मुक्तिनाथ ट्रेड कन्सर्नको उक्त बेरीतको Authorization Letter नभएको टेण्डर स्वीकृत गरेको देखिएकोले सो गर्ने तत्कालीन संचालक समितिका संचालक किशोर नेपाल, रवीन्द्रलाल श्रेष्ठ, गीताप्रसाद खनाल र सम्झौता विपरित २० प्रतिशतको रकम भुक्तानी र Warrenty Period भित्रै Performance Bond को फुकुवा निमित्त पेश हुंदा भुक्तानी एवं फुकुवाको निर्णय समेत गर्ने महाप्रवन्धक तपानाथ शुक्लालाई आइन्दा यस्तो काम कारवाई गर्दा सतर्कता अपनाउन संचालक समिति, नेपाल टेलिभीजनलाई लेखिएको ।

२. टेण्डर आह्वानको सूचना प्रकाश गर्दा उल्लेख नभएको तर उल्लेख गरिनु आवश्यक ठहऱ्याई प्रकाश गरिएको

संशोधित सूचना बमोजिमका कागजात सामानको Country of Origin, Letter of Authorization from the Manufacturer टेण्डर साथै पेश नभएका टेण्डरलाई पनि मूल्यांकनमा समावेश गरी Responsive Tender को रुपमा पेश गरेको समेत देखिएकोले सो गर्ने मूल्यांकन समितिका महेन्द्र बहादुर श्रेष्ट, पुकार जोशी र कीर्ति प्रसाद जोशीलाई सचेत गराउन र सम्झौताको दफा १९ अनुसार Acceptance Certificate Issue नहुँदै दफा ९ को विपरित २० प्रतिशत रकम भुक्तानी निमित्त र यस आयोगबाट कारवाई भै रहेको कुरा समेत थाहा हुंदा हुँदैको अवस्थामा पनि Warranty Period भित्रै सम्झौताको दफा २० को विपरित Performance Bond फुकुवाको लागि राय साथ पेश गरेको देखिएकोले आफ्नो काम कर्तव्य प्रति वेवास्ता र लापरवाही साथ राय पेश गर्ने अर्थ तथा प्रशासन महाशाखाको निर्देशक मदन कुमार शर्मा र लेखा शाखा प्रमुख कीर्ति प्रसाद जोशीलाई नेपाल टेलिभीजनको कर्मचारी सेवा शर्त विनियमावली, २०४६ को परिच्छेद ९ को विनियम ९.१ को देहाय (क) बमोजिमको सजाय निमित्त विभागीय कारवाई गर्ने अध्यक्ष, संचालक समिति, नेपाल टेलिभीजनलाई लेखिएको ।

२४. ओखलढुङ्गा जि.वि.स. मा विकास निर्माणको लागि आ.व. ०४९।५० मा अनुदान स्वरुप उपलब्ध भएको रकम आर्थिक वर्षको अन्तमा निर्माण सम्पन्न हुन नसक्नेमा १२।१४ दिन भित्रमा योजना छनौट, उपभोक्ता समिति गठन, लगत इष्टिमेट र बिल भुक्तानी समेत गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा निर्माण भएको घोडेटो बाटेहरु सम्झौता हुनु भन्दा अगाडीको मिति राखी पेश हुन आएको बिल भरपाईहरु देखिएकोबाट उजुरीलाई अन्यथा भन्न सकिदैन तापनि मूल रुपमा निर्माण कार्य लागत इष्टिमेट अनुरुप भए गरेको वि.प्र.वि.बाट खटिएका इन्जिनीयरको स्थलगत निरीक्षण एवं मूल्यांकन प्रतिवेदनबाट देखिन आएकोले केही गरी रहन पर्ने देखिएन । सुनकोशी एकवार घोडेटो बाटोको सम्बन्धमा जि.वि.स.बाट छानविन गरी उपभोक्ता समितिका अध्यक्षबाट रु.८७,०००।- हजार फिर्ता गरी योजनाको कोषमा जम्मा गरेको भन्ने समेत जिल्ला प्रशासन कार्यालयको च.नं. १६७६ मिति २०५३।७।३ को पत्रबाट देखिएकोले जिल्ला प्रशासन कार्यालयबाट सोको अनुगमनको लागि लेखिएको ।

२५. पेट्रोलियम पदार्थ भण्डारण गर्न निर्माण हुने स्टोरेज टैंकी जस्तो अति सम्बेदनशील वस्तुको लागि खरीद गरिएको स्टील प्लेट स्पेसिफिकेशन अनुसारको गुणस्तरको माल नलिई निम्न गुणस्तरको माल लिई रु. १२ लाखको भ्रष्टाचार गरी नेपाल आयल निगमलाई हानी नोक्सानी पुऱ्याएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा २० डिसेम्बर १९९५ मा माइल्ड स्टील प्लेट खरीद गर्नको लागि टेण्डर आव्हान भए बमोजिम ६३०० X १५०० X ५ मी.मी.को ३९५ थान (१.४५.५ मे.टन) टेण्डर डकुमेण्ट बमोजिमको स्टील प्लेट सबैभन्दा कम दर रेटमा जम्मा रु. ६२,९९,५००।- मा सम्झौता अवधि २ महिना भित्र सप्लाई गर्ने गरी हुलास स्टील कम्पनी र नेपाल आयल निगम बीच २०५३।७।१८ मा सम्झौता भएकोमा हुलास स्टील इण्डष्ट्रीजले स्टील पाताहरु भारतको टाटा आइरन एण्ड स्टील कम्पनीबाट लिई सप्लाई गर्ने गरेकोमा केही स्टील पाताहरु टाटा आइरन एण्ड स्टील कम्पनीबाटै स्टील प्लेट पठाउन ढीला हुने कारण सहितको पत्रसहित हुलास स्टील कम्पनीले आयल निगमसंग केही स्टील पाता बुझाउन समय बढाउन माग गरे बमोजिम निगमका कार्यकारी निर्देशकले निगमको आर्थिक प्रशासन सम्बन्धी विनियमावलीको नियम ४.८.८ तथा ४.८.९ का अधिनमा रही दुई पटक गरी ९ महिना २० दिन समयावधि थप गरे पश्चात् ३८३ थान स्टील पाताहरु उपलब्ध गराई सोही अनुरुपको भुक्तानी लिएको देखिन्छ । सम्झौता अनुसार ३९५ थान स्टील पाता निगमलाई उपलब्ध गराई दिनु पर्नेमा ३८३ थान मात्र उपलब्ध गराइएको वारे पनि दश प्रतिशत कभरेज मार्जिन भित्र पर्ने कुरा निगमले आयोगलाई लेखेको च.नं. १४७ मिति ०५४।४।९ को पत्र एवं सम्झौता पत्रले स्वीकारेको टेण्डर डकुमेण्टको सम्झौताको शर्तको प्रकरण ५ मा समेत व्यवस्था भएकोले र निगमलाई हुलास स्टील मार्फत् प्राप्त भएको स्टील प्लेट नेपाल गुणस्तर विभागबाट परीक्षण गराउंदा मोटाई ५ मी.मी. हुनु पर्नेमा ४.९६ मी.मी. भएको समेत उक्त १० प्रतिशतको कभरेज मार्जिन भित्र पर्ने भै यसमा रकम लिनु खानु गरी बदनियत पूर्वक कम गुणस्तरको स्टील पाता उपलब्ध गराएको भन्ने कुनै पनि प्रमाण नभेटिएको ।

२६. रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) ले फ्याक्स मेशीन, फोटोकपी मेशीन, कम्प्यूटर र एससेरिज सामान खरीद गर्दा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा रेडियो नेपालले आ.व. २०५१।५२ मा मिति २०५१।६।५ को निर्णय अनुसार समितिलाई आवश्यक पर्ने फ्याक्स मेशीन प्यासिफिक इन्टरनेशनल ट्रेडिङ्ग कम्पनी प्रा.लि.बाट ४ सेट (थान), लेनियर ब्राण्डको फ्याक्स मेशीन प्रति सेट रु. ८५,०००।- का दरले जम्मा रु. ३,४०,०००।- मा र मिति २०५२।८।१० को निर्णयले सोही कम्पनीबाट २ थान, सोही ब्राण्डको फ्याक्स मेशीन प्रति सेट रु. ८५,०००।- का दरले नै खरीद गरेको देखियो । साथै मिति २०५१।१०।३ को निर्णयानुसार मर्कन्टाइल ट्रेडर्स काठमाडौंबाट मिता डि.सी. फोटोकपी मेशीन रु. २,४५,०००।- मा र मिति २०५३।१।४ को निर्णयले कम्प्यूटर र एसेसरीज १,१३,८००।- मा खरीद गरेको देखियो । मर्कन्टाइल ट्रेडर्सबाट प्राप्त मिता डि.सी. फोटोकपीको मिति १९९७ अप्रिल २० को कोटेशनमा रु. २,७७,५००।- उल्लेख भएको देखियो । मिता डि.सी. फोटोकपी र कम्प्यूटर एसेसरिज सामानका सम्बन्धमा ३ वर्ष पछिको मूल्य समेतलाई हेर्दा बढी मूल्यमा खरीद गरेको भनी भन्न सकिने अवस्था देखिएन । प्यासिफिक इन्टरनेशनल प्रा.लि. बाट खरीद भएको फ्याक्स मेशीनको मूल्य रु. ८५,०००।- का दरले खरीद भएको र मर्कन्टाइल ट्रेडर्सको कोटेशनमा पनि फ्याक्स मेशीनको मूल्य रु. ८५,०००।- नै देखिंदा रेडियो नेपालले ०५१।५२ र ०५२।५३ मा खरीद भएका जम्मा ६ थान फ्याक्स मेशीन समेत रेडियो नेपालको आर्थिक नियमावली, २०४९ अन्तर्गत नै देखिएको तर उक्त नियमावली हेर्दा परिच्छेद

५ मा "खरीद बिक्री तथा निर्माण सम्बन्धी व्यवस्था" शिर्षक अन्तर्गत नियम ५.२ खरीद गर्ने तरीका भनी उप नियम १ मा विभिन्न मूल्यको तालिका सहित सोझै खरीद गर्न सकिने, गोप्य दरभाउ पत्र र बोलपत्रद्वारा खरीद गर्न विधि तोकिएको पाइयो । त्यसपछि उप नियम २ मा वैकल्पिक व्यवस्था गरिएकोमा नियम २ को संरचना गर्दा २ नियम ५.२.१ को खण्ड (ग) मा हुनु पर्नेमा २ नियम २ को उप नियम (ग) भनिएकोबाट नियमको संरचना मिलेको देखिएन । साथै नियम ५.५ दर भाउ पत्रद्वारा खरीद गर्ने सम्बन्धमा शीर्षक पछि १ को अंक आवश्यक नभएको र नियम ५.२.१ को खण्ड (ख) बमोजिम भन्नु पर्नेमा नियम ५.२ को खण्ड (ख) भनिएबाट नियमावलीको नियम, उपनियम र खण्ड संरचना भ्रमपूर्ण देखिन आएकोले सो नियमावलीमा आवश्यक सुधार गर्न अध्यक्ष, संचालक समितिलाई लेखिएको ।

२७. राष्ट्रिय वाणिज्य बैंकका तत्कालीन महाप्रवन्धक लक्ष्मणबहादुर हमालको ठाडो तोक आदेशले बैंकका शाखा कार्यालयबाट लगानी गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगबाट संदिग्ध लगानी असूल उपरको कारवाई समेत गर्न र सो क्रममा यस आयोगबाट कारवाई गर्नु पर्ने केही देखिन आएमा लेखी पठाउने गरी ०४९।११।५।३ मा निर्णय भई उजुरीको लगत कायमै रहेकोमा हालसम्म यस आयोग र बैंकबिच भएको लेखापढी समेतबाट सो लगानी बमोजिमका उठ्राती रहेका कतिपय कर्जाहरु चुक्ता भै सकेको र बांकी कर्जाहरुको असूलीसम्बन्धी कारवाई भइरहेको भन्ने जानकारी प्राप्त भै रहेको हुंदा बांकी रहेका कर्जाहरुको लगानी सम्बन्धमा बैंकबाट आयोगको उक्त निर्णयानुसार भ्रष्टाचार भएको भनी बैंकबाट लेखी आएमा उसै अवस्थामा कारवाई गर्नेगरी आयोगले अनुसन्धान जारी नै राख्नु पर्ने स्थिति नदेखिएको ।

२८. हेटौडा पशु आहार उत्पादन समितिका तत्कालीन मैनेजर डा.बज्रकिशोर साहले आफ्नो कार्यकालमा भ्रष्टाचार गरेकोमा सोको छानविन भै कृषि मन्त्रालयमा फाइल उठेकोमा तत्कालीन रा.प.प्रथम श्रेणी र सोभन्दा माथिका अधिकारीहरुले भ्रष्टाचार गरी सोको कारवाई स्थगित गराई श्री ५ को सरकारलाई ठूलो हानी नोक्सानी गर्न लगाएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा महालेखा परीक्षकको विभागबाट वेरुजु रकम कायम भै आर्थिक समितिबाट समेत निर्णय भै सकेको देखिएको ।

२९. मिति २०५१।९।२१ मा शा.ने.वा.नि. काठमाडौं हङ्कङ्ग ४०९ उडानको जहाजबाट डेनिस नागरिक क्रेफटिन लुकासले अवैध रुपमा विदेशी मुद्रा लुकाई छिपाई निकासी गर्न लागेको अवस्थामा पक्राउ परी अभियुक्त क्रेफटीन लुकास र निजबाट बरामद भएको विदेशी मुद्रा त्रि.वि.सुरक्षा प्रहरी गार्ड कार्यालयको मिति २०५१।९।२२ को पत्रसाथ कारवाईको लागि राजस्व अनुसन्धान विभागमा बुझाएकोमा राजस्व अनुसन्धान विभागले अभियुक्त क्रेफटिन लुकासविरुद्ध मिति २०५१।१०।२० मा काठमाडौं जिल्ला अदालतमा अभियोग पत्र दाखिल गर्दा कम रकमको दावी लिई अभियोग पत्र दायर गरेको भन्ने सम्बन्धमा अभियुक्तबाट बरामद भएको विदेशी मुद्राहरुमध्ये प्रहरीको प्रतिवेदनमा यू.एस. डलर, टि.सी. ४०० दरको ९० भन्ने उल्लेख भएको बरामदी मुचुल्कामा १० दरको ९० थान बराम भएको उल्लेख भएको देखिंदा प्रहरीको पत्रमा टाइपको गल्तीले ४०० दरको भन्ने उल्लेख भएको बरामदी मुचुल्काबाट देखिंदा बरामदी विदेशी मुद्राहरुको मिति २०५१।९।२१ को विनिमय दर अनुसार जम्मा रु. ७१,१८,९४७।६० विगो दावी गरी अभियोग पत्र दायर गरेको राजश्व अनुसन्धान विभागको कारवाई अनुचित देखिएन । २०५१।९।२२ गते सुरक्षा गार्डको सुराकीको सुराकको आधारमा २ करोड नेपाली रुपैया बराबरको विदेशी मुद्रा बरामद भएकोमा बरामद भएको रकमको कमिशन सक्कली प्रहरीको सुराकीलाई नदिई नक्कली सुराकीको नामबाट कमिशन खाएको भन्ने उजुरीका सम्बन्धमा मिति २०५१।९।२२ मा विदेशी मुद्रा बरामद भएको नभई २०५१।९।२१ को शा.ने.वा.नि. हवाई जहाजको शौचालयमा वेवारिसी अवस्थामा फेला परेको यू.एस. डलर ३ लाख ६० हजार ट्राभल्स चेक २८६०० फेला परेको र सो विदेशी मुद्रा तहांको सुराकी अनुसार चेक जांच गर्दा फेला परेकोले कारवाईको लागि यसै साथ पठाएको छ भनी त्रि.वि. प्रहरी सुरक्षा गार्ड कार्यालयको च.नं. १४५८ मिति २०५१।९।२२ को पत्रबाट राजश्व अनुसन्धान विभागमा पठाएपछि उक्त विदेशी मुद्राका सम्बन्धमा प्रहरीले सो दिन ड्यूटिमा रहेका कर्मचारीहरुसंग सोधपुछ गर्दा रामेश्वर रिजाल र हरि रिजालको संलग्नतामा लुकाएको भनी खुल्न आएकोले कारवाईको लागि रामेश्वर रिजाललाई मिति २०५१।१०।१ मा राजश्व अनुसन्धान विभागमा बुझाएकोमा रामेश्वर रिजाल र हरि रिजाल उपर मुद्दा चलाउने विषयमा कारवाई हुंदा कोही कसै उपर मुद्दा नचलाउने भनी महान्यायाधिवक्ताबाट मिति २०५१।२।२० मा निर्णय भएको र नगेन्द्र संग्रौलाले विदेशी मुद्रा निकासी हुंदैछ भनी गृहमन्त्रीसमक्ष मिति २०५१।९।२१ मा दिएको निवेदन गृहमन्त्रीबाट राजश्व अनुसन्धान विभागका नाममा तोक लागी सो निवेदन राजश्व अनुसन्धान विभागमा मिति २०५१।९।२१ मा दर्ता भएको सकल निवेदन र सुराकी दर्ता किताबबाट देखिएको, प्रहरीले विदेशी मुद्रा राजश्व अनुसन्धान विभागमा बुझाएको मिति २०५१।९।२२ को पत्रमा तहांबाट प्राप्त सुराकी अनुसार बरामद भएको भन्ने उल्लेख भएको, नगेन्द्र संग्रौला वाहेक अरु कसैको निवेदन प्रहरी सुरक्षा गार्ड कार्यालय, राजस्व अनुसन्धान विभागमा परेको नदेखिएको निजले गरेको बयानको हस्ताक्षर मिलेको र निजले राजश्व अनुसन्धान विभागमा पेश गरेको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र आयोगमा पेश भएको नागरिकताको प्रमाण पत्रबाट एउटै व्यक्ति देखिएको र निजको मन्जूरनामा बमोजिम राजस्व अनुसन्धान विभागले कमिशन वापतको रकम मिति २०५२।६।१० मा भुक्तानी गरेको देखिंदा उजुरी बमोजिम प्रहरीको सुराकबाट सो विदेशी मुद्रा फेला परेको नभई नगेन्द्र संग्रौलाको सुराकी निवेदनबाट उक्त रकम बरामद भएको र राजश्व अनुसन्धान विभागले नगेन्द्र संग्रौलालाई कमिशन दिने निर्णय गरी कमिशन उपलब्ध गराएको कारवाई कानून सम्मत देखिंदा नक्कली सुराकीको नामबाट कमिशन खाए भन्ने उजुरी

तथ्यमा आधारित नदेखिएको ।

३०. शाही औषधी लिमिटेडका महाप्रवन्धक आनन्ददेव श्रेष्ठ समेतले विज्ञापन नं. ११०५२।५३ को शाखा अधिकृत तह छैठौं पदका लागि आवश्यकता देखाई माग गरेका विज्ञापनमा अनियमित ढंगबाट परीक्षा संचालन गरी कर्मचारी छनौट गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निम्न अनुसार गरिएको :

(क) ०५३।२।२२ मा प्रशासन अधिकृत तह छैठौं शा.अ. २ पदको विज्ञापन आव्हान गरी सम्पूर्ण परीक्षा लिई परीक्षकले उत्तर पुस्तिका समेत परीक्षण गरी नतिजा प्रकाशन गर्ने अवस्थामा सामान्यज्ञानको उत्तर पुस्तिकामा परीक्षकले दिएको अंक असमान भयो भनि मिति ०५३।७।१८ मा अंक थप गर्न सक्ने आधार बनाई एकपटक ठीक (✓) चिन्ह लगाई पुनः केरमेट गरी सही उत्तरमा ठीक (✓) चिन्ह लगाउनेलाई पूर्णाङ्क नै दिने भनी निर्णय गरी मिमि श्रेष्ठलाई ८ अंक थप गरी लिखित परीक्षामा उत्तीर्ण गराएको । लिखित परीक्षाको नतीजा प्रकाशन गरी अन्तरवार्ता समेत सम्पन्न भै सकेपछि परीक्षार्थीहरुलाई कुनै जानकारी वा सूचना नदिई मिति ०५३।११।२० मा पदपूर्ति समितिको बैठक बसी ३ जनाको अन्तिम नामावली प्रकाशन गरेको । मिति ०५३।७।१८ को निर्णयानुसार अंक थप गर्दा केरमेट गरी पुनः चिन्ह लगाएको भन्ने सम्बन्धमा विधि विज्ञान प्रयोगशालाले समेत पुनः अंक दिएका प्रश्नमा लगाएको ठीक (✓) चिन्हको मसी र चिन्ह लगाउने शैली समेतमा अन्य प्रश्नमा लगाएको ठीक चिन्ह (✓) को शैली र मसीमा भिन्नता पाइन्छ भनि पुष्ट्याई समेत गरेकोले परीक्षकले दिएको अंक मात्र दिंदा मिमि श्रेष्ठ सफल हुन नसक्ने देखी निजले गलत उत्तरमा चिन्ह राखेको चिन्हलाई केरमेट गरी सही उत्तरमा चिन्ह लगाई नम्बर थप गरी अनुचित तरिकाले मिमी श्रेष्ठलाई छनौट गर्ने कार्य गरेको देखिंदा मिमि श्रेष्ठलाई सफल घोषित गरेको कार्यसम्म बदर गरिदिएको छ, अब संचालक समितिले नै कानून बमोजिम गर्नू भनी शाही औषधि लिमिटेडमा लेखिएको । सो पदपूर्ति समितिका अध्यक्ष आनन्द देव श्रेष्ठ, पदपूर्ति समितिका सचिव सुश्री रत्ना जोशी र उद्योग मन्त्रालयका प्रतिनिधि शा.अ. श्याम चालिसेले अ.दु.अ.आ.ऐन, २०४८ को दफा ३ को खण्ड (ग), (घ) र (छ) ले बन्देज गरेको कार्य गरेको देखिन आएकोले निजहरुलाई निजहरुको सेवा शर्त सम्बन्धी ऐनमा उल्लेखित आफ्नो सेवा पद अनुसारको आचरण उल्लंघन गरेकोले विभागीय कारवाई गर्नको लागि तत्कालीन महाप्रवन्धक आनन्द देव श्रेष्ठ हाल स्वास्थ्य मन्त्रालयमा कार्यरत रहेकोले उक्त मन्त्रालयमा विभागीय कारवाईको लागि लेखिएको । उद्योग मन्त्रालयका प्रतिनिधि शा.अ. श्याम चालिसेलाई विभागीय कारवाईका लागि उद्योग मन्त्रालयमा लेखिएको र पदपुर्ति समितिका सदस्य सचिव सुश्री रत्ना जोशीको हकमा विभागीय कारवाईका लागि शाही औषधी लि.को संचालक समितिलाई लेखिएको ।

(ख) पदपूर्ति समितिका अन्य सदस्यहरु अर्जुनमणी आ.दी., निजामती किताबखाना, विमल प्रसाद वाग्ले, उप सचिव, उद्योग मन्त्रालय, कुमार प्रसाद खनाल, दर्शौं तह शाही औषधी लिमिटेड, विनोद आचार्य, शाखा अधिकृत, उद्योग मन्त्रालय र मुरारी बहादुर कार्की उप सचिव अर्थ मन्त्रालयका हकमा पदपुर्ति समितिमा भाग लिएपछि त्यस्तो विवादास्पद उत्तर पुस्तिका र अंक गणनाको कार्य के कस्तो छ नहेरी समर्थन गरेकोले एकपटकलाई सचेत गराउन सम्बन्धित मन्त्रालयमा लेखिएको ।

३१. साझा स्वास्थ्य सेवा काठमाडौंका संचालकहरुले स्तरहीन औषधी बढी मोलमा व्यापार गरेको लगायत विविध कृयाकलाप गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा वि.सं. २०२१ साल देखि नै लागू हुनु पर्ने आर्थिक नियमको व्यवस्था नगरी हचुवा तवरले सामानहरु खरीद गर्ने गरेको भन्ने सन्दर्भमा साझा स्वास्थ्य सेवाको संचालक समितिको ३५९ औं बैठकबाट साझा स्वास्थ्य सेवा कर्मचारी तथा आर्थिक प्रशासन नियमावली, २०५४ पारित भै २०५४ माघ १ गते देखि लागू भै सकेको, पदावधि समाप्त भै सकेर पनि नयां निर्वाचनको व्यवस्था नगरिएको भन्ने सन्दर्भमा निर्वाचनद्वारा संचालकहरुको छनौटका लागि चैत्र २८,२०५४ मा साधारण सभाको आयोजना गरेको भन्ने जवाफ प्राप्त भएको, व्यापार प्रवर्द्धनका लागि वितरित उपहार गोप्य राखिएकोमा सो उपहार वितरण गर्ने कार्यलाई पारदर्शी बनाएको र संचालक नरेश अधिकारीले उपचारको लागि सापटी लिएको रु. ५०,०००।- समेत फिर्ता भै सकेको अवस्थामा आयोगले अनुसन्धानको क्रममा औल्याएको विषयहरुमा साझा स्वास्थ्य सेवाले सुधारात्मक कार्य र व्यवस्थाहरु गरी सकेको देखिन आएको हुंदा आयोगले औल्याएका त्रुटिपूर्ण कार्यहरुमा हाल गरिएको सुधारका लागि साझा स्वास्थ्य सेवाको हालको व्यवस्थापनको कार्यको प्रशंसा पत्र पठाइएको ।

३२. संचारमन्त्री चिरन्जीवी वाग्लेले कमिशन पाउने आशामा ६० हजार टेलिफोन एक्सचेन्ज लाइन खरीद गर्न निर्णय गराएको र सिमेन्स कम्पनी जर्मनी मार्फत खरीद गर्न लागिएका यी एक्सचेन्ज लाइनहरु खरीद गर्दा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा प्रस्तुत विवादमा दूर संचार संस्थानले मिति २०५१।५।२९ मा अवलम्बन गरेको नीति अनुसार दुइटा कम्पनी वेल अल्काटेल तथा सिमेन्स जर्मनीलाई उपकरण खरीदमा बराबर मौका दिनु पर्ने व्यवस्था विपरित सिमेन्स कम्पनीबाट सस्तोमा र वेल अल्काटेल कम्पनीबाट महंगोमा उपकरण खरीद गरेर संस्थानलाई नोक्सानी पारेको सम्बन्धमा मुद्दा चलाउन पर्ने भन्ने रायमा थप अनुसनधान गर्दा पहिलेको राय परिवर्तन गर्नु पर्ने भनी मिति २०५४।४।२२ मा अर्को प्रतिवेदन समेत पेश भएकोले दुवै प्रतिवेदनहरुलाई विवेचना गरी थप अनुसन्धानसहित निष्कर्षमा पुग्दा यथार्थमा प्रस्तुत विवादमा प्राविधिक पक्ष नै सबल देखिएको र दूर संचार संस्थानले उपकरणहरु खरीद गर्दा बेग्ला बेग्लै प्रविधिका उपकरण अलग अलग कम्पनीबाट खरीद गरेको विषयमा दुवैलाई तिर्नु परेको मूल्य एउटै धरातलमा ल्याउन मिल्ने

अवस्था पनि देखिन आएन । किनभने, सिमेन्ससंग खरीद भएका उपकरणहरु पहिले सोही कम्पनीबाट खरीद भएका स्थानमा लाइन थप गर्नलाई मात्र खरीद भएको देखिन्छ भने अल्काटेलसंग खरीद भएका उपकरणहरु छुट्टै नयां एक्सचेन्जको रुपमा जडान गर्न र पछिसम्मलाई स्पेयर पार्टस् को अभाव नहोस् भन्ने हेतुले नमूना एक्सचेन्जलाई दिएको तुलनात्मक मूल्य भन्दा बढी थप सुविधा दिने हेतुबाट खरीद भएको रहेछ भन्ने कुरा प्राप्त हुन आएको विवरणबाट देखिन आएको छ । नमूना एक्सचेन्जका लागि प्रस्तावित उपकरणको जम्मा मूल्य अमेरिकी डलर १५,१८,२७८ लाई तुलनात्मक रुपमा प्रति लाइन प्रति यूनिट अ.ड. १०१.२२ कायम गरिएकोमा नक्सालको ११ हजार लाइन थपका निमित्त खरीद भउका उपकरणहरुमा पेरोफेरल, आलराम इकयूपमेण्ट, रेज्डफ्लोर, डकुमेन्टेशनको मूल्य समावेश नभएर स्वीचिङ्ग उपकरण को ३९,८९६,५३२ वि.एफ. र इन्स्ट्रालेशन मेटेरियलको ५,९७३,५७३ वि.एफ. गरी जम्मा वि.एफ. ४५,८७०,१०५ मा ३५.५९३ % डिस्काउण्ट दिंदा प्रति लाइन अ.ड. ९५.२४ परेको देखिंदा तुलनात्मक मूल्यभन्दा घटी नै परेको तथ्य स्पष्ट हुन्छ । साथै आवश्यक पर्ने थप उपकरणको लागि स्वीचिङ्ग उपकरणको वि.एफ. ५,१९९,१०३ र इन्स्ट्रालेशन मेटेरियलको वि.एफ. ६१६.५३१ गरी जम्मा ५,८१५.६३४ मा ३५.५९३ % डिस्काउण्ट दिंदा प्रति लाइन थप अ.ड. १२.०७ पर्न गई थप समेत गर्दा प्रति लाइन प्रति यूनिट १०७.३१ पर्न गएको तथ्यबाट स्पष्ट हुन आएको छ । यसका साथै पाटनको १९ हजार लाइनको नयां एक्सचेन्जका निमित्त पनि सोही कम्पनी वेल अल्काटेलबाट खरीद भएका उपकरणहरुमा रेज्डफ्लोर र डकुमेन्टेशनको मूल्य समावेश नभएर स्वीचिङ्ग उपकरणको वि.एफ. ७०,९२३,०२६ पेरोफेरलको ९२६,७४२ आलराम इकयूपमेण्टको १६३,०८१ इन्स्ट्रालेशन मेटेरियलको ११,५३३,२७५ गरी जम्मा वि.एफ. ८३,५४६,१२४ मा ३५.५९३ % डिस्काउण्ट दिंदा प्रति लाइन अ.ड. १००.४२ परेको देखिंदा तुलनात्मक मूल्यभन्दा घटी नै परेको रहेछ भन्ने स्पष्ट हुन आएको छ । साथै आवश्यक पर्ने थप उपकरणको लागि स्वीचिङ्ग उपकरणको वि.एफ. २,५५७,२१५ पेरोफेरलको ८४८,३५६ आलरामको १६३,०८१ इन्स्ट्रालेशन मेटेरियलको ३२,५४३ को अतिरिक्त ओ.एण्ड एम. टुल्सको १२६.००६ समेत जम्मा ३, ७२७,२.०१ पर्न गएकोमा ३५.५९३ % डिस्काउण्ट दिंदा प्रति लाइन अ.ड. ४.४८ पर्न गै थपसमेत गर्दा प्रति लाइन प्रति यूनिट १०४.९० अ.ड. परेको रहेछ भन्ने स्पष्ट हुन आएको हुंदा विवादास्पद ६० हजार लाइनको टेलिफोन उपकरण खरीद प्रकरणमा भ्रष्टाचार भएको छ भनी कोही कसैउपर कारवाई चलाउन सकिने आधारभूत सबूद प्रमाणको अभाव थप अनुसन्धानबाट देखिंदा पहिलो प्रतिवेदन अनुसार मुद्दा चलाउन पर्ने देखिएन । नमूना एक्सचेन्जलाई प्रस्तावित ट्रंक लाइन संख्याभन्दा बढी नै ट्रंक लाइन समेत खरीद भएको र बढी सुविधा दिने उपकरणहरु खरीद भएको कार्यलाई गैर मुनासिव भन्न न्यायोचित नहुने र प्राविधिक कारणबाट अलग प्रविधिका दुईवटा कम्पनीबाट खरीद भएका उपकरणको मूल्य भिन्नतालाई समान रुपमा हेर्नु मुनासिव नपर्ने, पछिसम्म आवश्यक पर्ने उपकरणहरु वेल अल्काटेल कम्पनीसंग वार्ता द्वारा ३५.५९३ % डिस्काउण्ट समेत लिई खरीद भएको दूर संचार संस्थानको कार्य मुनासिव नै देखिन आयो । दूर संचार सम्बन्धी विशेषज्ञ भनी राय मागिएका भूपराज पाण्डेको रायमा पनि "खरीद गरिएका टेलिफोन उपकरणहरुको परिमाण समेत गणना गरी सेवाको स्तर तथा उपलब्ध थप सुविधालाई पनि मनन गरेर छूटसहित कायम हुन आएको इकाई मूल्य अनुरुप उपकरण खरीद भए नभएको दारे छानविन गर्नु उपयुक्त हुने तर नमूना (Basic configuration) एक्सचेन्जका लागि कायम भएको प्रति लाइन मूल्यलाई मात्र आधार मानी सस्तो र महंगो छुट्याउने दृष्टिकोणले हेरिनु उचित नहुने देखिन्छ" भन्ने उल्लेख भएको देखिंदा संस्थानले नमूना एक्सचेन्जलाई कोटेशनमा उल्लेख गरेका बेग्ला बेग्लै प्रविधिका उपकरणहरुमा थप उपकरणसमेत खरीद गरेको कार्य सम्बन्धमा अरु विचार गर्नु परेन ।

३३. श्री ५ को सरकार तथा जर्मन सरकारबीच सम्झौता भई बीउ विकास कार्यक्रमका लागि Seed Production and Marketing Project (SPMP) मा रकम प्राप्त हुन आएको र उक्त प्रोजेक्टमा कृषि सामग्री संस्थान, अनुगमन शाखाका श्री श्यामकृष्ण श्रेष्ठ Co-ordinator रही आएकोमा सोही कार्यालयका प्रोजेक्ट मार्केटिङ्ग अफिसर श्री मनोजकुमार थापा, इन्जिनियरीङ्ग महाशाखाका प्रमुख हाल ब.ई. श्री रुद्रराज शर्मा, बीउ विजन महाशाखाका व.कृ.अ. श्री दिलिप कुमार कार्की र श्री चन्द्रदर्शन आचार्य समेत भई कानून विपरित ग्रीन भ्याली कन्सल्टेण्ट नामको संस्था बहालवाला उल्लेखित कर्मचारीहरुले खोली अफिसमा हाजिर भई कार्यालयको साधन दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा कृषि मन्त्रालयसंग मिति ०५३।९।२।३ प.सं. २२१६ द्वारा प्रतिक्रिया मागी पठाइएकोमा "कृषि मन्त्रालयको पत्रमा बीउ विजन महाशाखाको प्रमुख को-अर्डिनेटरको रुपमा काम गर्न मिल्छ तर कन्सल्टेण्टको रुपमा कुनै कर्मचारीले काम गर्न मिल्दैन र कुनै पनि कर्मचारीलाई विनियमले साहित्यीक, वैज्ञानिक तथा कलात्मक कार्य गर्न रोक लगाएको छैन तर कन्सल्टेण्टको रुपमा काम गरेको संस्थानको रेकर्डमा देखिदैन । संस्थानले यस प्रकारको नियुक्ती गरेको छैन' भन्ने लेखी आएको ।बीउ विजन महाशाखाका प्रमुख श्यामकृष्ण श्रेष्ठ तथा व.कृ.अ. चन्द्रदर्शन आचार्य समेतले कृषि तथा वातावरण विषयमा परामर्श सेवा प्रदान गर्ने भनी घरेलु तथा साना उद्योग कार्यालय, काठमाडौंबाट मिति ०५३।२।१६ मा साझेदारी फर्म दर्ता गरी उल्लेखित काम तथा तरकारीको बीउ उत्पादन संकलन प्रशोधन, प्याकिङ्ग गरी बिक्री योग्य बनाउने कार्यको लागि प्राविधिक सेवा उपलब्ध गराउन साल्ट ट्रेडिङ्ग कर्पोरेशनसंग ०५३।६।३० मा सम्झौता गरेको र कन्सल्टेन्सी पारिश्रमिक बुझेको कुरामा श्यामकृष्ण श्रेष्ठ, दिलिप कुमार कार्की, चन्द्रदर्शन आचार्य र रुद्रराज शर्माको सहमति देखिएको ।

अतः यसमा सरकारी सेवा वा गैर सरकारी सेवा अन्तर्गत कार्यरत कर्मचारीले कार्यालय समय वा कार्यालय बाहिर विदेशी अनुदान प्राप्त आयोजनामा अतिरिक्त शुल्क लिई उल्लेखित कन्सल्टेन्सी सेवा प्रदान गर्न पाउन हो वा होइन भन्ने

कुरामा निर्णय गर्नु पर्ने देखिन आयो । कृषि सामाग्री संस्थान, कर्मचारी सेवा शर्त तथा कार्य व्यवस्था विनियम २०४७ को परिच्छेद ६ को विनियम ५४ अनुसार संस्थानको कामसंग सम्बन्धित काममा कुनै पनि कर्मचारीले उल्लेखित काम समेतको व्यापार व्यवसाय गर्नु हुदैन भन्ने प्रावधान रहेको यसैको उपनियम २ मा कर्मचारीले साहित्यीक सांस्कृतिक ऐतिहासिक, वैज्ञानिक तथा कलात्मक ढंगको काममा भाग लिएमा यस विनियमले बाधा पुऱ्याएको मानिने छैन भन्ने प्रावधान रहेको तर आफ्नो कामसंग सम्बन्धित कुरामा उल्लेखित सेवामूलक व्यापार व्यवसाय गर्न छुट नभएको र संस्थानसंग अनुमति लिएर पनि त्यस्तो कार्य गर्न सक्ने प्रावधान भएको देखिएन । यसै कुरालाई निजामती सेवा ऐन, २०४९ को दफा ४८ ले पनि सर्वमान्य सिद्धान्तको रुपमा स्वीकार गरेको छ ।

July 12, 1994 मा अर्थ सचिव ठाकुरनाथ पन्तले Mr. Kai Henning (Charge d' Affaires Embassy of the Federal Republic of Germany Kathmandu) लाई लेखिएको Assurance पत्रको नं. ३ मा His Majesty's Government of Nepal shall make the following contribution to the project :- it shall make avaibable the necessary experts, as well as a sufficient number of administrative and auxiliary personnel भन्ने कुरा लेखिएबाट श्री ५ को सरकारले प्राविधिक सहयोग उपलब्ध गराउने कुराको आश्वासन जर्मन पक्षलाई दिएको देखिन्छ । तर यसरी संस्थाकै कार्यसंग सम्बन्धित विषयमा श्री ५ को सरकारले खटाई काम गर्न तोकेको स्थितिमा वाहेक व्यक्तिगत रुपमा कन्सल्टेण्ट भई अतिरिक्त आय, शुल्क आर्जन गर्नु भने कानूनसम्मत देखिन आएन । यस्ता कार्यलाई दुरुत्साहन गर्नको लागि कृषि सामाग्री संस्थान विनियमावली २०४७ को परिच्छेद ७ को विनियम ६९(१) बमोजिम श्यामकृष्ण श्रेष्ठ, चन्द्रदर्शन आचार्य, दिलिप कुमार कार्की र रुद्रराज शर्मालाई अ.दु.अ.आ.ऐन, २०४८ को दफा १२ बमोजिम विभागीय कारवाई गरी नसिहत सम्म दिन कृषि मन्त्रालयमा लेखिएको ।

साथै श्री ५ को सरकार वा सरकारी संस्थान वा श्री ५ को सरकारबाट अनुदान प्राप्त संस्थामा पदीय दायित्व अन्तर्गत उक्त निकायलाई आफ्नो सेवा पुऱ्याउनुको सट्टा पदको दुरुपयोग गरी यस्ता संस्थाहरुमा कन्सल्टेण्ट नामबाट संलग्न भै अतिरिक्त आर्थिक लाभ प्राप्त गरी कार्यालयको काम प्रति उदासीन रही सरकारी काममा अनियमित गरेको र यस्ता कार्यहरु साहित्यिक, वैज्ञानिक वा कलात्मक कार्यभित्र पर्न नसक्ने हुंदा सरकारी कार्यालय मातहतका आयोजना र अन्य विदेशी अनुदान प्राप्त आयोजनामा कन्सल्टेण्ट भई अतिरिक्त शुल्क लिन नपाउने र श्री ५ को सरकारले तोकेको स्थानमा राष्ट्रिय हितलाई सर्वोपरि ठानी सेवा गर्नु पर्ने दायित्व हुंदा यस्तो गैर कानूनी कार्य हुन नदिन श्री ५ को सरकारको सबै मन्त्रालय, विभाग र सरकारी संस्थान र श्री ५ को सरकार मं.प. सचिवलायलाई सुझाव पठाइएको ।

३४. काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ४ बालुवाटार स्थित श्रम अदालत बसेको भवन श्रम अदालतले भाडामा लिंदा भवनको ४ तला नै आफ्नो प्रयोजनका लागि आवश्यक पर्ने भनी घर धनीसंग सम्झौता गरेको तर हाल सो भवन अदालतले पूरै प्रयोग नगरी पहिलो तल्लाका १ सटरमा पसल राखेको र माथिल्लो तला नाम थाहा नभएको व्यक्तिले पूरै प्रयोग गरी रहेको भन्ने विषयमा अनुसन्धान हुंदा प्रस्तुत विवादमा श्रम अदालतले भाडामा लिएको घरको घर धनीले कम रकम बुझेको पनि देखिएन र हाल सो घर छाडी ०५४।२।१ देखि नै अदालत ज्ञानेश्वर स्थित अर्को घरमा सरी सकेको र घर भाडामा लिने निर्णय गर्दा कोटेशन माग गरी प्राप्त कोटेशन मध्य कम दरको नै स्वीकार गरेको र रेण्ट कमिटीबाट पनि भाडा दर समर्थित भएकोले अनियमित भएको देखिन नआएकोले श्रम अदालतले भाडामा लिए देखि नै सो घरमा घरवाला समेत बसी रहेको भन्ने उजुरी तथ्ययुक्त देखिन नआएको ।

३५. नेपाल दूर संचार संस्थानले मार्टस् टेलिफोन वितरण गर्न आफैले निर्धारण गरेको आधार विपरित म्याद भित्र निवेदन नदिएका पविता राजभण्डारीको नाउंमा टेलिफोन जडान गर्ने गराउने कार्य अ.दु.अ. आयोग ऐन, २०४८ को दफा ३ को उपदफा (ख) र (ग) विपरित हुन गएको देखिंदा तत्कालीन महाप्रवन्धकद्वारा अनुचित कार्य भएको ठहरिएकोले यस्तो अनुचित कार्य गर्ने तत्कालीन महाप्रवन्धक विद्याभूषण बज्राचार्यले मन्त्रीज्यूले तोक आदेश लगाउंदा सो सबै निर्धारित आधारहरुको जानकारी विभागीय मन्त्रीज्यूलाई नगराएकोमा निज माथी विभागीय कारवाई गर्न निजको मृत्यु भै सकेको भन्ने देखिंदा केही गर्नु पर्ने देखिएन । निर्धारित आधारभित्र पनि नपरेको म्याद भित्र निवेदन पनि नगरेको पविता राजभण्डारीको नाममा जडान गरिएको टेलिफोन झिकी निजले संस्थानमा राखेको डिपोजिट र अन्य रकम नियम बमोजिम फिर्ता दिई त्यसबखत निवेदन गर्ने निवेदकहरु मध्ये तारा राईस मिल भन्ने पनि देखिंदा प्राथमिकताको आधारमा वितरण गर्नको लागि अब जे जो बुझ्नु पर्छ बुझी संस्थानले निर्धारित गरेको आधारमा सो एक लाइन टेलिफोन पुनः वितरण गर्न दूर संचार संस्थानलाई लेखिएको ।

३६. उदयपुर जिल्लाको शिक्षा कार्यालय देखि करिव ३ कि.मी. बोक्से डांडासम्म ग्राभेल बाटो निर्माण गर्न विना टेण्डर ७ दिन भित्र कार्य सम्पन्न गरी सोही सम्पन्न भएको मितिमा टेण्डर आव्हान गरी सोही ठेकेदारको नाममा टेण्डर पारी रु. २ लाखको भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा यसमा राष्ट्रिय स्तरको पत्रिकामा टेण्डर सूचना प्रकाशन गरी लहान र दमक समेत दुई ठाउंमा टेण्डर दाखिला गर्न सकिने प्रावधान समेत रहेको हुंदा आफूले रोजेकै कम्पनीले ठेक्का पाउने प्रत्याभूति नभएको र नापी किताव बमोजिमको निर्माण कार्य पनि सम्पन्न भएकोले उजुरीका आरोपको सम्बन्धमा केही गरिरहनु पर्ने देखिएन । तथापि टेण्डर पेश गर्दा 'ग' वर्गको लागि खुलेको यस ठेक्कामा 'ख' वर्गको शक्तिकुण्ड निर्माण सेवाका प्रो. अरुण कुमार थापाले 'ग' वर्गको वेलटार र सोलु निर्माण सेवाहरुसंग मिली सम्बन्धित प्रोप्राइटरबाट सही दस्तखत गरि दिएको टेण्डर फारामको कबोल अंक पुरै काटी अर्कै अक्षरले सच्याई टेण्डर पेश गरेको देखियो । यसबाट

सो सच्याउनु अघिको दर रेट भन्दा पछि कबोल भएको अंकको फरक रु. ९,६५,५८३।८४ पै. बढी हुन गएको स्पष्ट हुन आयो । यसरी सो कम्पनीहरुले आपसमा मिलोमतो गरी श्री ५ को सरकारलाई अतिरिक्त व्ययभार पर्ने गरी गरेको कार्यबाट उल्लेखित नियमावली, २०३१ को नियम १० को देहाय (घ) को उल्लंघन भएको र यस्तोमा कारवाई गर्ने अधिकार सोही नियमावलीले निर्माण तथा यातायात मन्त्रालयलाई दिएको हुंदा उल्लेखित तीनवटै कम्पनीहरु शक्तिकुण्ड निर्माण सेवा, गाईघाट – ४, सोलु निर्माण सेवा, गाईघाट – ४ तथा बेलटार निर्माण सेवा, बेलटार – १ समेतको इजाजत पत्र खारेज गर्न कानून बमोजिम आवश्यक कारवाई गरी सोको जानकारी यस आयोगमा पठाउन निर्माण तथा यातायात मन्त्रालयलाई लेखिएको ।

३७. कृषि चून उद्योग लि.को निमित्त महाप्रवन्धक घनश्याम रजौरियाले विभिन्न अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान हुंदा यसमा महाप्रवन्धकमा लामो अवधिसम्म निमित्त भई काम गर्ने निज घनश्याम रजौरियाले गरेका कारवाईहरु संचालक समितिको निर्णयले नै गरेको वा पछि संचालक समितिले समर्थन अनुमोदन समेत गरेको नै देखिन आएकोले निजले मनपरि गरेको भन्ने यी उजुरीहरु तथ्यमा आधारित नदेखिंदा केही गरिरहनु नपरेको ।

३८. धरहरा पश्चिमको टहरा सहितको जग्गा भ्रष्टाचार गरी दर्ता गरेको भन्ने सम्बन्धमा का.म.न.पा. २२ कि.नं. ५२ को धरहरा पश्चिमको टहरासहित को जग्गाको विषयमा काठमाडौं जिल्ला अदालतमा निर्णय बदर फैसला बदर सम्बन्धी मुद्दा चलिरहेको फैसलाको अन्तिम किनारा नलागेसम्म खड्ग निसाना बमोजिम बसोवास व्यापार गरिरहेका मुसलमानहरुलाई नछुनू नचलाउनू नउठाउनू भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०५४।८।११ मा आदेश भएको भन्ने देखिंदा नरेन्द्र विक्रम राणाबाट लिखत गरिलिने भेषराज न्यौपाने, सावित्री तिमसिनाको नामको जग्गासमेत का सम्बन्धमा काठमाडौं जिल्ला अदालतमा चलेको मुद्दाको अन्तिम किनारा भएको जानकारी प्राप्त हुन आएपछि कानून बमोजिम कारवाई गर्ने गरी हाल उजुरी मुल्तवीमा राखिएको ।

३९. सुदूर पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय, दीपायलका का.मु क्षेत्रीय स्वास्थ्य निर्देशक डा. शम्भुशरण तिवारीले कर्मचारी नियुक्ति, औषधी खरीद तथा ढुवानी गर्दा, गाडी मर्मत गदासमेर्त अनियमित कार्य गरेको भन्ने सम्बन्धमा निज डा. शम्भुसरण तिवारीले निम्न बमोजिमको निजामति सेवा ऐन, २०४९ को दफा ६०(ङ) को अवस्थाको कार्य भए गरेको देखिएकाले सोही ऐनको दफा ५९ (क) अनुसार सामान्य सजाय गर्ने गरी विभागीय कारवाई गर्न सचिव, स्वास्थ्य मन्त्रालयलाई लेखिएको ।

(१) आ.व. ०५२।५३ र ०५३।५४ मा सु.प.क्षे. मेडिकल स्टोर धनगढीबाट विभिन्न जिल्लामा औषधी ढुवानी गराउंदा आर्थिक प्रशासन सम्बन्धी नियमहरु, २०४२ (संशोधन समेत) परिच्छेद ५ नियम १९ अन्तर्गतको प्रकृया पुरा नगरी आ.व. ०५२।५३ मा रु. ३,३८,११३।२० र ०५३।५४ मा रु. २,६०,६३१।- को अमानतबाट ढुवानी गराई खर्च गरेको ।

(२) अस्थाई तथा ज्यालादारी कर्मचारीहरुलाई सेवा कालिन तालीम दिने कुनै किसिमको व्यवस्था नभएको भन्ने स्वा.से.वि. राष्ट्रिय तालिम केन्द्रको नीति विपरित लिखित निर्देशन दिई १० जना अस्थाई र ज्यालादारी ग्रा.स्वा.का. हरुलाई सु.प.क्षे.स्वा.से.नि. क्षेत्रीय स्वास्थ्य तालिम केन्द्र धनगढीमा सेवाकालिन तालीममा समावेश गराई अनियमित कार्य गरेको ।

(३) सु.प.क्षे. स्वास्थ्य निर्देशनालय दीपायलमा निज करिव १४ महिनाको अवधिमा कार्यरत रहंदा ११ पटक गरी लामो अवधिको काजमा स्वयं खटिएको देखिएको र कार्यशाला गोष्ठी आदिमा भाग लिएको भनेकोमा त्यस्को पूर्व तयारी र स्वीकृति केही नदेखिएको, वस्तुस्थिति अवगत गराउन भनी स्वयं काज खटिई गएको देखिन आएको र कार्यरत रहंदाको १४ महिनाको अवधिमा जम्मा १९६ दिन काज भ्रमण गरी सरकारी गाडी तथा इन्धानको दुरुपयोग गरेको ।

४०. वैदेशिक हुलाक भन्सार कार्यालयका कर्मचारीहरुले राजस्व कम राखेको र महसूल कम लिएको सम्बन्धी विषयमा विशेष प्रहरी विभागबाट अनुसन्धान कार्य सम्पन्न गरी मुद्दा चलाउने राय साथ श्री पुनरावेदन सरकारी वकिल कार्यालय, पाटनमा मुद्दा दर्ता गर्न पठाएकोमा विशेष प्रहरी विभागको राय विपरित मुद्दा नचलाउने सरकारी वकिलको राय सहित सक्कलै मिसिल कागजातहरु प्राप्त भएकोमा सरकारी दस्तुर वापतको राजश्व बुझि लिने नानीबाबु तिवारी, मु.कृष्णप्रसाद तिवारी, सामान छुटाउन पठाउने पन्नालाल श्रेष्ठ र सामान छुटाई लैजाने द्वारिका श्रेष्ठ, भन्सार अधिकृत मदन क्षेत्रीले बदनियतपूर्वक कार्य नगरेको तर सरकारी काम प्रति पूर्ण दृष्टि पुऱ्याई कार्य गरेको नदेखिंदा निजहरुलाई सचेत गराउन सम्बन्धित अख्तियार प्राप्त अधिकारी समक्ष लेखी पठाएको ।

दैनिक रुपमा सरकारी दस्तुरको रुपमा आएका रकमलाई त्यही दिन नै सरकारी आम्दानीको रुपमा बांध्नु पर्ने र सोको भोलिपल्ट सरकारी दस्तुरबाट उठेको रकम बैंक दाखिला गर्नु पर्ने नगरेको कार्य सरकारी रकमको अनुचित प्रयोग र भ्रष्टाचारजन्य कार्यको परिभाषा भित्र परी कर्मचारीको नियतमा प्रष्ट शंकाको स्थिति सृजना हुने हुंदा आइन्दा सरकारी दस्तूर वापतको राजस्व दिनको दिनै जम्मा गर्नु पर्ने व्यवस्था र भन्सार कार्यालयमा वस्तुको परिमाणको आधारमा भन्सार शुल्क निर्धारण गरिने हुंदा कार्यव्यस्तता वा अन्य कुनै कारणले वस्तुको परिमाण अन्दाजीमा मूल्यांकन गरी भन्सार महशूल निर्धारण गर्दा सरकारी राजश्वमा प्रत्यक्ष आघात परि कम राजस्व उठतिको अवस्था रहने हुंदा अब आइन्दा कुनै पनि सामान भन्सार मूल्यांकन गरी राजस्व दस्तुर कायम गर्नु पर्दा सम्बन्धित कर्मचारी र त्यसलाई प्रमाणित गर्ने अधिकृत र सामान धनीले वस्तु (Goods) यस्को मूल्य र परिमाण यति हो भनी आफ्नो उपस्थितिमा गणना गरी वस्तुको निश्चितता मूल्य कायम भएको भन्ने स्वीकारोक्ती (Guarantee) को व्यहोरा र personal liability principle लाई अघि

बढाउन प्रज्ञापन पत्रमा नै त्यस किसिमका pre declaration सम्बन्धित कर्मचारी र माल धनीबाट गराउने व्यवस्था हुंदा सामान, मूल्य र त्यस्को परिमाणमा कर्मचारीले बदनियतपूर्ण कार्य गर्न नसक्ने हुंदा सो व्यवस्था मिलाउन अर्थ मन्त्रालय, भन्सार विभाग र वैदेशिक हुलाक भन्सार कार्यालयलाई लेखी १ महिनाभित्र मा प्रज्ञापनपत्रमा कर्मचारी, सम्बन्धित अधिकृत र सामान धनीको बेग्ला बेग्लै स्वीकारोक्ति (guarantee) को व्यहोरा समावेश भएको जानकारी गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ बमोजिम सुझाव पठाएको ।

४१. हवाई विभागबाट माग भए बमोजिम सुर्खेत र जोमसोम विमानस्थलको चेन लिक फेन्सिङ्ग निर्माण र एप्रोन विस्तार कार्यको लागि बोलपत्र दाखिल गर्न जांदा दर्ता नगरी आपसी मिलोमतोमा ३ थान मात्र दर्ता गराई राजस्वमा समेत हानी पुऱ्याएको भन्नेसम्बन्धमा पहिलो पटक नियमानुसार स्वीकृत गरिएको बोलपत्र बमोजिम काम गर्न नसक्ने भनी बोलपत्रदाता सम्झौता गर्न नआएको, सुर्खेत विमानस्थलको निर्माण कार्य सम्बन्धमा त्यसपछिको क्रममा रहेको बोलपत्रदाताको कबोल अंकको प्रतिशत नियम बमोजिम नभएको र जोमसोम विमानस्थलको निर्माण कार्य सम्बन्धमा त्यसपछिको क्रममा रहेको बोलपत्रको विड वण्डको म्याद समाप्त भइसकेकोले सोही कारण देखाई दोश्रो पटक बोलपत्र आव्हान गरे मुताविक पर्न आएका बोलपत्रहरु मध्ये नियमानुसार न्यूनतम दरका नै स्वीकृत गरे भएको देखिएकोले अन्यथा गरेको भन्न पर्ने अवस्था नदेखिएको ।

४२. हिमाल सिमेण्ट कं. लि. मा विभिन्न प्रकारका आर्थिक अनियमितताहरु भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :

यसमा हिमाल सिमेण्ट कम्पनीलाई आवश्यक पर्ने विद्युतीय सामानहरु तथा एयर ब्रेक कन्ट्याक्टर लगायतका सामानहरुको खरीद अर्डर दिन कम्पनीका इलेक्ट्रीकल फोरम्यान सरजयमी श्रेष्ठलाई पठाएको र निजले उल्लेखित सामानहरुको यथार्थ जानकारी कम्पनीलाई नदिई के.जी. इलेक्ट्रोपावर कम्पनी, कलकत्ताबाट कोटेशन लिई भा.रु. १,९४,७३०।२५ को विद्युतीय सामान खरीद अर्डर गरी सोमध्ये आंशिक रुपमा भा.रु. १,०५,३७५।२३ को मालसामान वीरगन्ज भन्सारबाट छुटाई ल्याई अर्को मूल्य भएको कारण हालसम्म भुक्तानी हुन नसकी नेगोसिएशन भै रहेको भन्ने देखिन आएको ।

साथै सिमेन्स इण्डिया लि.का अधिकृत बिक्रेता के.जी. इलेक्ट्रोपावर कम्पनीसंग ब्रेक कन्ट्याक्टर प्रति थानको भा.रु. ९७,९००।- का दरले दुई थानको भा.रु. १,९५,८००।- मा खरीद अर्डर दिएकोले तत्सम्बन्धमा सिमेन्स इण्डिया लि. बम्बैसंग पुनः इन्भ्वाईस माग गरिएको र उक्त इन्भ्वाईस अनुसार प्रति थान ब्रेक कन्ट्याक्टर भा.रु. ५०,५००।- ले दुई थानको १,०१,०००।- पर्ने भनी उल्लेख भई आए अनुसार निज फोरम्यानले अर्डर दिए बमोजिम सामान खरीद गर्दा कम्पनीलाई भा.रु. ९४,८००।- हानी नोक्सानी हुने देखिएकोले यसमा कम्पनी व्यवस्थापनले त्यसप्रकारका सामान खरीद गर्दा सम्बन्धित बिक्रेताहरुसंग फ्याक्स लगायत अन्य संचार माध्यमबाट यथार्थ विवरण लिई कहांबाट खरीद गरेमा कम्पनीको आर्थिक हित हुन सक्छ भन्ने पूर्वानुमान गर्न सक्ने अवस्था रहंदा रहंदै त्यस तर्फ प्रयास नगर्नु व्यवस्थापनको कमजोरी पक्ष देखिन आएको हुंदा अब उपरान्त सामान खरीद गर्दा बिक्रेताबाट मूल्य सूची प्राप्त गरी तुलनात्मक रुपमा आर्थिक लाभ हानीको विश्लेषण गरी कार्य गर्न गराउनका साथै यस्ता अनियमित कार्यहरु भविष्यमा दोहरीन नदिन कम्पनी व्यवस्थापनलाई ध्यानाकर्षण गराउनाका साथै कम्पनीमा भै रहेका यस प्रकारका अव्यवस्थाहरु हटाउन आवश्यक रेखदेख तथा नियन्त्रणका लागि उद्योग मन्त्रालयमा लेखिएको ।

४३. समाज कल्याण मन्त्रालयका तत्कालिन सचिव डा. प्रभा बस्ने समेतले आफू संलग्न भएको संस्थालाई रकम दिलाई भ्रष्टाचार गरेको भन्ने समेत उजुरीका सम्बन्धमा समाज कल्याण परिषदमा भएको काम कारवाईहरु परिषद कै ऐन, नियम अनुरुप भएको पाइएन । उक्त समाज कल्याण परिषदद्वारा भएका अनियमित कारवाईहरु खुलाई नियमानुकूल कारवाई हुन समाज कल्याण परिषद् एवं सम्बद्ध मन्त्रालय समाज कल्याण मन्त्रालयलाई सुझाव पठाइएको ।

४४. नेपाल राष्ट्र बैंकको अधिकृत तृतीय श्रेणीको पदपूर्तिका लागि २०५४ साल आषाढमा भएको लिखित परीक्षाको नतिजा निकाल्ने काममा मेरिटको आधारमा लिखित परीक्षाफल प्रकाशित हुनु पर्नेमा अधिकारको दुरुपयोग गरी अन्य व्यक्तिहरुलाई उत्तीर्ण गराएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा विज्ञापन प्रकाशित भएको, परीक्षा स्थगित भै तीन पद थप गरी पुनः आवेदन माग गरी परीक्षा मिति प्रकाशित भई पुनः स्थगित भई पुनः परीक्षा लिइएको देखिन आयो । परीक्षा संचालन पक्षपातपूर्ण भएको भन्ने उजुरी दावी निरर्थक देखिन आई सम्पन्न परीक्षा नियमानुसार नै भएको पाइएकोमा केही प्रकृयागत त्रुटिसम्म भेट्टाइएकोले परीक्षा निष्पक्ष देखिने गरी नियमबद्ध बनाउन त्यस्मा निम्न अनुसार सुधारको लागि सुझाव लेखी पठाईएको :

(१) पदपूर्ति समितिको मिति २०५२।११।१६ को निर्णयमा उल्लेखित कुरा र लिखित परीक्षा संचालन सम्बन्धी अन्य आवश्यक कुराहरु पनि समावेश गरी "परीक्षा संचालन निर्देशिका" बनाई परीक्षा सञ्चालन गर्ने व्यवस्था गर्ने ।

(२) पदपूर्ति समितिका पदाधिकारीका नजिकका नातेदार परीक्षा दिने भएमा, बैंकमा कर्मचारी प्रशासन शाखामा काम गर्ने कर्मचारी परीक्षा दिने भएमा अथवा परीक्षा सञ्चालन सम्बन्धी गोप्य कार्य सञ्चालन गर्ने अन्य कर्मचारी आफै परीक्षा दिने भएमा वा निजहरुका नजिकका नातेदार परीक्षामा सम्मिलित हुने भएमा सम्बन्धित व्यक्तिले सूचना गर्नु पर्ने र उनीहरुलाई परीक्षा संचालन सम्बन्धी काम हेर्ने शाखाहरुमा नराखी अन्यत्र काममा लगाउने व्यवस्था हुनु पर्ने ।

(३) थप कापी दिंदा कापीमा सही गर्ने र संकेत राख्ने विषयमा स्पष्ट व्यवस्था गर्ने ।

(४) केही परीक्षार्थीले उत्तर अंग्रेजीमा पनि दिएको तर पाठ्यक्रममा माध्यम भाषाको बारे कुनै उल्लेख नभएकोले पाठ्यक्रममा माध्यम भाषा तोक्ने ।

(५) तेश्रो पत्रको परीक्षाको हकमा पाठ्यक्रममा दुई खण्डको लागि अलग अलग समय निर्धारण भएको तर परीक्षा एकै समयमा दुवै खण्डको संचालन भएको देखिंदा तेश्रो पत्रको दुवै खण्डको बिचमा केही समयको अन्तराल राख्ने वा एकै प्रश्न पत्र एकै उत्तर पुस्तिकाबाट परीक्षा गर्ने भन्ने बारेमा स्पष्ट खुलाउने ।

(६) कोडिङ्ग गर्दा रोल नं. को क्रममा नगरी उत्तर पुस्तिकाहरु छ्यासमिस पारी गर्ने र पहिलो कोडिङ्ग भएपछि दोश्रो कोडिङ्ग गर्दा फेरी पनि उत्तर पुस्तिकालाई तलमाथी पारी मिसाई कोडिङ्ग गर्ने व्यवस्था गर्ने । पहिलो र दोश्रो कोडिङ्ग गर्नेहरु परस्परलाई थाहा हुन नसक्ने व्यवस्था गर्ने ।

(७) लिखित परीक्षाको योग्यताक्रम कोड नं. मै तयार गरेर अन्तरवार्ताको लागि छनौट हुने परीक्षार्थीहरुको मात्र डिकोड गर्ने व्यवस्था गर्ने । हाल जस्तो लिखित परीक्षाको प्राप्ताङ्ग तालिकाबाट सबै परीक्षार्थीको नाम, रोल नं. पहिलो र दोश्रो कोड नं. देखिने व्यवस्था नगर्ने । (हालको तालिका पछिबाट तयार भएको हुन सक्ने भए पनि पहिल्यै कोडिङ्ग र रोल नं. नाम तयार गरेको भनी आरोपित गर्न सकिने ।)

(८) २०५२।४।३१ मा विज्ञापन भएको परीक्षा २०५४ आषाढमा भएको र परीक्षा मिति दुई चोटी पर सारिएकोलाई राम्रो भन्न नसकिने हुंदा सम्पर्क मितिमा परीक्षा मिति तोक्ने र तोकिएको मितिमा परीक्षा लिने व्यवस्था यथासम्भव अनिवार्य गर्ने ।

(९) एउटै कापीमा मसी फरक परेकोमा निरीक्षकले संकेत राखी सही गर्ने कुरामा कतिपय उत्तर पुस्तिकामा निरीक्षकको सही भएको नदेखिंदा प्रष्ट हुनु पर्ने र उत्तर पुस्तिकामा लेख्न बांकी रहेका खाली ठाउंमा क्रस लगाउने व्यवस्था पूर्ण रुपमा पालना भएको देखिंदैन । परीक्षा सञ्चालन सम्बन्धी प्रकृयालाई पालना गराउन परीक्षाको काममा खटिने कर्मचारीलाई सजग बनाउन आवश्यक व्यवस्था गर्ने ।

४५. पशुसेवा विभाग अन्तर्गत अधिराज्यका विभिन्न जिल्लाको लागि रा.प.अ. द्वि.(प्रा.) ना.प्रा.स. को १७७ पद खुल्लाद्वारा स्थायी पूर्तिको लागि लोकसेवा आयोगबाट अधिकार प्रत्यायोजन भए अनुसार पदपूर्तिको कार्य गर्दा अक्षम्य गल्ती गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा प्रत्यायोजित अधिकार बमोजिम पदपूर्ती निमित्त प्रकाशित वि.नं. ६।०५३।५४ को लिखित परीक्षाको नतीजा प्रकाशित भएकोसम्म का कार्यहरु लोकसेवा आयोगको निरीक्षणबाट अनियमित देखिन गई बदर भै सकेको र त्यसपछि सो कार्य लोकसेवा आयोग आफैले गर्ने गरी अधिकार फिर्ता लिई सकेको देखिएको, साथै सम्बन्धित कृषि मन्त्रालयबाट पनि यसमा छानविन गरी सम्बद्ध पदाधिकारी उपर विभागीय कारवाई चलाएको देखिएकोले निजहरुलाई प्रस्तावित सजाय गरेको जानकारी यस आयोगमा पठाउन उक्त मन्त्रालयलाई लेखिएको ।

४६. त्रिभुवन विश्वविद्यालय वनस्पति शास्त्र केन्द्रीय शिक्षण विभागका तत्कालीन सह प्राध्यापक ब्रजनन्दन प्रसादले First Regional Conference of Association of Plant Physiologists of SAARK विषयमा सेमिनार संचालन गर्न त्रि.वि.वि.बाट नगद रु. २ लाख, शिक्षा मन्त्रालयबाट रु. २ लाख, रोनाष्टबाट करिब रु. २ लाख र अन्य प्राइभेट संस्थाहरुबाट समेत केही रकम उठाई गोष्ठी संचालन गर्दा रकम हिनामिना गरेको भन्ने सम्बन्धमा निज सह प्राध्यापक ब्रजनन्दन प्रसादले गोष्ठी संचालन गर्दा स्वदेशी तथा विदेशी संघ संस्थाहरुबाट जम्मा रु. ३,८८,८२५।- संकलन गरेको र उक्त रकम गोष्ठी संचालन, किताव प्रिण्टिङ्ग प्रोसिडिङ्ग गर्दा जम्मा रु. ३,८८,५८२।- खर्च भएको पि.पि.एस.सी.को केन्द्रीय कार्यालय, गोरखपुरबाट प्राप्त अन्तिम लेखा परीक्षणको प्रतिवेदनबाट देखिन आएको ।

४७. निर्माण तथा यातायात मन्त्रालयका तत्कालीन सचिव बरुण प्रसाद श्रेष्ठसमेत ले तेश्रो सडक सुधार आयोजनाको परामर्शदाता नियुक्ति एवं ठेक्का स्वीकृतिमा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :

(१) परामर्शदाता नियुक्तिका सम्बन्धमा आयोजना निर्देशनालय (ए.डि.वी.) का निर्देशक संयोजनकत्वमा मूल्याकन समितिमा तीन जनाको नाम सचिवले सिफारिश गरेकोमा माननीय मन्त्रीबाट हेरफेर गरेको हुंदा सचिवले आफ्नो अनुकूलको मानिस राखेको भन्न नसकिने तथा परामर्शदाता स्कट विल्सनलाई दातृ संस्था ए.डि.वि. को सहमतिबाट नियुक्ति गरिएको हुंदा आरोप तथ्यसंगत देखिन आएन ।

(२) ठेक्का स्वीकृतिका सम्बन्धमा पूर्व योग्यता निर्धारणमा सफल भएका ठेकेदारहरुमध्येबाट एउटा कम्पनीलाई एक वटा प्याकेजको काम मात्र दिने नीति अनुरुप सबैभन्दा न्यूनतम लागत पर्ने कम्बिनेशनको छनौट गरी ठेक्का दिइएको देखिन आएकोले यस विषयमा केही गरिरहनु परेन ।

(३) भातकांडा-डोटी सडक तथा नौविसे-मुग्लिङ्ग सडकका ठेकेदारहरु क्रमशः सि.सि.इ.सि.सि. (चीन) तथा शाम्बु कन्स्ट्रक्शन (कोरिया) लाई स्टेण्ड वाई क्लेमको रकम भुक्तानी दिएको सम्बन्धमा ती निर्माण कार्यहरु नेपाल भारत पारवहन सन्धी अन्तर्गत उत्पन्न व्यवधानका कारण स्थगित रहन गई ठेकेदारहरुले सो क्षतिपूर्ति रकम माग गरेको । माग भएको रकम अमेरिकी डलर १३,६९,५०० र ने.रु. ५३,१८,०५०।- मध्ये अमेरिकी डलर ३,९८,८०३।५१ र ने.रु. १३,९४,३८१।३३ साम्बु कन्स्ट्रक्शनलाई दिने तथा माग भएको ने.रु. १६,२८,१५,९७३।४३ मध्ये परामर्शदाताले सिफारिश गरेको रु. ३,६०,३०,२२९।८० लिन चिनिया ठेकेदारले मन्जुर नगरेको हुंदा चिनिया राजदूतावासको काउन्सेलर समेतको उपस्थितिमा वार्ता गरी रु.९,३०,००,०००।- दिई काम चालु गर्ने र त्यसमा रु. ३,८०,००,०००।- प्रोजेक्टबाट र रु. ५,५०,००,०००।- चीन सरकारबाट श्री ५ को सरकारलाई अनुदान स्वरुप प्राप्त हुने रकमबाट दिने गरी अर्थ, कानून

समेतको परामर्श लिई छानविन कमिटीको प्रतिवदन समेतको आधारमा मन्त्रिपरिषद्ले निर्णय गरी सो विवादहरुको निपटारा गरिएको देखिन आएकोले यसमा पनि केही गरिरहनु परेन ।

४८. रेडियो प्रसार सेवा विकास समितिमा सवारी साधन खरीद र भवन निर्माणको कन्सल्टेण्टको नियुक्ति सम्बन्धमा अनुसन्धान हुंदा रेडियो प्र.से.वि. समितिले आवश्यक भएका गाडी एवं मोटर साइकल खरीदका लागि समितिको बजेट एवं आवश्यकता समेतलाई दृष्टिगत गरी संचालक समितिको पारित बजेटको अधीनमा संचालक समितिबाट सवारी साधन खरीद गर्न भएको निर्णय अनुरुप आर्थिक नियमावलीको नियम ५.२ को उपनियम १(ग) अनुसार रु. १,००,०००।– देखि माथि जतिसुकै रकमको भए तापनि बोलपत्रद्वारा खरीद गर्ने भन्ने व्यवस्थालाई सोही नियमको उप नियम २ मा उल्लेखित अवस्थाहरुमा दरभाउ पत्र वा बोलपत्रद्वारा खरीद गर्न आवश्यक हुने छैन भन्ने व्यवस्था भए अनुरुप कम्पनीको अधिकृत विक्रेताबाट जस्तै मिति २०५०।१२।३१ मा अग्नी इन्कर्पोटेड प्रा.लि.बाट २ थान महेन्द्रा एण्ड महेन्द्रा अर्मदा मोटर, २०५२।११।१३ मा अरुण इन्टर कण्टिनेन्टल ट्रेडर्सबाट ओम्नी मारुती भ्यान २ वटा, स्याकार कम्पनी प्रा.लि.बाट मिति २०५३।२।६ मा हिरो होण्डा मोटर साइकल तथा २०५०।१०।२७ मा एम. ८० बजाज स्कुटर आठ वटा खरीद गरेको देखिन आयो ।

रेडियो नेपालको भवन निर्माणको सम्बन्धमा समितिको प्रसारण कार्यसंग प्रत्यक्ष सम्बन्ध राख्ने समाचार महाशाखा, कार्यक्रम महाशाखा, इञ्जिनियरिङ्ग महाशाखाहरुमा रही काम गर्ने कर्मचारीहरु बसी काम गर्ने कोठाहरुको अभाव रहेको कारण संचालक समितिको मिति २०५२।३।९ को बैठक नं. १६४ बाट अनुमोदन भएको र आफ्नै श्रोतको बजेट समेत भएको हुंदा स्वीकृत बोलपत्र अनुसार कूल खर्च रु. १,०७,९६,९२२।३१ मा सागर कन्स्ट्रक्शनसंग २०५२।१२।२० मा संझौता भई निर्माण कार्य शुरु भएको र ७५ % सम्म कार्य समाप्त भई २०५४।६ सम्ममा काम समाप्त हुने भन्ने Executive Directorको भनाई रहेको देखिन्छ ।

टेण्डर गर्दा अपनाइएको प्रकृयाका सन्दर्भमा समितिको आर्थिक नियमावली, २०४९ को नियम ५.७ (३) अनुसार रु. १,५०,०००।– भन्दा बढीको निर्माण कार्यको लागि बोलपत्र आव्हान गर्ने प्रावधान रहेको, सोही नियमको ५.८ मा उल्लेख भए बमोजिम उपनियम (१) र (२) अनुसार राइजिङ्ग नेपाल र गोरखापत्रमा चार पटक ३१ दिने सूचना प्रकाशित गरिएको । पर्न आएको ५ टेण्डर क्रमशः (क) श्रृजना विल्डर्स (ख) बालकुमारी निर्माण सेवा (ग) सि.एल. एस. कन्स्ट्रक्शन (घ) धुक्कु कन्स्ट्रक्शन (ङ) सागर कन्स्ट्रक्शन मध्ये डबल इन्भेलप सिष्टम अनुसार टेण्डरको छानविन मै पूर्व योग्यता निर्धारणमा कमजोर देखिन आएको श्रृजना विल्डर्स र बालकुमारी निर्माण सेवाको टेण्डर अस्वीकृत गरी Qualified भएका सि.एल.एस. कन्स्ट्रक्शन र सागर कन्स्ट्रक्शनमध्ये सबभन्दा कम अंक कबोल गर्ने सागर कन्स्ट्रक्शनलाई निर्माण कार्य सम्पन्न गराउन संझौता गरेको देखिन्छ ।

भवन निर्माण कार्यका Estimate र Supervision को लागि पनि उपरोक्त किसिमको डबल इनभलप सिष्टम अन्तर्गत रही रेडियो नेपालबाट सूचना प्रकाशित गरी समितिको आर्थिक नियमावली नियम ५.२० को उपनियम (२) र (३) बमोजिम लाहाछाप सिलबन्द दरभाउ पत्रद्वारा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी प्राविधिक र आर्थिक दृष्टिकोणले उपयुक्त देखिएको पर्न आएको ३ टेण्डरहरु (क) दीप कन्सल्टेन्सी (per visit 3.5 %) (ख) (V Con PLT) को Per visit Rs. 1000 (ग) Act Consultancy per visit 1.5 % मध्ये Act Consultancy को प्रो. विनोदचन्द्र गिरीको आर्थिक एवं प्राविधिक प्रस्ताव उपयुक्त ठानी pervisit 1.5 % वा १ लाख मा जुन कम हुन्छ लाई स्वीकृत गरी लगत इष्टिमेट देखि Supervision समेतको कार्य गराई पारिश्रमिक वापत इष्टिमेटको लागि रु. १,००,०००।– र सम्पूर्ण Supervision को लागि रु.१,००,०००।– मा संझौता गरेको प्रस्तुत रेकर्डबाट देखिन आयो ।

यस प्रकार रेडियो नेपालले प्राविधिक कमिटीको सिफारीशमा संचालक समितिको पूर्व स्वीकृति लिई नेपाल स्थित अधिकृत विक्रेतासंग उपरोक्त उल्लेख भएका गाडी मोटर साइकलहरु आर्थिक नियमावली दफा ५(३)(घ),(ङ) अनुसार खरीद गरेको र खरीद गरेको गाडीहरुमा रकम लिनु खानु गरी खरीद बिक्री भए गरेको नदेखिंदा कारवाई अघि बढाउन पर्ने स्थिति देखिन आएन ।

भवन निर्माणतर्फ सो भवन Act Consultancy को प्रो.ई. विनोदचन्द्र गिरीको Supervision मा निर्माण भइरहेको, निर्माण कार्य करिव ७० देखि ७५% कार्य सम्पन्न भइसकेको देखिन्छ । Consultant को छनौट र नियुक्ति र ठेकेदार सागर कन्स्ट्रक्शनको छनौट सम्बन्धमा Double Envelope प्रथाबाट भएको देखिन्छ ।

यस प्रकृयामा आर्थिक र प्राविधिक प्रस्ताव दुई छुट्टा छुट्टै सिलबन्दी खाममा बोलपत्र आव्हान गरिन्छ । प्राविधिक प्रस्तावबाट छनौट भएका ठेकेदारको आर्थिक प्रस्तावलाई मात्र ग्राहयता दिई सोमध्ये न्यूनतम अंक कबोल गर्ने Prequalified भएका ठेकेदारलाई काम गर्ने मौका दिइन्छ । रेडियो नेपालको भवन निर्माण सम्बन्धमा पनि प्राविधिक प्रस्तावबाट छनौट भएका ३ फर्महरुको आर्थिक प्रस्ताव अध्ययन गरी तुलनात्मक अध्ययनबाट न्यूनतमवाला सागर कन्स्ट्रक्शन प्रा.लि. को बोलपत्र स्वीकृत भएको हो ।

आर्थिक नियमावली, २०४९ को ५.७ (३) मा PQ सम्बन्धी अन्य थप व्यवस्था नभएको तर आर्थिक प्रस्ताव मात्र माग गर्दा प्राविधिक दृष्टिकोणले कमजोर रहेका निर्माण कम्पनीहरु समेत संलग्न रहने र काममा भरपर्दो सेवा उपलब्ध होस् भन्ने उद्देश्यले *क* र *ख* वर्गका निर्माण कम्पनीहरुबाट आर्थिक एवं प्राविधिक योग्यता सम्बन्धी प्रस्ताव रेडियो नेपालको संचालक समितिको २०५२।३।६ को बैठक नं. १६४ बाट अनुमोदन भई कार्य भएको र आर्थिक नियमावलीमा डबल इन्भेलप

सिष्टमको व्यवस्था नभए पनि योग्य ठेकेदारहरुबाट गुणास्तरको काम होस भन्ने मनन गरेको कार्यलाई अनुपयुक्त भनी भन्न मिल्दैन ।

साथै समितिलाई प्राविधिक सहयोगको लागि सल्लाहकार नियुक्त गर्न सकिने समितिको आर्थिक नियमावलीको दफा ५.२० मा व्यवस्था गरेको र डबल इनभेलप सिष्टम अनुसार टेण्डरहरुलाई छनौट गरिएको हुंदा गाडी खरीद एवं भवन निर्माणमा अनियमितता गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएन ।

४९. राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु आरक्ष विभाग र विभाग अन्तर्गत ४ आरक्ष र ८ निकुन्ज समेत गरी जम्मा १२ कार्यालयका ८७९ कर्मचारीहरुलाई आ.व. ०५३।५४ मा वितरण गरिने युनिफर्म सामानहरुको आवश्यक व्यवस्था गर्न, नमूना अनुरुपको सामान भए नभएको हेरी सिफारिश सहित राय पेश गर्न तथा खरीद गर्ने व्यवस्थाको लागि सिफारीश गर्ने जस्ता कुराहरुको लागि विभागको ०५३।४।३० को निर्णय अनुसार उप महानिर्देशक डा.विजय कट्टेलको संयोजकत्वमा सवै शाखा प्रमुखहरु सदस्य रहेको युनिफर्म कमिटी गठन भएको र सो निर्णयमा उपमहानिर्देशक डा. कट्टेल विदामा रहनु भएको हुंदा उहां हाजिर नभएसम्म इकोलजिष्ट नारायण प्रसाद पौडेलको संयोजकत्वमा गर्ने भन्ने रहेको ।

आ.व. ०५३।५४ को लागि आवश्यक पर्ने युनिफर्मका पोसाक सामाग्रीहरु साझा भण्डार लि.संग खरीद गर्ने भनी मिति २०५३।५।३१ मा डा. विजय कट्टेलको संयोजकत्वमा बसेको कमिटीले निर्णय गरेको साथै साझाबाट युनिफर्म सामानको मूल्य सहितको विवरण लिनको लागि कमिटीको मिति २०५३।५।२ को निर्णय अनुसार माग भै साझाको प.सं २३२।०५३।५४ मिति ०५३।५।३० को पत्रसाथ प्राप्त युनिफर्म सामानको दर रेट कमिटीले छलफल गरी उक्त संस्थासंग युनिफर्म सामान खरीद गर्न सिफारिश गरेको ।

पोसाक सामाग्री नमूना बमोजिमको थियो थिएन, कुन प्रकृयाबाट सामान निकुञ्जले बुझ्यो भन्ने सन्दर्भमा अध्ययन गर्दा ०५३।८।११ मा इकोलजिष्ट नारायण प्रसाद पौडेलको संयोजकत्वमा सदस्यहरुमा संरक्षण शिक्षा शाखा प्रमुख रामप्रीत यादव, इकोलजिष्ट नरेन्द्रमान बाबु प्रधान, लेखा शाखा प्रमुख गोपालनाथ शर्मा, शाखा प्रतिनिधि रघुनाथ फुयाल र स्टोर शाखाका भरत प्रसाद सापकोटासमेत रहेको कमिटीको बैठकले साझा भण्डारसंग संझौता भए बमोजिम उक्त संस्थाले विभागमा बुझाएको सामानहरु नमूना बमोजिमको भएको भनी प्राप्त युनिफर्मका सामानहरु निकुन्ज/आरक्षण कार्यालयमा पठाउने व्यवस्था गर्न ०५३।६।२२ को बैठकको निर्णयानुसार लेखा शाखाबाट भुक्तानी भएको ।

साझा भण्डारले बुझाएको सामानको खरीद तथा मूल्य तोक्ने सम्बन्धमा अपनाइने प्रकृया वारे विचार गर्दा श्री ५ को सरकार, संघ, संस्थान आदि निकायबाट नमूना बमोजिम माग भई आएको सामानहरुको आपूर्तिको लागि संस्थानमा सूची दर्ता भएका फर्महरुबाट दर रेटको लागि कोटेशन लिने प्रथा रहेछ । तत्पश्चात् प्राप्त कोटेशनहरु संस्थाको सामान आपूर्ति उपसमितिमा राखी उपसमितिको निर्णयानुसार सबभन्दा कम दररेट कबोल गर्ने फर्मको दररेट सम्बन्धित कार्यालय कार्यालय अर्थात् निकुञ्जमा पठाएको, निकुन्जबाट नमूना बमोजिमको सामानहरुको दररेट मान्य भई आएको हुंदा श्री ५ को सरकार, वन तथा भू संरक्षण मन्त्रालय, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागमा सामान आपूर्ति गरेको देखिन आयो । साझा संस्थाले उपरोक्त बमोजिमको दिएको नमूना बमोजिमको पोसाक सामाग्रीहरु सबभन्दा कम दर रेट कबोल गर्ने वालम इम्पेक्सबाट प्राप्त दर रेट साझाको उप-समितिबाट निर्णय भई निकुन्जमा पठाइएको र निकुन्जबाट उक्त दररेट स्वीकृत भएपछि मिति २०५३।६।२ मा साझा संस्था र निकुन्जसंग सामान लिने दिने वारे संझौता भएको देखिन्छ ।

अनुसन्धानको सिलसिलामा विभागको पत्रसाथ प्राप्त २३ थान पोसाक सामाग्रीको नमूनाको के कति मूल्य पर्दो रहेछ भनी मूल्यांकनको लागि ने.ट्रे.लि. र भन्सार विभागमा मूल्यांकनको लागि पठाइएकोमा ने.ट्रे.लि.बाट नमूनाको सामान बमोजिम मिल्दो किसिमको सामान नभएको र उक्त सामानहरुको मूल्यांकन गर्ने आधार केही नभएको भनी पोशाक फिर्ता प्राप्त भएको ।

पुनः प्राप्त नमूनाको मूल्यांकन गर्ने सन्दर्भमा आयोगको टोलीलाई काठमाडौं स्थित भृकुटी मण्डप, भोटाहिटी आदि स्थानमा पठाइएकोमा सो टोलीले पेश गरेको व्यापारीहरुबाट भएको मूल्यको सर्जमिन मुचुल्का र लेदर विङ्गस्को पत्रबाट निकालिएको सामानको मूल्य र निकुन्जबाट खरीद भएको मूल्यको बिच जम्मा मूल्य १२,०८,९७०।- फरक भएको पाइयो । कोशी टप्पु वन्यजन्तु आरक्ष कार्यालय र चितवन राष्ट्रिय निकुन्जमा कार्यरत वार्डेन लगायतका कर्मचारीको पोशाक सम्बन्धमा प्रतिकृया बुझ्न आयोगबाट टोली पठाइएकोमा कोशी टप्पु र चितवनको निम्न अनुसारको विवरण प्राप्त भएको ।

कोशी टप्पु शाखा कार्यालय :

सामानहरु २०४५ साल देखि दिन शुरु भएको, यसमा कपडाहरु शुरुको दोश्रो वर्ष ०४६ सालमा वितरण गरिएको गुणास्तर राम्रो थियो । तर त्यसपछिको गुणास्तरमा कमी आएको, प्रयोग गर्ने बित्तिकै डिस्कलर हुने खालको छ । आ.व. ०५३।५४ सालको पोशाक सामाग्रीहरु वेसाइज, निकै कम गुणास्तरको छ । मूल्यको सम्बन्धमा सरदर पाइण्टको मूल्य प्रति पीस ४००।-, सर्टको रु. २५०।- ज्याकेटको रु. ५००।-, स्वेटरको रु. ३००।- छालाको जुत्ता हाफ जुत्ता ५००।-, मोजा रु. १५।-, पेटीको रु. ५०।-, ट्रयाकसुटको रु. ३५०।-, भादगाउंले टोपी ३०।- रहेको भनी उल्लेख गरेका छन् ।

०४५।४६ सम्म बजेट बांडफांड गरी विभिन्न शाखा कार्यालयहरुमा पठाइएको तर पछि केन्द्रीयकरण गरिएको ।

चितवन राष्ट्रिय निकुन्ज :

यस निकुन्जका कार्यरत कर्मचारीहले पनि कोशी टप्पुका कर्मचारीहरुले जस्तै नै प्रतिक्रिया व्यक्त गरेका छन् । तर मूल्यको सम्बन्धमा भने सर्टको प्रति मिटर रु. २००।-, जुत्ता छालाको रु. ३००।- प्रति जोर, ज्याकेटको मूल्य रु. ४००।-, स्वेटरको मूल्य रु. ५००।-, ट्र्याकसुटको मूल्य रु. २५०।-, छालाको पेटीको रु. ५०।- पर्ने भनी उल्लेख भएको छ । यस प्रकार दुवै कार्यालयका कर्मचारीले व्यक्त गरेको सामानहरुको मूल्य केही सामानहरुमा फरक परेका छन भने केही सामानहरुमा एकरुपता छ । तर भृकुटी मण्डपका व्यापारीहरुले मूल्यको हकमा गरेको मूल्य सर्जमीन मुचुल्कामा ऊनी स्वेटर प्रति गोटा रु. १२००।-, रेमण्ड सर्ट प्रति थान रु. ७५०।-, सेन्ट वि.एस.एल.को प्रति मिटर ६५०।-, ऊनी सल प्रति गोटा ९००।- ऊनी स्वेटर जेण्ट्सको ४००।- छाला जुत्ता बांसवारीको पसलको पत्रानुसार प्रति गोटा ७५०।- उल्लेख भएको पाइयो । यसरी विभिन्न ठाउंबाट विभिन्न किसिमको प्रतिक्रिया र मूल्य उल्लेख भएको छ ।

पोशाक सामाग्रीको मूल्यको हकमा विश्लेषण गर्दा चितवन स्थित निकुन्जका कर्मचारीहरुले उल्लेख गरेको कतिपय वस्तुको मूल्यसंग कोशी टप्पु वन्यजन्तु कार्यालयका कर्मचारीले दिएको मूल्यसंग एकरुपता पाइदैन भने अर्कोतिर आयोगले बजारबाट सर्जमिन गरी संकलन गरेको पोशाक सामाग्रीको मूल्यसंग उपरोक्त दुवै चितवन र कोशीका कर्मचारीहरुले उल्लेख गरेको मूल्य फरक देखिन आएको छ ।

वस्तुहरुको मूल्य, पसल पसल, ठाउं ठाउंको मोल तोल र थोक खुद्रामा समेत फरक फरक हुने हुंदा यही नै मूल्य ठीक हो भन्न सकिने अवस्था नआए तापनि निकुन्जबाट वितरण गरिएको पोसाक सामाग्रीको स्वीकृत भएको मूल्य कम रहेकोले नै आयोगमा पेश भएको नमूनाभन्दा गुणस्तरमा केही कम रहेको निश्चय नै देखिएको छ । यसरी कम मूल्य र गुणस्तरको सामान पाएकोले नै निकुन्ज अन्तर्गतका कर्मचारीहरुले भ्रष्टाचार गरे भनी असन्तोष व्यक्त गरी आयोग समक्ष उजुरी गर्नु स्वभाविकै देखिन्छ ।

साझाबाट नमूना बमोजिमको माल निकुन्जलाई दिएको हो, होइन भन्ने सन्दर्भमा हेर्दा निकुन्जको मिति ०५३।८।११ मा इकोलजिष्ट नारायण प्रसाद पौडेलको संयोजकत्वमा गठित ५ सदस्यीय कमिटीले साझा भण्डारसंग संझौता भए बमोजिम उक्त संस्थाले विभागमा बुझाएको पोशाक सामाग्रीहरु नमूना बमोजिमको भएको भनि उल्लेख गरेको भएता पनि विभागबाट आयोगमा प्राप्त नमूना र अनुसन्धानको सिलसिलामा आयोगबाट संकलित विभागबाट वितरण गरिएका पोशाक सामाग्रीसंग भिडाई हेर्दा केही कम गुणस्तर र कम मूल्यको भएको भेटिएबाट साझाले नमूना बमोजिमको सामान दिएको र निकुन्जले हेरेर बुझेको भन्ने व्यहोरा सत्य मान्न सकिने अवस्था रहेन ।

साझा श्री ५ को सरकारको स्वामित्व रहेको मुनाफाबाट संचालित हुने संस्था हो । तर साझाले आफ्नो तर्फबाट आफै सामानहरु बनाई सप्लाई गर्ने नभई कोटेशन मार्फत आफ्नो संस्थामा दर्ता भएका अन्य दोकानदारहरुसंग खरीद गरी सप्लाई गर्ने हुंदा सबैको कमिशन प्रतिशतले गर्दा साझाले सप्लाई गर्ने पोशाक सामाग्रीको दर रेटमा बृद्धि हुन गयो ।

यसरी निकुन्जको पोसाक सामाग्रीमा टेण्डर गरी प्रतिस्पर्धाबाट खरीद गर्ने झन्झटबाट बच्ने मनसायले श्री ५ को सरकारको आ.प्र.नियमावली, २०४२ संशोधन सहितको नियम १९ उपनियम २(ङ) को आडमा साझालाई सोझै खरीद गर्न दिएको र साझाले दिएको दररेटलाई प्रचलित बजार दरभाउ यकिन साथ नबुझी साझाको दर रेटलाई मान्यता दिई स्वीकृति गरिनुका साथै साझा भण्डारसंग भएको संझौता बमोजिम विभागमा बुझाएको पोशाक सामाग्री नमूना अनुसार एवं गुणस्तरको छ, छैन हेरी जांची बुझ्नु पर्नेमा सो बमोजिम नगरी हचुवाको भरमा नमूना बमोजिमको भएको भनी लापरवाहीका साथ जिम्मेवारी पूरा नगरी अनुचित कार्य गरेको देखिन आएकोले उपमहानिर्देशक विजय कटेल, संरक्षण शिक्षा शाखा प्रमुख इकोलजिष्ट नारायण प्रसाद पौडेल, योजना शाखा प्रमुख लक्ष्मीप्रसाद मानन्धर, लेखा शाखा प्रमुख गोपालनाथ शर्मा, प्रशासन शाखा प्रमुख नरेन्द्रबाबु प्रधान, स्टोर शाखाका भरत प्रसाद सापकोटा तथा प्रशासन शाखा प्रतिनिधि रघुनाथ फुयाललाई अनुचित कार्य गरे वापत विभागीय कारवाईको लागि वन मन्त्रालयमा लेखिएको ।

साझा भण्डार व्यापार प्रवर्द्धन महाशाखाका अधिकृत श्रीमती कल्पना श्रेष्ठले आफ्नो निगरानी निरीक्षणमा नमूना अनुसारको पोशाकहरु बनाउन लगाई गुणस्तर हेरी बुझी निकुन्जमा बुझाउनु पर्नेमा सो बमोजिम नगरी आफ्नो पदीय दायित्व अनुसार काम कारवाई नगरी लापरवाहीका साथ अनुचित कार्य गरेकोले विभागीय कारवाईको लागि कृषि मन्त्रालयमा लेखिएको ।

साझा भण्डार Profit Incentive बाट स्थापना भएको र कम मूल्यमा खरीद गरी सर्वसाधारण एवं संस्थाहरुलाई सामान सप्लाई गर्ने श्री ५ को सरकारको स्वामित्व रहेको संस्था भए पनि साझा लि. आफ्नो तर्फबाट आफै सामानहरु बनाई सप्लाई गर्ने नभई कोटेशन आर्फत आफ्नो संस्थामा दर्ता भएका अन्य दोकानदार व्यापारीहरुसंग खरीद गरी सप्लाई गर्ने हुंदा दोकानदारको मुनाफा प्रतिशत समेतले दररेटमा बृद्धि हुन जाने साथै उसको काम कारवाई बिचमा बसी कमिशन खाने मात्र भएको देखिएकोले अरु बिक्रेता वा आपूर्तिकर्ता सरह प्रतिस्पर्धामा जानु पर्ने व्यवस्था गर्ने तर्फ आवश्यक कारवाईको निमित्त मुख्य सचिव, मन्त्रिपरिषद् सचिवालयमा लेखिएको ।

५०. श्री डिष्टीलरी प्रा.लि. नवलपरासीले स्कटल्याण्डबाट पुरानो तयारी ह्विस्की मगाई बीरगन्ज भन्सारमा ल्याई र मेटेरियल दरबन्दीबाट भन्सार छुटाउने कार्य गरी करोडौंको राजश्व छली भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान

हुंदा उल्लेखित पुरानो तयारी व्हिस्की कच्चा पदार्थ दरबन्दीबाट भन्सार छुटाएको नदेखिएकोले यस सम्बन्धी प्राप्त भएको सक्कल फायल कानून बमोजिम गर्न भन्सार विभागमा पठाइएको ।

५१. श्री डिष्टीलरीका मथुरा प्रसाद मास्केले भैरहवा भन्सारबाट आयात गरेको तयारी व्हिस्कीलाई कच्चा पदार्थ भनि भन्सार विभाग र भन्सार कार्यालय भैरहवासंग मिलोमतो गरी कच्चा पदार्थकै महशुल तिरी करोडौंको राजश्व छली भ्रष्टाचार भएको भन्ने समेत विषयमा अनुसन्धान हुंदा कच्चा पदार्थको महसूल तिरी सामान लगेको नदेखिंदा कानून बमोजिम गर्न प्राप्त सक्कल कागजात भन्सार विभागमा पठाइएको ।

५२. माननीय स्वास्थ्य मन्त्री, स्वास्थ्य सचिव, महानिर्देशक समेतले मन्त्रालय देखि बाहिरका व्यक्ति स्वास्थ्य मन्त्री अर्जुन नरसिंह के.सी.का भाइ वि.पि.मेमोरियल युथ क्लव, नुवाकोटका अध्यक्ष धनन्जय नरसिंह के.सी.लाई एम.पी.एच. पढ्न थाइलैण्ड पठाई नियम विपरित कार्य गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा देहाय बमोजिम गरिएको :

प्रस्तुत उजुरी निवेदनमा उल्लेखित जिकिर अनुसार अनुचित कार्य भएको देखिन्छ । तर अनुचित तर्फ कारवाई अगाडी बढाउन अ.दु.अ.आ.ऐन, २०४८ को परिच्छेद ३ को दफा (१) बमोजिम प्रतिकूल असर पर्ने व्यक्तिबाट उजुरी पर्न आएको देखिएन भने सोही ऐनको परिच्छेद ३ को दफा (९) अनुसार उजूरी सनाखत गराउनु पर्ने प्रावधान अनुरुप जाहेरवालाको घर ठेगाना खोजी गर्दा समेत फेला नपरी उजूरी सनाखत पनि हुन नसकेको र भ्रष्टाचारतर्फ कारवाई अगाडी बढाउन स्वयं मन्त्रीका भाइलाई विदेशमा पढ्न छात्रवृत्ति उपलब्ध गराएबाट रिसवत लिएको भन्ने अवस्था देखिन आएन ।

तर उपलब्ध छात्रवृत्तिको अवसरमा मन्त्रालय वा अन्तर्गतका कर्मचारीलाई कति प्रतिशत स्थानमा पठाउने र गैर सरकारी संस्था (NGO) बाट कति प्रतिशत स्थानमा के आधारमा पठाउने भन्ने ठोस नीति तय नगरी हचुवा निर्णय गर्दा सर्वसाधारणमा शंका उत्पन्न हुने हुंदा निम्न बमोजिमको नीति तय गर्नेतर्फ स्वास्थ्य मन्त्रालयको ध्यानआकृष्ट गरिएको :-

स्वदेश तथा विदेशमा संचालन हुने कुनै पनि तालिम वा उच्च शिक्षाको लागि पठाउनु पर्दा सरकारी कर्मचारीहरुको हकमा छात्रवृत्ति सम्बन्धी नियम र प्रचलित कानून बमोजिम छनौट गर्नु पर्ने ।

स्वास्थ्यसंग सरोकार राख्ने गैर सरकारी संस्थाका कर्मचारीहरुको हकमा विज्ञापन गरी बायोडाटा सहितको रिकर्ड राखी तिनीहरु बीच प्रतिस्पर्धा गराई प्राथमिकताको आधारमा छनौट गर्नु पर्ने ।

एम.पी.एच. डिग्री पढ्न गएका धनन्जय नरसिंह के.सी. अध्ययन पश्चात् सम्बन्धित क्षेत्रमा कम्तीमा ३ वर्ष सेवा गर्नु पर्ने प्रावधान अनुरुप उल्लेखित शर्त पालना नगरेमा छात्रवृत्ति ऐन बमोजिम रकम असूल उपर गर्नेतर्फ कारवाई गर्ने ।

५३. बागलुङका प्रमुख जिल्ला अधिकारी दोलख बहादुर गुरुङले रु. १ लाख लिई आफ्नो १ जना मानिसलाई सितैमा जापान पठाई दिने शर्तमा नेपालमा विवाह गरी छोराछोरीसमेत भएको खडकबहादुर बस्नेतको विवाह जापानी केटी यासुकी सुमियासंग गराएको भन्ने सन्दर्भमा ०५२।७।५ मा खडकबहादुर बस्नेत र यासुकी सुमियाले बागलुङ जिल्ला प्रशासन कार्यालयमा विवाह दर्ता ऐन, २०४८ अनुसार दर्ता विवाह गरी पाउं भनी साक्षी राखी निवेदन दिएकोमा विवाहको कारवाई चलाउंदा विवाह दर्ता ऐन, २०४८ बमोजिम स्थानीय निकाय हरिपुर गा.वि.स.को सिफारिश, खडक बहादुरको पिताले जिल्ला कार्यालयमा आफ्नो पुत्र अविवाहित छ भनी गरेको कागज एवं उपस्थित साक्षीहरुको आधारमा प्रमाण विवाह गरेको देखिएको र निजले सो विवाह गराउंदा खडक बहादुरले दोश्रो विवाह गरेको थाहा पाउने कुनै युक्तियुक्त आधार नदेखिएको व्यहोरा राष्ट्रिय अनुसन्धान विभागको पत्रबाट समेत पुष्टि भएको हुंदा निज प्र.जि.अ.ले भ्रष्टाचार गरेको कुरा तथ्य रहित देखिएको ।

खडक बहादुर बस्नेतले उक्त समयमा जिल्ला कार्यालयलाई झुक्यानमा पारी झूठो विवरण दिएको र सो कुरामा निजको पिता गगनबहादुरसमेत संलग्न भएको हुंदा बहु विवाहमा कानून बमोजिम कारवाई हुन बागलुङ जिल्ला प्रशासन कार्यालयमा मिसिल पठाइएको ।

५४. जिल्ला प्रशासन कार्यालय, कैलालीबाट अनियमित किसिमबाट दिइएको मोहित कुमार पुरवार समेतको वंशज नागरिकता सम्बन्धमा अनुसन्धान हुंदा धनगढी नगर पालिका, वार्ड नं. ४ बस्ने मिति २०५२।८।१४ मा अंगीकृत नागरिकता प्राप्त गर्ने अरविन्द कुमार पुरवारको श्रीमती वन्दना पुरवार र छोरा मोहित कुमार पुरवारले ध.न.पा. वार्ड नं. ४ को वडा अध्यक्ष कमल सिंह साहु र मेयर किशोर वमको सिफारीशमा जिल्ला प्रशासन कार्यालय, धनगढीबाट प्र.जि.अ. डिल्लीराज जोशीबाट वंशजको नागरिकता लिएको देखियो ।

अंगीकृत नेपाली नागरिकता प्राप्त गर्ने अरविन्द कुमार पुरवारले २०५२।८।१४ मा गृह मन्त्रालयबाट अंगीकृत नागरिकता प्राप्त गरेको देखिन्छ जबकि उसको छोरा मोहित कुमार पुरवार २०३६ साल पौष २५ गतेमा जन्म भएको भन्ने कैलाली पन्जिकाधिकारी कार्यालयको मिति २०३६।१०।३ को प्रमाण रहेको छ ।

श्रीमती बन्दना पुरवार र मोहित पुरवारले हामीहरुले नागरिकता पाउन निवेदनसम्म दिएको हो, वंशजको नागरिकता दिनु पर्ने हो वा होइन प्र.जि.अ.ले जान्नु पर्ने कुरा हो । हामीहरुले वडा अध्यक्ष र मेयर किशोर वमलाई चिनी राखेकोले वहांहरुले पनि सिफारिश गरी दिनु भएको हो, हामीहरुले कुनै गल्ती गरेको छैन । प्र.जि.अ.ले नागरिकता माग गरी फिर्ता माग गरेकाले फिर्ता गरी सकेका छौं भन्ने मोहित कुमार र श्रीमती वन्दना पुरवारको भनाइ रहेको ।

प्रतिलिपी रजिष्टरमा नागरिकता वितरण गरिएको रेकर्ड रहेको तर निर्णय रजिष्टरमा नलेखिएको सम्बन्धमा खरिदार जगन्नाथ भट्टलाई सोधनी हुंदा कार्यको भीडले र प्र.जि.अ.को आदेशानुसार लेखेको भन्ने दुई किसिमको भनाई

निजले मिति २०५४।२।२२ मा गरेको बयानबाट देखिन आएको छ । रजिष्टरमा दर्ता गर्ने कर्तव्य प्र.जि.अ.को भनाई फांटवाला खरिदारको हो, यस सम्बन्धमा एउटा रजिष्टरमा दर्ता गरिनु र अर्को रजिष्टरमा दर्ता नगरिनु निजको बदनियत नभई लापरवाही भएको भन्न सकिन्छ । बदनियत साथ गरिएको भए प्रतिलिपी रजिष्टरमा समेत दर्ता नगरिनु पर्ने थियो ।

प्र.जि.अ. डिल्लीराज जोशीसंग आयोगमा सोधपुछ गरिंदा "वडा अध्यक्ष, नगरपालिकाका मेयरको सिफारीश रहेको, वंशज नागरिकताको अनुसूची फाराम भरेको र बाबुको समेत नागरिकता पाइसकेको, छोरा मोहित कुमारको जन्म दर्ता प्रमाण पत्र पेश भएको कारणले भूलबाट वंशजको नागरिकतामा सही गएछ । वंशजको नागरिकता लगी सकेको १।२ दिन पछि अंगिकृत नागरिकता पाउनु पर्ने व्यक्तिहरुलाई वंशजको नागरिकतामा सही भएछ भनी तुरुन्त क्वार्टरबाटै मिति २०५२।१०।२ मा उक्त वंशजको नागरिकता खिच्न लगाई अंगीकृत नागरिकता दिनु पर्छ भनी खरिदारलाई नागरिकता दिएको थिएं । नागरिकता खिचेको १।२ दिनमा नै मेरो सरुवा सुर्खेत भएकोले बदर गर्ने कारवाई गर्न सकिन' भन्ने भनाई, फायलसाथ रहेको ०५३।१०।२ मा नागरिकता खिच्न लेखिएको पत्र, अंगीकृत अनुसूची फाराम भर भन्ने मिति ०५३।१०।२ को निर्णय पर्चाबाट समेत देखिन आएबाट निजको भनाई सत्य नै देखिन आयो ।

प्रायः जसो नागरिकता वितरण गर्दा प्र.जि.अ.हरुलाई विशेष गरेर सिफारीश कर्ताहरुमा नै भर पर्नु पर्ने हुन्छ । प्रस्तुत नागरिकता वितरणमा पनि वडा अध्यक्ष तथा मेयर जस्तो व्यक्तिले पनि सिफारीश गरेको, नागरिकताको प्रमाण पत्र पाई सकेको साथै निज अरविन्द कुमार पुरवार पुरानो साविक देखि बाबु बाजे देखि नै आई व्यापार गरी बसेको हुनाले भूलबाट अंगिकृत फाराम भराई कारवाई चलाउनु पर्नेमा वंशजको नागरिकतामा सही हुन गएको कुरामा वडा अध्यक्ष, मेयर तथा प्र.जि.अ. समेतले भूल स्वीकार गरिसकेको ।

यसमा मोहित कुमार पुरवार र बाबुको नागरिकता पेश गर्न नसकेको श्रीमती वन्दना पुरवारलाई कैलाली जिल्ला प्रशासनबाट वंशजको नागरिकता प्रदान गरिएको अनियमित, गैर कानूनी र संविधान विपरित निर्णय भएको देखियो । यसमा गैर कानूनी सिफारिश र गैर कानुनी निर्णयबाट मोहित कुमार पुरवार र श्रीमती वन्दना पुरवारले पाएको नागरिकतामा रकम लिनु खानु गरी बदनियतपूर्वक भए गरेको देखिन नआएको र नागरिकता दिईसकेको १।२ दिनमा नै नागरिकता खिची सरुवा भएको कारणबाट बदर गर्न नसके तापनि बदर गर्ने तर्फ कारवाई चलाई सकेको र आयोग समक्ष भूल स्वीकार गरी सकेको हुंदा सिफारीशकर्ता र निर्णयकर्ताहरुलाई भ्रष्टाचारतर्फ कारवाई गर्नु पर्ने स्थिति देखा नपरेकोले कानून बमोजिम गर्नु गराउन फायल गृह मन्त्रालयमा पठाइएको ।

५५. वन मन्त्रालयको वन सिमाबाट ५ कि.मि. टाढा पर्ने गरी कैलाली जिल्लाको धनगढी नगरपालिकामा स-मिल राख्न दिने निर्णय विपरित ५ कि.मि. भित्र दूरीमा रहेको अतरिया चोक नजिक गणेश स-मिल स्थापना गर्न जिल्ला वन कार्यालयले जिल्ला घरेलु तथा साना उद्योग कार्यालयलाई सिफारिश गरी पठाएको सन्दर्भमा अनुसन्धान हुंदा जिल्ला वन कार्यालय कैलालीको सिफारीशमा धनगढी नगरपालिका एवं कैलाली जिल्लामा जम्मा १० वटा वन पैदावारमा आधारित जम्मा १० वटा समिलहरु स्थापना भई संचालन भइरहेको र विवादित गणेश स-मिलको लागि घरेलु कार्यालयबाट मिति ०५३।६।२० मा जिल्ला वन कार्यालयको सहमतिको लागि पठाएको र जिल्ला वन कार्यालयले ०५३।६।१८ मा इलाका वन कार्यालय अतरिया कैलालीमा चेक गर्नको लागि पठाइएकोमा मालाखेती ७ बस्ने लाल बहादुर वोगटीले माग गरेको कि.नं. ४४३ को जग्गा सरकारी वन क्षेत्रबाट ५ कि.मि. टाढा रहेको, कुनै स्कूल सरकारी कार्यालय, सार्वजनिक स्थल भित्र नपर्नेमा हाल उक्त जग्गा अतरिया नगर विकास समितिभित्र पर्ने र वन क्षेत्रलाई हानी नोक्सानी नपर्ने भनी मिति २०५३।६।१२ को सर्जमिन मुचुल्का सहित राय प्राप्त भई सोही बमोजिम घरेलुमा पठाइएको र घरेलुले ०५३।६।२० मा रजिष्ट्रेशन गरी प्रमाण पत्र दिएको फाइल साथ संलगन कागजातबाट देखिन आयो ।

स-मिलहरु स्थापना गर्न घरेलुमा सहमति पठाउनु पूर्व जिल्ला वन कार्यालयले सामुदायिक वन उपभोक्ता समिति र नगर विकास समितिसंग सहमति प्राप्त गर्ने परम्परा रहेको देखिन आयो । प्रस्तुत गणेश स-मिल र सुनैना स-मिलको सम्बन्धमा पनि जिल्ला वन कार्यालयलाई मालाखेती गाउं विकास समितिको च.नं. ८४ मिति ०५३।६।१८ ले स्थापना गर्न दिने वारे सहमति पत्र पठाएको फायल साथ संलग्न कागजातबाट देखिन्छ ।

अनुसन्धानको क्रममा कैलाली जिल्ला, धनगढी नगरपालिका सामुदायिक वन क्षेत्रबाट कति टाढा पर्छ भन्ने सम्बन्धमा धनगढी नगरपालिका नै सामुदायिक वन क्षेत्रको ५ कि.मि. भित्र नै पर्छ भनी श्री सैलेश्वरी सामुदायिक वन उपभोक्ता समितिको मिति २०५४।४।१, जाली सामुदायिक वन उपभोक्ता समितिको मिति ०५४।४।६, श्री सरस्वती सामुदायिक वन उपभोक्ता समितिको ०५४।४।३, तारानगर उपभोक्ता समितिको मिति २०५४।४।३ र अतरिया नगर विकास समितिको ०५४।३।१६ को सिफारिश पत्रहरु पेश भएको रेकर्डबाट देखिन्छ ।

स्थापना भएको गणेश स-मिल नजिकको वन जंगलबाट ६२० फिट र सुनैना स-मिल २६७० फिटको दूरीमा रहेको भनी नापी शाखाको च.नं. ८४६ मिति ०५४।२।२५ को पत्रबाट नाप नक्सा सहित प्राप्त भएको छ ।

उपरोक्त सबै विवरणहरुबाट कैलाली जिल्लामा स्थापना भएका सम्पूर्ण स-मिलहरु नै नजिकको वन जंगलको ५ कि.मि.को दूरीभित्र नै अवस्थित रहेको पाइयो । यस सम्बन्धमा सामुदायिक वनको क्षेत्रको ५ कि.मि. भित्र रहेको तर सरकारी वन स-मिल स्थापना भएको स्थलबाट ८।१० कि.मि. टाढा पर्ने र सरकारी वन जंगललाई कुनै हानी नोक्सानी नपुगेको भनी उपभोक्ता समिति र नगर विकास समितिको सहमतिबाट मात्र सिफारीश गरिएको हो भन्ने वन अधिकृत,

रेन्जरहरुको भनाइ रहे तापनि निजी वन वाहेक सामुदायिक वन समेत सरकारी वन भित्र पर्ने भनी वन विभागको मिति ०५४।३।२५ को पत्रमा उल्लेख भएकोले वन शब्दले राष्ट्रिय वन र सामुदायिक वन समेतलाई जनाउने कुरा प्रष्ट छ।

वन पैदावारमा आधारित उद्योगहरु राष्ट्रिय वन जंगल भन्दा कति किलोमिटर टाढा हुनु पर्ने भन्ने वन ऐन, २०१८ र २०४९ मा उल्लेख भएको पाईदैन। तर २०४९ साल पौष १९ को सचिव स्तरीय निर्णयबाट मात्र तराईमा ५ कि.मि. र पहाडमा ३ कि.मि. दूरी हुनु पर्ने भन्ने निर्देशन भएको देखिनाले सबै राष्ट्रिय वनको हकमा अर्को व्यवस्था नभएसम्म श्री ५ को सरकारको सचिव स्तरीय भएको निर्णय अनुसारकै व्यवस्था अवलम्बन हुनु पर्नेमा कैलाली वन कार्यालयबाट भए गरेको कार्य अनियमित नै मान्नु पर्ने हुन आउंछ।

प्रस्तुत स-मिलहरुको स्थापना सम्बन्धमा वन विभागमा समेत ०५३।११।६ मा निर्देशकलाई सम्बोधन गरी उजुरी दिएको र वन विभागबाट समेत किन नीति नियम विपरित काम भयो भनि जिल्ला वन अधिकृत कार्यालयसंग मिति ०५३।११।८ मा जानकारी समेत माग गरी सकिएको फायल साथ संलग्न कागजातबाट देखिन आयो।

प्रस्तुत केशमा हालसम्मको अनुसन्धानबाट भ्रष्टाचारमा आयोगले कारवाई गर्नु पर्ने अवस्था देखिएन। यसै विषयमा नीति नियम विपरित जिल्ला वन अधिकृत, कैलालीले काम गरेको भनी वन विभागले नै कारवाई चलाई रहेको देखिन आएकोले यसमा भ्रष्टाचारजन्य कारवाई देखिन आएमा आयोगमा पठाउने गरी आवश्यक कारवाई चाडो टुङ्गो लगाई आयोगमा समेत जानकारी दिन वन विभागमा पठाउनका साथै नगरपालिकाको क्षेत्र सामुदायिक वन क्षेत्रको ५ कि.मि. भित्र परेमा कस्तो नीति नियम अवलम्बन गर्नु पर्ने हो राष्ट्रिय वनको सुरक्षार्थ वन ऐनमा समेत आवश्यक किटानी व्यवस्थाको लागि वन मन्त्रालय र उद्योग मन्त्रालयमा समेत अ.दु.अ.आ. ऐनको दफा २८ अनुसार पठाइएको।

५६. श्री ५ महाराजाधिराज सरकारको गद्दी आरोहण रजत महोत्सवको अवसरमा निष्काशन गरिने भनिएको रु २५०।- को नोट निष्कासनको क्रममा नेपाल राष्ट्र बैंक मा घोटला भएको र सो बैंकका डेपुटी गर्भनर प्रफुल्ल कुमार काफ्लेको निवासवाट अमेरीकामा गरेको रु २० हजार को ढंक महसूल बैंकले तिरेको भनी मिति २०५३।१२।५ को दृष्टि साप्ताहिकमा प्रकाशित समाचारका आधारमा आयोगका तर्फवाट छानविन गर्दा २०४७ सालमा ग्लोवल टेण्डर गरी बैंकले तयार गरेको प्री-क्वालिफाइड लिष्टमा परेका ७ वटा कम्पनीहरुमध्येवाट विश्वसनीयता, अनुभव र ख्यातीको आधारमा नोट छपाइ कार्य गर्दै आएको र नयां नोट छपाइको काम गर्न सामान्यतया १० देखि १८ महिना सम्मको समयावधी लाग्ने गरेको देखिएकोमा श्री ५ को गद्दी आरोहण रजत-महोत्सवको उपलक्ष्यमा माथि उल्लेखित रु.२५०।- को नोट शुरुमा गद्दी आरोहणकै दिन अर्थात २०५३।१०।१७ गते नै निष्कासन गर्ने उद्देश्यले मिति २०५६।६।१६ मा नोट निष्कासनका लागि अर्थ मन्त्रालयको स्वीकृती प्राप्त भएपछि सो कार्य प्रारम्भ गर्दा करिव ५ महिनाको समयावधी मात्र वांकी रहेको पृष्ठभूमिमा नोट निष्कासनको उक्त कार्य शिल्ड टेण्डर माग गरी त्यसका आधारमा सम्पन्न गराउन समयाभावको कारण संभव नहुने भएकोले शील्ड कोटेशनका आधारमा संपन्न गर्ने गरी एवार्ड कमिटिले सिफारिस गरे अनुसार प्री-क्वालीफाइड लिष्टमा परेका ७ वटा कम्पनीहरुमध्ये विश्वासनीयता, अनूभव र ख्यातिका आधारमा जर्मन र वेलायती कम्पनीहरुसंग शील्ड कोटेशन माग गरिएकोमा तोकिएको मिति २०५३।१०।१७ गते भित्र नोट छपाई गर्न नसक्ने भनी कोटेशन पेश गरेपश्चात गद्दी आरोहण रजत-महोत्सवको उपलक्ष्यमा निष्कासन गर्न लागिएको उक्त नोट माध १७ गते निष्कासन गर्न नसक्ने भै गद्दी आरोहण रजत महोत्सव मूल समितिसमेत सम्बन्धित निकायसंग छलफल गर्दा २०५३ साल चैत्र मसान्त सम्म रजत महोत्सव पर्व मनाइने भएकोले सकेसम्म चांडो उक्त अवधि भित्र नोट निष्काशन गर्ने सहमति प्राप्त भएपछि सो उद्देश्यका लागि तोकिएको अवधिभित्र नोट छपाई गर्न नसक्ने भन्दै कोटेशन समेत नभर्ने एउटा वेलायती कम्पनीवाहेक सो अवधि भित्र नोट छापी दिन नसक्ने, तर समय बढाइएमा नोट छाप्न सकिने भनी कोटेशन पेश गर्ने जर्मन र अर्को वेलायती कम्पनीका प्रतिनिधिहरुलाइ काठमाडौं बोलाइ समयावधीको सम्बन्धमा बैंकको वाध्यता अवगत गराई नोट छपाउने प्रयास गर्दा बेलायती कम्पनीले १० अप्रिल १९९७ सम्ममा र जर्मन कम्पनीले Mid March 1997 सम्ममा नोट छपाइ गरी बैंकलाइ नोट उपलव्ध गराउने लिखित आश्वासन दिएको र छपाइको मूल्यतर्फ हेर्दा बेलायतीले प्रति हजार नोट छपाइका लागि स्टर्लिङ पाउण्ड ४७८.०० र जर्मनले नोट छपाई मूल्य प्रति हजार थानको डि.एम ९९१.६९ उल्लेख गरी शील्ड कोटेशन भरेको देखिन आयो।

माथि उल्लेखित कोटेशनको दर भाउ हेर्दा जर्मनले दिएको नोट छपाइको दर भाउ वेलायतीको भन्दा कम दर रेटको देखिनुका साथै नोट छाप्ने समयावधिका दृष्टिले पनि सवै भन्दा छोटो समय भित्र नोट छापी दिन कवूल गरेको आधारमा एवार्ड कमिटिको सिफारीश अनुसार नेपाल राष्ट्र बैंकको खर्च प्रणाली, २०३८ को परिच्छेद ५ को दफा ६ तथा परिच्छेद ९ को दफा ३ र नेपाल राष्ट्र बैंक सामान्य नियमहरु, २०२४ को परिच्छेद ३ को नियम २ अन्तरगत रही माथि उल्लेखित रु २५०।- का अतिरिक्त सोही उपलक्ष्यमा निष्काशित रु २५।- को नोट निष्कासनका प्रकृया समेत कानूनसंगत नै रहेको पाइयो।

यसैगरी सोही बैंकका डेपुटी गर्भनर प्रफुल्ल कुमार काफ्लेको निवासवाट ढंक गर्दाको ढंक महसूल रु २०,०००।- बैंकले व्यहोरेको सन्दर्भमा बैंकसंग प्रतिक्रिया माग गर्दा संचालक समितिले गभर्नर, डेपुटी गभर्नरहरुलाई लागे जति टेलीफोन महसूल बैंकले व्यहोर्ने गरी २०३८ सालमा निर्णय भए अनुसार भुक्तानी दिइएको भन्ने प्रतिक्रिया प्राप्त भएको र तत्पश्चात् ०४९।११।१९ मा वसेको संचालक समितिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझावलाइ ध्यानमा राखी गभर्नर एवं डिपुटी गभर्नर स्वयं वढी संयमित भई बैंकले प्रदान गरेको विद्यमान टेलिफोन सुविधाको सदुपयोग गर्नु पर्ने

निर्णयसमेत गरेको देखिदा यस तर्फ बैंकको ध्यानाकर्षण भै सकेको छ । डेपुटी गभर्नर निज प्रफुल्ल कुमार काफ्लेको निवासवाट अमेरिकामा भएको ट्रंककल महसूलको भुक्तानी पनि संचालक समितिको निर्णय अनुसार बैंकको विद्यमान कानूनी व्यवस्था अनुसार नै भएको देखिएको ।

५७. भक्तपुर चितापोल गा.वि.स.मा रेशम खेतीको लागि वार्ताव्दारा प्रति रोपनी एक लाख दश हजारका दरले मुआव्जा दिई जग्गा प्राप्त गर्ने निर्णय भएकोमा जग्गाधनीहरुलाई पहिला पेश्की लिएको भनी १० हजार कट्टा गरी एक लाख दश हजार लिएको भनी सही गराएको भन्ने विवादका सम्बन्धमा जग्गा प्राप्ती ऐन, २०३४ को दफा २७ अनुसार वार्ताव्दारा प्रति रोपनी एकलाख दश हजारका दरले मूल्य दिई जग्गा प्राप्त गर्ने मिति २०५३।३।२९ मा निर्णय भएपछि केही ज.ध.हरुले पेश्की माग गरेकोमा पेश्की माग गर्नेहरुलाइ नगदै भुक्तानी दिने भनी स.ले.पा. नानीराम गेलालको नाममा चेक काटी भरपाई गराएपछि सवै ज.ध.ले वडा सदस्य डोल वहादुर लाइ चेक जिम्मा दिए हुन्छ भन्ने सहमती गरेपछि डोल वहादुरको जिम्मा चेक दिएकोमा निज डोल वहादुरले चेकको रकम भुक्तानी लिइ पेश्की पाउनेहरुलाई दिन निजहरुवाट भरपाई गराई पैसा दिने भनेकोमा पेश्की पाउने व्यक्तिहरुले अघि स.ले.पा.ले भरपाई दिई सकेकोले फेरी भरपाई गर्न इनकार गरेको र निजहरुले पैसा नपाएको गुनासो प्र.जि.अ. श्याम सुन्दर कहां पुगेपछि प्र.जि.अ.ले डोल वहादुर लगायत ज.ध.हरुलाई भेला गराई डोल वहादुरले भुक्तानी लिएको रकम वैंकमा जम्मा गराउने र सवैलाइ चेक वाट रकम भुक्तानी दिने सहमती गराई डोल वहादुरले, भुक्तानी लिएको चेकको रकम पुनः वैंकमा जम्मा गराई जिल्ला प्रशासन कार्यालयमा पेश्की लिएको भरपाइ गर्ने ज.ध.हरुलाइ चेकवाट भुक्तानी गरेको कुरा आयोगमा वयान गर्ने राधाकृष्ण थापा समेतका ज.ध.हरु, वडा अध्यक्ष डोल वहादुर, स.ले.पा.नानीराम गेलालको वयान र नेपाल बैंक भक्तपुरको पत्रवाट पुष्टि भएकोले निर्णय बमोजिम ज.ध.हरुले पाउने रकम पाइसकेको देखिदा उजूरीमा उल्लेखित व्यहोरा तथ्यमा आधारित नदेखिएको ।

५८. गगनेश्वर निजी गुठीको जग्गा दर्ता गर्न लक्ष्मण विक्रम भण्डारी समेतले ०४५ सालमा मालपोत कार्यालयमा निवेदन दिएकोमा मा.पो.का. ललितपुरले यो जग्गा राजगुठी, निजी के हो खुलाई पठाई दिन गुठी संस्थानलाई लेखिपठाएकोमा सो जग्गाका मोहीहरुले यो गुठी राजगुठी हो भनी दावी गरेको जग्गा गगनेश्वर गुठीका नाममा दर्ता रहेको, जग्गा दर्ता सम्बन्धी गुठी संस्थानमा चलेको कारवाहीका सम्बन्धमा प्रमाण बुझी निर्णय गर्नु पर्ने हुंदा हक वेहकमा अदालत जान सुनाइ दिने टिप्पणी उठेको देखिन्छ । सोही समयमै निवेदकले गुठी संस्थान समेतलाई विपक्षी वनाई यसै गुठीको विषयमा सर्वोच्च अदालतमा रीट निवेदन दर्ता गरेको कारणले गुठी संस्थानवाट निर्णय हुन नसकेको र लक्ष्मण विक्रम भण्डारी समेतले दिएको रीट निवेदन सर्वोच्च अदालतमा विचाराधीन रहेको देखिदा निवेदन अनुसार गुठी संस्थानवाट अनुचित कार्य भएको भन्न मिल्ने अवस्था नदेखिएको ।

५९. जनकपुर चुरोट कारखानाले २०५१ सालमा ५० मे.टन सेलोफेन पेपर खरीदको लागि सूचिकृत सप्लायर्सहरुवाट प्रोफर्मा इन्भ्वाइस माग गर्दा न्यूनतम मूल्य प्रति के.जि. अमेरिकी डलर ३.२५ उल्लेख गर्ने स्वीटजरल्याण्डको पेपर लि.संग सो सेलोफेन पेपर खरीद नगरी प्रोफर्मा इन्भ्वाइसको भ्यालीडिटी पिरियड गुजारी पुनः प्रोफर्मा इन्भ्वाइस माग गरेर न्यूनतम प्रति के.जी. अमेरिकी डलर ३.४० मा सोही कम्पनीसंग खरीद गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यस्मा ५० मे.टन खरीदको निमित्त भनी मिति ०५१।४।१४ मा प्रोफर्मा इन्भ्वाईस माग गरेकोमा प्राप्त हुन आएका इन्भ्वाइसहरु मध्ये सवै भन्दा सस्तो दर प्रति के.जी अमेरीकी डलर ३.२५ को मे. ट्रान्सपेरेण्ट पेपर लि. स्वीटजरल्याण्डको इन्भ्वाइस रहेकोमा सो उपर समय मै निर्णय नलिई इन्भ्वाइसको भ्यालिडिटी पिरीयड सकिने अवस्थामा भ्यालिडीटी मिति ०५१।१०।१७ मा सकिने कारखानाको मौज्दात ६।७ महिनालाइ पुग्ने भन्ने आफूखुसी कारण जनाई मिति ०५१।७।२० मा ३०.मे.टन मात्र लिने निर्णय गरी सो लि.लाइ भ्यालिडिटी अवधि थप गरी कन्फरमेशन पठाउन लेखेकोमा ३० मे.टन को लागि मात्र भए प्रति के.जी. अमेरिकी ढलर ३.४० ले मात्र दिन सकिने गरी कन्फरमेशन प्राप्त आएकोले पुनः प्रोफर्मा इन्भ्वाइस माग गरी प्राप्त हुन आएका इन्भ्वाइसमध्ये सवै भन्दा न्यूनतम अंक प्रति के जी अमेरिकी डलर ३.४० को सोही कम्पनीको इन्भ्वाइस स्वीकृत गरी ५० मे.टन नै खरीद गर्ने भनी ०५१।१०।२३ मा निर्णय भएको देखिन आएकोले प्रोफर्मा इन्भ्वाइस माग गर्दा शुरुमा नै आफ्नो मौज्दात र आवश्यकताको पहिचान गरी माग गर्नु पर्नेमा पहिलेको माग बमोजिम ५० मे.टनको लागि दिइएका इन्भ्वाइस प्राप्त भैसकेपछि पेश भए अनुसार ५० मे.टन को सट्टा ३० मे.टन मात्र लिने भनी टिप्पणी सदर गरी कन्फरमेशन प्राप्त गर्ने तर्फ लाग्दा इन्भ्वाइसको म्याद नाघ्न गै सो कारणवाट प्रति के.जी.अमेरिकी डलर ०.१५ ले बढी तिरी खरीद गर्नु परेको अवस्था आएको हुंदा सो खरीदमा ५० को मागलाइ घटाई ३० मे.टन लिने भनी टिप्पणी सदर गराएको वाट कार्यगत कमजोरी देखिन आएकोले सो को लागि जिम्मेवार तत्कालीन का.मु.महाप्रवन्धक रतन वहादुर पाण्डे उपर कारखानाको कर्मचारी सेवा शर्त विनियम बमोजिम विभागीय कारवाइ गर्न र सो को जानकारी आयोगलाइ उपलव्ध गराउन उक्त कारखानाको संचालक समितिको अध्यक्षलाइ लेखिपठाएको ।

६०. पूर्वान्चल डिभिजन सडक कार्यालय, लाहानका प्रमुख मिश्रीलाल साहुले भारतीय नम्वर प्लेट भएको गाडीमा सरकारी इन्धन खर्च गरेको भन्ने सम्वन्धमा अनुसन्धान हुंदा डिभिजन सडक कार्यालय, लहानवाट सरकारी इन्धनमा भएको खर्च विवरण र सवारी इन्धन विक्रेता वालाजु ट्रेड सेन्टर, लाहानको आम्दानी विवरणको तुलनावाट समेत व्यक्तिगत गाडीहरुमा निजी प्रयोगको लागि व्यक्तिगत रुपमै सवारी इन्धन खरीद गरेको देखिन आएको ।

६१. नेपाल विद्युत प्राधिकरण, सातौं विद्युत आयोजनावाट खरीद भएको ए.सि.एस्.आर.तार न्यून गुणस्तरको भएको भन्ने सम्वन्धमा अनुसन्धान हुंदा तार आपूर्ति गर्ने ठेकेदारले विदेशवाट आयातित रडलाई नै आफ्नो कारखानामा वेर्ने र

वाट्ने मात्र गर्ने गरेको पाईएको र सो तारहरुको विविध परिक्षण हुंदा स्वीकृत गुणस्तरको परिधिभित्र नै रहेको परिक्षण प्रतिवेदनहरु प्राप्त हुन आएको, जडानको कार्य गर्ने ठेकेदारवाट तारको लम्वाई नपुग भएको दावी पनि नभएको तथा निश्चित दिनमा तय हुने एल्युमिनियमको बजार मूल्यको आधारमा मात्र भुक्तानी हुने भएकोले वढी भुक्तानी पाएको भन्नेसमेत देखिन नआएको ।

६२. नेपालमा लगानी गर्नु पर्ने अमेरीकी सरकारवाट प्राप्त सहयोग रकम सेभ द चिल्ड्रेन यु.एस.का पदाधिकारीहरुले विदेशमै पुऱ्याई अधिकारको दुरुपयोग गरेको भन्ने विषयमा यु.एस.एड. नेपालले नेपालको विभिन्न स्थानमा रहेका असहाय तथा दलित छात्रछात्राहरुलाई छात्रवृत्ति उपलव्ध गराई सहयोग गर्ने उद्देश्यले नेपालस्थित सेभ द चिल्ड्रेन, यु.एस.संग ६ लाख अमेरीकी डलर वरावरको एक अक्षय कोष स्थापना गरी सो वाट आर्जित व्याज कार्यक्रम संचालन गर्ने गरी सम्झौता गरेको देखियो । कार्यक्रमको संचालन गर्न सेभ द चिल्ड्रेन यु.एस.ले गैर सरकारी संस्था नेपाल राष्ट्रिय दलित समाज कल्याण संघसंग सम्झौता गरी संयुक्त रुपमा कार्य क्रम संचालन गर्ने गरेको पाइयो । उक्त ६ .लाख अमेरीकी डलर मध्ये पहिलो चरण मा प्राप्त २ लाख अमेरीकी डलर नेपाली मुद्रामा परिवर्तन गरि स्थानीय वैंकमा मुद्धति खातामा राखिएकोमा नेपाली रुपैयांको अमेरीकी डलर संगको परिवर्त्य दरमा फरक आइ भएको अवमूल्यनको कारणले मूल धन (principal) मै घट्न गएको र नेपाल स्थित वैंकमा व्याजदरमा स्थिरता नभएको भन्ने कारण जनाइ सो रकमा सेभ द चिल्ड्रेन यु.एस.को नेपालस्थित कार्यालयले खर्च गरी सो वापतको रकम सो संस्थाको अमेरीका स्थित प्रधान कार्यालयसंग हिसाव मिलान गरिएको र वांकी ४ लाख नेपालमा आउँदै नआएको अवस्थामा सवै ६ लाख डलर नै अमेरीकास्थित विभिन्न वैंक तथा सेक्यूरीटी मा लगानी गरेको पाइयो । अनुसन्धानवाट उक्त रकम श्री ५ को सरकार र अमेरीकी सरकारविच सम्पन्न सम्झौता अन्तरगत नेपाललाई प्राप्त हुने सहयोग भित्रको देखिन नआएको । छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता का सम्वन्धमा उक्त कार्यक्रम अधिराज्यका १५ जिल्लामा सिमित रहेको र प्रभावकारी रुपमा सम्पन्न भैरहेको पाइएन । जिल्ला जिल्लामा छात्रवृत्ति का लागि विद्यार्थी छनौट गर्दा छात्रवृत्ति रकमको वैंक कारोवार गरिंदा र रकम वितरण गरिंदा स्थानीय जिल्ला शिक्षा अधिकारीलाई सहभागी वनाएको देखिएन । स्वयम् शिक्षा मन्त्रालय कार्यक्रम संचालनमा नीति निर्देशन गर्ने सल्लाहकार समितिमा रहेकोमा जिम्मेवारी पूर्ण रुपमा कार्य गर्न गराउंने गरेको पाईएन । तथापी यस कार्यवाट सेभ द चिल्ड्रेन, यु.एस.ले भ्रष्टाचार जन्य कार्य गरी अख्तियारको दुरुपयोग गरेको भनी मान्न सक्ने पुष्टि हुन आएन ।

प्रस्तुत विषय मुख्यतः विदेशी सहायता स्वीकार गर्ने, परिचालन गर्ने, प्रकृयागत कुराको व्यवस्थापन, विदेशी मुद्रा विनिमय सम्वन्धि कानूनको पालना तथा कार्यक्रमको कार्यान्वयन र अनुगमनको प्रकृयामा रहेका कमि कमजोरी सम्वन्धि विषय रहेकोले यस सम्वन्धमा निम्नानुसारका विषयमा श्री ५ को सरकारको ध्यानाकर्षण गराइएको :

(१) श्री ५ को सरकारको जानकारी विना नै विभिन्न विदेशी संस्था वा निकायवाट व्यक्ति विशेष वा गैर सरकारी संस्थाहरुलाई सोझै विदेशी मुद्रामा रकम उपलव्ध गराउने र सोको परिचालनका सम्वन्धमा समेत श्री ५ को सरकारसमक्ष कुनै सूचना प्रवाह को व्यवस्था रहेको नपाइएकोतर्फ श्री ५ को सरकारको ध्यानाकर्षण गराइएको ।

(२) नेपालमा विभिन्न गैह्र सरकारी संस्थाहरुले संचालन गरेका कार्यक्रमहरुको कार्यान्वयनमा प्रभावकारिता ल्याउंन नियमित अनुगमन, मूल्यांकनको व्यवस्था गरी लक्षित वर्ग (target group)ले पाउंनु पर्ने सेवा पाए, नपाएको, यस्ता संस्थाहरुको नियमित लेखा परीक्षण भए नभएको, श्री ५ को सरकारमा वुझाउंनु पर्ने कर आदि वुझाए नवुझाएको भन्ने विषयमा सम्वन्धित मन्त्रालयहरुले जानकारी राखी संस्थागत रुपमा अभिलेख राख्ने गरेको नपाईएकोतर्फ श्री ५ को सरकारका मन्त्रालयहरुको ध्यानाकर्षणको लागि मन्त्रिपरिषद सचिवालयमा लेखिएको ।

६३. संयुक्त राष्ट्र संघका लागि नेपालको स्थायी नियोगमा नायव स्थायी प्रतिनिधिको दरवन्दी नेपाल प्रशासन सेवा कूटनैतिक समूहको रा.प. प्रथम श्रेणीको रहेकोमा सोही सरहको अस्थायी पद श्रृजना गरी निजामती सेवामा नै नरहेका विनोद विष्टलाई राजनैतिक नियुक्ति गरिएको सम्वन्धमा हाल सम्मको अनुसन्धानवाट भ्रष्टाचार तर्फ कारवाही गर्नु पर्ने स्थिति नदेखिएको र अनुचिततर्फ कारवाही गर्नलाई मर्का पर्ने व्यक्तिले आफै आई उक्त कार्यवाट आफुलाइ मर्का परेको उजूरी भएमा मात्र कारवाही अघि वढाउने विद्यमान कानूनी व्यवस्थालाइ दृष्टिगत गर्दा पनि प्रस्तुत उजूरी सो अनुसारको नदेखिएको र कर्मचारीको नियुक्ति सरुवा वढुवाको सम्वन्धमा हेर्ने अधिकार यस आयोगको नभई लोक सेवा आयोगको देखिंदा बांकी कारवाहीको लागि लोक सेवा आयोगमा पठाइएको ।

६४. सर्लाहीका पीडित जनताहरुको तर्फबाट उजुरी दर्ता भै यसमा जिल्ला प्रशासन कार्यालय सर्लाहीबाट राय सहितको सकल मिसिल प्राप्त भएकोमा का.मु. पशु चिकित्सक इन्द्रकान्त झा समेतबाट अनियमित तथा भ्रष्टाचारको काम भए गरेको नदेखिएको हुंदा निजउपर कुनै कारवाई गरिरहनु पर्ने नदेखिएको ।

६५. वीरगञ्ज नगर पालिकाबाट भएको विभिन्न निर्माण कार्यहरुमा भ्रष्टाचार भएको भन्ने सम्वन्धमा अनुसन्धान हुंदा देहाय अनुसार गरिएको :-

(क) आर्थिक प्रशासन सम्वन्धी नियमहरु, २०४२ संशोधन सहितको नियम २२ को उपनियम ३(ग) विपरित विभिन्न योजनाहरुको कार्य गर्दा एउटै योजनाको कार्यलाई खण्ड खण्ड गरी लागत अनुमान तयार गरे गराएको र तीनवटा रीतपूर्वकको कोटेशन विना नै ठेक्का संझौता गरेको कसूरमा तथा नगवा पोखरीको कार्यमा सोही नियमहरुको नियम २४ को उपनियम (१) विपरित राष्ट्रिय स्तरको पत्र पत्रिकामा सूचना प्रकाशन नै नगरी टेण्डर गरेको हुंदा वाध्यात्मक रुपमा

अपनाउनु पर्ने कार्यविधिको पालना नभएका यी कार्यहरु अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ को देहाय (ख) बमोजिमको अनुचित कार्य भएको हुंदा योजना अधिकृत नारायण बहादुर थापालाई विभागीय कारवाई गरी सोको जानकारी तीन महिना भित्र यस आयोगमा पठाउन वीरगन्ज नगरपालिकालाई लेखिएको ।

(ख) यस प्रकारका अनियमित कार्यहरुलाई निरुत्साहित गरी आर्थिक अनुशासन कायम गर्न आवश्यक देखिएको हुंदा एउटै योजनाको काम खण्ड खण्ड गराउनु परेमा कानून बमोजिम सैद्धान्तिक स्वीकृति लिनु पर्ने व्यवस्था अनिवार्य रुपमा लागू गर्न वीरगन्ज नगरपालिकालाई लेखी सोको जानकारी आवश्यक कारवाईको लागि स्थानीय विकास मन्त्रालयलाई समेत दिइएको ।

(ग) यस आयोगबाट भएको स्थलगत नापी मुचुल्का र नापी किताबबाट नगवा पोखरी तथा सिंघाई खोलामा भएको निर्माण कार्यहरुमा देखिएको फरकबाट सिंघाई खोलाको निर्माण कार्यको रु. ४,०६७।६८ पैसा र नगवा पोखरीमा भएको निर्माण कार्यको रु. १,२७४।१६ पैसा समेत कूल रु. ५,३४१।८४ पैसा बढी भुक्तानी हुन गएकोले कानून बमोजिम असुल उपर गर्न वीरगन्ज नगरपालिकालाई लेखिएको ।

६६. नेपाल राष्ट्र बैंकबाट कम्प्यूटर खरीद हुंदा आफ्नो न्यूनतम कबोलको टेण्डर स्वीकृत नगरेको भनी निवेदक ओटार्ड इन्टरनेशनलले दिएको उजूरीमा अनुसन्धान हुंदा सो कम्पनीले आफूले उपलब्ध गराउनु पर्ने सामानको क्याटलग अनिवार्य रुपमा पेश गर्नु पर्ने भनी टेण्डर फारामकै विभिन्न दफाहरुमा उल्लेख हुंदा हुंदै बैंकले माग गरेको भन्दा भिन्दै गुणस्तरको क्याटलग पेश गरेकोले उपयुक्त गुणस्तरको क्याटलग पेश गर्न पत्राचांर गर्दा कम्पनी स्वयंले असमर्थता व्यक्त गरेको हुंदा टेण्डर फारामको अनिवार्य शर्त नै पुरा नभएको देखियो । निवेदकले बैंकको माग खास गरी वैकल्पिक सामानसंग सम्बन्धित भएको भन्ने जिकिर गरेको सम्बन्धमा प्रणालीहरु A, B, C_1 तथा C_2 को लागि क्रमशः १३३, १३३, १०० र १०० मेगाहर्ज क्षमता आवश्यक भएको स्पष्ट हुंदा हुंदै क्रमशः ९०,९०, ७५ र ७५ मेगाहर्ज क्षमताको मात्र क्याटलग पेश गरेपछि मूल प्रणालीकै गुणस्तरको प्रत्याभूति नभएपछि यो व्यवस्था वैकल्पिक उपकरणसंग मात्र सम्बन्धित भन्ने प्रश्न नै उठेन । यस वाहेक टेण्डर फाराममा उल्लेख भएको Software Disk तथा Manuals Software को प्रामाणिक स्वामित्वको प्रस्ताव नगरेकोबाट भविष्यमा Pirated Software का कारण कानूनी व्यवधानसमेत उत्पन्न हुन सक्ने हुंदा टेण्डरको शर्त नै पूरा नगरी आफ्नो न्यूनतम कबोल भएको टेण्डर स्वीकृत नभएको दावी गर्नु मनासिव नहुने भएकोले यसमा भ्रष्टाचार भएको भनी कारवाई अगाडि बढाउन सकिने स्थिति नभएको ।

६७. साझा स्वास्थ्य सेवा महांकालस्थानका महाप्रवन्धक पम्फा राईले संचालक समितिको अध्यक्ष तथा अधिकांश संचालक आफ्ना नाताका परेका मौका पारी संस्थाको हित विपरित संचालक समितिका केही सदस्यले नोट अफ डिसेन्ट जनाउंदा जनाउंदै अध्यक्षलाई घर भाडा वापत रु. ६,०००।- मासिक दिने प्रस्ताव पास गराई लागू गरेको, कम सुविधामा काम गरिरहेको योग्य कर्मचारी हटाई बढी सुविधा दिएर पांचथर इलामतिरका अयोग्य कर्मचारी भर्ना गरेको, संस्थाको संचालक समितिमा निज महाप्रवन्धककै मामाचेला, फुपुचेला सदस्य भै संस्था एक परिवारमा केन्द्रित भै डुव्न लागेको भन्नेसम्बन्धमा अनुसन्धान हुंदा साझा स्वास्थ्य सेवा महांकाल स्थानका संचालक समितिका अध्यक्षलाई आवास सुविधा मासिक रु. ६०००।- उपलब्ध गराउने भनी ०५३।५।२४ को बैठकद्वारा उक्त समितिको बहुमतबाट निर्णय भएको र सो साझा संस्थाको तलव भत्ता बजेट आदि सम्बन्धमा संचालक समितिले तोके बमोजिम हुने भनी संस्थाको साझा कामदार प्रशासन नियमावली, २०२६ (संशोधन सहित) को परिच्छेद ४ मा उल्लेख भएको देखिएको हुंदा यस सम्बन्धमा र निवेदनमा उल्लेखित अन्य विषयका सम्बन्धमा समेत अनियमित भए गरेको नदेखिएको ।

६८. वीरगन्ज नगरपालिकाका विभिन्न पदाधिकारीहरुको पेश्की रकम लामो अवधिसम्म फछ्यौंट हुन नसकेको, दैनिक तथा भ्रमण भत्ताहरुको बिलहरुमा समेत अस्वाभाविक एवं कानूनले पाउने भन्दा बढी सहुलियतहरु लिएको, नक्कली बिल बनाई गैर कानुनी रुपमा आर्थिक लाभ गर्ने गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा वीरगन्ज नगरपालिकाका १ नं. देखि १९ नं. को वडा अध्यक्षहरुले महसूल तिरेको विल भरपाई विना मासिक रु.५००। का दरले अनियमित किसिमवाट टेलीफोन विल भुक्तानी लिएको, नगरपालिकाको कार्य व्यवस्था नियमावली, २०४९ को परिच्छेद ५ को दफा ५६ विपरित रु.१००।- देखि ३००।- सम्म आर्थिक सहायता भनी खर्च गरेको र ऐ.नियमावलीको दफा ५८ (१)(ग) र (घ) विपरित बैठक भत्ता र अन्य सुविधा लिएको साथै अनियमित किसिमवाट ट्याक्सी खर्च एवं विजुली र धाराको सामान खरीद गरेको देखिन आयो ।

वडा अध्यक्षहरुले मासिक रु ५००। को दरले टेलीफोन महसूल भुक्तानी लिएको र दैनिक पाउने वैठक भत्ता र दैनिक भत्ता र आर्थिक सहायता वितरण गरेको सन्दर्भमा नगरप्रमुखले नियमानुसार दिन सक्ने आर्थिक सहायता दिनको लागि प्रमुखवाट अधिकार प्रत्यायोजन भै आर्थिक सहायता दिने गरेको र निजले न.पा.वोर्डको निर्णयानुसार पाउने भत्तामा राष्ट्रिय स्तरमारु १५०।- र अन्तराष्ट्रिय स्तरमा रु.१०००।- थप गरी लिएको साथै न.पा.वोर्डको निर्णयानुसार टेलीफोन महसूल लिएको भन्ने जानकारी हुन आएको र आन्तरीक लेखा परीक्षणवाट समेत वेरुजु कायम गरी सकेको हुंदा भ्रष्टाचार भएको भन्न सकिने अवस्था आएन । अनियमित किसिमवाट लिएको टैक्सी खर्च र खरीद गरिएको सामानहरुको हकमा सवै सदस्यहरुले गल्ती स्वीकारी आफूले लिएको ट्याक्सी खर्च भनी वडानं. ६ का अध्यक्ष लक्ष्मण डंगोल, वडा नं.७ का नरेन्द्र शाह, वडा नं.१० का अध्यक्ष राजेन्द्र गुप्ता, वडा नं ११ का रमेशमान सिंह मल्ल र वडा नं १९ का लखनलाल प्रसादले तिर्नु पर्ने रकम वि.न.पा.मा दाखिला गरी पेश्की लगायत अन्य वांकी नगद समेत केही नभएको भन्ने

वि.न.पा.को फरफारक पत्र (Clearance letter) समेत पेश गरेको र वडा नं १९ का लखनलाल प्रसादले अनियमित किसिमवाट विना विल खरीद गरेको भनी ज्योती इलेक्ट्रीकल र नेशनल सेल्सलाई भुक्तानी गरेको रकम रु. ११५६२४। विरगन्ज नगरपालिकाको नाममा दाखिलासमेत गरी सकेको देखिन आएकोले भ्रष्टाचारतर्फ कारवाही गर्नु पर्ने अवस्था नभएता पनि निजहरुले आफ्नो पदिय आचरण अनुरुप कार्य गरेको भन्न सकिने अवस्था नभएको र नगरपालिकाले पेश्कीमाथि पेश्की दिने फछ्यौंट तर्फ सक्रियता नदेखाउने, समयमा आन्तरिक लेखा परीक्षण नगराउने र भएको लेखा परीक्षण वाट औल्याएको वेरुजु फछ्यौंट गर्ने तर्फसमेत निश्क्रीयता देखाई आर्थिक प्रशासन सम्बन्धी कानूनमा भएको व्यवस्थालाई पालना नगरी कार्य गरेकोले अव आइन्दा कुनै पनि नगरपालिकाहरुमा यस प्रकारको अनियमितता नहोस् भन्नाका लागि वीरगन्ज नगरपालिकाका साथै स्थानीय विकास मन्त्रालयको पनि ध्यान आकर्षण गराइएको।

६९. राष्ट्रिय वाणिज्य बैंकको लेखा सुधार गर्न राष्ट्र बैंकको सहयोगमा चार्टर्ड एकाउण्टेण्ट रत्नराज बज्राचार्य एण्ड कं.लाई लगाउंदा प्रतिस्पर्धात्मक रुपमा प्रस्ताव आहवान नगरी व्यक्तिगत सम्पर्कका आधारमा सम्झौता गरी काम लगाई भ्रष्टाचार भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा रा.वा. बैंकको वित्तिय व्यवस्थापन प्रणालीको परिच्छेद ११ को दफा १ र ३ अनुसार आवश्यकता र उपयुक्तताको आधारमा कुनै व्यवसायिक व्यक्ति वा संगठित व्यावसयिक संस्थाबाट विशिष्ट सेवा बैंकले प्राप्त गर्न वाधा नपर्ने व्यवस्था भएको, बैंकको लेखामा सुधार गर्नु पर्ने जस्तो महत्वपूर्ण र सम्वेदनशील विषय विश्वसनीयताको आधारमा गराउनु पर्ने, जो सुकैबाट यस्तो कार्य गराउन अनुभव र बैंकप्रति को सर्वसाधारणको विश्वासमा असर पर्न सक्ने समेतको कारणबाट उपयुक्त नहुने र रकम सहयोग गर्ने राष्ट्र बैंकको समेत स्वीकृती सहमतिको आधारमा प्रस्ताव लिई स्वीकृत समेत भई कार्य संचालन भै रहेको भन्ने देखिएको र कुनै व्यक्ति विशेषको अवाञ्छित सम्पर्क वा त्यसबाट बैंकको हानी नोक्सानी भएको वा कानून प्रतिकूल कार्य भए गरेको नदेखिएको। बैंकहरुमा भविष्यमा पनि यस्ता कार्य गर्नु गराउनु पर्ने सम्भावनालाई ध्यानमा राखी कार्य सम्पादन गर्न सक्षम, योग्य, अनुभवी संस्थाका व्यक्तिहरुको लगत तयार गरी राष्ट्र बैंकमा राख्ने र सोही लगतमा परेकाहरुबाट प्रतिस्पर्धात्मक रुपमा प्रस्ताव आहवान गर्ने परिपाटी बसाल्ने तर्फ आवश्यक ध्यान दिन नेपाल राष्ट्र बैंकलाई लेखिएको।

७०. उदयपुर सिमेण्ट उद्योगको जलजलेदेखि सुकैरासम्म करिव २ कि.मि. को दूरीमा जडान गरिएको आन्तरिक टेलीफोन लाइनको तार मे.ई रोहितकुमार साहले चोरी गरी करिव २०० किलो तामा कारखानाकै सवारी साधनद्वारा निकासी गरेको भन्ने विषयमा अनुसन्धान हुंदा उक्त कार्य निजहरुवाट भए गरेको प्रमाणित हुन आएन भने तार चोरी सम्बन्धमा सूचना गर्दा पनि कारवाही नगरेको भन्ने सम्बन्धमा उक्त तार उद्योगको नाममा आम्दानी नवांधिएको, ठेकदारले छाडी गएको तार भए पनि उद्योगवाट मे.ई रोहितकुमार साहउपर कारवाही अघि वढाई रहेको देखिएको हुंदा आयोगवाट अरु कारवाही गरिरहनु नपरेको।

७१. गोरखापत्र संस्थानमा संस्थानलाई आवश्यक पर्ने न्यूजप्रिण्ट कागज खरीद गर्दा भ्रष्टाचार भएको भन्ने समेत विषयमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :-

१. गोरखापत्र संस्थानको संचालक समितिको निर्णयले संगीता इन्टर नेशनल को तर्फवाट सिनियर टेड इण्टर प्राइजेजले संभौता गरी ५०० मे.टन कागज पटक पटक म्याद थप गर्दा पनि उपलव्ध नगराएको एवं आसु इण्टरनेशनलको तर्फवाट युनिकर्न ट्रेडर्सले सम्झौता गरी ५०० मे.टन कागज समयमा संस्थानमा उपलव्ध नगराएको कारण यी दुवै सप्लायर्सले बैंक ग्यारेण्टी वापत राखेको रकम गोरखापत्र संस्थानको खातामा जम्मा गरी दिन बैंकलाइ संस्थानले पत्र पठाएपछि सोउपर चित्र नबुझी दुवै सप्लायरले पुनरावेदन अदालत, ललितपुरमा निशेधाज्ञाको रिट निवेदन दिई मुद्दा चलिरहेको देखिंदा केही गरी रहनु परेन।

२. दुवै पार्टिले समयमा कागज उपलव्ध नगराएपछि संस्थानले पार्टिले कोट गरेको प्रति मे टन भन्दा बढि मूल्य तिरी संस्थानको काममा प्रयोग गर्न विभिन्न उत्पादनकर्ता संग कोटेशन वाट र सोझै खरीद गरेको सम्बन्धमा संस्थानले सप्लायरलाइ पटक पटक म्याद थप गर्नु पर्ने पर्याप्त कारण नहुंदै म्याद थप गर्नु, संझौता अनुसार कागज समयमा प्राप्त नभएपछि संझौता अनुसारको शर्त कार्यान्वयन गर्न संस्थाले अग्रसरता नदेखाउनु जस्ता क्रियाकलापनै रहेको देखियो। यस्तो क्रियाकलाप उचित मान्न नसकिने हुंदा यस सम्बन्धमा कागज उपलव्ध गराउने संझौता गर्दा कावु वाहिरको परिस्थितिका सम्बन्धमा संम्भावित शर्तहरु पनि उल्लेख गर्नु पर्ने र सो को यथेष्ट प्रमाण पनि पेश गर्न लगाउने वाध्यात्मक व्यवस्था गर्न संस्थानलाई लेखिपठाएको।

३. संस्थानको लागि आवश्यक न्यूजप्रिण्ट वार्षिक रुपमा १३ सय मे.टन र भण्डारण क्षमता ५०० मे.टन (गोदाम भाडामा लिएर) देखियो। यस्तो अवस्थामा ३००० मे.टन कागज खरिद गर्न खोजेको उचित होइन। भण्डारण क्षमता ५०० मे. टन मात्र हुंदा हुंदै सो भन्दा बढि कागज खरीद गर्न पट्टि संस्थान लागेको र लामो स्थापना काल सम्म पनि गोदाम नभई भाडामा लिनु पनि संस्थानको हित विरुद्ध भएकोले यसतर्फ उचित प्रवन्ध मिलाउन पनि संस्थान लाइ नै लेखिपठाएको।

७२. गोरखापत्र संस्थानको संचालक समितिको मिति २०५२।८।११ को बैठकको निर्णय अनुसार संस्थानलाइ आवश्यक पर्ने न्यूजप्रिण्ट कागज खरीद गर्दा भष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :-

१. गोरखापत्र संस्थानलाई भृकुटी पल्प एण्ड पेपर नेपाल लि. र एभरेष्ट पेपर मिल्स प्रा.लि.ले सम्झौता अनुसारको समय भित्र कागजात उपलव्ध गराए नगराएको भन्ने तर्फ हेर्दा दुवैले म्याद थपको लागि प्राविधिक कारण खुलाई

गोरखापत्र संस्थानमा निवेदन दिएको र संस्थानले काबू बाहिरको परिस्थितिसमेत विचार गरी म्याद थप गरेको र थप गरिएको म्याद भित्रै कागजात प्राप्त भइसकेको देखिंदा सम्झौताको कार्य दुवै पक्षबाट पालना भएको देखिंदा केही गरी रहनु परेन ।

२. दुवै संस्था एभरेष्ट पेपर मिल्स र भृकुटी पल्प एण्ड पेपर नेपाल लि.संग २५०।२५० मे.टन कागज खरीद गर्ने भनी मिति ०५२।८।११ मा संचालक समितिबाट निर्णय हुंदा उक्त निर्णयमा ४५ ग्राभेज भन्दा बढी भएमा आपूर्तिकर्ताबाट क्षतिपूर्ति लिने शर्तको सम्झौता गरी खरीद गर्ने भन्ने समेत निर्णय भएको र सो अनुसार सम्झौता गर्दा ४५ ग्राभेजको कागज प्रथम पक्षलाई मान्य हुने तर यसभन्दा बढी ग्राभेज भएमा त्यसबाट संस्थानलाई हुन आउने नोक्सानी दोश्रो पक्षले व्यहोर्नु पर्ने भनी सम्झौतामा उल्लेख भएको व्यवस्था हेर्दा एभरेष्ट पेपर मिल्सले गोरखापत्र संस्थानलाई बुझाएको कागज ४५ ग्राभेज भन्दा बढीको नदेखिएबाट गुणस्तर भएको देखिन आएको ।

३. भृकुटी पल्प एण्ड पेपर नेपाल लि.ले गोरखापत्र संस्थानलाई ४५ ग्राभेज भन्दा बढी ग्राभेजको कागज बुझाई संस्थानलाई पुग्न गएको हानी नोक्सानी सम्बन्धमा गोरखापत्र संस्थानको च.नं. ४०३८।०५३।५४ मिति ०५४।२।७ को पत्रमा "सम्पूर्ण कागज प्राप्त भई सकेपछि ग्राभेज परीक्षणको लागि पठाएको, २५० मे.टन न्यूज प्रिन्ट रिल मध्ये एक रिलबाट ३० X ३० ' को कागज काटी परीक्षणको निमित्त पठाई सोही बमोजिम नतिजा प्राप्त भएको एवं मिति २०५४।१।५ को पत्रमा खरीद गरिएको २५० मे.टन कागज संस्थानमा प्राप्त भई संस्थानका दैनिक प्रकाशनहरु गोरखापत्र र दि राईजिङ्ग नेपाल छपाई गर्दा प्रायशः सबै कागज प्रयोग भई सकेको र बांकी रहेको केही कागजले संस्थानका दैनिक प्रकाशन छपाई गर्न ५-६ दिनलाई पुग्ने भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ ।

माथि उल्लेखित व्यहोराबाट भृकुटी पल्प एण्ड पेपर नेपाल लि.ले उपलब्ध गराएको कागज परीक्षण गराउंदा एक रिलको मात्र कागज काटी परीक्षण गराउंदा ४५ ग्राभेज भन्दा बढी भएको, तर अन्य विभिन्न रोलको कागज परीक्षण नगराएको अवस्थामा अन्य रोलको कागजको नतिजा ४५ ग्राभेजभन्दा बढी थियो वा कम थियो यकिन गर्न नसकिने अवस्था एकातिर देखिन्छ भने अर्कातिर उक्त सबै कागज हाल दैनिक प्रकाशनमा प्रयोग भई सकेको अवस्थामा अब परीक्षण गराउन पनि सम्भव नहुने हुंदा संस्थानलाई वास्तविक रुपमा के कति हानी नोक्सानी भएको छ यकिन गर्न सकिने अवस्था नभएको । परीक्षण गरिएको १ रिलको हुने ०.५ प्रतिशतले रु. ६२,२७७।- जरिवाना असूल भई सकेको देखिंदा अरु थप जरिवाना हुनु पर्ने देखिएन ।

४. संस्थानले कागज खरीद गर्ने प्रकृयामा भने व्यवस्थापनले ध्यान नदिएको स्पष्ट छ । ५०० मे.टनको क्षमता भएको गोदाम भाडामा लिई राखेको र कागज खरीद सम्बन्धमा भने कहिले ३००० मे.टन को टेण्डर गर्ने, कहिले १००० मे.टनको टेण्डर गर्ने र कहिले ५००/५०० मे.टनको कोटेशन माग गर्ने प्रकृया अवलम्बन गरेको पनि देखियो । गो.प. संस्थानले सोझै कुनै पार्टी उत्पादकबाट विदेशी मुद्रा खर्च गरेर (जस्तो गुलमोहर पेपर लि. कलकत्ता) खरीद गरेको पनि अनुसन्धानको सिलसिलामा देखिन आंएको छ । यसका अतिरिक्त टेण्डर वा कोटेशनका आधारमा कागज खरीद गर्ने प्रकृया एकापट्टि गरी राखेको देखिन्छ भने अर्को तर्फ कागज आई पुग्न समय लाग्ने भएकोले Stop gap arrangement भनी स्थानीय व्यापारीबाट उनीहरुले भनेको मूल्यमा कागज खरीद गरी काम चलाउनु पर्ने भनि संचालक समितिबाट निर्णय गराई विना प्रतिस्पर्धा महंगो कागज पनि खरीद गरेको पाइयो । गोरखापत्र संस्थान एक प्रमुख सरकारी संस्थान भएको सन्दर्भमा यस्ले आफ्नो प्रकाशनहरुलाई नियमित रुपमा प्रकाशन गर्न चाहिने कागज, मसि आदिको अविरल प्रवाहका लागि कम्तीमा पनि ३ तीन महिनालाई पुग्ने कागज मसि आदिको जगेडा भण्डार गर्ने तर्फ विशेष ध्यान दिनु पर्ने हुन्छ । श्री ५ को सरकारको प्रतिनिधि समेत संचालक समितिमा रहेको सरकारी संस्थानको व्यवस्थापनमा देखिने गरेको खरीद सम्बन्धी प्रकृया ज्यादै न्यून स्तरको हुनुबाट संस्थानको विश्वसनीयतमा वारम्बार विवाद उठ्ने गरेको पाइयो ।

संस्थानले समय समयमा प्रकाशित गर्ने प्रकाशनलाई स्तरीय र विश्वसनीय बनाउनुको सट्टा तत्कालको आवश्यकता परिपूर्ति गर्न जुनसुकै माध्यम अवलम्बन गर्ने प्रकृयाबाट संस्थानको आर्थिक कारोवार शंकास्पद हुनु स्वभाविक पनि देखिन्छ । अतः गो.प. संस्थानले आफ्नो प्रकाशनलाई नियमित तुल्याउन खरीद गरिने कागज र मसिको व्यवस्था मिलाउंदा कम्तीमा पनि ३।३ महिनालाई पुग्ने जगेडा (स्टक), मौज्दात राख्ने प्रवन्ध मिलाउन श्री ५ को सरकार संचार मन्त्रालयलाई सुझाव दिइएको ।

७३. का.म.न.पा. ७ सावित्र चावहिल ३ कि.नं. १०० को जग्गा मोही तुईलाल ज.ध. लक्ष्मी नारायण समेत ७ जना गुठीयारको साझा भन्ने नजनिई २०२१ सालको नापीको फिल्ड बुकमा साविक १३६९ को लगतको जग्गा भन्ने उल्लेख भएको र साविक १३७९ को लगतमा २१-८-० जग्गा गुठियार मध्येकै लक्ष्मी नारायणले अरु ६ जना गुठीयारबाट हक छुटाई ०३१।११।१५ मा लिखत पारित गरी लिएपछि लक्ष्मी नारायण समेतले धर्म लोप गरे भनी तुइलालको उजुर पर्दा उक्त कि.नं. १०० बदर भै कायम भएको कि.नं. २७३ र २७४ राजगुठी कायम हुने ठहरी रैकरको लगत कट्टा गरी गुठीमा दर्ता गर्ने गरी गुठी संस्थानबाट मिति २०६३।८।२३ मा निर्णय भै सो निर्णय कार्यान्वयनको लागि कारवाई हुंदै गरेको अवस्थामा लक्ष्मी नारायणले उक्त निर्णयको जानकारी मिति ०३७।३।२१ मा प्राप्त गरी सकेपछि गुठीको निर्णय विरुद्ध पुनरावेदन नगरी राजगुठी ठहरेको उक्त जग्गा ज्ञान प्रसाद, टिकाराम पाठक, रामबहादुर श्रेष्ठलाई मिति ०३८।५।३० मा राजिनामा गरी दिएको देखियो । गुठी संस्थानको मिति २०३६।८।२३ को निर्णय बमोजिम रैकरको लगत कट्टा गर्ने कारवाई चली रहेकै अवस्थामा का.म.न.पा ७ को जग्गाहरुको पुनः नापी हुंदा गुठी संस्थानले मिति २०४४।३।२४ मा सो जग्गाको रैकरको

लगत कट्टा गरी गुठी कायम गर्ने २०३६।८।२३ मा निर्णय भएको र मालपोत कार्यालयमा लगत कट्टा गरी गुठी कायम गर्ने २०३६।८।२३ मानिर्णय भएको र मालपोत कार्यालयमा लगत कट्टा गर्ने कारवाई चलिरहेको हुंदा उक्त जग्गा गुठीको नाममा नापी गरीदिन नापी गोश्वारामा लेखी पठाएकोमा उक्त कि.नं. २७३ र २७४ को हाल नापीमा कायम भएको कि.नं. ८८ र ८९ को जग्गा सम्बन्धमा गुठीको निर्णय मालपोत कार्यालयमा चलेको कारवाई समेत बुझ्दै नबुझी एकतर्फ रुपमा नापी गोश्वाराका प्रमुख शम्भु प्रसाद शर्माले टिकाराम, ज्ञान प्रसाद र रामबहादुर श्रेष्ठका नाममा रैकरमा दर्ता गर्ने मिति ०४७।५।१२ मा निर्णय गरी राजगुठी कायम भएको जग्गा रैकरमा दर्ता गरेकोमा गुठी संस्थानले रैकर लगत कट्टा गर्ने निर्णय गरेको व्यहोरा लिखित रुपमा जानकारी गराई सकेपछि गुठीको निर्णय मालपोत कार्यालयको कारवाई समेत बुझी कानून बमोजिम गरी निर्णय गर्नु पर्नेमा सो बमोजिम गर्दै नगरी व्यक्तिको हित हुने गरी गुठी कायम भै सकेको जग्गा जाना जान रैकरमा दर्ता गर्ने निर्णय गरी शम्भुप्रसाद शर्माले अनुचित कार्य गरेको प्रमाणित भएको छ । अतः गुठी संस्थानले कि.नं.१०० को जग्गाको रैकर लगत कट्टा गरी गुठी कायम गर्ने निर्णय गरेपछि सो निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा मालपोत कार्यालयमा कारवाई चली रहेकै अवस्थामा गुठीको निर्णय र मालपोत कार्यालयबाट भएको कारवाई बुझ्दै नबुझी जानाजान लापरवाहीका साथ गुठीको हित विपरित व्यक्तिका नाममा रैकरमा दर्ता गर्ने निर्णय गर्ने तत्कालीन नापी गोश्वाराका प्रमुख हाल नापी विभागमा कर्मरत प्रमुख नापी अधिकृत शम्भु प्रसाद शर्मालाई विभागीय कारवाई गर्न मा. भूमिसुधार तथा व्यवस्था मन्त्रीज्यूलाई लेखी पठाएको र गुठी संस्थानको मिति २०३६।८।२३ को निर्णय बमोजिम १३६९ को लगतको बांकी १० रोपनी जग्गा खोजी छुट गुठीमा दर्ता गर्ने सम्बन्धमा कारवाई भएको नदेखिएकोले साविक बमोजिम चावहिल ३ कि.नं. ९४, ९८ को जग्गा समेत साविक १३६९ को लगतको जग्गा भन्ने देखिंदा सो जग्गाको सम्बन्धमा र साविक कि.नं. १०० बदर भै कायम भएको कि.नं. २७३, २७४ हाल नापीको ८८, ८९ रैकरमा दर्ता भएको सम्बन्धमा कानून बमोजिम कारवाई गर्न गुठी संस्थान केन्द्रीय कार्यालयमा लेखिएको ।

७४. नेपालको मुख्य कृषि उत्पादन विदेशबाट आयातित मल खादमा निर्भर रहेकोमा हाल डि.ए.पी. मल खाद रु. १६।८८ प्रति किलोको दरले पाउने मलको सट्टा भारतबाट उस्तै रुप रंग आकारको नक्कली मल खादहरु ल्याई कृषि सामाग्री संस्थानको राजविराज शाखाको स्टोरमा दाखिला गर्ने कार्य भै रहेको सक्कली खाद डि.ए.पी. त्यहांबाट काला बजार गरी निकाल्ने साथै सो नक्कली खादलाई सक्कली खादको खाली बोरामा रि-प्याक गरी मेशीनले सार्कीबाट सिलाई गरी गोदाम दाखिला भएपछि कसैले पनि नक्कली सक्कली छुट्याउन नसक्ने अवस्था भएको र त्यहांबाट गाईघाट कटारी हुदै निकासी हुने क्रममा रहेको भन्नेवारे अनुसन्धान हुंदा युरिया मलमा रासायनिक तत्व आवश्यक मात्रामा रहेको र डि.ए.पी. को हकमा नाइट्रोजनको मात्रा आवश्यक भन्दा बढी भएको, तर अन्य तत्वमा केही फरक भएको र सो तत्वमा स्टोरको तरीका र केही समय पछि फरक आउने समेत जानकारी हुन आएकोले दावी अनुसार राजविराज र उदयपुर गोदाममा रहेको मल नक्कली भएको भन्ने प्रमाण फेला नपरेको । साथै प्राप्त हुने मल डि.आई.नं. बोरा नमूना सिलाइएको किटानी स्तर कायम गरी सम्झौता नम्बरसंगै सम्बद्ध गरी स्टोर दाखिला गरी सोही बमोजिम रिकर्ड अद्यावधिक राखी काम गर्न गराउन सकेको खण्डमा सम्झौता अनुसार प्राप्त भएको प्रत्येक पटकको लटको मलको गुणस्तर र अन्य भौतिक परीक्षण गर्न संस्थानलाई र उजुरी परेको बखत छानविन गर्ने अधिकारी वा निकायलाई सजिलो पर्ने देखिएको तर यसरी राख्ने गरेको नपाइएकोले अब आइन्दा यस किसिमले मिलाई स्टोर दाखिला गर्ने व्यवस्था मिलाउन संस्थानलाई लेखिएको ।

७५. उदयपुर सिमेण्ट उद्योग लि.का महाप्रवन्धक डा.मदन प्रसाद परियारले उद्योगलाई आवश्यक पर्ने १० लाख थान एच.डि.पी.ई व्याग चाइना हेनान सेन्थेटिक फाइवर्स एण्ड उलन फाइवर्स इम्पोर्ट एण्ड एक्सपोर्ट कर्पोरेशनवाट सागरनाथ ट्रेडर्समार्फत खरिद गर्दा एल.सी. संशोधन गरेको र स्तरीय बोरा प्राप्त नहुंदा पनि बोरा प्रयोग गरी उद्योगलाई हानी नोक्सानी गरेको भन्नेसमेत विषयमा अनुसन्धान हुंदा प्रस्तुत विवादमा आयोगमा उजूरी परी अनुसन्धान प्रारम्भ गरी सकेपछि दुवै पक्ष (सागरनाथ ट्रेडर्स र उदयपुर सिमेण्ट उद्योग लि) को तर्फवाट अदालतमा मुद्दा परी विचाराधीन रहेको तथ्य खुल्न आएको र शर्तनामा उल्लंघन भए गरेको तर्फ उद्योगले नै कारवाई प्रारम्भ गरी सकेको अवस्था हुंदा केही गरी रहन नपरेको ।

७६. नवलपरासी जिल्लामा पुनर्वास कार्यक्रम सञ्चालन गर्न श्री ५ को सरकारले तत्कालीन पुनर्वास कम्पनी, हाल ग्रामिण आवास कम्पनीलाइ उपलव्ध गराएको (कम्पनीले तिव्वती शरणार्थी लगायतका व्यक्तिहरुलाई वसोवास गराई अस्थायी पूर्जा दिएको) जग्गा तत्कालीन वन सुदृढिकरण आयोगले अन्य उनाउ व्यक्तिहरुको नाममा दर्ता गरी दिएकोले कम्पनीले अस्थायी पूर्जा दिइ वसोवास गराएको जग्गा दोहोरा पारी दर्ता भएकोले दोहोरा दर्ता वदर गरी वसोवास गराएका व्यक्तिका नाममा दर्ता गरी दिन पुनर्वास कम्पनीले कारवाही चलाएपछि तत्कालीन वनक्षेत्र सदृढिकरण आयोगका अध्यक्ष कृष्ण प्रसाद उप्रेतीले एकथरीको जोत भोगको जग्गा अर्कै व्यक्तिको नाममा दर्ता भएकोमा सो रद्द गरी वास्तविक जोत भोग गर्ने व्यक्तिका नाममा कायम गरी सच्याउने वा सार्वजनिक जग्गा दर्ता भएकोमा सो रद्द गर्ने वा दोहोरा दर्ता हुन गएकोमा सच्याउने भनी मिति ०४६।३।२० मा निर्णय गरेको सम्बन्धमा नेपाल राजपत्र खण्ड ३६ अतिरिक्ताङ्क ५१ क मिति २०४३।१२।५ को राजपत्रको दफा ४ बमोजिम मालपोत ऐन, २०३४ को दफा २४(४) २९,३० वाहेकको सम्पूर्ण अधिकार आयोगका अध्यक्षलाई प्रत्यायोजन भएको र मालपोत ऐन, २०३४ को दफा ७ (३) बमोजिम अधिकार प्राप्त अधिकारीले दोहोरो दर्ता सच्याउने निर्णय गर्न सक्ने हुंदा कम्पनीले वसोवास गराइ अस्थायी पूर्जा समेत दिएको जग्गा अन्य व्यक्तिहरुका नाममा दर्ता भएकोमा त्यस्तो दोहोरा दर्ता सच्याउन सकने अधिकार तत्कालीन आयोगका अध्यक्षलाई भएकै पाइयो ।

कम्पनीले वसोवास गराएको जमुनीया ८ (ख) १५७ र १६० देखि १६४ , ८ (क) १५७ देखि १६५ र १६८, १६९ , ८ (घ) १२६ देखि १७५ सम्म १ (ख) कि.नं. १८२ देखि १९४ सम्मको दर्ता रद्द गरिएको जानकारी ०४६।७।१८ मा कम्पनीलाइ दिएको भन्ने क्षेत्रीय वसोवास कार्यालयले वन सुदृढिकरण आयोगलाइ लेखेको मिति ०४६।१२।२६ को पत्रवाट देखिएको, जमुनिया ८ (क) कि.नं. ७१, ७४, ७५ ८ (घ) १७५, १ (ख) ११२ देखि ११५, १९३, १९४ जहदा ४ (घ) कि.नं. १, २, ४, ९, १०, १३, १८, १९, २१, ३८, ३९, ४०, ४१, ४२, ४३, ४४, ४५, ४६, ४७, ४९, ५०, ५१, ५२, ५३, ५४, ५६, ६०, ६१, ६२, ६४, ६५, ६६, ६७, ६८, ७३, ७४, ७८, ८०, ८६, ८७, ८९, ९०, ९१, ९२, ९३, ९५, ९६, ९७, १०३, १०४, १०६, १०७, १०८, ११०, १११, ११२ समेतको जग्गा दोहरा पारी उनाउ व्यक्तिका नाममा दर्ता भएकोमा अध्यक्ष कृष्ण प्रसाद उप्रेतीको मिति ०४६।३।३० को निर्णय बमोजिम दर्ता सच्याएकोभन्ने देखिन नआएको हुंदा ग्रामिण आवास कम्पनीको मिति ०५४।१०।३ को पत्रमा उल्लेखित जहदा गा.वि.स. ४ (घ) को ५६ कित्ताको २२-९-१७ जमुनीया ८ (घ) को ५० कित्ताको ९-१९-१९ जमुनीया १ (ख) ८ (क) ८(ख) को ३७ कित्ताको २६-१२-१९ को दर्ता सच्याइ कम्पनीले वसोवास गराएका व्यक्तिका नाममा दर्ता गर्ने व्यवस्था मिलाउने र तत्कालिन बन क्षेत्र सुदृढिकरण आयोगले अनियमित तरीकांले दर्ता गरेको भन्ने सह-सचिव कृष्ण प्रसाद गुप्ता समेतको टोलीले पेश गरेको प्रतिवेदनमा उल्लेखित जग्गाहरुको सम्बन्धमा समेत नेपालराजपत्र भाग ४ खण्ड ४६ अतिरिक्तांक्त (ख) २०५३।१।२४ को राजपत्रको दफा ४ को खण्ड (च), (छ), (ज) मा भएको व्यवस्था अनुसार कारवाही गरी कारवाहीको नतिजा आयोगलाइ पठाउन सुकुम्वासी समस्या समाधान आयोगमा पठाई ग्रामिण आवास कम्पनीलाई जानकारी गराइएको ।

७७. रुपन्देही जिल्ला आनन्दवन हाल शंकरनगर गा.वि.स.का. सामुदायिक बनको ५०३ हेक्टर बन क्षेत्रभित्रको जग्गामध्येको जग्गा आनन्दवन ३ ञ नक्सा कायम गरी कि.नं. १ देखि ८१ सम्म कित्ता वनाई नारायण प्रसाद सापकोटा समेत ७२ जना व्यक्तिका नाममा तत्कालिन बन क्षेत्र सुदृढिकरण आयोग रुपन्देही कपिलवस्तुका अध्यक्ष यज्ञ बहादुर बुढाथोकीको निर्णय अनुसार भनी दर्ता गरेको सम्बन्धमा सो जग्गा दर्ता गर्ने निर्णय भएको भनिएको मिति ०४६।१०।१७ को निर्णय किर्ते हो भनी यज्ञ वहादुर वुढाथोकीले आयोग समक्ष वयान गरेको हुंदा रेखा विशेषज्ञसमक्ष हस्ताक्षर जांच गर्न पठाउंदा उक्त मिति ०४६।१०।१७ को निर्णयमा भएको यज्ञ बहादुर वुढाथोकीको दस्तखत किर्ते भनी प्रमाणित भै आएकोले यज्ञ वहादुरको सही किर्ते गरी नारायण प्रसाद समेत ७२ जनाका नाममा जग्गा दर्ता गर्ने गराउने कार्यमा पीठासीन अभियुक्तहरु हाल पत्ता लागी नसकेको भएपनि नक्सा प्रारम्भीक तेरिज फिल्डवुक लगायत मिति ०४६।१०।१७ को निर्णय समेत किर्ते गरी जग्गा दर्ता गर्ने गराउने कार्यमा निम्न व्यक्तिहरुको संलग्नता रहेको निम्न तथ्यले पुष्टि गरेको छ :-

किर्तेगरी फिल्डवुक श्रेस्ता तयार पारी जग्गा दर्ता गर्ने कार्यमा अमिन केदार ढुंगाना समेतको मिलेमतो हुन सक्तछ भनी अध्यक्ष यज्ञ बहादुर वुढाथोकीले आयोग समक्ष वयानमा उल्लेख गरेकोमा निजलाइ बुझ्दा सो जग्गाको नाप नक्सा मैले गरेको होइन भनी वयान गरेतापनि टोली प्रमुख माता प्रसाद त्रिपाठीले सो जग्गाको नाम नक्सा निज केदार ढुंगानाले गरेको हो भनी खुलाएको र जग्गा दर्ता गरी लिने मध्येका नारायण प्रसाद सापकोटाले नापी नक्सा निजै केदार ढुंगानाले गरेको निज केदार ढुंगानाले जग्गा पाउने हरुलाई फिल्डवुकमा सहिछाप गराएको, निजैले ज.ध.पूर्जा दिएको हो भनी वयान गरेको र फिल्डवुक (क्षेत्रीय पुस्तीका) तयार गर्दा पहिले नक्सा तथा प्रारंभिक तेरीज तयार गरी फिल्डवुक कायम गरेपछि मात्र फिल्डवुकमा अमिनको सहि हुने हुनाले सो फिल्डवुकमा निज केदार ढुंगानाले सही गरेको फिल्डवुक पस्तीकाले प्रमाणित गरी रहेको हुंदा नारायण प्रसाद सापकोटा समेतको मिति ०४६।१०।१ को निवेदनमा अध्यक्ष यज्ञ वहादुरको तोकादेश समेत किर्ते गरी सामुदायिकबन भित्रको जग्गा नापी नक्सा गरी फिल्डवुक तयार गर्ने कार्य गरी मिति ०४६।१०।१७ को अध्यक्ष यज्ञ वहादुर वुढाथोकीको दस्तखत भएको कीर्ते निर्णय खडा गरी जग्गा दर्ता गर्ने गराउने कार्यमा निज केदार प्रसाद ढुंगानाको पूर्ण संलग्नता रहेको प्रमाणित भएको छ ।

टोली प्रमुख माता प्रसाद त्रिपाठीका सम्बन्धमा :-

अध्यक्षको आदेशानुसार नापी गर्न केदार प्रसाद ढुंगानालाइ आफूले खटाएको र सो फिल्डवुकमा भएको सही मेरो हो भनी निज माता प्रसाद त्रिपाठीले स्वीकार गरेको हुंदा अध्यक्षको आदेश नै किर्ते गरिएपछि किर्ते आदेशवाट नापी नक्सा गराउन केदार ढुंगानालाइ खटाउने र नापी नक्सा भएपछि कायम गरेको फिल्डवुकमा निजले सहिछाप गरेपछि सो किर्ते तोक आदेश र निर्णय कार्यान्वयनमा निजको समेत संलग्नता रहेको प्रष्ट छ ।

आयोगको सचिव सर्वराज सिंहको सम्बन्धमा :-

निज सर्वराज सिंह क्षत्रीय वसोवास कार्यालय लुम्विनी को कार्यालय प्रमुख रहेको र बन क्षेत्र सुदृढिकरण आयोग रुपन्देही कपिलवस्तुको सदस्य सचिव समेतको हैसियतले आयोग तथा अध्यक्ष समक्ष पेश हुने विषयहरु निजै मार्फत पेश हुने र आयोग वा अध्यक्षको निर्णय आदेश निजले नै कार्यान्वयन गर्नु पर्ने व्यवस्था रहेकोमा नारायण प्रसाद सापकोटा समेत ७२ जनाको नाउमा दर्ता गर्ने भनिएको ०४६।१०।१७ को निर्णयमा निजको दस्तखत नभएपनि सोही निर्णयको आधारमा भनी ०४६।१०।१८ मा जग्गा धनी दर्ता श्रेस्ता निजैले प्रमाणित गरेको र मिति ०४६।१०।१७ को निर्णय बमोजिम दर्ता प्रमाणित गर्न श्रेस्ता पूर्जा निज समक्ष पेश भएपछि यति ठूलो परीमाणको जग्गा निजको जानकारी विनानै दर्ता गर्ने निर्णय भएको भए निजले सो विषयमा अध्यक्ष संग छलफल गरेको हुनु पर्ने थियो । क्षेत्रीय वसोवास कार्यालय र आयोग बुटबलमै रहेको हुनाले अध्यक्ष संग छलफल परामर्श गर्नु कुनै कठिनाइ हुने अवस्था थिएन । ७२ जनाका नाउमा दर्ता गर्ने मिति ०४६।१०।१७ मा निर्णय भएको भनिएकोमा १७ गते निर्णय भएपछि सो निर्णय बमोजिम ७२ जनाका नाममा फिल्डवुक

श्रेस्ता तयार गर्नु एकै दिनमा सम्भव छैन । किनकि यी ७२ जनाका नाममा फिल्डवुक एउटै भएको एउटै फिल्डवुकमा व्यहोरा जनाई एउटै कर्मचारीले ७२ जनाकै सही गराउनु पर्ने र सो फिल्डवुक बमोजिम श्रेस्ता ७२, पूर्जा ७२, गरी जम्मा १४४ थान तयार गर्नु पर्ने हुदा सो कार्य यति छोटो समयमा गर्न सकिने देखिदैन । साथै ७२ जनाका नाममा दर्ता गर्ने मिति ०४६।१०।१७ मा निर्णय गरिएको भए सो निर्णय कार्यान्वयनको लागि टोलीलाइ पत्र पठाएपछि मात्र टोलीको दर्ताको काम प्रारम्भ हुने हुंदा ७२ जनाको नाममा दर्ता हुने निर्णय भएको कुरा सवैले एकै चोटी कसरी थाहा पाइ सवै जना सोही दिन उपस्थित भए, श्रेस्ता पूर्जामा फोटो समावेश गर्नु पर्ने हुंदा सोही दिन फोटो समेत तयार गरी सवै जना सोही दिन उपस्थित भइ फिल्डवुकमा सहि गरी श्रेस्ता पूर्जामा फोटो समावेश गरी सो श्रेस्ता पूर्जा एकै दिनमा तयार गरी दर्ता प्रमाणित गर्न पेश हुनै नसक्ने, आश्चर्यजनक रुपमा ती सवै कार्य एकै दिन अर्थात मिति ०४६।१०।१८ मा सम्पादन गरी निज सर्वराज सिंहले ७२ जनाको नाममा दर्ता श्रेस्ता कायम गरेको देखिन्छ । निज सर्वराज सिंहको यस किर्ते कार्यमा मिलेमतो नभए मिति ०४६।१०।१७ को निर्णय बमोजिम दर्ता गर्न उक्त ०४६।१०।१७ मा नापी टोलीलाइ लेखिएकोमा अध्यक्षको निर्णय कायान्वयन गर्ने दायित्व निजै सर्वराज सिंहको भएपछि अधिकारविहिन व्यक्तिले दर्ता गर्न नापी टोलीलाइ लेखेको र सोही पत्र र ०४६।१०।१७ को तथाकथित निर्णय बमोजिम एकै दिनमा श्रेस्तापूर्जा तयार गरी पेश भएपछि अनधिकृत व्यक्तिले दिएको आदेशमा श्रेस्ता किन र कसरी तयार भयो एकै दिनमा फिल्डवुक कायम गरी सही गराउन फोटो टासी श्रेस्ता पूर्जा तयार गर्ने कार्य यति छोटो समयमा कसरी भयो त्यस तर्फ छानविन गर्नु पर्नेमा सो केही नगरी कस्ले श्रेस्ता तयार गरेको हो श्रेस्तामा तयार गर्नेको सहीछाप नभएको अवस्था हुंदा हुंदै सोही मिति ०४६।१०।१८ मा ७२ जनाको नाममा दर्ता प्रमाणित गरेको र निज सर्वराजले मिति ०४६।१०।१ को निवेदनमा तोक लगाएको आनन्दबन ३ ञ को फिल्डवुक प्रमाणित गरेको र सो किर्ते निर्णयको आधारमा निजले दर्ता गरेको हुंदा निजको जानकारीमा सो सम्पूर्ण कार्य भएको देखिदा निज सर्वराज किर्ते काममा संलग्न रहेको उपरोक्त तथ्यले पुष्टि गरेको छ ।

यमनारायण चौधरीको सम्बन्धमा :-

आयोगवाट जग्गा दर्ता गर्ने निर्णय भएको मिसिल श्रेस्ता मालपोत कार्यालयमा र नक्सा फिल्डवुक नापी शाखामा पठाउनु पर्नेमा मिति ०४६।१०।१७ को निर्णय मिसिल भनी सो मिसिल ०४६।१०।१८ को नारायण प्रसाद समेत ७२ जनाको श्रेस्ता ०४७।१।७ को किर्ते पत्र साथ नापी शाखामा पठाएको र सो पत्रमा मालपोत कार्यालयमा पठाउने भनी यम नारायण चौधरीले तोक लगाएपछि सो पत्र नापी शाखाको किताबमा दर्ता हुनु पर्नेमा दर्ता नभएको श्रेस्ता मिसिल कसैको जिम्मा नरही ५ वर्षपछि ०५२।८।५ मा निज यम नारायणले मालपोत कार्यालयमा पठाएको देखिदा पत्र दर्ता नगर्नु, श्रेस्ता मिसिल ५ वर्ष सम्म कसैको जिम्मा नहुनु, श्रेस्ता मिसिल नापी शाखामा रहनु पर्ने कुनै आधार र कारण विना त्यसै राखिनुको कुनै तर्कसंगत औचित्य नहुंदा सो किर्ते निर्णय गराइ दर्ता गराउने कार्यमा निजको प्रत्यक्ष संलग्नता नरहपनि किर्ते निर्णयवाट दर्ता भएको श्रेस्ता मालपोत कार्यालयमा तत्काल पठाउदा हल्ला हुने सवैले जानकारी पाउन सक्ने हुदा अरुले जानकारी लिन नपाउन् र पछि श्रेस्ता मालपोत कार्यालयमा पठाउदा कसैले थाहा नपाउने भन्ने मनसाय राखी किर्ते निर्णय बाट दर्ता गर्ने गराउनेहरुको साठगांठमा मतियार को रुपमा निजको संलग्नता रहेको देखिन्छ ।

एकनाथ भाटका सम्बन्धमा :-

नारायण प्रसाद सापकोटाले ०५१।७।५ मा ०४६।१०।१७ को निर्णय अनुसार दर्ता भएको जग्गाको मोल मालपोत बुझी पाउं भनि निवेदन दिएपछि सुकुम्वासी समस्या समाधान आयोग रुपन्देहीका अध्यक्ष एकनाथ भाटले निर्णय मिसिल नक्सा, फिल्डवुक नापी शाखावाट झिकाउने भनी ०५१।३।७ मा आदेश गरी २०५१।७।१६ मा सो विवादित जग्गाको माल मालपोत बुझी दिने निर्णय गर्दा ०३८ सालमा सो जग्गाको लगत लिइ सकेको, तत्कालिन आयोगले ०४५।१।२ मा जग्गा दर्ता गर्ने निर्णय गरेको नारायण प्रसाद सापकोटा समेतले २०३६ साल देखि अविछिन्न रुपमा जोत भोग गरेको फिल्ड निरीक्षणबाट नियमित देखिएको हुंदा ०४६।१०।१७ को निर्णय, नारायण प्रसाद सापकोटा समेत ७२ जनाका नाममा वितरण भएको श्रेस्ता पूर्जा अनुमोदन गरी दिएकोछ । जग्गाको मूल्य मालपोत, मालपोत कार्यालय रुपन्देहीबाट बुझिदिनु भनि लेखि पठाइ दिनु भन्ने व्यहोरा निर्णयमा उल्लेख गरी बन प्रतिनिधिको हैसियतले फिल्ड निरीक्षण गरी प्रमाणित गरी दिएको छ भनी मिति ०५१।७।१६ मा फिल्डवुकमा प्रमाणित गरिएको छ । ०४६।१०।१७ को निर्णय मिसिल श्रेस्ता नापी शाखामा छ भन्ने कुरा निजलाइ कसरी जानकारी भयो कतैवाट खुल्दैन । २०३८ सालमा लगत लिएको र सो लगतमा यी ७२ व्यक्तिहरुको नाम उल्लेख भएको भन्ने र ०४५।१।२ मा यीनै व्यक्तिहरुको नाममा जग्गा दर्ता गर्न आयोगले निर्णय गरेको भन्ने आधार प्रमाण ०५१।७।१६ को निर्णय मिसिलमा संलग्न छैन । जग्गा दर्ता गराउने व्यक्तिहरुमध्ये विष्णु कुमारी सापकोटा समेत १७ जनाले सो जग्गा ४० सालपछि आवाद गरेको भनि आयोगसमक्ष गरेको वयानमा खुलाएका छन् भने नारायण प्रसादले खाली चौर प्रति जग्गा हुंदा दर्ता गर्न निवेदन दिएको हो भनी खुलाएका छन् । दर्ता गर्ने व्यक्तिहरुले २०४० साल पछि आवाद भनेको र नारायण प्रसादले पर्ति हुदा दर्ता गर्न निवेदन दिएको भनी खुलाएको र दर्ता गर्ने प्रायः सवैले यो जग्गा आवाद गरेको छैन भनी उल्लेख गरेको हुंदा आवाद हुदै नभएको र भोग समेत गर्दै नगरेको, हाल सम्म जंगल पर्ति रहेको जग्गालाई २०३६ साल देखि अविछिन्न रुपमा आवाद गरी भोग गरेको भन्ने निज एकनाथ भाटको निर्णय कपोलकल्पित र सरासर गलत देखिन्छ । निजले फिल्ड निरीक्षण गर्दा नियमित देखिएको भन्ने उल्लेख गरेकोमा निजले फिल्ड निरीक्षण गर्दै नगरेको भन्ने कुरा सो जग्गा जंगल र पर्ति नै रहेको कीर्ते निर्णयबाट जग्गा दर्ता गराइ लिने व्यक्तिहरुको वयान, आयोगवाट फिल्ड निरीक्षण गर्न पठाउंदा पेश भएको मिति ०५३।५।३० को प्रतिवेदनमा उल्लेखित तथ्यले पुष्टि गरी रहेकै

हुंदा सामुदायिक बन भित्रको जंगल तथा पर्ति जग्गा किर्ते गरी दर्ता गरेको कार्यलाइ कानूनी रुप दिन २०३६ साल देखि अविछिन्न रुपमा आवाद भोग चलन गरेको २०३८ सालमा लगत लिएको ०४५।११२ मा निवेदकहरुका नाममा दर्ता गर्ने निर्णय भएको फिल्ड निरीक्षण गर्दा नियमित देखिएको भनी कपोलकल्पित मन गढन्ते व्यहोरा उल्लेख गरी २०४६।१०।१७ को किर्ते निर्णय तथा सो किर्ते निर्णयको आधारमा तयार भएको श्रेस्ता पूर्जालाई अनुमोदन गरेको देखिदा ०४६।१०।१७ को निर्णय किर्ते गरी सो निर्णयको आधारमा जग्गा दर्ता गर्ने गराउने अभियुक्तहरु संगको मिलेमतोमा मतियार भै गैर कानूनी निर्णय गरेको निज एकनाथ भाटको निर्णय तथा निजले फिल्डवुकमा प्रमाणित गरेको व्यहोराले पुष्टि गरेको छ ।

नारायण प्रसाद सापकोटासमेतका सम्बन्धमा :-

०४६।१०।१ को निवेदनमा यज्ञ वहादुर बुढाथोकीले तोक लगाएको भन्ने नारायण प्रसाद सापकोटाको बयान भएपनि उक्त निवेदनमा लागेको तोक यज्ञ वहादुरको होइन भनी विशेषज्ञको रायबाट प्रमाणित भएपछि यज्ञ वहादुरले तोक लगाएको भन्ने भनाइ असत्य देखिएको छ । निजले ०४६।१०।१ को निवेदनमा अरु व्यक्तिको नाम आयोगका मानिसले थप्न लगाएको उल्लेख गरेका छन् । जग्गा जोतभोग नगरेका व्यक्तिको नाम कसैले भन्दैमा किन के आधारमा थप्नु पर्‍यो त्यस्को तर्क संगत तथा तथ्य आधार निजले खुलाउन सकेको छैन । वन क्षेत्र सुदृढिकरण आयोगमा निवेदन दिने किर्ते निर्णयबाट दर्ता गराउने त्यसपछि सुकुम्वासी आयोग भू.सु. मन्त्रालयमा कारवाही गर्ने कायमा निजनै अगुवा भै काम कारवाही गरेको निजका नाममा समेत जग्गा दर्ता गरेको र "जग्गा दर्ता गर्ने मध्येका वीर वहादुर गुरुङले जग्गा दर्ता गर्न निवेदन दिएको कुरा मलाइ थाहा छैन ०-१७-० जग्गा मेरा नाममा दर्ता छ भन्ने सुनेको छु । सो सम्बन्धमा ससुरा उदयराज गुरुङ र नारायण प्रसाद सापकोटालाइ थाहा होला' भनी बयान गरेको र उदय राज गुरुङ समेतले जग्गा दर्ता गरी लिएको देखिदा नारायण प्रसाद सापकोटा र उदयराज गुरुङ यो किर्ते कार्यमा प्रत्यक्ष सरीक भएको बीर वहादुर गुरुङ को बयानले समेत पुष्टि गरेको छ । निजहरु समेतको सम्लग्नता विना किर्ते गर्नेकार्यमा सहभागी व्यक्तिहरुले अकारण किर्ते जस्तो जघन्य अपराधी कार्य गर्नु पर्ने अवस्था नभएकोले मुख्यत नारायण प्रसाद सापकोटा उदयराज गुरुङको संलग्नतामा यो किर्ते कार्य भएको रहेछ भन्ने देखिन आयो ।

यसरी ०४६।१०।१७ को किर्ते निर्णय तयार गरी ०४६।१०।१८ मा सामुदायिक बनको जग्गा दर्ता गर्ने गराउने कार्यमा संलग्न रहेका अमिन केदार ढुंगाना तत्कालिन टोली प्रमुख माताप्रसाद त्रिपाठी तत्कालिन क्षेत्रीय वसोवास कार्यालयका प्रमुख सर्वराज सिंह तत्कालिन सुकुम्वासी समस्या समाधान आयोगका अध्यक्ष एकनाथ भाट जग्गा दर्ता गरी लिने नारायण प्रसाद सापकोटा, उदयराज गुरुङ र मतियारमा नापी शाखा रुपन्देही हाल कपिलवस्तु नापी शाखाका प्रमुख यम नारायण चौधरी भै मुलुकी ऐन किर्ते कागजको १२ नं बमोजिम अपराध गरेकोले निजहरुका साथै यस कार्यमा अरु को को व्यक्ति संलग्न रहेका छन तहकिकात गरी स.मु.स ऐन, २०४९ बमोजिम मुद्दा चलाउन जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा लेखिएको ।

आनन्दबन गा.वि.स.को सामुदायिक बन भित्रको हुंदा उक्त जग्गा दर्ता गरेको सिलसिलामा तत्कालिन बन क्षेत्र सुदृढिकरण आयोगका अध्यक्ष यज्ञ वहादुर बुढाथोकीकोदस्तखत जांच गर्न पठाउंदा निम्न मितिको निर्णयहरु मुलुकी ऐन किर्तेकागजको १२ नं बमोजिमको किर्ते गरेको देखिएकोले सो किर्ते कार्यमा संलग्न व्यक्तिहरु विरुद्ध स.मु.स.ऐन, २०४९ बमोजिम कारवाही गर्न जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा लेखिएको ।

(क) चेत नारायण वस्याल समेत ७ जनाको नाममा दर्ता गर्ने भनिएको २०४६।१०।१७ को किर्ते निर्णय ।

(ख) कर्ण वहादुर राना समेत २ जनाका नाममा दर्ता गर्ने भनिएको २०४६।१०।२९ को निर्णय ।

(ग) भिम वहादुर काउथा समेतका नाममा दर्ता गर्ने भनिएको २०४६।१०।१७ को पाना २,३ र ५ मा उल्लेखित व्यक्तिहरुको नाम समावेश भएको किर्ते निर्णय ।

किर्तेगरी दर्ता गरेको सामुदायिक बन भित्रको उललेखित जग्गाको विषयमा रुपन्देही बन कार्यालयले कारवाही चलाई बिभागमा पेश गरेकोमा बन विभागले बन ऐन बमोजिम लगत कट्टा को लागि मालपोत कार्यालयमा लेखिपठाउनू भनी निर्देशन दिइ सकेको देखिदा प्रचलित ऐन बमोजिम दर्ताको लगत कट्टा गर्ने कारवाही टुंगो लगाई आयोगलाइ जानकारी दिन बन मन्त्रालयलाइ र उल्लेखित चेतनारायण वस्याल समेत, कर्ण वहादुर राना समेत र भिम वहादुर काउचा समेतका नाममा दर्ता गरेको जग्गा सरकारी जग्गा हुंदा मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम दर्ता वदरको कारवाही गरी ३ महिना भित्र टुंगो लगाई आयोगलाई जानकारी दिन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखिएको ।

७८. संचार मन्त्रीले तोक आदेशबाट टेलिफोन वितरण गरि O.Y.T. लाई निष्कृय तुल्याई संस्थानलाई घाटा पारेको भन्ने सम्बन्धमा २०४९ साल देखि O.Y.T. को वितरण प्रकृया निर्धारण गरिएको रहेछ । तदनुसार वितरण गरिने क्षमता संस्थाको २० प्रतिशत O.Y.T. लाई २० प्रतिशत प्राथमिकता क्रममा उल्लेखित व्यक्ति एवं पदाधिकारीहरुलाई र बाकी ६० प्रतिशत टेलिफोन निवेदन दिई प्रतिक्षामा रहेका ग्राहकलाई वितरण गर्ने गरिएको रहेछ । प्राथमिकता क्रम ३ ख को २१ मा "राष्ट्रको विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याएका सूचना तथा सन्चार मन्त्रालयबाट सिफारिश भएका लब्ध प्रतिष्ठित व्यक्ति र संघ संस्थाहरु' भन्ने उल्लेख भएको आधारमा मन्त्रीले ठाडो तोक लगाई पठाई गरेको र त्यसैलाई संस्थानले श्री ५ को सरकारको सिफारिश वा निर्देशनको रुपमा स्वीकार गर्ने गरी त्यस निमित्त निर्धारित प्रतिशतले हुने संख्या नघाई टेलिफोन वितरण गर्दै आएको । गत २०५४ बैशाख ६ देखि लागू हुने गरी उक्त वितरण प्राथमिकता क्रम (प्रक्रिया) परिवर्तन गरी प्राथमिकता क्रम ३ क, र ३ ख मा विभिन्न निकाय पदाधिकारी एवं व्यक्ति समेतको उल्लेख गरी समूह ३

ग मा समूह ३ क र ख मा नपरेका निकाय, पदाधिकारी वा व्यक्ति समेतका लागि मन्त्री, राज्यमन्त्री, सचिव, सह सचिव, संचालक, महाप्रवन्धक, नायव महाप्रवन्धक एवं क्षेत्रीय प्रवन्धकले यति यति लाइन तोक आदेशबाट दिन सक्ने भनी वर्ष भरीमा झण्डै ५ हजार लाइन टेलिफोन तोक आदेशबाट नै जडान गर्नु पर्ने व्यवस्था गरिएको देखियो । राष्ट्रिय संचार योजना अनुरुप संचार सेवालाई विभिन्न माध्यमद्वारा सर्वसाधारण जनतालाई सरल, सुलभ एवं सुपथ रुपमा उपलव्ध गराउन स्थापना भएको एउटा स्वशासित, संगठित र अविछिन्न उत्तराधिकारवाला सार्वजनिक संस्थानले प्रदान गर्ने टेलिफोन लाइनको वितरण निमित्त निवेदन दिई प्रतिक्षामा रहने सर्वसाधारण ग्राहक र प्राथमिकता क्रमको समूह ३ क र ख को समेत व्यवस्था भै रहेकोमा लव्ध प्रतिष्ठित व्यक्तिको संज्ञाबाट सिफारीशस्वरुप हुने ठाडो तोक आदेशबाट टेलिफोन जडान गर्ने गरेको देखिन आयो । यसरी मन्त्री देखि क्षेत्रीय प्रवन्धकसम्मका लागि संख्या तोकि हुने निकासाबाट हुने गर्ने कार्य प्रष्ट कानूनको अभावमा जायज एवं वान्छनीय नदेखिएकोले तोक आदेशबाट टेलिफोन लाइन बांड्ने प्रचलन नराख्ने सम्बन्धमा प्राप्त मन्त्रालय एवं संस्थाको प्रतिक्रिया अनुसार तोक आदेश दिने मन्त्री एवं पदाधिकारीहरुको कामको प्रकृति र पदीय जिम्मेवारी अनुसार सो व्यवस्था कायमै रहनु युक्तिसंगत नै हुने भन्ने दूर संचार संस्थानबाट जवाफ आएको पाइयो । यता त्यसरी तोक आदेशबाट टेलिफोन वितरण गर्दा तोक आदेश दिनेले कतिसम्म तोक आदेश दिन सकिने हो सो कुराको वास्ता नराखेको र वितरण गर्नेले पनि तोकिएको प्रतिशत अनुसारको संख्या नाघ्दा पनि वितरण गर्दै गई रहेको देखिन आएको छ । संस्थानबाटै प्राप्त जानकारी अनुसार झण्डै ६ सय लाईन बढी वितरण भएको र सो संख्या O.Y.T. को (संस्थानको आय बृद्धि निमित्त गरिएको योजना अन्तर्गतको लागि छुट्याइएको) संख्याबाटै वितरण गरिएको भन्ने देखिन आएको छ । छानविनको क्रममा आयोगबाट कारवाई शुरु भएपछि थप हुने लाइन संख्याबाट प्रतिशत मिलान गर्ने गरी वितरण गरिएको भन्ने जानकारी प्राप्त हुन आएकोले तोक आदेशबाट टेलिफोन वितरण गर्ने व्यवस्था गर्दा कतिसम्म वितरण गर्न सकिने हो भन्ने सम्भाव्यताको अध्ययन नै भए गरेको पाइदैन । जस्तो O.Y.T. निमित्त छुट्याइएको संख्या निष्कृय रहन गएको र त्यस निमित्त निर्धारित अतिरिक्त महसूल घटाउन परेको अवस्था सृजना हुन आएको पाइन्छ । साथै १०।१२ वर्ष अघि निवेदन दिई प्रतिक्षामा रहेकाहरुले कहिलेसम्म टेलिफोन लाइन पाउने कुराको निश्चितता नभएको र तोक आदेशबाट तुरुन्त टेलिफोन लाइन प्राप्त गर्दा प्रतिक्षा सूचीमा रहेकाहरुमा असन्तोषको वातावरण सृजना हुने र अन्तत्वगत्वा यसले सामाजिक अन्याय (Social injustice) को वातावरण सृजना गर्ने भएको ।

अतः टेलिफोन लाइन अत्यावश्यक भै प्रतिक्षामा बस्न नचाहनेका लागि O.Y.T. को व्यवस्था गरिएको र टेलिफोन आवश्यक पर्ने हर क्षेत्रका संस्था वा पदाधिकारीहरु प्राथमिकता क्रममा समावेश भै रहेको अवस्थामा मन्त्री वा अरु कसैले तोक आदेश गरी टेलिफोन वितरण गर्ने गरी गरिएको व्यवस्था युक्तिसंगत एवं वान्छनीय समेत नदेखिएकोले ०५४।१।६ देखि लागू हुने गरी हाल प्रचलनमा रहेको सो प्राथमिकता क्रमको समूह ३ ग (तोक आदेशबाट टेलिफोन लाइन निकासा हुने व्यवस्था कायम नराख्न श्री ५ को सरकार सूचना तथा संचार मन्त्रालय, नेपाल दूर संचार संस्थानलाई समेत सुझाव पठाएको ।

७९. जिल्ला शिक्षा कार्यालय, दार्चुलाका नि.जि.शि.अ. (शा.अ. मान सिंह धामी) ले निमित्त भएको समयमा गरेको अख्तियार विहिन काम कारवाई बदर गर्न र निज धामीलाई विभागीय कारवाई गर्न सिफारिश राय सहितको २०५५।१।२५ मा जिल्ला प्रशासन कार्यालयबाट निर्णय सहितको फाइल प्राप्त हुन आएको, प्राप्त फायल कागजातहरु अध्ययन गरी हेर्दा निज मान सिंह धामीले नि.जि.शि.अ. भै काम गर्दा शिक्षक नियुक्ति, सरुवा, बढुवा सम्बन्धी भए गरेका कामहरु शिक्षा नियमावली, २०४९ को नियम ६० को उपनियम (२)(३) तथा सोही नियमावलीको नियम ६१ को व्यवस्था विपरितको कार्य गरेको भन्ने अनुसन्धानबाट र निज कै बयान समेतबाट पुष्टि भएको हुंदा निजको कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम अनुचित कार्य भित्र परेको देखिन आयो । अतः निजको उक्त कार्य नि.से.ऐन,को दफा ५९ को (क) २ भित्र को कार्य हुंदा अख्तियारवालाबाट विभागीय कारवाई गरी २ तलव बृद्धि रोक्का गर्न अख्तियारवाला अधिकारीलाई लेखिएको ।

८०. शाही नेपाल वायुसेवा निगम र FARE Ltd. वेलायतका दिनेश धमिजा बीचको मुद्दा मिलापत्र गराए बापत दिनेश धमिजालाइ क्षतिपूर्ति वापत निगमले दिनु पर्ने १३ करोडको चेक आफैले बुझी तत्कालीन पर्यटन तथा नागरिक उड्डयन मन्त्री चक्र प्रसाद बास्तोला बेलायत जानु भएको भन्ने समेत व्यहोरा उल्लेख गरी मिति २०५३।८।४ को "युगसम्वाद" साप्ताहिकमा प्रकाशित समाचार उपर अनुसन्धान हुंदा दिनेश धमिजासंग शा.ने.वा.नि.को मुद्दा मिलापत्र गरे बापत क्षतिपूर्ति स्वरुप निगमले निज दिनेश धमिजालाई भुक्तानी दिनु पर्ने मिलापत्रको संभौता अनुसारको १५,००,००० (पन्ध्र लाख पाउण्ड) निगमले 15 th Oct 1996 मा राष्ट्रिय बाणिज्य बैंक मुख्य शाखा कार्यालय बिशालबजार मार्फत Telegraphic Transfer (t.t) मार्फत भुक्तानी पठाएको देखियो । प्रस्तुत विवादमा मध्यस्थको रुपमा रहेको Herbet Smith ले उक्त रकम प्राप्त भएको जानकारी 17 th Oct, 1996 मा निगमलाइ समेत दिएको पाइयो । दिनेश धमिजाले क्षतिपूर्ति बापतको रकम प्राप्त गरे पश्चात तत्कालिन मा.पर्यटन तथा नागरिक उड्डयन मन्त्री चक्र प्रसाद बास्तोला तथा निजका परिबारका नाममा कुनै अचल सम्पत्ति खरीद भएको नदेखिएको तथा सोही व्यहोराको लिखित जानकारी मा.चक्र बास्तोलाबाट प्राप्त भएको ।

८१. अल्टिमेट डिसेन्टस नेपाल (प्रा.) लि ठमेल काठमाडौंमा काम गर्ने न्यूजिल्याण्डका नागरिक David Allardice Henry लाई तत्कालिन मा.गृह मन्त्री खुम वहादुर खड्काको ठाडो तोक आदेशबाट २ वर्षको व्यवसायिक भिसा दिइएको र सो वापत David ले गृह मन्त्रीका पि.ए.लाइ ६ हजार डलर दिएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा व्यवसायिक भीसा प्रदान

गर्ने अधिकार श्री ५ को सरकारको तर्फबाट गृह मन्त्री वा गृह मन्त्रालयको हो वा अध्यागमन बिभागका महानिर्देशकको हो भन्ने कुराको विवाद देखिन आयो । यसमा निज David ले व्यवसायीक भीसा पाएको ३ महिना पश्चात मात्र नेपालमा लगानी गरी व्यवसायिक भीसा पाउने हैशियत प्राप्त गरेको देखिन्छ । पूर्व सन्दर्भमा विचार गर्दा पनि भीसाको किसिममा फरक पारी भीसा दिइएको तर भीसा नै पाउन नसक्ने व्यक्तिले भीसा पाएको अवस्था नभएको, निज David को गतिबिधि प्रतिकूल नरहेको भन्ने राष्ट्रिय अनुसन्धान बिभागको जवाफ रहेको, भीसा जारी गर्ने विषयमा अध्यागमन विभागका महानिर्देशक र गृह मन्त्रालयका सचिवसमेतका बीचमा फरक दृष्टिकोण रहेको पाइयो । मन्त्रीस्तरीय निर्णय भै सकेपछि सो को कार्यान्वयन गर्नेसम्मको आफ्नो दायित्व रहने भन्ने अध्यागमन विभागको धारणा रहेको देखियो भनें मन्त्रीको निर्णय नीतिगत निर्णय हुने, कानूनतः प्रकृया र कार्यविधि पूरा गरी व्यवसायिक भीसा प्रदान गर्नु पर्ने नपर्ने निर्णय गर्नु पर्ने अधिकार अध्यागमन बिभागको हो भन्ने मन्त्रालयको धारणा रहेको पाइयो । कानूनतः मन्त्रालयको धारणा ठीकै देखिए पनि निवेदन र सोसाथ प्रेषित प्रमाण कागजात केहि पनि नराखी तोक आदेशको व्यहोरा मात्र तालुक मन्त्रालयले बिभागलाई अहाई पठाएपछि बिभागले अन्यथा सोच्नु पर्ने अवस्था व्यवहारतः रहन्न । प्रस्तुत केशमा व्यवसायीक भीसा पाउने David केहि वर्ष देखि पर्यटकिय भीसामा नेपालमा काम गर्दै आएका र निवेदनमा निकट भविष्यमै नेपालमा लगानी गर्ने वचतवद्धता प्रकट गरीएको र सो अनुसार ३ महिना भित्रै " दि वोडर्ल्याण्ड रिसोर्ट होटल प्रा.लि." नामक होटल खोली लगानी गरीएकै देखिएकोले वार्षिक ६० डलर मात्रको भिन्नता हुने भीसा दस्तुरकै लागि मन्त्रीका पि.ए.लाई ६००० डलर दियो होला भन्ने विश्वसनिय आधार नदेखिएको ।

८२. कृषि औजार कारखाना वीरगन्जका महाप्रवन्धक राधेश्याम वरालसमेत ले निजीकरणको क्रममा रहेको कारखानामा झुठ्ठा बिल बनाई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा कृषि औजार कारखानाको रजत जयन्ती मनाउने सन्दर्भमा भएका खर्चहरु समेत विभिन्न खर्चहरु संचालक समितिले खर्च समर्थन गर्ने निर्णय गरेको र मुख्यतः श्री ५ को सरकारको पूर्ण स्वामित्वमा रहेको कारखाना मन्त्रिपरिषद्को ०५४।३।४ को निर्णयले निजीकरण भई क्रेतालाई हस्तान्तरण समेत गरि सकेको देखिएको ।

८३. नेपाल विद्युत प्राधिकरणबाट प्रचलित नियम कानून बिपरित अनुचित निर्णय गरी कर्मचारीको बृत्ति विकासमा बाधा पारेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा देहाय अनुसार गरिएको :-

१. विज्ञापन नं २६।०५१।०५२ सहायक लेखा अधिकृत पदको सूचना तथा नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा विनियमावली, २०५० को विनियम १९.१ (ख) बमोजिम लेखा समूहमा पदाधिकार नभएको कारणले मात्र दरखास्त अस्वीकृत गर्नु पर्ने कुनै नियम सम्मत आधार नभएको हुंदा विनियम बमोजिमको सेवा अवधि तथा शैक्षिक योग्यता पुग्ने सबै दरखास्तवालाहरुको दरखास्त समेत स्वीकृत गरी पुनः लिखित परीक्षा लिनको लागि आवश्यक कारवाई गरी सो को जानकारी यस आयोगमा पठाउन नेपाल विद्युत प्राधिकरण, बढुवा सिफारीश समितिलाई लेखिएको ।

२. सो विनियम बमोजिमको योग्यता पुगेर पनि सेवा समूह नमिलेको कारण देखाई दरखास्त अस्वीकृत गरिएको कार्य त्रुटिपूर्ण हुंदा हुंदै मिति २०५४।४।१३ मा बढुवा सिफारीश समितिले ". .जे जस्तो अवस्थामा स्थगित रहेको थियो त्यसमा कुनै परिवर्तन नहुने गरी कारवाई अगाडी बढाउने तथा पूर्व स्वीकृत दरखास्तहरु यथावत कायम राखी ३० दिनको सूचना दिई परीक्षा सम्बन्धी कार्यक्रम प्रकाशित गर्ने.." भनी नियम विपरित निर्णय गरेको हुंदा सो बढुवा समितिका सबै पदाधिकारीहरुलाई विभागीय कारवाई गरी सोको जानकारी ३ (तीन) महिना भित्र यस आयोगमा पठाउन नेपाल विद्युत प्राधिकरण, संचालक समितिलाई लेखिएको ।

३. तत्कालीन कार्यकारी निर्देशक कीर्तिचन्द ठाकुरबाट हाल पनि बिभागीय कारवाई गर्नु पर्ने कार्य भएको र यस अगाडी पनि निजलाई सचेत गराउनु पर्नेमा निजले अवकास पाइसकेको कारणले मात्र केही गरिरहन नपरेको व्यहोरा यस आयोगको चतुर्थ वार्षिक प्रतिवेदन २०५०।०५१ को पृष्ठ ४८ मा पनि उल्लेख भएकोले यसरी पटक पटक अनियमित कार्यमा संलग्न देखिन आएका निज कीर्तिचन्द ठाकुरको अभिलेख राख्नका लागि मन्त्री परिषद सचिवालयमा लेखिएको ।

८४. सांसद नरेन्द्रराज पोखरेलले भ्रष्टाचार गरी सम्पत्ति आर्जन गरेकोभन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा यस आयोगबाट केही गर्नु पर्ने नदेखिएको ।

८५. राष्ट्रिय वाणिज्य बैंकले गाडी खरीद गर्न लागेकोमा अनियमित कार्य भएको भन्ने विषयमा अनुसन्धान हुंदा गाडी खरीद गर्ने प्रक्रिया चालू नै रहेकोले केही गर्नु नपरेको ।

८६. सोक्तिम चिया कमान, चिसापानी (इलाम) का प्रवन्धकले कमानमा निर्माणका लागि कटाएका काठहरु ८३ थान आफ्नो डेरामा लगेको, उपहार दिने भनि चिया लगी २ नम्बरी काममा प्रयोग गरेको र बगानका मजदुरलाई निजी काममा लगाएको, सुपरभाइजरले बगानका चियाको २० थान विरुवा निजी जग्गामा लगाएको र लेखापालले मजदुरलाई पारिश्रमिक दिन ढिलासुस्ती गरेको भन्ने समेत सम्बन्धमा अनुसन्धान हुंदा यसमा ट्रफ निर्माण गर्दा लगत इष्टमेट गराइएको, खर्चको बिल भरपाई राखे पनि प्रक्रिया पुऱ्याई रितपूर्वक श्रेस्ता तयार गराएको नदेखिएता पनि सो कामको मूल्यांकन गर्दा लगत इष्टिमेट भन्दा बढी परिमाणको काम भएको भन्ने देखिन आएकोले ट्रफ निर्माणमा प्रयोग हुने काठ निजी प्रयोगमा लगेको भन्ने पुष्टि हुन नआएको, प्रचार प्रसारको लागी लगेको चिया र चियाको विरुवाको अभिलेख राखी सामान्य परिमाणमा दिएको चिया उपहार दिने काममा अनियमितता भएको भन्ने अवस्था नदेखिएको ।

८७. भैरहवा भन्सार कार्यालयमा विभिन्न समयमा अवैध चोरी निकासी हुन लागेका विदेशी मुद्रा तथा सामान कर्मचारीहरुले पक्राउ गरेकोमा कुनै अभिलेख नै नजनाई कसूरबार व्यक्तिलाई छोडी त्यस्तो विदेशी मुद्रा आफै राख्ने जस्ता भ्रष्टाचार एवं अनियमित क्रियाकलाप गरेको भन्ने सम्बन्धमा अवैध रुपमा पैठारी हुन लागेका विभिन्न समयमा पक्राउ परेका अमेरिकी डलरका सम्बन्धमा कानूनतः अख्तियारवाला प्रहरीले अनुसन्धान सम्पन्न गरी रुपन्देही जिल्ला अदालतमा मुद्दा दायर भएकोमा सुराकीलाई नियमानुसार इनाम दिने समेतको निर्णय भै सकेकोले यसमा अन्यथा भन्न सकिने देखिएन । अवैध रुपमा निकासी हुन लागेको सामान सहितको एक ट्रक नियमित चेक जांचको सिलसिलामा पक्राउ परेकोमा आफन्त र कृतिम व्यक्तिलाई सुराकी बनाएको भन्ने सम्बन्धमा सो मुद्दामा कसैलाई पनि सुराकी इनाम नदिने गरी निर्णय भएको पाइएकोले केही गरी रहनु पर्ने देखिएन । अवैध रुपमा चोरी निकासी पैठारी हुन लागेका विदेशी मुद्रा तथा सामानहरु पक्राउ परेकोमा अभिलेखमा नजनाइएको भन्ने कुरा उजुरीवाहेक अन्य प्रमाणले समर्थित गरेको देखिएन ।

८८. चितवन जिल्ला शक्तिखोर गा.वि.स. को ह्याङ्च्याङ्ग इलाका बनका रुखहरु गैर कानूनी ढंगले काटी कटाइ अन्यत्र लगि श्री ५ को सरकारलाइ गैर कानूनी हानी पुऱ्याई भ्रष्टाचार गरे भन्ने विषयमा च.नं. १५४४ मिति २०५४।९।२० मा पुनरावेदन सरकारी वकील कार्यालय हेटौंडाबाट वि.प्र.वि.को मुद्दा चलाउने रायसंग असहमत भै मुद्दा नचलाउने छुट्टै राय प्रस्तुत गरी आयोगमा समर्थनको लागि पठाइएको मा जि.चितवन शक्तिखोर इ.व.का अन्तरगत हात्तिवाङ इकाई र दाहखानी इकाइ अन्तरगत सरकारी जंगलमा ६२३९ क्यू. फीट काठ अवैध तरीकाले काटि हानी नोक्सानी भएको कुरामा विवाद देखिदैन । पचासौ विगाहाको जंगल हानी नोक्सानी एक दुई दिन मै हुन नसक्ने र त्यति ठूलो क्षेत्रफलको जंगल हानी हुंदा समेत दृष्टि पुगेन भनेर कर्मचारीले उम्कन खोज्नु युक्तिसंगत देखिदैन । बन जंगलको नोक्सानी भएकोमा लिनु पर्ने सजगता र त्यसको जानकारी आफु माथिको निकायमा कहि कतै गराएको समेत देखिदैन, जसले कर्मचारीहरुको मिलेमतो प्रमाणित गर्दछ । पुनरावेदन सरकारी वकील कार्यालय हेटौंडाले गा.वि.स.का तत्कालिन उपाध्यक्ष रेशमलाल उप्रेतीको आधार लिई मुद्दा नचलाउने भनेकोमा आयोगबाट निजलाइ बुझ्दा बन जंगल फडानी भएको र कर्मचारीको मिलो मतो नभै त्यति ठूलो जंगल नोक्सान हुन सक्दैन भनी बयान गरेको आदि प्रमाण को आधारबाट पुनरावेदन सरकारी वकील कार्यालयको राय संग सहमत हुन नसकिने हुंदा विशेष प्रहरी विभागबाट पुनरावेदन सरकारी वकील कार्यालय हेटौंडालाई लेखिएको २०५४।०५५ वि.का.मु. च.नं. १२ मिति २०५४।५।२९।१ मा उल्लेखित गरिएका अभियुक्तहरु जिल्ला बन अधिकृत अरुण कुमार श्रीवास्तव, इ.ब.स.हरु किशोर प्रसाद बराल, कृष्ण विलास मिश्र, देवेन्द्र प्रसाद महतो, रामकृष्ण थापा, कोमलकान्त सापकोटा, बनपालेहरु तेज बहादुर बस्नेत, विनोद प्रसाद अर्याल, सवदिन मियां, मान बहादुर खड्का, साधु प्रसाद कुर्मिसमेत लाई सरकारी बन जंगलका रुख गैर कानूनी किसिमले काटी कटाई काठ दाउरा अन्यत्र लान दिइ श्री ५ को सरकारलाइ गैर कानूनी हानी नोक्सानी पुऱ्याई बदनियतसाथ भ्रष्टाचार गरेकोमा भ्र.नि.ऐन, २०१७ को दफा ७(१) अन्तरगत कारवाही भै सजाय हुन र दफा २९ अन्तरगत विगो रकम असूल र जरीवाना समेतको माग दावी लिई संकलित प्रमाणहरुको आधारमा उल्लेखित व्यक्तिहरु उपर पुनरावेदन अदालत हेटौंडामा मुद्दा दायर गर्न सम्बन्धित सरकारी वकिल कार्यालयलाई लेखी पठाएको र सोको जानकारी विशेष प्रहरी विभागलाई दिइएको ।

८९. कृषि मलमा ४ करोड घोटाला भएको भनि ०५३।५।२३ गतेको देशान्तर साप्ताहिकमा प्रकाशित समाचारका सम्बन्धमा अनुसन्धान हुंदा यस्तै प्रश्न समावेश भएको विषयमा पुनरावेदन अदालत पाटनको फैसला उपर आयोगबाट सर्वोच्च अदालतमा पुनरावेदन परिरहेको हुंदा सो निर्णय भै आएपछि जगाई कारवाई गर्ने गरी मुल्तवीमा राखिएको ।

९०. कैलाश बद्रीनाथ प्रभृती सदावर्त गुठीको विषयमा आयोगबाट अनुसन्धान भैरहेको अवस्थामा काठमाडौं जिल्ला अदालतको पत्र बमोजिम प्रमाण मिसिल जिल्ला अदालतमा पठाएको हुंदा अदालतबाट मिसिल प्राप्त भएपछि कारवाही गर्ने गरी मिति २०५४।३।१७ मा मुल्तवी राख्ने आदेशभै मुल्तवी रहेकोमा काठमाडौं जिल्ला अदालत बाट २०५४।४।२० मा फैसला भइ मिसिल प्राप्त हुन आएको सन्दर्भमा पेश हुन आएको प्रस्तुत मुद्दामा का.जि.अ.को सो फैसलाउपर पुनरावेदनको म्याद दिएको देखिंदा पुनरावेदन परेमा पुनरावेदन अदालतबाट किनारा भएपछि अनुसन्धान कारवाही हुने नै हुंदा हाल मुलतवीबाट जगाउन नपरेको ।

९१. काठमाडौं ज्ञानेश्वरस्थित शशि वस्नेतको घरमा डेरा गरिवस्ने भारतीय नागरिक अमित वंशलको डेरावाट करिव दुइ करोड वरावरको नगद, जिन्सी र गहनाहरु मिति २०५०।४।२९ मा वरामद गरी जिल्ला प्रशासन कार्यालय काठमाडौंमा रहेकोमा सो कार्यालयले २०५४ सालको दशैं ताका ज्यादै न्यून मूल्यमा लिलाम गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा "मेरो घरमा डेरा गरी वस्ने भारतीय नागरिक अमित वंशल वेपत्ता भएकोले घर खाली गराइ पाउं' भनी ज्ञानेश्वर वस्ने श्रीमती शशि वस्नेतको मिति ०५०।४।२५ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा निवेदन पर्न आएकोमा राष्ट्रिय अनुसन्धान विभाग लागु औषध नियन्त्रण कार्यालय र का.म.न.पा.वार्ड नं १ का वडा सदस्य समेतको रोहवरमा मिति २०५०।४।२९ मा वडा प्रहरी कार्यालय, कमलपोखरीले खान तलासी गरी विभिन्न सामानहरु वरामद गरी जिल्ला प्रशासन कार्यालयमा लामो समय सम्म रहेकोमा घामपानी तथा मुसा समेतबाट नोक्सान भइ जाने कारणबाट मिति २०५४।६।१४ मा लट लट गरी जिल्ला प्रशासन कार्यालय काठमाडौंले लिलाम गरेको देखियो । लिलाममा सूचना र मुचुल्का लगायतका कारवाहीहरु अनियमित देखिन नआएकोले कसै उपर केहि गरिरहनु परेन । अझै केहि सामानहरु लिलाम हुन बाकी देखिएकोले उक्त सामानहरु कानून बमोजिम लिलाम गर्ने गराउने कार्यको लागि सक्कल फाइल जिल्ला प्रशासन कार्यालय काठमाडौंमा फिर्ता पठाइएको ।

७. प्रचलित कानून वा अन्य विषयमा सुधारगर्न दिइएका सुझाव/ध्यानाकर्षणको संक्षिप्त विवरण :-

७.१ नेपाल टेलिभिजनले आ.व. २०५३।५४ मा बिक्री गरिने विज्ञापन समयलाई सरकारी समाचार पत्रहरुमा सार्वजनिक सूचना प्रकाशित नगरी आफ्नो मानिसलाई सोझै कम दरमा विज्ञापनको लागि समय बिक्री गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा विज्ञापन एजेन्सीहरुलाई कार्यक्रम प्रायोजित गर्ने सिलसिलामा गोप्य प्रस्ताव पेश गर्न सूचना प्रकाशित गर्दा ज्यादै छोटो अवधि दिने गरेको देखिंदा यस सम्बन्धमा उचित समयको व्यवस्था गर्न एवं बढाबढ गर्दा बढाबढको कागजमा प्रत्येक पानामा बढाबढको अंक बोल्ने सम्बन्धित व्यक्तिको पनि हस्ताक्षर हुनु पर्ने सम्बन्धमा ध्यानाकर्षण गर्न नेपाल टेलिभिजनलाई लेखी पठाएको ।

नेपाल टेलिभिजनको व्यापार निर्देशिका २०५१ खारेज गरी अर्को व्यापार निर्देशिका २०५४ बनाएकोमा नेपाल टेलिभिजन पनि सूचना तथा संचार मन्त्रालय मातहतको एक सरकारी संस्थान भएकोले संचार संस्थान ऐन, २०२८ लागू हुने संस्थान देखिन आएको छ । संचार संस्थान ऐन, २०२८ को दफा ३५ मा श्री ५ को सरकारले नियमावली बनाउने र सो नियमावली अनुसार दफा ३६ ले संस्थानले विनियमावली बनाउन सक्ने कानूनी प्रावधान रहेको पाइन्छ । नेपाल टेलिभिजन को व्यापार निर्देशिका बनाउंदा संचालक समितिले आफ्नो उद्देश्य पूरा गर्ने मनसाय राखी बनाउन सक्ने व्यवस्था भए पनि सो निर्देशिका बनाउन पाउने कानूनी श्रोत उल्लेख गर्न अत्यावश्यक हुन्छ । अतएवः त्यस्तो निर्देशिका बनाई श्री ५ को सरकारको स्वीकृति लिई लागू गर्नु पूर्व श्री ५ को सरकारले संचार संस्थान ऐन, २०२८ को दफा ३५ बमोजिमको नियमावली बनाउनु पर्ने र सो नियमावलीका आधार मा दफा ३६ बमोजिम विनियमावली वा निर्देशिका बनाउनु कानून सम्मत हुने देखिंदा सो अनुरुपको व्यवस्था मिलाउन श्री ५ को सरकार सूचना तथा संचार मन्त्रालय र नेपाल टेलिभिजनलाई सुझाव पठाइएको ।

७.२ गुठी संस्थानको पुतलीसडकको घर जग्गा गैर कानूनी तरिकाले करारमा अनुबन्ध गरिएको भन्ने सम्बन्धमा सरकारी वा सरकारी स्वामित्वमा रहेका घर जग्गाहरु लीज भाडामा दिने सम्बन्धमा कुनै निश्चित कार्यविधि वा प्रकृया नतोकिएकोले नीतिगत रुपमा के कस्ता घर जग्गालाई लिज भाडामा दिने र त्यसो गर्नको निमित्त के कस्तो प्रकृयाको अवलम्बन हुनु पर्छ भन्ने समेत प्रावधान भएको उपयुक्त कानूनको तर्जुमा गरी लागू गराउने तर्फ आवश्यक कारवाई गर्न श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयलाई लेखिएको ।

७.३ जिल्ला विकास समिति रुपन्देहीबाट आ.व. ०५३।५४ को लागि पुनः प्रयोगमा ल्याउन सकिने कवाडी सामान निकासी ठेक्काको स्वीकृतिका सम्बन्धमा बोलपत्र आव्हान हुंदा न्यूनतम मूल्यांकन रु. दश लाख भएकोमा गुरुप्रसाद शर्माको रु. ५,५५,५५५।५५ पै. अधिकतम कबोल अंकसम्मको मात्र बोलपत्र परी सो ठेक्का रद्द गर्ने निर्णय भएको र त्यसपछि बढाबढको सूचना प्रकाशन गरिएकोमा ठेकेदाहरुले अवाञ्छित दवाव सृजना गरी एकाधिकार प्राप्त गर्न प्रयास भएकोले सो बढाबढको कार्यक्रम नै रद्द गरी अधिकतम कबोलवाला निज गुरु प्रसादले रु. १०,११,०००।- बुझाउन मन्जुर गरेकोले सो निवेदन कै आधारमा निजलाई ठेक्का प्रदान गर्ने निर्णय भएकोबाट आर्थिक प्रशासन सम्बन्धी नियमहरु, २०४२ ले निर्धारित गरेको कार्यविधिको अवलम्बन भएको नदेखिंदा यससम्बन्धमा स्थानीय विकास मन्त्रालयको ध्यानाकर्षण गरिएको ।

७.४ राष्ट्रिय चिया तथा कफि विकास बोर्डमा भएको अनियमितता बारे अनुसन्धान हुंदा बोर्डको काम कारवाई बढी सक्षम तथा दक्ष तरिकाबाट संचालन गराउनको लागि बोर्डको गठन प्रकृयामा व्यवसायिक ज्ञान तथा अनुभव भएको व्यक्ति मनोनयन गर्नु पर्ने र श्री ५ को सरकारका विभिन्न मन्त्रालय एवं संस्थानका तर्फबाट प्रतिनिधित्व गर्ने सदस्यहरुले कानून बमोजिम काम कारवाई भए नभएको विषयमा जिम्मेवारीपूर्वक हेर्नु पर्ने समेतको सुझाव श्री ५को सरकारमा पठाइएको ।

७.५ रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) ले फ्याक्स मेशीन, फोटोकपी मेशीन, कम्प्यूटर र एससेरिज सामान खरीद गर्दा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा रेडियो नेपालको आर्थिक नियमावली, २०४९ अन्तर्गत नै खरीद भएको देखिएको तर उक्त नियमावली हेर्दा परिच्छेद ५ मा "खरीद बिक्री तथा निर्माण सम्बन्धी व्यवस्था" शिर्षक अन्तर्गत नियम ५.२ खरीद गर्ने तरीका भनी उप नियम १ मा विभिन्न मूल्यको तालिका सहित सोझै खरीद गर्न सकिने, गोप्य दर भाउ पत्र र बोलपत्रद्वारा खरीद गर्न विधि तोकिएको पाइयो । त्यसपछि उप नियम २ मा वैकल्पिक व्यवस्था गरिएकोमा नियम २ को संरचना गर्दा नियम ५.२.१ को खण्ड (ग) मा हुनु पर्नेमा नियम २ को उप नियम (ग) भनिएकोबाट नियमको संरचना मिलेको देखिएन । साथै नियम ५.५ दर भाउ पत्रद्वारा खरीद गर्ने सम्बन्धमा

शीर्षक पछि १ को अंक आवश्यक नभएको र नियम ५.२.१ को खण्ड (ख) बमोजिम भन्नु पर्नेमा नियम ५.२ को खण्ड (ख) भनिएबाट नियमावलीको नियम, उपनियम र खण्ड संरचना भ्रमपूर्ण देखिन आएकोले सो नियमावलीमा आवश्यक सुधार गर्न अध्यक्ष, संचालक समितिलाई लेखिएको ।

७.६ श्री ५ को सरकार वा सरकारी संस्थान वा श्री ५ को सरकारबाट अनुदान प्राप्त संस्थामा कार्यरत कर्मचारीले पदीय दायित्व अन्तर्गत उक्त निकायलाई आफ्नो सेवा पुऱ्याउनुको सट्टा पदको दुरुपयोग गरी यस्ता संस्थाहरुमा कन्सल्टेण्ट नामबाट संलग्न भै अतिरिक्त आर्थिक लाभ प्राप्त गरी कार्यालयको काम प्रति उदासीन रही सरकारी काममा अनियमित गरेको र यस्ता कार्यहरु साहित्यिक, वैज्ञानिक वा कलात्मक कार्यभित्र पर्न नसक्ने हुंदा सरकारी कार्यालय मातहतका आयोजना र अन्य विदेशी अनुदान प्राप्त आयोजनामा कन्सल्टेण्ट भई अतिरिक्त शुल्क लिन नपाउने र श्री ५ को सरकारले तोकेको स्थानमा राष्ट्रिय हितलाई सर्वोपरि ठानी सेवा गर्नु पर्ने दायित्व हुंदा यस्तो गैर कानूनी कार्य हुन नदिन श्री ५ को सरकारको सबै मन्त्रालय, विभाग र सरकारी संस्थान र श्री ५ को सरकार मं.प. सचिवालयलाई सुझाव पठाइएको ।

७.७ दैनिक रुपमा सरकारी दस्तुरको रुपमा आएका रकमलाई त्यहि दिन नै सरकारी आम्दानीको रुपमा बांध्नु पर्ने र सोको भोलिपल्ट सरकारी दस्तुरबाट उठेको रकम बैंक दाखिला गर्नु पर्ने नगरेकोमा सरकारी रकमको अनुचित प्रयोग र भ्रष्टाचारजन्य कार्यको परिभाषा भित्र परी कर्मचारीको नियतमा प्रष्ट शंकाको स्थिति सृजना हुने हुंदा आइन्दा सरकारी दस्तुर वापतको राजश्व दिनको दिनै जम्मा गर्नु पर्ने व्यवस्था र भन्सार कार्यालयमा वस्तुको परिमाणको आधारमा भन्सार शुल्क निर्धारण गरिने हुंदा कार्यव्यस्तता वा अन्य कुनै कारणले वस्तुको परिमाण अन्दाजीमा मूल्यांकन गरी भन्सार महशूल निर्धारण गर्दा सरकारी राजश्वमा प्रत्यक्ष आघात परि कम राजश्व उठतिको अवस्था रहने हुंदा अब आइन्दा कुनै पनि सामान भन्सार मूल्यांकन गरी राजश्व दस्तुर कायम गर्नु पर्दा सम्बन्धित कर्मचारी र त्यसलाई प्रमाणित गर्ने अधिकृत र सामान धनीले वस्तु (Goods) यस्को मूल्य र परिमाण यति हो भनि आफ्नो उपस्थितिमा गणना गरी वस्तुको निश्चितता मूल्य कायम भएको भन्ने स्वीकारोक्ती (Guarantee) को व्यहोरा र personal liability principle लाई अघि बढाउन प्रज्ञापन पत्रमा नै त्यस किसिमको pre declaration सम्बन्धित कर्मचारी र माल धनीबाट गराउने व्यवस्था भएमा सामान, मूल्य र त्यस्को परिमाणमा कर्मचारीले बदनियतपूर्ण कार्य गर्न नसक्ने हुंदा सो व्यवस्था मिलाउन अर्थ मन्त्रालय, भन्सार विभाग र वैदेशिक हुलाक भन्सार कार्यालयलाई लेखी १ महिना भित्रमा प्रज्ञापन पत्रमा कर्मचारी, सम्बन्धित अधिकृत र सामान धनीको बेग्ला बेग्लै स्वीकारोक्ति (guarantee) को व्यहोरा समावेश भएको जानकारी गराउन सुझाव पठाइएको ।

७.८ हिमाल सिमेण्ट कम्पनीलाई आवश्यक पर्ने विद्युतीय सामानहरु तथा एयर ब्रेक कन्ट्याक्टर लगायतका सामानहरुको खरीद अर्डर दिन कम्पनीका इलेक्ट्रीकल फोरम्यानलाई पठाएको र निजले उल्लेखित सामानहरुको यथार्थ जानकारी कम्पनीलाई नदिई के.जी. इलेक्ट्रो पावर कम्पनी कलकत्ताबाट कोटेशन लिई भा.रु. १,९४,७३०।२५ को विद्युतिय सामान खरीद अर्डर गरी सोमध्ये आंशिक रुपमा भा.रु. १,०५,३७५।२३ को मालसामान वीरगन्ज भन्सारबाट छुटाई ल्याई चर्को मूल्य भएको कारण हालसम्म भुक्तानी हुन नसकी नेगोसिएशन भै रहेको भन्ने देखिन आएको ।

साथै सिमेन्स इण्डिया लि.का अधिकृत बिक्रेता के.जी. इलेक्ट्रो पावर कम्पनीसंग ब्रेक कन्ट्याक्टर प्रति थानको भा.रु. ९७,९००।- का दरले दुई थानको भा.रु. १,९५,८००।- मा खरीद अर्डर दिएकोले तत्सम्बन्धमा सिमेन्स इण्डिया लि. बम्बैसंग पुनः इन्भ्वाईस माग गरिएको र उक्त इन्भ्वाईस अनुसार प्रति थान ब्रेक कन्ट्याक्टर भा.रु. ५०,५००।- ले दुई थानको १,०१,०००।- पर्ने भनी उल्लेख भई आए अनुसार निज फोरम्यानले अर्डर दिए बमोजिम सामान खरीद गर्दा कम्पनीलाई भा.रु. ९४,८००।- हानी नोक्सानी हुने देखिएकोले यसमा कम्पनी व्यवस्थापनले त्यसप्रकारका सामान खरीद गर्दा सम्बन्धित बिक्रेताहरुसंग फ्याक्स लगायत अन्य संचार माध्यमबाट यथार्थ विवरण लिई कहांबाट खरीद गरेमा कम्पनीको आर्थिक हित हुन सक्छ भन्ने पूर्वानुमान गर्न सक्ने अवस्था रहंदा रहंदै त्यस तर्फ प्रयास नगर्नु व्यवस्थापनको कमजोरी पक्ष देखिन आएको हुंदा अब उपरान्त सामान खरीद गर्दा बिक्रेताबाट मूल्य सूची प्राप्त गरी तुलनात्मक रुपमा आर्थिक लाभ हानीको विश्लेषण गरी कार्य गर्न गराउनका साथै यस्ता अनियमित कार्यहरु भविष्यमा दोहरीन नदिन कम्पनी व्यवस्थापनलाई ध्यानाकर्षण गराउनाका साथै कम्पनीमा भै रहेका यस प्रकारका अव्यवस्थाहरु हटाउन आवश्यक रेखदेख तथा नियन्त्रणका लागि उद्योग मन्त्रालयमा लेखिएको ।

७.९ समाज कल्याण मन्त्रालयका तत्कालीन सचिव डा. प्रभा बस्ने समेतले आफू संलग्न भएको संस्थालाई रकम दिलाई भ्रष्टाचार गरेको भन्ने समेत उजुरीका सम्बन्धमा समाज कल्याण परिषदमा भएको काम कारवाईहरु परिषद कै ऐन, नियम अनुरुप भएको पाइएन । उक्त समाज कल्याण परिषदद्वारा भएका अनियमित कारवाईहरु खुलाई नियमानुकूल कारवाई हुन समाज कल्याण परिषद् एवं सम्बद्ध मन्त्रालय समाज कल्याण मन्त्रालयलाई सुझाव पठाइएको ।

७.१० नेपाल राष्ट्र बैंकको अधिकृत तृतीय श्रेणीको पदपूर्तिका लागि २०५४ साल आषाढमा भएको लिखित परीक्षामा केही प्रकृयागत त्रुटिसम्म भेट्टाइएकोले परीक्षा निष्पक्ष देखिने गरी नियम बद्ध बनाउन त्यस्मा निम्न अनुसार सुधारको लागि सुझाव पठाईएको :

(१) पदपूर्ति समितिको मिति २०५२।११।१६ को निर्णयमा उल्लेखित कुरा र लिखित परीक्षा संचालन सम्बन्धी अन्य आवश्यक कुराहरु पनि समावेश गरी "परीक्षा संचालन निर्देशिका" बनाई परीक्षा सञ्चालन गर्ने व्यवस्था गर्ने ।

(२) पदपूर्ति समितिका पदाधिकारीका नजिकका नातेदार परीक्षा दिने भएमा, बैंकमा कर्मचारी प्रशासन शाखामा काम गर्ने कर्मचारी परीक्षा दिने भएमा अथवा परीक्षा सञ्चालन सम्बन्धी गोप्य कार्य सञ्चालन गर्ने अन्य कर्मचारी आफै परीक्षा दिने भएमा वा निजहरुका नजिकका नातेदार परीक्षामा सम्मिलित हुने भएमा सम्बन्धित व्यक्तिले सूचना गर्नु पर्ने र उनीहरुलाई परीक्षा संचालन सम्बन्धी काम हेर्ने शाखाहरुमा नराखी अन्यत्र काममा लगाउने व्यवस्था हुनु पर्ने ।

(३) थप कापी दिंदा कापीमा सहि गर्ने र संकेत राख्ने विषयमा स्पष्ट व्यवस्था गर्ने ।

(४) केही परीक्षार्थीले उत्तर अंग्रेजीमा पनि दिएको तर पाठ्यक्रममा माध्यम भाषाको वारे कुनै उल्लेख नभएकोले पाठ्यक्रममा माध्यम भाषा तोक्ने ।

(५) तेश्रो पत्रको परीक्षाको हकमा पाठ्यक्रममा दुई खण्डको लागि अलग अलग समय निर्धारण भएको तर परीक्षा एकै समयमा दुवै खण्डको संचालन भएको देखिंदा तेश्रो पत्रको दुवै खण्डको बिचमा केही समयको अन्तराल राख्ने वा एकै प्रश्न पत्र एकै उत्तर पुस्तिकाबाट परीक्षा गर्ने भन्ने वारेमा स्पष्ट खुलाउने ।

(६) कोडिङ्ग गर्दा रोल नं. को क्रममा नगरी उत्तर पुस्तिकाहरु छ्यासमिस पारी गर्ने र पहिलो कोडिङ्ग भएपछि दोश्रो कोडिङ्ग गर्दा फेरी पनि उत्तर पुस्तिकालाई तलमाथी पारी मिसाई कोडिङ्ग गर्ने व्यवस्था गर्ने । पहिलो र दोश्रो कोडिङ्ग गर्नेहरु परस्परलाई थाहा हुन नसक्ने व्यवस्था गर्ने ।

(७) लिखित परीक्षाको योग्यताक्रम कोड नं. मै तयार गरेर अन्तरवार्ताको लागि छनौट हुने परीक्षार्थीहरुको मात्र डिकोड गर्ने व्यवस्था गर्ने । हाल जस्तो लिखित परीक्षाको प्राप्ताङ्ग तालिकाबाट सबै परीक्षार्थीको नाम, रोल नं. पहिलो र दोश्रो कोड नं. देखिने व्यवस्था नगर्ने ।(हालको तालिका पछिबाट तयार भएको हुन सक्ने भए पनि पहिल्यै कोडिङ्ग र रोल नं. नाम तयार गरेको भनि आरोपित गर्न सकिने ।)

(८) २०५२।४।३१ मा विज्ञापन भएको परीक्षा २०५४ आषाढमा भएको र परीक्षा मिति दुई चोटी पर सारिएकोलाई राम्रो भन्न नसकिने हुंदा सम्पर्क मितिमा परीक्षा मिति तोक्ने र तोकिएको मितिमा परीक्षा लिने व्यवस्था यथासम्भव अनिवार्य गर्ने ।

(९) एउटै कापीमा मसि फरक परेकोमा निरीक्षकले संकेत राखी सही गर्ने कुरामा कतिपय उत्तर पुस्तिकामा निरीक्षकको सही भएको नदेखिदा प्रष्ट हुनु पर्ने र उत्तर पुस्तिकामा लेख्न बांकी रहेका खाली ठाउंमा क्रस लगाउने व्यवस्था पूर्ण रुपमा पालना भएको देखिदैन । परीक्षा सञ्चालन सम्बन्धी प्रकृयालाई पालना गराउन परीक्षाको काममा खटिने कर्मचारीलाई सजग बनाउन आवश्यक व्यवस्था गर्ने ।

७.११ उपलब्ध छात्रवृत्तिको अवसरमा मन्त्रालय वा अन्तर्गत कर्मचारीलाई कति प्रतिशत स्थानमा पठाउने र गैर सरकारी संस्था (NGO)बाट कति प्रतिशत स्थानमा के आधारमा पठाउने भन्ने ठोस नीति तय नगरी हचुवा निर्णय गर्दा सर्वसाधारणमा शंका उत्पन्न हुने हुंदा आयन्दा निम्न बमोजिमको नीति तय गर्नेतर्फ स्वास्थ्य मन्त्रालयको ध्यानआकृष्ट गरिएको :-

स्वदेश तथा विदेशमा संचालन हुने कुनै पनि तालिम वा उच्च शिक्षाको लागि पठाउनु पर्दा सरकारी कर्मचारीहरुको हकमा छात्रवृत्ति सम्बन्धी नियम र प्रचलित कानून बमोजिम छनौट गर्नु पर्ने ।

त्यस्तै स्वास्थ्यसंग सरोकार राख्ने गैर सरकारी संस्थाका कर्मचारीहरुको हकमा विज्ञापन गरी बायोडाटा सहितको रिकर्ड राखी तिनीहरु बीच प्रतिस्पर्धा गराई प्राथमिकताको आधारमा छनौट गर्नु पर्ने ।

एम.पी.एच. डिग्री पढ्न गएका धनन्जय नरसिंह के.सी. अध्ययन पश्चात् सम्बन्धित क्षेत्रमा कम्तीमा ३ वर्ष सेवा गर्नु पर्ने प्रावधान अनुरुप उल्लेखित शर्त पालना नगरेमा छात्रवृत्ति ऐन बमोजिम रकम असुल उपर गर्ने तर्फ कारवाई गर्ने ।

७.१२ नगरपालिकाको क्षेत्र सामुदायिक वन क्षेत्रको ५ कि.मि. भित्र परेमा कस्तो नीति नियम अवलम्बन गर्नु पर्ने हो राष्ट्रिय वनको सुरक्षार्थ वन ऐनमा समेत आवश्यक किटानी व्यवस्थाको लागि वन मन्त्रालय र उद्योग मन्त्रालयमा समेत सुझाव पठाइएको ।

७.१३ विदेशी सहायता स्वीकार गर्ने, परिचालन गर्ने, प्रकृयागत कुराको व्यवस्थापन, विदेशी मुद्रा विनिमय सम्वन्धि कानूनको पालना तथा कार्यक्रमको कार्यान्वयन र अनुगमनको प्रकृयामा रहेका कमि, कमजोरीसम्वन्धि विषयमा निम्नानुसार श्री ५ को सरकारको ध्यानाकर्षण गराइएको :-

(१) श्री ५ को सरकारको जानकारी विना नै विभिन्न विदेशी संस्था वा निकायवाट व्यक्ति विशेष वा गैर सरकारी संस्थाहरुलाई सोझै विदेशी मुद्रामा रकम उपलब्ध गराउने र सो को परिचालनका सम्वन्धमा समेत श्री ५ को सरकारसमक्ष कुनै सूचना प्रवाहको व्यवस्था रहेको नपाइएकोले त्यस तर्फ श्री ५ को सरकारको ध्यानाकर्षण गराइएको ।

(२) नेपालमा विभिन्न गैह सरकारी संस्थाहरुले संचालन गरेका कार्यक्रमहरुको कार्यान्वयनमा प्रभावकारीता ल्याउन नियमित अनुगमन, मूल्यांकनको व्यवस्था गरी लक्षित वर्ग (target group)ले पाउनु पर्ने सेवा पाए, नपाएको, यस्ता संस्थाहरुको नियमित लेखा परीक्षण भए नभएको, श्री ५ को सरकारमा वुझाउनु पर्ने कर आदि वुझाए नवुझाएको भन्ने विषयमा सम्वन्धित मन्त्रालयहरुले जानकारी राखी संस्थागत रुपमा अभिलेख राख्ने गरेको नपाईएको हुंदा त्यस तर्फ श्री ५ को सरकारका मन्त्रालयहरुको ध्यानाकर्षणको लागि मन्त्रिपरिषद सचिवालयमा लेखिएको ।

७.१४ श्री ५ को सरकारले संसद सदस्यहरु, संवैधानिक निकायका पदाधिकारीहरु, न्यायाधीशहरु, श्री ५ को सरकारका विशिष्ट श्रेणीका अधिकृतहरुलाई साधन सम्पन्न गराइ राष्ट्रिय खर्चको दुरुपयोग हुनबाट बचाउ गर्न बिदेशबाट सवारी

साधन झिकाउने सुविधा प्रदान गरेकोवाट, श्री ५ को सरकारले सरकारी स्तरमा उपलब्ध गराउनु पर्ने सुविधा अन्य विकास निर्माणमा लगाउन सकिने, सरकारी सवारी साधनहरुको दुरुपयोग हुन नदिने, सरकारी सवारी साधानको मर्मत सम्भार लगायतका थप खर्च व्यहोर्न नपर्ने आशयबाट नीतिगत निर्णय भएको सम्बन्धमा बेलाबखतमा श्री ५ को सरकारका मन्त्रीहरुले सरकारी सवारी साधन केन्द्रीय सेवा बिभागबाट उपलब्ध गराए पनि आफ्नो मातहतका उद्योग संस्थानहरुबाट पनि सवारी साधन लिई प्रयोग गर्ने गरेको, संसद सदस्यहरुले सुविधामा झिकाएको सवारी साधन प्रयोग नगरी सरकारी सवारी साधन नै प्रयोग गर्ने, एकपटक मन्त्रीपरिषदमा वा संसदको कुनै समितिको पदाधिकारीमा रहेको बखत लिएको सवारी साधन फिर्ता नगरी प्रयोग गरिरहने र संसदमा उपस्थित हुंदा ट्याक्सी प्रयोग गरेको भनी ट्याक्सी भाडा लिएको भनी बारम्बार चर्चा परिचर्चा हुने गरेकोले श्री ५ को सरकारको नीतिगत निर्णयको उपेक्षा भइरहेको मान्नु पर्ने देखिन आएको हुंदा एकातिर राजश्वरकमको मूल प्रवाह नै अवरुद्ध हुने गरी भन्सार सुविधासमेत लिने र अर्कोतिर केन्द्रीय सेवा बिभागले सरकारी सवारी साधान पनि जुटाइ दिनु पर्ने र एकपटक सवारी साधन लिएपछि फिर्ता नगर्ने परिपाटी कायम रहनु न्यायोचित नदेखिएकोले केन्द्रीय सेवा बिभाग वा मातहत कार्यालयहरुबाट लिइ प्रयोग गरिएका सरकारी सवारी साधानहरु तुरुन्त फिर्ता लिने तर्फ कडा कारवाइ गर्न र अन्य गाडीहरुको दुरुपयोग हुन नदिने तर्फ उचित व्यवस्था मिलाउन सम्माननीय प्रधान मन्त्रीज्यूलाई सुझाव पठाएको ।

७.१५ संसदका पदाधिकारी तथा सदस्यहरुले निजी सचिवालयको लागि कानूनतः पाउने सुविधा अन्तरगत कर्मचारी नै नराखी आफै रकम बुझ्ने गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा ऐन, २०५२ बमोजिमको सुविधा अन्तरगत नियुक्त कर्मचारीको लगत संसद सचिवालयमा नराखिएको, केहि पदाधिकारी तथा सदस्यहरुले आफ्नो स्वकीय कर्मचारीहरुको लागि समेत रकम स्वयं बुझ्ने गरेको र सो को भरपाइ पठाउनै नगरेको, महालेखा परीक्षक को बिभागबाट आ.व. २०५२।०५३ को लेखा परीक्षण हुंदा सो सम्बन्धमा कैफियत जनाई बेरुजु समेत कायम गरेकोले संसदका पदाधिकारी एवं सदस्यहरुले कानून बमोजिम पाउने कर्मचारी सुविधाको तलब, भत्ता दशै खर्च आदि सम्बन्धित कर्मचारीले नै बुझ्ने व्यवस्था गर्न र त्यसो गर्न असुविधा पर्ने भए सम्बन्धित पदाधिकारी वा सदस्यले हस्तेवारी बुझीलिएपछि तत्तत् कर्मचारीले बुझेको भरपाइ सम्बन्धित लेखा शाखामा बुझाउने व्यवस्था गरी बेरुजु रहने लेखालाइ व्यवस्थित गर्ने आदेश हुन सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभा तथा सम्माननीय सभामुखज्यू, प्रतिनिधि सभालाइसमेत सुझाव पठाइएको ।

७.१६. बन तथा भू-संरक्षण मन्त्रालयबाट विदेशमा अध्ययन गर्न मनोनयन गर्दा निजामती सेवा ऐन र नियमावलीमा भएका व्यवस्था अनुरुप नभएको भनी सामान्य प्रशासन मन्त्रालयले संकेत गरेको फाइलवाट देखिएको हुंदा निजामति सेवा ऐन र नियमावलीमा भएको व्यवस्था अनुरुप ३ वर्ष सरकारी सेवा पुगिसकेको व्यक्तिलाइ मनोनयन नगरी सो भन्दा घटि सेवा अवधिका व्यक्तिलाइ मनोनयन गरेको काम कारवाइ कानूनसम्मत नभएकोले श्री सचिव, बन तथा भू-संरक्षण मन्त्रालयलाई ध्यानाकर्षण निमित्त लेखिएको ।

७.१७ मोरङ तथा सुनसरी जिल्लामा दैवी प्रकोप पिडितको लागि ३ फिट भन्दा कम गोलियाकाठ सम्बन्धित गा.वि.स. अध्यक्ष वा वडाध्यक्षको सिफारीश, स्थानीय प्रहरी प्रतिवेदन, दैवीप्रकोप शाखाको सिफारीश आदि आवश्यक कागजातसाथ पेश गरेपछि मात्र प्रति क्यू.फि.रु ४५।- का दरले १३ देखि ५० क्यू .फी.सम्म उपलब्ध गराउने जिल्ला बन आपूर्ति समितिको निर्णय भएकोमा स्थानीय काठ व्यापारी एवं समितिकै कर्मचारीहरुले समेत काल्पनिक घर परिवारको नाममा फर्जी कागज बनाई सोको आधारमा काठ विक्री गर्ने र नियम बिपरित ३ फिट भन्दा बढि गोलाईका काठ उपलब्ध गराई अनुचित लाभ लिन सक्ने प्रबल सम्भावना देखिएकोले उपर्युक्त कृयाकलापको रोकथाम गर्न गृह मन्त्रालयमार्फत श्री ५ को सरकारको ध्यानाकर्षण गराइएको ।

७.१८ जिल्ला बन आपूर्ति समिति, मोरङबाट अनियमित किसिमले लकडीको दर कायम गरिएको, बन कार्यालयका रेन्जर, केही मीलवाला र तस्करहरु मिली रातारात ढलेको रुखको बहाना गरी अवैध तरिकाले रुखहरु काटि चोरी निकासी गरेको, घर आगलागी भएको झूठो निवेदन बनाउने गरेको, विकास निर्माणको लागि लगिएको काठ मीलमा चिरान गरी बिक्री वितरण गरेको भन्ने समेत व्यहोराको उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा यसमा मोरङ जिल्ला बन आपूर्ति समितिले नै विकास निर्माणको काममा वन पैदावार वितरण गर्दा अनियमितता हुने गरेको व्यहोराको राष्ट्रिय अनुसन्धान बिभागको पत्र प्राप्त भएकोले यसमा प्रशासकीय रेखदेख र नियन्त्रण हुनु पर्ने देखिएकाले उचित नियन्त्रणको व्यवस्था मिलाउन बन बिभागलाइ लेखिएको ।

७.१९ इलाम जिल्ला वांझो गा.वि.स.वार्ड नं ९ कमलगाउं सिरानमा पर्ने कुमाले खोला वरपर पर्ने विभिन्न स्थानका रुखहरु ६ वर्ष देखि अनियमित रुपमा काटी फडानी भइरहेको तथा बन कर्मचारी समेत घूसखोरीमा लिप्त भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा बन अतिक्रमण हुनबाट जोगाउन बन र निकासी नाकाहरुमा विशेष सतर्कता अपनाउन बन तथा भू-संरक्षण मन्त्रालय, बन बिभाग, जिल्ला बन कार्यालय, इलाम तथा जिल्ला प्रशासन कार्यालय, ईलामलाई समेत लेखिएको ।

७.२०. सिन्धुपाल्चोक जिल्ला अन्तरगत प्रस्तावित श्रमथली-थोकर्पा मोटरबाटो निर्माण गर्ने क्रममा उक्त क्षेत्रमा व्यापक जंगल कटान फडान भएको भन्ने सम्बन्धमा स्थलगत निरीक्षणसमेत हुंदा राष्ट्रिय प्राकृतिक सम्पदाको रुपमा रहेको बन जंगल बाटो बनाउने निहुंमा विकासको नाममा गैर कानूनी ढंगले क्षति वा हानी नोक्सानी पुऱ्याउने कार्य गैर कानूनी नै हुने र

त्यस्ता कृयाकलापको रोकथाम र निरुत्साहित गर्ने कार्य स्थानीय सरकारी निकायकै भएकोले स्थानीय जनताको स्वस्फूर्त भीडले यस्तो गैर कानूनी कार्य गरेकोमा स्थानीय निकायले अरुको मद्दतबाट समेत प्रयास गर्दा पनि सफल हुन नसकेको देखिएकोले सो गैर कानूनी कार्य हुन नदिन आवश्यक जो जे व्यवस्था गर्नु पर्ने हुन्छ, गरी क्षति, हानी, नोक्सानी हुन नदिने प्रवन्ध मिलाउनको लागि सशक्त रुपमा कार्य गर्न मन्त्रीपरिषद सचिवालय तथा बन तथा भू-संरक्षण मन्त्रालयलाइ समेत लेखिएको ।

७.२१ बन बिभाग अन्तरगतका बन संरक्षण कर्मचारीहरु पहिले सैनिक सेवामा कार्य गरिसकेका अर्धसैनिक प्रकृतिका हुने र अहिले बन मन्त्रालयको दरवन्दीमा रहने हुंदा प्रमुख सेनानी पद रा.प.द्वि.श्रेणीको प्रशासन सेवामा रहेको कारण सेवा शर्त सम्बन्धी नियमावली तयार गर्न यस अघि नै आयोगको निर्णयानुसार सुझाव पठाइएकोमा ऐनमा नै संशोधन गर्ने प्रस्ताव भएको भनी छुट्टै सेवा शर्त सम्बन्धी नियमावली अद्यापि बनेको नदेखिएको र पहिलेदेखि सेवारत कर्मचारीलाई अवकास दिनुवाट मात्र यो समस्याको समाधान नहुने भएकोले बन संरक्षण कार्यमा प्रतिकूल असर नपर्ने गरी मौजूदा ऐन नियमकै आधारमा आवश्यक सेवा शर्तसम्बन्धी नियमावली बनाउन सकिने हुंदा बन संरक्षण कार्यलाई प्रभावकारी ढंगबाट सञ्चालन गर्न सक्ने पदाधिकारीहरु रहन सक्ने किसिमको अर्ध सैनिक प्रकृतिको काम गर्न पाउने गरी नियमावलीको तर्जुमा यथाशीघ्र गर्न बन तथा भू-संरक्षण मन्त्रालयमा सुझाव पठाइएको ।

७.२२ नेपाल दूर संचार संस्थान, क्षेत्रीय कार्यालय अन्तरगतका विभिन्न टेलिफोन एक्सचेञ्जहरुका लागि सेल्फ सपोर्टिङ ड्रप वायर खरीदको टेण्डर आव्हान हुंदा क्याडमियम वायरको हुनु पर्ने उल्लेख भएकोमा त्यस्तो ड्रप वायर वातावरणीय र मानवीय स्वास्थ्यको लागि पनि घातक हुने भन्ने सम्बन्धमा अनुसन्धान हुंदा उक्त क्याडमियम वायर स्वदेशी तथा विदेशी कम्पनीले पनि उत्पादन गर्ने गरेको र पछिल्लो गुणस्तर पनि यही नै रहेको पाइए ता पनि वातावरणीय तथा मानवीय स्वास्थ्यको दृष्टिले सुरक्षित नहुने एवं अध्ययन परीक्षण समेत बाट मानवीय स्वास्थ्यसंग प्रत्यक्ष सम्पर्क नहुने र धुल्याउंदा विशेष प्रविधि अपनाइएमा वातावरणमा पनि असर नपर्ने भन्ने भएकोले सर्वसाधारण जनताको स्वास्थ्यमा प्रतिकूल एवं बातावरणमा असर हुन नपाउने व्यवस्थाको लागि मातहत तथा सम्बन्धित सवैवाट हुनु, गरिनु पर्ने व्यवस्था समेतको लागि श्री सचिव, सूचना तथा सञ्चार मन्त्रालयलाइ लेखिएको ।

७.२३ रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) का प्रशासन शाखाका प्रमुखले आफैले प्रश्न पत्र तयार गरीआफ्नै छोरीलाइ अनियमित तरिकाले उत्तीर्ण गराएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा प्रशासन शाखाको उपनिर्देशक नै परीक्षा लिने समितिमा पनि रहेको, निजकी छोरी उम्मेदवार भई परीक्षामा सम्मिलित भई उत्तीर्णसमेत भएको तर सो परीक्षासम्बन्धी कागज पत्र धुल्याइसकेको स्थितिमा आयोगले पूरा तवरले अनुसन्धान गर्न नपाएको र शंका निवारणार्थ तथ्यगत निष्कर्षमा पुग्न हेर्नु पर्ने वस्तु नै धुल्याईसकेकोले लोक सेवा आयोगले परीक्षा सम्बन्धी कागजात जे जति अवधिसम्म सुरक्षित राख्नु पर्ने हो, त्यति नै अवधिसम्म सुरक्षित राख्ने व्यवस्था हुन श्री सचिव, सूचना तथा संचार मन्त्रालय तथा रेडियो प्रसार सेवा विकास समितिलाइ लेखिएको ।

७.२४ नेपाल दूर सञ्चार संस्थानको संञ्चालक समितिको मिति २०४९।८।१२ को निर्णय अनुसार अवकास दिइएका कर्मचारीमध्ये सीता पोखरेलले सर्वोच्च अदालतमा र चक्रलाल श्रेष्ठले पुनरावेदन अदालत, ललितपुरमा रीट निवेदन दिएकोमा निजहरुलाइ अवकास दिन प्रयोग गरिएको संस्थानको सेवा शर्त विनियमावली निःसृत श्रोतनै गलत देखिएकोभनी पुनर्बहालीको आदेश भएकोमा सर्वोच्च अदालत लगायतको आदेशले अबैध घोषित विनियमावली जारी नै राखी सोही बमोजिम हाल पनि ३० र ५८ वर्ष पुगेको भनी अवकास दिने कार्य जारीनै राखेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा अदालतवाट वदर घोषित भइसकेपछि कानूनसम्मत नियम विनियम बनाई लागु गर्ने तर्फ ध्यान आकर्षित नगरेकोले २०५४ आषाढसम्ममा आवश्यक व्यवस्था गर्न २०५४।२।१ को निर्णयानुसार यस आयोगबाट सूचना तथा संचार मन्त्रालयलाई लेखिएकोमा संस्थानले उक्त फैसला आदेशले कर्मचारीलाई अवकास दिने विनियम १०१ को उप- विनियम (६) को व्यवस्था परिपत्रबाट भएकोले सो सम्म विवादास्पद रहेकोमा पछि संशोधन भै श्री ५ को सरकारको स्वीकृति प्राप्त गरी कार्यान्वयन हुदै गरेको र हाल २०३३ को उक्त विनियमावलीको सट्टा २०५४ तयार भई श्री ५ को सरकारवाट स्वकृित भइसकेको जानकारी प्राप्त हुन आयो । कर्मचारी सेवा शर्त सम्बन्धमा उक्त ऐनको दफा ३५ बमोजिम नियम बनी तोकिनु पर्नेमा हाल र पहिले पनि दफा ३६ बमोजिम विनियम बनाई व्यवस्थित गरेको देखिन आयो ।

कुनै पनि सञ्चार संस्थानहरुमा सञ्चार संस्थान ऐन, २०२८ लागु हुन्छ । सो ऐनको दफा १६ मा संस्थानको महाप्रवन्धक लगायत कर्मचारीहरुको नियुक्ति, सेवाका शर्त, कार्य अवधि र पारिश्रमिक सम्बन्धी कुरा उल्लेख भएको र तोकिए बमोजिम हुने भन्नाले सो ऐन अन्तरगत बनेका नियमहरुमा तोकिए बमोजिम हुने भन्ने संझनु पर्ने एवं सोही ऐनकोदफा ३५ मा नियमहरु बनाउने अधिकार श्री ५ को सरकारलाइ मात्र रहेको कुरा उल्लेख भएको देखिएको । तर नेपाल दूर संचार संस्थानले भने विनियमबाट संस्थानको कर्मचारीको सेवा शर्त आदि वारे व्यवस्थित गरेको देखिएकोमा ऐन बमोजिम त्यस्तो विनियम संस्थानका काम कुराहरुको उचित उत्पादनको निमित्त सम्म मात्र वन्न सक्ने देखिएको, कर्मचारीको सेवा शर्त आदि बारेमा नियमबाट नै तोकिनु पर्ने र त्यसपछि ऐन र नियममा बाधा नपर्ने गरी संस्थानले विनियम बनाइ श्री ५ को सरकारको स्वीकृती प्राप्त भएपछि लागु गर्नु पर्ने देखिएको । तसर्थ सवै संचार संस्थानहरुको निमित्त संस्चार संस्थान ऐन, २०२८ बने जस्तै सो ऐन अन्तरगत संचार संस्थान नियमावली श्री ५ को सरकाले बनाउनु

पर्ने र ती ऐन नियममा बाधा विरोध नपर्ने गरी संस्थानले विनियम बनाइ श्री ५ को सरकारबाट स्वीकृति प्राप्त गरी लागु गर्नु गराउनु आवश्यक र वाञ्छनीय भएकोले आवश्यक तर्जुमा, संशोधन एवं परिवर्तन समेतको कारवाई गर्न श्री सचिव, सूचना तथा संचार मन्त्रालयलाइ लेखिएको ।

७.२५ बिभिन्न सरकारी तथा सरकारी स्वामित्वका संस्थानहरुमा कार्यरत कर्मचारीहरुले आफू अनुकूल ठेगाना परिवर्तन गरी दुर्गम तथा स्थानीय भत्ता लिने गरेको सन्दर्भमा वसाई सराईको प्रकृया रहंदा जन्मस्थल एक ठाउंमा भै नागरिकताको प्रमाणपत्र नोकरीको अभिलेख र वास्तविक वसाईको ठेगाना फरक फरक हुन सक्ने वा एक भन्दा बढी स्थानमा घरवार हुने तथ्यलाइ नकार्न सकिने देखिएन । वासस्थानको आधारमा कर्मचारीले पाउने स्थानीय तथा दुर्गम भत्ता आदि यस्तो विविधताको अवस्थामा आफ्नो फाइदा अनुसार लिने कुरामा पनि विवाद गर्न सकिने देखिदैन । हालै श्री ५ को सरकारले लागू गरेको क्षेत्रीय भत्ता सम्बन्धी व्यवस्थावाट पहिलेको वर्गीकृत क्षेत्र र रकममा समेत हेरफेर भएको र कस्ता कर्मचारीले स्थानीय भत्ता पाउने भन्ने निश्चित मापदण्डको अभावमा बसाई सराई गर्ने र पहाडी क्षेत्रवाट तराई क्षेत्रमा ठेगाना परिवर्तन गरी स्थानीय भत्ता लिनेखाने गरेको सन्दर्भमा श्री ५ को सरकारले एक निश्चित मापदण्ड अपनाई विनियोजित भत्ता रकम उपलब्ध गराउने नीति अवलम्बन गर्नु आवश्यक देखिएकोले श्री मुख्य सचिव, मन्त्रिपरिषद सचिवालय मार्फत श्री ५ को सरकारलाई सुझाव पठाइएको ।

७.२६ उदयपुर सिमेण्ट उद्योग लि.मा भएका अस्थायी, ज्यालादारी, करारमा नियुक्ति एवं संस्थान समितिवाट भएका सरुवा सम्बन्धमा उद्योगमा रहने पद, दरवन्दी आवश्यक शैक्षिक योग्यता, पदपूर्तिको प्रक्रिया, अन्तर संस्थान सरुवा सम्बन्धी प्रावधान, संस्थानवाट स्पष्ट रुपमा कर्मचारीको सेवा शर्त सम्बन्धी नियमावली/विनियमावलीमै समावेश गरिएमा कानूनी शासन (Rule of law) को अवधारणा अनुरुप सवैलाइ समान कानून लागु भइ समान संरक्षण प्रदान गर्ने र कानूनको सर्वोच्चता कायम गराउन मद्दत पुग्ने देखिएकोले तदनुसार गर्न संचालक समिति, उदयपुर सिमेन्ट उद्योगलाइ सुझाव पठाइएको ।

७.२७ शाही औषधि लिमिटेडमा बनेका औषधीको चोरी भएको कच्चा पदार्थको अभिलेख नरहेको कच्चा पदार्थबाट पूरा मात्रामा औषधि बने नबनेको नहेरिएको महाप्रवन्धकले दिएको उपहारको अभिलेख नरहेको, औषधि विक्री वापतको रकम असूल उपर गर्नमा ध्यान नदिएको, कार्यरत कर्मचारीले अन्यत्र पनि काम गर्ने गरेको भन्ने समेत विविध विषयमा अनुसन्धान हुंदा कारखाना हाता भित्र वाहिर गर्ने कर्मचारीको तलासी लिने व्यवस्था नभएको, ७० प्रतिशत महिला कर्मचारी रहेको कम्पनीमा महिला सुरक्षा कर्मचारी नभएको, सुरक्षाकर्मिले व्यवस्थापनलाई दिएको जानकारीमा पनि वेवास्ता गरिएको समेत अवस्था विद्यमान रहेको देखियो ।

लिमिटेडको व्यवस्थापन पक्षका कमी कमजोरीलाई औल्याएर महाप्रवन्धकहरु र संचालक समितिका पदाधिकारीहरुको हेरफेरबाट देखिएका विसंगतिलाइ माध्यम बनाइ आयोगसमक्ष वारम्वार उजूरी पर्ने गरेको हुंदा व्यवस्थापन पक्षले वारम्वार निगरानी राख्नु पर्ने, सुरक्षा व्यवस्था कडा गर्नु पर्ने औषधि निर्माण प्रकृयामा त्यहां कार्यरत प्राविधिकहरुको रेखदेख पुऱ्याउनु पर्ने जस्ता व्यवस्थापकीय कुराहरुको व्यवस्था मिलाउन श्री सचिव, उद्योग मन्त्रालय तथा महाप्रवन्धक, शाही औषधि लिमिटेडलाइ सुझाव पठाइएको ।

७.२८ उदयपुर सिमेण्ट उद्योग लि.मा ज्यादारी र करारमा संचालक समितिको निर्णय वा कार्यकारी अध्यक्षको ठाडो तोक आदेशमा नियुक्ति गरी अनियमित कार्य हुने गरेको भन्ने सम्बन्धमा उद्योगको निमित्त आवश्यक पदपूर्ति स्थायी किसिमवाट हुनु उपयुक्त हुने र उद्योगको नियमावलीमा कार्यकारी प्रमुखले ज्यालादारीमा नियुक्त गर्न सक्ने देखिए ता पनि प्रशासनिक पदमा यथासम्भव यस्तो ज्यालादारी नियुक्ति गर्ने परिपाटीनै नराख्नु उपयुक्त हुने व्यहोराको सुझाव उद्योग मन्त्रालय तथा उदयपुर सिमेण्ट उद्योगमा पठाएको ।

७.२९ नेपाल औद्योगिक विकास निगमका महाप्रवन्धक बालकृष्ण मान सिंहलाई उद्योग मन्त्रालयको मिति २०५४।९।३ को निर्णय अनुसार मन्त्रालयमा हाजिर गराई अर्को व्यवस्था नभएसम्म नायव महाप्रवन्धक कुञ्जविहारी कयाललाइ का.मु. महाप्रवन्धकको कार्यभार सम्हाल्न तोकिएकोमा उद्योग मन्त्रालयको उक्त आदेशको विरुद्ध निज बालकृष्ण मान सिंहले पुनरावेदन अदालत ललितपुरमा रीट दिंदा सो अदालतले मिति २०५४।९।२१ मा समझदारी पत्र विपरित हुने गरी कुनै वाधा व्यवधान नदिनु नगर्नु, समझदारीपत्र बमोजिम काम गर्न दिनु भनी माननीय उद्योग राज्यमन्त्री, उद्योग मन्त्रालय, संचालक समिति नेपाल औद्योगिक विकास निगम र का.मु. महाप्रवन्धक कुञ्जविहारी कयालको नाममा समेत अन्तरिम आदेश जारी भएको रहेछ । सो आदेश जारी भएपछि निज बालकृष्ण मान सिंह २०५४।९।२२ देखि सो निगममा हाजिर हुन गएकोमा कुञ्ज विहारी कयालले का.मु. महाप्रवन्धक पदनाम प्रयोग गरी काम काज गर्दै रहेको र अदालतको अन्तरिम आदेशको पालना नगरेको भन्ने जानकारी समेतको आधारमा उद्योग मन्त्रालयले मिति २०५४।१०।१५ मा निज कयाललाइ अदालतको आदेश पालना गर्नु भनी पत्र समेत पठाएको रहेछ । तत्पश्चात पनि निज कयालले का.मु. महाप्रवन्धक पदनाम प्रयोगगरी विभिन्न निर्णयहरु गरेको, निगमका कर्मचारी बीच गुटवन्दीको अवस्था श्रृजना भएको अदालतको अन्तरिम आदेश बमोजिम कार्यभार सम्हाल्न गएका महाप्रवन्धकलाइ काम गर्न व्यवधान उत्पन्न भएको देखिएको भनी उद्योग मन्त्रालयको राज्य मन्त्री स्तरको मिति २०५४।११।४ को निर्णयबाट निज कयाललाइ अर्को व्यवस्था नभएसम्म मन्त्रालयमा हाजिर हुन निर्देशन दिइएको रहेछ ।

यसरी महाप्रवन्धक जस्तो पदमा आसीन व्यक्तिले मन्त्रालयको आदेश बिपरित अनुशासनहीन कार्य गरेको देखिएको

हुंदा यस्तो कार्यले प्रश्रय पाएमा प्रशासनिक संयन्त्रनै दूषित हुने मातहतका कर्मचारीलाइ अनुशासनमा राख्न नसकिने श्री ५ को सरकारको स्वामित्वका संस्थानको हानी नोक्सानी हुने जस्ता विकृतिलाइ दुरुत्साहित गर्न निज कयाललाइ भविष्यमा सतर्क भै कार्य गर्न सचेत गराउन तथा अदालतको आदेश पछि महाप्रवन्धक बालकृष्ण मान सिंह हाजिर हुन गए पश्चात् र उद्योग मन्त्रालयले निज कयाललाइ अदालतको आदेश पालना गर्नु भन्ने मिति २०५४।१०।१५ मा पत्र पठाए पश्चात के कस्ता निर्णय निज कयालवाट भएका छन्, नियमित अनियमित अध्ययन गरी आवश्यक कारवाई गर्न श्री सचिव, उद्योग मन्त्रालयलाई सुझाव पठाइएको ।

यसप्रकार मन्त्रालयको आदेशको समेत पालना नगर्ने र अनुशासनहीन कार्य गर्ने व्यक्तिलाइ श्री ५ को सरकारले पुनः शाही औषधि लिमिटेडको महाप्रवन्धक जस्तो जिम्मेवारीपूर्ण पदमा नियुक्त गरेको देखिंदा श्री ५ को सरकार मन्त्रीपरिषद्को ध्यानाकर्षणको लागि श्री मुख्य सचिव, मन्त्रीपरिषद सचिवालयलाई लेखिएको ।

७.३० वैदेशिक रोजगार संस्था सञ्चालन गर्न नगद धरौट राख्नु पर्नेमा जायजेथा राखी सञ्चालन गर्न पाउने व्यवस्था गरेको भन्ने सम्बन्धमा वैदेशिक रोजगार सञ्चालन ऐन, २०४२ ले नियम बनाउन दिएको अधिकार प्रयोग गरी नियम बनाएर जारी गर्दा कामकाज गर्न बढी सुगम र पारदर्शी पनि हुने भएकोले तदनुसार गर्न श्री सचिव, श्रम मन्त्रालयलाई लेखिएको ।

७.३१ कृषि चून उद्योगबाट आ.व. ०४७।४८ मा चून ढुङ्गा ढुवानी गर्ने पहिलो टेण्डरमा प्रति मेट्रिक टन न्यूनतम दर रु. १०५।- रहेको टेण्डरलाई मुचुल्कामा टेण्डरदाताहरुको सही नभएको भन्ने कारणले मात्र बदर गरिनु कानून सम्मत देखिएन । यही बदर गरेको परिणाम स्वरुप चौथो पटकको टेण्डरलाई स्वीकृत गर्दा कृषि चून उद्योगलाई प्रत्यक्षतः रु. ८,५०,०००।- थप व्यय भार वहन गर्नु पर्नाको अतिरिक्त समयमा सम्पन्न हुनु पर्ने ढुवानीको काम ६ महिना पछि मात्र हुन जानुले पनि सञ्चालक समितिको पदाधिकारीहरुको व्यवसायिक कार्य कुशलताको प्रष्ट अभाव देखियो ।

तसर्थ यस्ता औद्योगिक संस्थानहरुमा कार्यकारी पदाधिकारीहरु मनोनीत गर्दा व्यवसायिक, अनुभवसिद्ध व्यक्तिहरुको मनोनयन गर्ने उपयुक्त मापदण्ड (criteria) निर्धारण गर्ने परिपाटी बसाल्न श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालय तथा कृषि मन्त्रालयलाई सुझाव दिइएको ।

७.३२ साझा भण्डार Profit Incentive बाट स्थापना भएको र कम मूल्यमा खरीद गरी सर्वसाधारण एवं संस्थाहरुलार्य सामान सप्लाई गर्ने श्री ५ को सरकारको स्वामित्व रहेको संस्था भए पनि साझा लि. आफ्नो तर्फबाट आफै सामानहरु बनाई सप्लाई गर्ने नभई कोटेशन आर्फत आफ्नो संस्थामा दर्ता भएका अन्य दोकानदार व्यापारीहरुसंग खरीद गरी सप्लाई गर्ने हुंदा दोकानदारको मुनाफा प्रतिशत समेतले दर रेटमा बृद्धि हुन जाने साथै उसको काम कारवाई बिचमा बसी कमिशन खाने मात्र भएको देखिएकोले अरु विक्रेता वा आपूर्तिकर्ता सरह प्रतिस्पर्धामा जानु पर्ने व्यवस्था गर्ने तर्फ आवश्यक कारवाईको निमित्त मुख्य सचिव, मन्त्रिपरिषद् सचिवालयमा लेखिएको ।

७.३३ टेलिफोन लाइन अत्यावश्यक भै प्रतिक्षामा बस्न नचाहनेका लागि O.Y.T. को व्यवस्था गरिएको र टेलिफोन आवश्यक पर्ने हर क्षेत्रका संस्था वा पदाधिकारीहरु प्राथमिकता क्रममा समावेश भै रहेको अवस्थामा मन्त्री वा अरु कसैले तोक आदेश गरी टेलिफोन वितरण गर्ने गरी गरिएको व्यवस्था युक्तिसंगत एवं वान्छनीय समेत नदेखिएकोले ०५४।१।६ देखि लागू हुने गरी हाल प्रचलनमा रहेको सो प्राथमिकता क्रमको "समूह ३ गः तोक आदेशबाट टेलिफोन लाइन निकासा हुने व्यवस्था ' कायम नराख्न श्री ५ को सरकार सूचना तथा संचार मन्त्रालय, नेपाल दूर संचार संस्थानलाई समेत सुझाव पठाएको ।

७.३४ सार्वजनिक संस्थानहरुमा श्री ५ को सरकारको तर्फवाट संचालक समितिमा प्रतिनिधित्व गर्ने सदस्यहरु औपचारिकताको निर्वाहसम्म मात्र गर्ने, निजहरुमा विषयको विशेषज्ञता नरहने र उद्देश्यात्मक रुपमा कार्य गर्ने गरेको पाइएन । अतः यस्ता सार्वजनिक संस्थानहरुमा श्री ५ को सरकारको तर्फबाट संचालक समितिको सदस्य मनोनयन गर्दा वा प्रतिनिधित्व गराईदा तत्सम्बन्धी विषयमा जानकार भएका, रुची राख्ने र जिम्मेवारीको वहन गर्न सक्ने व्यक्तिलाइ मात्र गर्ने व्यवस्था मिलाई वर्तमानमा प्राविधिक विषयसंग सम्बन्धीत संस्थानहरुमा तत्सम्बन्धी विषयगत जानकारी नराख्ने व्यक्ति समेतलाई आस्थाको आधारमा सुविधा प्रदान गर्ने रुपमा संझी मनोनयन गराइने र संचालक समितिमा प्रतिनिधित्व गर्नेले व्यवस्थापनले पेश गरेको काम कारवाइमा समर्थन, सहमति जनाउने औपचारिकताको निर्वाह मात्र गरी जिम्मेवारी नलिने प्रवृत्तिमा सुधार ल्याउन श्री ५ को सरकारमा सुझाव दिन मन्त्रीपरिषद्मा लेखी पठाइएको ।

७.३५ विभिन्न कारोवार गर्ने स्वदेशी वा विदेशी फर्मले तोकिए बमोजिम काम गरे वा नगरेको सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय तथा वाणिज्य विभागवाट तदनुरुप जांच भएको देखिएन । अतः यसमा विषयको गाम्भीर्यता र सम्वेदनशिलतालाई हृदयङ्गम गरी आवश्यक अनुगमन नियन्त्रण गर्न प्रभावकारी कानूनी तथा प्रशासनिक व्यवस्था गर्न गराउनको साथै हालसम्म के कति फर्म कुन कार्य गर्ने उद्देश्यले दर्ता भएका छन् र के कसरी कार्य गरीरहेका छन लगत संकलन गर्ने, त्यस्को फेहरिस्त सार्वजनिक गराउने र सो अनुरुप मुख्य सञ्चालकको पूर्ण जवाफदेहीमा मात्र कार्य सुम्पने गरी सबै निकायहरुलाई अवगत गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ बमोजिम श्री ५ को सरकार मन्त्रिपरिषद्लाइ सुझाव दिइएको ।

७.३६ स्थानीय विकास निर्माण आयोनजाहरुमा ओभरसीयर तहको प्राविधिकलाई योजना प्रमुखमा नियुक्त गरी आफैले ल.इ. स्वीकृत, ठेक्का पट्टा आदि सम्पूर्ण काम गर्ने तर अनुगमनको भने व्यवस्था नभएकोले क्षेत्रीय स्तरबाट योजना स्वीकृत र अनुगमनसमेत गर्ने व्यवस्था हुन स्थानीय विकास मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

७.३७ N.C.C.N. संग पर्याप्त स्रोत र साधन हुंदा हुंदै कटकन्दार नियुक्त गरी काममा लगाउने गरेको र यसबाट योजनाहरुमा ढीलाई लगायत अतिरिक्त व्ययभारसमेत पर्ने गरेकोले कटकन्दार नियुक्त गरी काम लगाइरहनुको औचित्यको पुष्टि हुन नआएकोले सो कम्पनीको स्रोत साधन र क्षमताको मूल्यांकन गरी एक आ.व.मा सो कम्पनीले गर्ने गरी लिन पाउने ठेक्काको निश्चित रकम नै तय गरी त्यसरी लिएको काम पूरा नगरेमा सरकारी स्तरबाटै आवश्यक कारबाई हुने व्यवस्था हुन र सो निश्चित रकम भन्दा बढीको ठेक्का सम्झौता गर्न प्रतिबन्ध लगाउनेतर्फ समेत आवश्यक व्यवस्था गरी लागू गराउन निर्माण तथा यातायात मन्त्रालयमार्फत श्री ५ को सरकारलाई सुझाव पठाइएको ।

८. विभागीय वा अन्य कारवाईको लागि लेखी पठाएको विवरण :

८.१ विभागीय कारवाई गर्न लेखिएका पदाधिकारीहरुको नाम, पद र कार्यालय :

क्र.सं.	नाम,थर	पद	कार्यालय
१.	कीर्तिचन्द ठाकुर	तत्कालीन कार्यकारी निर्देशक	नेपाल विद्युत प्राधिकरण
२.	भीमबहादुर क्षेत्री	महाप्रवन्धक	नेपाल खाद्य संस्थान
३.	आनन्ददेव श्रेष्ठ	तत्कालीन महाप्रवन्धक	शाही औषधी लिमिटेड
४.	रतनबहादुर पाण्डे	तत्कालीन का.मु. महाप्रवन्धक	जनकपुर चुरोट कारखाना लि.
५.	विजय कटेल	उप महानिर्देशक	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष विभाग
६.	डा. शम्भुशरण तिवारी	का.मु. क्षेत्रीय निर्देशक	सुदूर पश्चिमाञ्चल स्वास्थ्य सेवा निर्देशनालय
७.	शम्भुप्रसाद शर्मा	प्रमुख नापी अधिकृत	नापी विभाग
८.	श्यामकृष्ण श्रेष्ठ	महाशाखा प्रमुख	कृषि सामग्री संस्थान
९.	रुद्रराज शर्मा	महाशाखा प्रमुख	कृषि सामग्री संस्थान
१०.	चन्द्रदर्शन आचार्य	वरिष्ठ कृषि अधिकृत	कृषि सामग्री संस्थान
११.	दिलीपकुमार कार्की	वरिष्ठ कृषि अधिकृत	कृषि सामग्री संस्थान
१२.	नारायणप्रसाद पौडेल	प्रमुख इकोलजिष्ट	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष विभाग
१३.	लक्ष्मीप्रसाद मानन्धर	योजना प्रमुख	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष विभाग
१४.	गोपालनाथ शर्मा	लेखा प्रमुख	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष विभाग
१५.	नरेन्द्रबाबु प्रधान	प्रशासन प्रमुख	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष विभाग
१६.	कीर्तिप्रसाद जोशी	लेखा प्रमुख	नेपाल टेलिभीजन
१७.	मदनकुमार शर्मा	निर्देशक	नेपाल टेलिभीजन
१८.	रत्ना जोशी	सदस्य सचिव, पदपूर्ति	शाही औषधी लिमिटेड
१९.	देवराज रेग्मी	बढुवा समिति सदस्य	नेपाल विद्युत प्राधिकरण
२०.	सुशीलकुमार शर्मा	बढुवा समिति सदस्य	नेपाल विद्युत प्राधिकरण
२१.	प्रेमराज गौतम	निर्देशक	नेपाल विद्युत प्राधिकरण
२२.	ध्रुवप्रसाद वाग्ले	तत्कालीन मालपोत अधिकृत	मालपोत कार्यालय, काठमाडौं
२३.	नारायणबहादुर थापा	योजना अधिकृत	वीरगञ्ज नगर पालिका
२४.	मानसिंह धामी	नि. जिल्ला शिक्षा अधिकारी	जिल्ला शिक्षा कार्यालय, दार्चुला
२५.	श्याम चालिसे	शाखा अधिकृत	उद्योग मन्त्रालय
२६.	कल्पना श्रेष्ठ	अधिकृत	साझा भण्डार
२७.	रोहितकुमार शाह	मेकानिकल इन्जिनीयर	उदयपुर सिमेन्ट उद्योग
२८.	रघुनाथ फुयाल	प्रशासन प्रतिनिधि	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष विभाग
२९.	भरतप्रसाद सापकोटा	स्टोर प्रमुख	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष विभाग
३०.	कोमलप्रसाद श्रेष्ठ	नायब सुब्बा	मालपोत कार्यालय, काठमाडौं
३१.	शिवशंकरलाल कर्ण	इलाका वन सहायक	इलाका वन कार्यालय, बहादुर गञ्ज

८.२ सचेत वा सतर्क गर्न लेखिएका पदाधिकारीको नाम, पद र कार्यालय :

क्र.सं.	नाम,थर	पद	कार्यालय
१.	कुमार ज्ञवाली	तत्कालीन सचिव	परराष्ट्र मन्त्रालय
२.	मृगेन्द्रकुमारसिंह यादव	अध्यक्ष, संचालक समिति	नेपाल खाद्य संस्थान
३.	विश्वनाथसिंह राजवंशी	संचालक	नेपाल खाद्य संस्थान
४.	राजबाबु दवाडी	संचालक	नेपाल खाद्य संस्थान
५.	देवीप्रसाद चौधरी	संचालक	नेपाल खाद्य संस्थान
६.	भोगेन्द्र ठाकुर	संचालक	नेपाल खाद्य संस्थान
७.	रामनारायण यादव	संचालक	नेपाल खाद्य संस्थान
८.	सीताराम मण्डल	संचालक	नेपाल खाद्य संस्थान
९.	राजेश पाण्डे	संचालक	नेपाल खाद्य संस्थान
१०.	तीर्थराज शर्मा	संचालक	नेपाल खाद्य संस्थान
११.	प्रेमनिधि ज्ञवाली	संचालक	नेपाल खाद्य संस्थान
१२.	बेनीबहादुर रावल	सचिव, संचालक समिति	नेपाल खाद्य संस्थान
१३.	-	संचालक समितिका सबैसदस्यहरु	दुग्ध विकास संस्थान
१४.	तुलसीप्रसाद भट्टराई	कार्यकारी अध्यक्ष	गोरखापत्र संस्थान
१५.	किशोर नेपाल	संचालक	नेपाल टेलिभीजन
१६.	रवीन्द्रलाल श्रेष्ठ	संचालक	नेपाल टेलिभीजन
१७.	गीताप्रसाद खनाल	संचालक	नेपाल टेलिभीजन
१८.	उमेश झा	महाप्रवन्धक	हेटौंडा सिमेन्ट उद्योग
१९.	तपानाथ शुक्ला	महाप्रवन्धक	नेपाल टेलिभीजन
२०.	कुञ्जबिहारी कयाल	तत्कालीन का.मु. महाप्रवन्धक	नेपाल औद्योगिक विकास निगम
२१.	हुमबहादुर बस्याल	का.मु. महाप्रवन्धक	गोरखापत्र संस्थान
२२.	अर्जुनमणी आ. दी.	सह सचिव	निजामती किताबखाना
२३.	राधेश्यामप्रसाद चौरसिया	नायब महाप्रवन्धक	हेटौंडा सिमेन्ट उद्योग
२४.	शिरोमणी ढकाल	का.मु. नायब महाप्रवन्धक	हेटौंडा सिमेन्ट उद्योग
२५.	दीपकजंग शाह	विभागीय प्रमुख	दुग्ध विकास संस्थान
२६.	कुमारप्रसाद खनाल	अधिकृत दशौं तह	शाही औषधी लिमिटेड
२७.	विमलप्रसाद वाग्ले	उप सचिव	उद्योग मन्त्रालय
२८.	मुरारीबहादुर कार्की	उप सचिव	अर्थ मन्त्रालय
२९.	जगदीशप्रसाद अर्याल	उप सचिव	परराष्ट्र मन्त्रालय
३०.	सरोजकुमार श्रीवास्तव	उप प्रवन्धक	हेटौंडा सिमेन्ट उद्योग
३१.	सुरेशकुमार रेग्मी	भन्सार अधिकृत	वीरगञ्ज भन्सार कार्यालय
३२.	मदन क्षेत्री	भन्सार अधिकृत	वैदेशिक हुलाक भन्सार कार्यालय
३३.	किरण गौतम	निर्देशक	गोरखापत्र संस्थान
३४.	बद्रीभक्त प्रधानांग	निर्माण उप समिति सदस्य	नेपाल खाद्य संस्थान
३५.	महेशकुमार श्रेष्ठ	निर्माण उप समिति सदस्य	नेपाल खाद्य संस्थान
३६.	प्रेमबहादुर बस्नेत	निर्माण उप समिति सदस्य	नेपाल खाद्य संस्थान
३७.	पदमगोपाल श्रेष्ठ	निर्माण उप समिति सदस्य	नेपाल खाद्य संस्थान
३८.	डा. राघवकिशोर भट्टराई	व्यापार व्यवस्थापन शाखा	दुग्ध विकास संस्थान
३९.	जीवनप्रसाद गौतम	व्यापार व्यवस्थापन शाखा	दुग्ध विकास संस्थान
४०.	अरुण श्रेष्ठ	व्यापार व्यवस्थापन शाखा	दुग्ध विकास संस्थान
४१.	महेन्द्रबहादुर श्रेष्ठ	टेण्डर मूल्यांकन समिति सदस्य	नेपाल टेलिभीजन
४२..	पुकार जोशी	टेण्डर मूल्यांकन समिति सदस्य	नेपाल टेलिभीजन

४४.	कीर्तिप्रसाद जोशी	टेण्डर मूल्यांकन समिति सदस्य	नेपाल टेलिभीजन
४५.	अजवलाल यादव	प्रमुख	दुग्ध वितरण आयोजना
४६.	गिरीधर बज्राचार्य	प्रयोगशाला प्रमुख	दुग्ध वितरण आयोजना
४७.	विनोद आचार्य	शाखा अधिकृत	उद्योग मन्त्रालय
४८.	डा. छविरमण भट्टराई	सहायक प्रवन्धक	दुग्ध वितरण आयोजना
४९.	राजगोविन्द राजकर्णिकार	शाखा प्रमुख	दुग्ध वितरण आयोजना
५०.	मनोजकुमार थापा	कृषि अधिकृत	कृषि सामग्री संस्थान
५१.	नानीबाबु तिवारी	-	वैदेशिक हुलाकसंग सम्बन्धित
५२.	कृष्णप्रसाद तिवारी	-	वैदेशिक हुलाकसंग सम्बन्धित
५३.	पन्नालाल श्रेष्ठ	-	वैदेशिक हुलाकसंग सम्बन्धित
५४.	द्वारिका श्रैष्ठ	-	वैदेशिक हुलाकसंग सम्बन्धित

९. विविध

९.१ यस आयोगबाट प्रस्तुत प्रतिवेदनको अवधीमा गरिएका केही अन्य विविध निर्णयहरु :

१. जिल्ला प्रशासन कार्यालय, बर्दियाको प.सं. मुद्दा २।ग।०५४।५५ च.नं. २६४ मिति २०५४।४।२३ को पत्रबाट भ्रष्टाचारको मुद्दा अदालतमा दायर गर्ने प्रक्रियाका सम्बन्धमा मिसिल समेत संलग्न राखी निर्देशन माग भै आएकोमा निम्न बमोजिमको निर्देशन सहित प्राप्त मिसिल अग्रिम कारवाईका लागि सोही कार्यालय फिर्ता पठाएको :-

(क) नेपाल अधिराज्यको संविधान, २०४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम काठमाडौं उपत्यकाका ३ जिल्ला वाहेक सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई सार्वजनिक पद धारण गरेका व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान तहकिकात गर्न आयोगका तर्फबाट अधिकार सुम्पेकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ अनुसारको कार्यविधि अपनाउनु पर्ने हुंदा अदालतमा मुद्दा दायर गर्न भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४ ले वाधा नगर्ने ।

(ख) विभागीय कारवाई भएका मितिबाट मुद्दा दायर गर्ने सम्बन्धमा भ्र.नि.ऐन, २०१७ मा भएको प्रावधान प्रस्तुत सन्दर्भमा लागू नहुने हुंदा आयोगबाट प्रत्यायोजित अधिकार र अ.दु.अ.आ.ऐन, २०४८ अनुसार मुद्दाको काम कारवाई अगाडी बढाउने ।

(ग) प्रमुख जिल्ला अधिकारीले अनुसन्धान तहकिकातको काम सकिएपछि मुद्दा चल्ने, नचल्ने वा को उपर के कस्तो अभियोग लगाई मुद्दा चलाउनु पर्ने उपयुक्त हुने हो ? सो विषयमा आफ्नो राय सहित सम्बन्धित सक्कल मिसिल निर्णयका लागि आफ्नो क्षेत्रको पुनरावेदन सरकारी वकिल कार्यालयका सरकारी अधिवक्ता समक्ष पठाएको ।

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तर्फवाट रामलाल लामाको जाहेरीले वादी श्री ५ को सरकार प्रतिवादी माधव दाश जोशी समेत भएको भ्रष्टाचार मुद्दामा पुनरावेदन अदालत, पाटनको मिति २०५४।१०।२२ मा भएको फैसलाको जानकारी २०५५।१।२५ मा पुनरावेदन सरकारी वकिल कार्यालय पाटनमा प्राप्त भएको । पुनरावेदन सरकारी वकिल कार्यालय पाटनवाट मिति २०५५।२।१८ मा माहा न्यायाधिवक्ताको कार्यालयमा उक्त फैसलाको प्रतिलिपी सहितको मिसिल पठाएको । महान्यायाधिवक्ताको कार्यालयवाट प.सं.पु.३२७६।०५४।५५ -५८५२ च.नं. १०८२१ मिति २०५५।३।२२ को पत्रसाथ यस आयोगमा वापस प्राप्त हुन आएको पुनरावेदन अदालतको फैसला सहितको मिसिल २०५५।३।२३ को आयोगको वैठकमा पेश भई अध्ययन गर्दा २०५४।१०।१२ को पुनरावेदन अदालत पाटनको फैसला कायम रहने गरी पुनरावेदन नगर्ने निर्णय गरिएको ।

प्रस्तुत विवादको विषयमा ठेक्का सम्झौता वमोजिमका काम फरफारक गर्न गराउन वांकी भए सम्पन्न गराउन भनि निर्माण तथा यातायात मन्त्रालयलाई लेखि पुनरावेदन नगर्ने कुराको जानकारी माहान्यायाधिवक्ताको कार्यालयका साथै निर्णयको जानकारी र मिसिल विशेष प्रहरी विभागमा समेत पठाइएको ।

३. जिल्ला प्रशासन कार्यालय, मनाङ्गको २०५४।८।२३ को पत्र साथ प्राप्त हुन आएको मनाङ्ग जिल्लामा संचालित घोचे खानेपानी आयोजनाको रकम हिनामिना भएको भन्ने विषयमा जि.वि.स.को कार्यालय दुर्गम क्षेत्र विकास समिति मनाङ्गका तत्कालिन लेखापाल विश्वनाथ घिमिरे समेतको मिलेमतोबाट नै भ्रष्टाचार भएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को

दफा १३ बमोजिम सजाय हुन जिल्ला प्रशासन कार्यालय, मनाङ्गको प्रतिवेदन र सो प्रतिवेदनमा भिन्न राय जनाई मुद्दा नचल्ने भन्ने मिति २०५४।९।२१।२ मा का.मु. सरकारी अधिवक्ताको राय देखिन आएको । यसमा १३० के.जी. तौल फरक पारी भारीमा प्रयोग भएको बांस र डोरीको भनी जोडेको भन्ने देखिन आउने विवादित अति न्यून रकम अनियमित भएको हो कि भन्ने देखिन आए पनि त्यस वारे ले.पा. विश्वनाथ समेतलाई गैर कानूनी लाभ र श्री ५ को सरकारलाई हानी नोक्सानी भए गरेको देखिन नआउनुको साथै हाल योजना समेत सम्पन्न भै सकेको भन्ने समेत भएबाट योजनाको रकम कुनै अनियमित भएको भए असुल उपर गर्ने भन्ने निर्णय समेत भएको हुंदा यस सम्बन्धमा पुनरावेदन सरकारी वकिल कार्यालय पोखराका सरकारी अधिवक्ताद्वारा प्रस्तुत राय मनासिवै देखिएको ।

४. हवाई विभागले आ.व. २०४९।५० र ०५०।५१ को आफ्ना कर्मचारीको का.स.मु. फाराममा अंक दिंदा अनुचित तरिकाले अंक दिएको र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको टर्मिनल बनाउंदा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा आयोगको ०५३।१२।२६ को निर्णयबाट हवाईविभागका तत्कालिन महानिर्देशक वीरेन्द्र बहादुर देउजा, उपमहानिर्देशक नगेन्द्र प्रसाद घिमिरे र तत्कालिन प्रवन्धक यज्ञ प्रसाद गौतमलाई नि.से.नि. २०४९ को दफा ५९ को (क) बमोजिम विभागीय कारवाईका लागि मा.मन्त्रीज्यूलाई लेखिएकोमा उक्त निर्णय क्रार्यान्वयनको सिलसिलामा पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०५४।१२।३ को पत्र तथा हवाई विभागको ०५४।११।११ को पत्रद्वारा यसरी विभागीय कारवाई गर्ने निर्णय गरिएको मध्ये तत्कालिन महानिर्देशक वीरेन्द्र बहादुर देउजालाई विभागीय कारवाईको सिलसिलामा दिन सकिने सबभन्दा तल्लो सजाय नसिहत दिने गरी निर्णय भएको भन्ने मौखिक जानकारी प्राप्त भएको, उक्त अनुचित कार्यका मुख्य निज महानिर्देशकलाई सबैभन्दा तल्लो नसिहतको सजाय भएकोले अन्य दुई अधिकृतलाई सो भन्दा तल्लो सजाय नदेखिएकोले द्विविधा पर्न गएको र निज घिमिरे र गौतमसंग स्पष्टीकरण माग गर्दा कार्य सम्पादन मूल्यांकन फाराम्हरु लिखित रुपमा फिर्ता आएपछि मात्र पुनर्विचार गरेको भन्ने देखिएकोले निजहरुलाई नसिहत दिंदा मर्का पर्ने देखिएकोले आयोगको मिति २०५३।१२।२६ को निर्णयलाई पुनर्विचार गर्न लेखी आएको विषय पेश हुंदा आयोगको निर्णयमा विभागीय कारवाई गर्नु भनी सम्बन्धित निकायलाई स्वविवेकीय अधिकार प्रदान गरेकोमा सम्बन्धित निकायले निजहरुको नेकी वदी रहेको व्यक्तिगत विवरण फायल हेरी, कसूर हेरी औचित्य अनुसार सम्बन्धित कर्मचारी उपर ऐन नियमानुसार विभिन्न सजाय गर्ने अधिकार भएकै हुंदा मर्का पर्ने भन्ने राय उचित देखिएन । आयोगको मिति २०५३।१२।२६ को निर्णयमा पुनर्विचार गरी राख्नु परेन । तसर्थ पूर्व निर्णय अनुसार गर्न लेखिएको ।

५. नेपाल राष्ट्र बैंकको पत्रले वादी श्री ५ को सरकार प्रतिवादी काठमाडौं जिल्ला नगरपालिका वडा नं. २१ लगनटोल बस्ने नेपाल राष्ट्र बैंक थापाथलीमा प्र.न.स. पदमा कार्यरत सुन्दरकुमार श्रेष्ठ समेतका ३ जना प्रतिवादीहरु उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ को कसूरमा सोही ऐनको सोही दफा बमोजिम सजाय भै हिनामिना भएको विगो रु. २४,९५,०००।- प्रतिवादीहरुबाट असुल उपर हुनु पर्ने समेतको माग दावी लिई मानिससहित अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३४ बमोजिम पुनरावेदन सरकारी वकिल कार्यालय, ललितपुरसमक्ष पेश गरेकोमा पुनरावेदन अदालतका रजिष्ट्रारले उक्त मुद्दा दर्ता गर्न इन्कार गरी मिति ०५४।७।४ मा दरपिठ गरी दिनु भएको र उक्त दरपीठ आदेश उपर पुनरावेदन अदालत नियमावली, २०४८ को नियम १० (ङ) बमोजिम पुनरावेदन अदालत, पाटनमा निवेदन गरेकोमा उक्त अदालतको संयुक्त इजलासबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ को प्रक्रिया पुरा भई नआएकोले यथा अवस्थामा मुद्दा दर्ता गर्न इनकार गरी आदेश भएको र यस आयोगको अनुरोधमा पुनरावेदन अदालतको मिति ०५४।७।२१ को आदेश उपर मुलुकी ऐन, अ.वं. १७ नं. बमोजिमको निवेदन मिति ०५४।८।२ मा महान्यायाधिवक्ताको कार्यालयबाट श्री सर्वोच्च अदालतमा दर्ता भई कारवाईको चरणमा रहेकोले सर्वोच्च अदालतमा परेको अ.वं. १७ नं. बमोजिमको उक्त निवेदन उपरको कारवाई टुंगो नलागेसम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १६ बमोजिम यस आयोगको तर्फबाट अभियुक्तहरुलाई एक महिनाको लागि थुनामा राख्न श्री पुनरावेदन अदालत, पाटन समक्ष अनुमति लिनु भनि विशेष प्रहरी विभागको संकेत नं. २०५४।५५ शा.६ मि.नं. १३१ मिति २०५४।७।२८ को पत्र सन्दर्भमा निवेदन दिई पठाउन लेखिएको ।

६. भ्रष्टाचार एक सामाजिक अपराध (social crime) भएको र यसले सामाजिक संरचना (social structure)मै प्रत्यक्ष रुपमा असर पार्ने भएकोले यसको नियन्त्रणमा समाजका सबै पक्षबाट प्रयास गरिनु आवश्यक छ । सो कुरालाई विचार गरी २०४६ साल पूर्व व्यवस्थामा पनि भ्रष्टाचार नियन्त्रणको कुरालाई प्रमुख रुपमा स्वीकारिएको थियो र अख्तियार दुरुपयोग निवारण आयोगलाई अत्यधिक अधिकार सम्पन्न गराई सो आयोगले छिनेका मुद्दाहरु उपर पुनरावेदन सुन्न सर्वोच्च अदालतका माननीय न्यायाधीशहरु रहनु भएको छुट्टै अख्तियार दुरुपयोग पुनरावेदन अदालत समेत गठन भएको थियो । साविकमा भ्रष्टाचार सम्बन्धी मुद्दाको गाम्भीर्यतालाई विचार गरी विशेष प्रहरीद्वारा अनुसन्धान तहकिकात गरी गराई तीन जना न्यायाधीश रहेको बागमती विशेष अदालतमा मुद्दा दायर गर्ने परम्परा रहेको थियो । प्रजातन्त्र पश्चात् आएको वर्तमान संविधानले पनि भ्रष्टाचारलाई अरु बढी नियन्त्रण गर्नको लागि छुट्टै अख्तियार दुरुपयोग अनुसन्धान आयोग गठन गरी संवैधानिक अंगको रुपमा स्थापित गराएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दाको अनुसन्धान तोकिएको आयुक्त अन्तर्गत रहेर सम्बन्धित अनुसन्धान अधिकृतद्वारा गरिए पनि मुद्दा चलाउने नचलाउने अन्तिम निर्णय प्रमुख आयुक्त सहित सम्पूर्ण आयुक्त समावेश भएको आयोगको बैठकबाट गरिन्छ र सोही निर्णयको आधारमा अदालतमा मुद्दा दायर गरिने गरिएको छ ।

सर्वोच्च अदालत नियमावली तथा पुनरावेदन अदालत नियमावली सरसरी अध्ययन गर्दा सामान्यतः निवेदन प्रतिवेदन र अनुमति जस्ता सानातिना मुद्दाहरुलाई सिंगल बेन्चको क्षेत्र भित्र पारिएको छ र सिंगल बेन्चबाट अनुमति प्राप्त भै सकेपछि डिभिजन बेन्च र स्पेसल बेन्च वा खास अवस्थामा फूलबेन्चले हेरी मुद्दाको निर्णय गर्ने परिपाटी विकसित गरिएको पाइन्छ ।

सर्वोच्च अदालत नियमावली र पुनरावेदन अदालत नियमावलीले सामान्यतया मुद्दाको निर्णय गर्ने काम डिभिजन बेन्च वा बढी सदस्य रहेको बेन्चबाट गराउने कुरालाई महत्व दिएको देखिन्छ तर भ्रष्टाचार जस्तो संवेदनशील विषयमा पुनरावेदन अदालतमा एकल न्यायाधीशको इजलासबाट मुद्दा सुनुवाई हुने व्यवस्था छ । एकल न्यायाधीशको इजलासबाट कारवाई र निर्णय हुनुभन्दा निश्चय पनि दुई वा दुईभन्दा बढी न्यायाधीशहरु रहेको इजलासबाट सुनुवाई हुनुमा मुद्दाको बढी गहिराईसम्म पुगी न्याय प्रदान गर्न र न्याय प्राप्तीमा समेत अझ सशक्त भूमिका निर्वाह हुन सक्ने देखिन्छ । प्राज्ञिक भनाई पनि छ – "एक दिमागभन्दा धेरै दिमाग खपत भएको निष्कर्ष बढी फलदायी हुन्छ (More heads are better than one)."। पुनरावेदन अदालत नियमावलीको नियम १०(क) को व्यवस्थाले पुनरावेदन अदालतले शुरु कारवाई र किनारा गर्ने मुद्दा एकल न्यायाधीशको इजलासबाट हेरिने व्यवस्थाले गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरे गराएको मुद्दाको सम्वेदनशीलतामा विशेष ध्यान नपुगेको आम चर्चाको विषय हुन पुगेको छ । तसर्थ हाल भइरहेको पुनरावेदन अदालत नियमावलीको उपरोक्त व्यवस्थालाई प्रतिबन्धात्मक वाक्यांश थपी अख्तियार दुरुपयोग अनुसन्धानका तर्फबाट चलाइएको मुद्दाको कारवाई र किनारा पुनरावेदन अदालतमा दुई वा दुईभन्दा बढी न्यायाधीशको इजलासबाट कारवाई किनारा हुने कानूनी व्यवस्था हुन सम्मानित सर्वोच्च अदालतमा अनुरोध पठाइएको ।

७. सफेद उल्लमिया अन्सारीको नामबाट वि.प्र.वि.मा मिति २०३७।५।१९ मि.नं. २२ मा दर्ता हुन आएको मुद्दामा अभियुक्त प्र.पं.ले भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा निर्माण कार्य गर्न जिम्मा लिने प्र.पं. लालबहादुर वोहराबाट आफ्नो जिम्मा रहेको नगद र जिन्सीको विधिवत रुपमा फरफारक भएको छ छैन ? नभएको भए अविलम्ब फछ्यौंट गर्ने र फछ्यौंट नगरे सरकारी रकम कलम हिनामिनामा कारवाई गर्न स्थानीय विकास मन्त्रालयमा लेखी यसको जानकारी ३ महिना भित्र आयोगमा गराउन लेखिएको ।

९.२ कार्यगत समस्याको पहिचान तथा निराकरणका उपायहरुको विवरण :

सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार वा अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान तहकिकात गर्ने कार्य अत्यन्त जटिल प्रकृतिको हुने भएकोले वस्तुनिष्ठ तथा प्रामाणिक आरोपको अभावमा आयोगको कार्य सम्पादन पनि सहज नहुने तथ्य स्पष्ट छ । यस प्रयोजनको निमित्त आयोगलाई कानूनी रुपमा सशक्त तथा भौतिक संसाधनबाट सुसम्पन्न समेत गरिनु अनिवार्य छ । यसै सन्दर्भमा आयोगले सामना गर्नु परेका कमी कमजोरी तथा समस्याहरुको विवरण तथा सुधारका उपायहरुको विवेचना निम्न तालिकामा प्रस्तुत गरिएको छ :–

९.२.१ तालिका (क) : <u>आयोगको कार्य सम्पादनको क्रममा देखा परेका समस्या तथा समाधानका उपाय</u>

क्र. सं.	विद्यमान समस्या	लक्ष्य	समस्या समाधानको उपाय	कैफियत
१	प्रभावकारी कानूनी व्यवस्थाको अभाव	आयोगलाई कानूनी रुपमा सक्षम गराउने	• मुद्दाको प्रकृति तथा गाम्भीर्य अनुरुप शीघ्र एवं विशिष्टता प्राप्त न्याय व्यवस्थाको लागि अख्तियार विशेष अदालतको गठन गर्ने । • केही प्रमाणको भार अभियुक्तमा रहने व्यवस्था गर्ने । • श्रोत खुलाउन नसकिने र आयको अनुपातमा असुहाउंदो सम्पत्ति अवैध मानिने व्यवस्था गर्ने । • भ्रष्टाचारमा कारबाई गर्न संविधानमा अन्यत्र व्यवस्था नभएकोले महाधियोग लाग्ने पदाधिकारीउपर समेत कारवाई गर्न सकिने संवैधानिक व्यवस्था गर्ने ।	ऐनको मस्यौदा प्रेषित भई मन्त्री परिषद् सचिवालयबाट विधेयक पेश भई संसदबाट पारित हुनु पर्ने ।

			• भ्रष्टाचार नियन्त्रणको लागि मन्त्रालय, विभाग र कार्यालय तथा संस्था प्रमुखलाई समेत जिम्मेवार बनाई काममा लगाउने व्यवस्था गर्ने । • विदेशी व्यक्ति वा संघ संस्था संलग्न रहेको मुद्दामा म्याद तामेली गर्ने छुट्टै व्यवस्था तथा निजको स्थानीय एजेन्ट वा प्रतिनिधि वा निजको तर्फबाट करार गर्ने नेपाली पक्षलाई पनि पूर्ण रुपमा जिम्मेवार बनाउने कानूनी व्यवस्था गर्ने ।	
२	तथ्ययुक्त सूचना प्रवाहको कमी ।	तथ्य संकलनमा उजुरीको प्रतिक्षा गर्नु पर्ने स्थितिको अन्त्य गर्ने ।	विभिन्न मन्त्रालय, विभाग तथा सार्वजनिक संस्थानहरुमा निश्चित पारिश्रमिक दिई आयोगले आवश्यक संख्यामा सुराकी नियुक्त गर्न पाउने व्यवस्था गर्ने ।	राज्य व्यवस्था समितिबाट माग भए बमोजिम विवरण पठाई मन्त्री परिषद् सचिवालयलाई जानकारी पठाइएको ।
३	प्रमाण संकलनमा बाधा ।	कानूनी रुपमा तथ्यपूर्ण प्रमाण संकलन गर्ने ।	माथि नं. २ बमोजिम नियुक्त सुराकी वा आयोगकै कर्मचारीले विवादित कागजात कब्जामा लिनको निमित्त आवश्यक संसाधन तथा सुविधाको व्यवस्था गर्ने ।	ऐ ऐ
४	विशेषज्ञ सेवाको उपलब्धी ।	विशेषज्ञ समेतको रायको आधारमा प्रामाणिक अनुसन्धान कार्य गर्ने ।	विभिन्न क्षेत्रमा उच्च ओहदामा कार्यरत रेहका वा रही सेवा निवृत्त भएका वा अन्य विषय विशेषज्ञहरुलाई खास मुद्दाको लागि तोकिएको पारिश्रमिक र सुविधा दिई काममा लगाउन सकिने व्यवस्था गर्ने ।	ऐ ऐ
५	प्रारम्भिक तहमा भ्रष्टाचार नियन्त्रणको व्यवस्थामा कमी	भ्रष्टाचार विरुद्ध उपचारात्मक भन्दा प्रतिरोधात्मक उपायले संघर्ष गर्ने ।	• प्रारम्भिक अनुसन्धानबाट कारवाई अगाडि बढाउनु पर्ने स्थिति देखिएमा विवादित कामलाई रोक्न आवश्यक परेमा आदेश दिन सक्ने कानूनी व्यवस्था गर्ने । • सरकारी वा सार्वजनिक संस्थानहरुमा आन्तरिक रुपमै गर्न कानूनले तोकेको निरीक्षण, जांच, कारवाई आदि अनिवार्य रुपमा गर्ने व्यवस्था हुनु पर्ने । • विभिन्न पदाधिकारीको लागि आचार संहिता तयार गरी लागू गर्ने ।	
६	भौतिक अवस्था तथा पूर्वाधारको अपर्याप्तता	आयोगलाई कार्य सम्पादनमा साधन र सुविधा सम्पन्न बनाउने ।	• आधुनिक उपकरण, संयन्त्रहरुको उपलब्धि गर्ने, • विश्लेषण प्रयोगशालाको स्थापना गर्ने, • प्रादेशिक कार्यालयहरु स्थापना गरी सुविधा सम्पन्न बनाउनु पर्ने, • आयोगको हालको अपर्याप्त भवन विस्तार गर्ने, • पुस्तकालयको क्षमता बृद्धि गर्ने, • आवश्यक सवारी साधन उपलब्ध गर्ने ।	
७	क्षेत्राधिकार र जनशक्तिमा असन्तुलन ।	आयोगको कार्य सम्पादनलाई सरलीकृत गर्ने	मन्त्री, सचिव, विभागीय वा सार्वजनिक संस्थानका प्रमुख वाहेकका सार्वजनिक पदधारण गर्ने व्यक्ति उपरको उजूरीमा आयोगको प्रादेशिक कार्यालय स्थापना गरी त्यहींबाट वा आयोगले अधिकार सौपेका अन्य सरकारी निकायबाट अनुसन्धान गराउने ।	प्रादेशिक कार्यालय स्थापना गर्ने सहमति श्री ५ को सरकारबाट प्राप्त भएको तर बजेट विनियोजन नभएको ।

८	जनशक्तिमा शीप विकासका अवसरको अभाव	आयोगको जनशक्तिको स्तर तथा क्षमता बृद्धि गर्ने ।	• स्वदेशी तथा विदेशी तालिमका अवसर दिने, • भत्ता तथा बृत्ति विकासका थप अवसरको प्रत्याभूतिपूर्ण व्यवस्था गर्ने, • आयोगको बेग्लै समूहीकृत सेवा र समूहको व्यवस्था गर्ने, • विशेष कोषको स्थापना गर्ने । • आयोगमा कर्मचारीको पदस्थापना गर्दा वा आयोगमा कार्यरत कर्मचारीको सरुवा गर्दा आयोगको सहमति अनिवार्य हुने व्यवस्था गर्ने ।	
९	बजेटको अपर्याप्तता	बजेटको कमीले सम्पन्न हुन नसकेका सुधारात्मक कार्यहरु सम्पन्न गर्ने ।	आयोगद्वारा प्रस्तावित बजेटलाई प्रतिनिधि सभा, राज्य व्यवस्था समितिको रोहमा मात्र कटौती गर्न सकिने अनिवार्य व्यवस्था गर्ने ।	
१०	वार्षिक प्रतिवेदनमा उठाइएका विषयहरुलाई गम्भीरतापूर्वक लिने नगरिएको ।	आयोग प्रति जनविश्वास को स्तरमा बृद्धि गर्ने तथा जनसमुदायमा देखिएको आयोगप्रतिको नैराश्यको अन्त्य गर्ने ।	प्रतिनिधि सभाको सम्बन्धित समितिमा आयोगको वार्षिक प्रतिवेदन उपर विस्तृत छलफल गरी संसदमा पेश गरिने प्रतिवेदनलाई प्राथमिकता दिई छलफल गर्ने र कार्यान्वयन गराउने व्यवस्था गर्ने ।	

९.२.२ आयोगको सातौं वार्षिक प्रतिवेदनमा उल्लेखित समस्याको विवरण :-

क) प्रस्तावित समस्या तथा समाधानको उपायहरुको पुनर्मुद्रण :-

१) अनुसन्धानको क्रममा संकलित नमूनाहरु तथा अन्य सूचनाको विश्लेषण गर्न आजको वैज्ञानिक युगमा आयोगसंग एकवटा सानो विश्लेषण प्रयोगशाला पनि छैन । अरु संस्था वा निकायहरु अन्तरगत रहेका प्रयोगशालाहरु पनि आवश्यक पूर्वाधारको कमीका कारण नतीजामूलक हुन नसकेको हुंदा मुलुकमा विद्यमान प्रयोगशालाहरुको तत्काल क्षमता वृद्धि गर्न पनि आवश्यक भइसकेको छ ।

२) भ्रष्टाचारका अवसरहरुमा कमी ल्याउने तथा यसप्रति सबैमा सजगता जगाउने सन्दर्भमा आन्तरिक नियन्त्रणको उपाय तथा माध्यमको रुपमा निर्वाचित पदाधिकारी, राजनैतिक नियुक्ति हुने पदमा बहाल हुने पदाधिकारी तथा अन्य कर्मचारी एवं राष्ट्र सेवकहरुले पालना गर्नु पर्ने विविध आचार संहिताको तर्जुमा गरी लागू समेत गर्नु पर्ने समय बित्न लागिसकेको महसूस गरिएको छ ।

३) वस्तुनिष्ठ सूचना संकलनको प्रभावकारी संयन्त्रको स्थापना, त्यसको समुचित विश्लेषणको निमित्त आवश्यक उपकरणहरुको उपलब्धी, विशेषज्ञ सेवाको निर्बाध उपभोगको प्रत्याभूति तथा विद्यमान जनशक्तिको स्तरोन्नतिको लागि तालीम, अध्ययन आदिको अवसर जस्ता विषयहरुलाई प्राथमिकताको क्रममा राखी आयोगको सम्बलको सुदृढीकरण गर्न श्री ५ को सरकारको प्रतिबद्धता तथा सहयोग आयोगको लागि अत्यावश्यक भइसकेको छ । आयोगमा दक्ष जनशक्तिको विकास गरी विशेषज्ञबाट अनुसन्धान गराउनको निमित्त वैदेशिक प्रणालीहरुको अध्ययन तथा विविध विषयहरुमा आवश्यक तालीम हासिल गरी उपयुक्त प्रणालीको खोज तथा पहिचान गरी त्यस्तो प्रणालीको स्थापनासमेत गर्नु पर्ने हुंदा त्यसका लागि अध्ययन तथा तालीमका अवसरहरु यस आयोगलाई उपलब्ध गराउन अर्थ मन्त्रालय तथा राष्ट्रिय योजना आयोगको सहयोग अपरिहार्य भएको छ ।

४) यस आयोगको कार्य प्रणाली अन्य सरकारी निकायहरुको भन्दा पृथक रहेको तर आयोगको दरबन्दीमा भने सरकारी निकायहरुबाटै सरुवा भई पदपूर्ति हुने हुंदा आयोगमा आफ्नै बेग्लै सेवा समूहीकृत जनशक्ति छैन । आयोगको आफ्नै सेवा समूह गठन गर्नेतर्फ पनि अभ्यासको थालनी गर्ने समय आइसकेको छ । हालको व्यवस्था अनुरुप यस आयोगमा पदस्थापना

भई कार्यरत कर्मचारीहरुले आफ्ना व्यक्तिगत सम्बन्धीहरु तथा आफ्नै सेवा समूहका प्रभावशाली एवं उच्च पदस्थ अधिकारी (जो आफ्नै कार्य सम्पादन मूल्यांकन पुनरावलोकन समितिको सदस्य भइरहेको हुन सक्छ) का बिरुद्ध पनि छानवीन गरी कारबाईको सिफारीश गर्नु पर्ने हुंदा यस्तो संवेदनशील तथा जोखिमपूर्ण र यदाकदा तनावपूर्णसमेत हुने वातावरणमा काम गर्नु पर्ने कर्मचारीहरुलाई कुनै निश्चित कार्य सम्पन्न गरे बापत पुरस्कृत गर्न तथा डोरमा खटिंदा निस्पक्षता कायम गर्नको लागि कसैको आतिथ्य ग्रहण नगरी खान बस्न आफ्नै खर्च गर्दा अपर्याप्त हुने भ्रमण भत्ताहरुका सम्बन्धमा पनि आयोगले आफ्नो तजवीजमा निर्णय गरी खर्च गर्न सक्ने विशेष कोषको व्यवस्था गर्नेतर्फ आवश्यक पहल गर्न पनि आवश्यक भएको देखिन्छ ।

ख) आंशिक रुपमा कार्यान्वयन उन्मुख विषयहरु निम्नानुसार छन् :-

१) आयोगबाट प्रषित कारवाईको सिफारिश तथा सुझाव र ध्यानाकर्षणहरुका सम्बन्धमा संसदको परराष्ट्र तथा मानवाधिकार समितिमा छलफल भई कार्यान्वयनका केही जानकारी प्राप्त भएको ।

२) आयोगको क्षेत्राधिकारमा भएको अभिवृद्धिको कारणले आवश्यक भएको आयोगको प्रस्तावित सांगठनिक पुनर्संरचनाका सम्बन्धमा चरणबद्ध रुपमा प्रादेशिक कार्यालयहरु स्थापना गर्ने सहमतिसम्म श्री ५ को सरकारबाट प्राप्त भएको ।

१०. उपसंहार :

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (६) बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन श्री ५ समक्ष प्रस्तुत गर्नु पर्ने संवैधानिक दायित्व भएको हुंदा यस आयोगद्वारा आ. व. २०५३/०५४ को अवधिमा अनुसन्धान तहकिकात गरी सम्पन्न गरेका र अनुसन्धान कार्य चालू रहेका कारवाईहरुको विवरण यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

विगतमा आयोगमा प्राप्त हुन आएका सबै प्रकारका उजुरी निवेदनहरुलाई निवेदनको रुपमा दर्ता गर्ने गरिएकोमा गत आ.व. मा विशेष प्रहरी विभाग तथा प्रमुख जिल्ला अधिकारीहरुलाई आयोगले सौंपेको अख्तियारीको आधारमा तत् तत् निकायहरुको क्षेत्राधिकार भित्र पर्ने तथ्य शुरुमै स्पष्ट भएका उजुरीहरुलाई प्रस्तुत प्रतिवेदनको अवधिमा निवेदनको रुपमा दर्ता नगरी मूल दर्ताबाटै सो निकायहरुमा कारवाईको लागि पठाउने प्रकृयाको अवलम्बन गरिएको छ । यस व्यवस्थाबाट आयोगमा पर्न आएको कूल उजुरी संख्यामा विगतको अनुपातमा ह्रास भएको जस्तो अनुसूची ४ को तालिकाबाट देखिन आएको छ । तर यथार्थमा सो तालिकाको "यस आ.व को उजुरी" शीर्षक अन्तर्गत यसरी सीधै विशेष प्रहरी विभाग तथा प्रमुख जिल्ला अधिकारीहरु समक्ष प्रेषित उजुरीको संख्याको गणना नभएको हुंदा आयोगमा पर्ने गरेको कूल उजुरीहरुमा कुनै कमी आएको छैन । तर प्रामाणिक तथा वस्तुनिष्ठ नभएको उजुरीमा अनुसन्धान नै असाध्य हुने र आयोगको स्रोत साधन र समयको समेत अपव्यय हुने भई ठोस उजुरीहरुको लागि पर्याप्त समय र स्रोत उपयोग गर्न नसकिने स्थिति उत्पन्न हुने भएकोले त्यस्तो उजूरीमा मूल दर्ताबाटै अनुसन्धान अगाडि नबढाउने परिपाटी बसालिएको छ ।

आयोगले आफ्नो प्रतिवेदनहरुमा नियमित रुपमा कार्य सम्पादनमा उत्पन्न बाधा अवरोध एवं समस्याहरुको विवरणका साथै तिनको निराकरणका उपायहरुको बारेमा पनि उल्लेख गर्दै आएको छ । तथापि त्यस्ता समस्याहरुको समाधानको लागि विभिन्न निकायहरुबाट अपेक्षित सहयोगमा अभिबृद्धि भएको कुनै उत्साहवर्द्धक जानकारी आयोगले प्राप्त गर्न सकेको छैन । यसै प्रतिवेदनमा समाविष्ट आयोगको पूर्व प्रतिवेदनमा उल्लेखित समस्या यथावत् रहनुबाट पनि यस तथ्यको पुष्टि हुन्छ । यसै सन्दर्भमा यस आर्थिक वर्षमा आयोगले कार्य सम्पादनको क्रममा सामना गर्नु परेका समस्या तथा समाधानको उपाय समेतको विवरण तालिकाबद्ध गरी यसै प्रतिवेदनमा प्रस्तुत गरिएको छ । अपेक्षित सुधारको अभावमा आयोगले सशक्त तथा सक्षम रुपमा कार्य सम्पादन गर्न नसक्ने तथ्य स्पष्ट नै भएकोले प्रस्तावित समाधानको कार्यान्वयनमा सिथिलता नरहने तथा आशातीत सहयोग प्राप्त हुनेछ भन्ने कुरामा आयोग विश्वस्त रहन चाहन्छ ।

अन्त्यमा, संवैधानिक कर्तव्य निर्वाहको क्रममा अख्तियारको दुरुपयोग हुन नदिई मुलुकमा स्वच्छ प्रशासनिक एवं अन्य संयन्त्र स्थापनाबाट सार्वजनिक जीवन सरल एवं सहज बनाउने राष्ट्रिय दायित्वको कार्यमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग सदा प्रयत्नशील रही भविष्यमा अझ बढी सक्षम हुनेछ भन्ने दृढ आशा एवं विश्वास प्रकट गर्न चाहन्छ ।

***

अनुसूचीहरु

अनुसूची – १


श्री ५ महाराजाधिराज
वार्षिक प्रतिवेदन
मन्त्री परिषद
संसद
प्रमुख आयुक्त
मन्त्री परिषद सचिवालय
आयुक्तहरु
सचिव
मन्त्रालयहरु
विभागहरु
महाशाखा १
महाशाखा २
महाशाखा ३
महाशाखा ४
महाशाखा ५
महाशाखा ६
अनुगमन म.शा.
प्रशासन शाखा
राजस्व अनुसन्धान विभाग
विशेष प्रहरी विभाग
प्रहरी प्रधान कार्यालय
राष्ट्रिय अनुसन्धान विभाग
पुनरावेदन सरकारी वकील
प्रमुख जिल्ला अधिकारीहरु
सम्पर्क प्रकृया
सूचना सम्पर्क प्रकृया
कार्य सम्पर्क प्रकृया

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

संगठन तालिका*

आयोग

सचिव कर्ण बहादुर चन्द

कानून महाशाखा	
सह सचिव	दिवाकर पन्त (असा. विदा)
सह सचिव	लीला बहादुर बस्नेत (काज)
उप सचिव	केदार पौडेल
उप सचिव	वासुदेव उप्रेती
शा.अ.	इन्दिरेश दाहाल
ना.सु.	तुलसी भक्त श्रेष्ठ

प्रशासन महाशाखा	
सह सचिव	रेवती राज काफ्ले
उप सचिव	मधुसूदन भट्टराई
का.मु.उ.स.	धर्म प्रसाद गौतम
शा.अ.	हरिचन्द्र घिमिरे
ना.सु.	भक्त प्रसाद जंगम
ना.सु.	पुष्कल कुमार थापा

लेखा महाशाखा	
का.मु.सहसचिव	सोम नारायण प्रधान
उप सचिव	प्रकाश राज पाण्डे
उप सचिव	दीप बस्नेत
शा.अ.	तुलसी प्रसाद खरेल
ना.सु.	शिवराज खरेल
ना.सु.	ऋषिराम भट्टराई

प्राविधिक महाशाखा	
सह सचिव	शान्ति मल्ल
उप सचिव	ढक्कल ध्वज थापा
सि.डि.ई.	ओमधरानन्द राजोपाध्याय
शा.अ.	मैया नेउपाने
इञ्जिनीयर	गोविन्द बहादुर श्रेष्ठ
इञ्जिनीयर	कुमार प्रसाद घिमिरे
ओ.सी.	नीत बहादुर सापकोटा

जन सम्पर्क महाशाखा	
प्र.ब.उ.	विजयराज भट्ट
प्र.ना.उ.	ओमबहादुर रोक्का
ना.उ.	सत्य नारायण सुवेदी
प्र.नि.	श्यामबहादुर पाण्डे
प्र.नि.	रामदेवसिंह कोइरी
निरीक्षक	प्रकाश बहादुर खड्का
निरीक्षक	किवाड्ड हाड्ड राई
निरीक्षक	मधुसूदन प्रसाद अधिकारी
प्र.ना.नि.	पुष्कर बस्नेत
प्र.ना.नि.	माधव खनी
प्र.ना.नि.	गोपाल रायमाझी
प्र.ना.नि.	मोहन सिटौला
प्र.स.नि.	सुन्दर बहादुर थापा
प्र.ह.	नन्दबहादुर राना
प्र.ज.	ढम्बर बहादुर के.सी.
प्र.ज.	मदनकुमार खरेल
प्र.ज.	प्रकाश न्यौपाने
प्र.ज.	दीपक कार्की

अनुसन्धान महाशाखा नं. ६	
सह सचिव	पुष्पराज कोइराला (काज)
का.मु.उ.स.	कुमार बहादुर खड्का
शा.अ.	रत्नन बहादुर घिमिरे
ना.सु.	भगवान लाल श्रेष्ठ

अनुगमन महाशाखा	
सह सचिव	सूर्यप्रसाद कोइराला (काज)
शा.अ.	रामशरण ढकाल

आन्तरिक तथा आर्थिक प्रशासन शाखा			
का.मु.उ.स.	माधव प्रसाद न्यौपाने	ह.स.चा.	ईश्वर दास श्रेष्ठ
ले.अ.	जनक के.सी.	ह.स.चा.	शरण लामा
ना.सु.	लक्ष्मण प्रसाद वन	पियन	राम बहादुर दनुवार
ना.सु.	मुकुन्द प्रसाद ढकाल	पियन	सोम बहादुर तामांग
ना.सु.	हरि प्रसाद आचार्य	पियन	देउ बहादुर क्षेत्री
ना.सु.	भोला खड्का	पियन	अर्जुन राज पाण्डे
ना.सु.	अनन्त प्रसाद आचार्य	पियन	सम्भोर बहादुर तामांग
ना.सु.	ध्रुव बहादुर खड्का	पियन	छवि लाल ओलिया
ना.सु.	अशोक कुमार थापा	पियन	रूपबहादुर बस्नेत
लेखापाल	मधुसूदन पराजुली	पियन	अर्जुन घिमिरे
ना.सु.	सुरेशप्रसाद घिमिरे		
टा.ना.सु.	राम गोपाल श्रेष्ठ	पियन	ढम्बर बहादुर गिरी
टा.ना.सु.	राम बहादुर पुरी	पाले	लक्ष्मण प्रसाद शर्मा
टा.ना.सु.	नवीन मैया श्रेष्ठ	पाले	विष्णु वाइबा
टा.ना.सु.	राम गोविन्द ध्वोजु	माली	राम महर्जन
स.ले.पा.	कुल प्रसाद दाहाल	माली	रामकृष्ण महर्जन
टे.अ.	शान्ता खनाल	मेहतर	तीर्थ बहादुर हरिजन
तामेलदार	लोक नाथ उपाध्याय	मेहतर	छोरी पोड्डिनी

दरबन्दी तेरीज		
क्र.सं.	तह । श्रेणी	जम्मा स्वीकृत पद संख्या
१	विशिष्ट	१
२	सह सचिव (प्र.१, ले.१, प्रा.१, न्या.१)	४
३	उप सचिव (प्र.४, ले.२, प्रा.१, न्या.४)	११
४	शाखा अधिकृत(प्र.६, न्या.४, प्रा.२, ले.१)	१३
५	नायब सुब्बा (प्र.१३, ले.१, न्या.२, प्रा.१)	१७
६	सह लेखापाल	१
७	टेलिफोन अपरेटर, रा.प.अनं.प्रि.	१
८	टाइपिष्ट	४
९	हुलुका सवारी चालक	२
१०	तामेलदार, रा.प.अनं.तृ.	१
११	पियन, पाले	११
१२	माली	२
१३	मेहतर	२
	जम्मा:	७०
	प्रहरी तर्फ:	२०
	विभिन्न काज समूह:	४
	कुल जम्मा:	९४

* २०५५ आषढ मसान्तसम्मको मात्र ।

अनुसुची ३

आ.व. २०५४।०५५ को बजेट व्यवस्था

वार्षिक विनियोजन	खर्च		बांकी			कैफियत
	निकासा	खर्च	निकासामध्ये	निकासा नगरिएको	दुबै	
साधारण : रु. ६६,३३,०००/-	६४,६०,४४१/०७	६४,६०,४४१/०७	-	१,७२,५५८/९३	१,७२,५५८/९३	
अर्थ बजेट :रु. २१,७७,२०८/७१	२०,१४,४३८/४५	२०,१४,४३८/४५	-	१,६२,७७०/२६	१,६२,७७०/२६	
जम्मा : रु. ८८,१०,२०८/७१	८४,७४,८७९/५२	८४,७४,८७९/५२	-	३,३५,३२९/१९	३,३५,३२९/१९	

आ.व. २०५४।.०५५ को राजस्वतर्फ आम्दानी

नक्कल निवेदन दस्तुर बापत जम्मा रु. १०५०/– राजस्व आम्दानी भएको छ।

आ.व. २०५४।०५५ को धरौटीतर्फ

गत आ.व. २०५३।०५४ को धरौटी बांकी रु. १३,१७,९९६/२५ र आ.व. २०५४।०५५ मा अनुसन्धानको सिलसिलामा विभिन्न मितिमा रु. ५८,६०१/१६ धरौटी प्राप्त भई सो मध्येबाट विभिन्न मितिमा रु. ९५,६४५/- सम्बन्धित व्यक्ति तथा विभिन्न कार्यालयमा फिर्ता पठाई कुल रु. १२,८०,९५२/४१ धरौटी बांकी रहेको देखिन्छ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग

आ.व. २०५४ ०५५ को निवेदन लगत, फर्छ्यौट तथा बांकी विवरण

क्र.सं.	मन्त्रालय	गत वर्षको जिम्मेवारी		यस आ.व.को उजूरी		जम्मा उजुरी संख्या		जम्मा उजुरी संख्यामध्ये						आयोगमा रहेको उजूरीमध्ये				आयोगबाट फर्छ्यौटमध्ये		
								आयोगमा रहेको		वि.प्र.वि.मा प्रेषित		जि.प्र.का.मा प्रेषित		फर्छ्यौट		बांकी उजूरी संख्या		आयोगबाटै तामेली	अन्य निकाय मा प्रेषित	अदालतमा मुद्दा दायर
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित			
१	अर्थ मन्त्रालय	६९	७	६८	१२	१३७	१९	१३५	१८			२	१	७०	१३	६५	५	७३	१०	
२	आपूर्ति मन्त्रालय	५४		३८		९२	०	८७	०	१		४		२३		६४	०	२३		
३	आवास तथा भौतिक योजना मन्त्रालय	३१		५०		८१	०	६३	०	३		१५		२४		३९	०	१९	३	२
४	उद्योग मन्त्रालय	४८	६	२९	११	७७	१७	७३	१६	१		३	१	४०	१३	३३	३	५१	२	
५	कानून तथा न्याय मन्त्रालय	२	१	१०	६	१२	७	१०	७			२		९	७	१	०	१३	३	
६	कृषि मन्त्रालय	६४	१	५९	८	१२३	९	११३	९	१		९		८४	८	२९	१	८८	३	१
७	गृह मन्त्रालय	८०		११६	१	१९६	१	१७७	१	५		१४		१०८		६९	१	६६	४१	१
८	जलस्रोत मन्त्रालय	२८		३८	२	६६	२	५६	२	१		९		३३	२	२३	०	३५		
९	निर्माण तथा यातायात मन्त्रालय	२६		३३		५९	०	५२	०	३		४		१८		३४	०	१७	१	
१०	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	३६		४१	१	७७	१	७७	१					३१	१	४६	०	३१	१	
११	परराष्ट्र मन्त्रालय		१		२	०	३	०	३						३	०	०	२	१	
१२	वन तथा भू-संरक्षण मन्त्रालय	१५	१	५६	६	७१	७	४९	६	१		२१	१	३०	६	१९	०	३२	३	१
१३	वाणिज्य मन्त्रालय	२	१	४	२	६	३	६	३					१	२	५	१	३		
१४	विज्ञान तथा प्रविधि मन्त्रालय		१	१		१	१	१	१					१	१	०	०	१	१	
१५	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	७५		१५९		२३४	०	१९५	०	१२		२७		१२६		६९	०	६९	५७	
१६	मन्त्री परिषद् सचिवालय	४		१	२	५	२	४	२	१				२	१	२	१	३		
१७	महिला तथा समाज कल्याण मन्त्रालय	८		१२	२	२०	२	१८	२	२				१०	२	८	०	१२		
१८	युवा, खेलकूद तथा संस्कृति मन्त्रालय		३	४	५	४	८	४	६		१		१	१	४	३	२	१	४	
१९	रक्षा मन्त्रालय	१		५	२	६	२	६	२					६	२	०	०	५	३	
२०	शिक्षा मन्त्रालय	४	२३	६७	४४	७१	६७	५४	४६	२	४	१५	१७	२३	२१	३१	२५	३४	१०	
२१	श्रम मन्त्रालय	१२		१५		२७	०	२४	०			३		११		१३	०	६	५	
२२	संसदीय व्यवस्था मन्त्रालय	३	१	१	२	४	३	४	३					४	२	०	१	६		
२३	सामान्य प्रशासन मन्त्रालय	६		११		१७	०	१७	०					१३		४	०	९	४	
२४	सूचना तथा सञ्चार मन्त्रालय	३०	४	२२	५	५२	९	४७	७		१	५	१	३९	७	८	०	४३	३	
२५	स्थानीय विकास मन्त्रालय	६५		१२२	१	१८७	१	१०४	१	११		७२		६५	१	३८	१	५८	७	१
२६	स्वास्थ्य मन्त्रालय	२८	१०	४२	३६	७०	४६	५६	३८			१४	८	२८	२४	२८	१४	३१	२१	
	कुल जम्मा	६९१	६०	१००४	१५०	१६९५	२१०	१४३२	१७४	४४	६	२१९	३०	८००	१२०	६३१	५५	७३१	१८३	६
		७५१		११५४		१९०५		१६०६		५०		२४९		९२०		६८६		९२०		